च्याम्पियन्स लिग
चेल्सीको सनसनीपूर्ण बराबरी । १६



काठमाडौंमा गोविन्दा
भन्छन्- 'नेपाली फिल्म इंग्लिस जस्ता' । ८

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

# कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक २५६ काठमाडौं | २१ कात्तिक २०७६ बिहीबार कार्तिक शुक्लपक्ष दशमी | नेपाल संवत् ११४० | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, November 7, 2019 | पृष्ठ १२+४ | १० रुपैयाँ

## प्रदेश २ मा आफ्नै 'गुप्तचर'

■ **अजित तिवारी** (जनकपुर)

संघले भन्दा अघि प्रहरी विधेयक ल्याएको प्रदेश २ सरकारले गुप्तचरसमेत नियुक्त गर्ने गरी छुट्टै अनुसन्धान ब्युरो गठन गर्न लागेको छ। यसका लागि आवश्यक विधेयकसमेत तयार पारेको छ। हाल मुख्यमन्त्री कार्यालयको विधान समितिमा पुगेको विधेयक छिट्टै प्रदेशसभामा दर्ता गराउने सरकारको योजना छ।

प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले तयार पारेको 'प्रदेश अनुसन्धान ब्युरोको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' कार्यव्यवस्था समितिबाट पास भइसकेको छ। आन्तरिक मामिलामन्त्री ज्ञानेन्द्र यादवले विधेयक प्रदेशसभामा दर्ता गराउने प्रक्रिया अघि बढाइएको बताए।

अनुसन्धान विज्ञ, अवकाश प्राप्त सुरक्षा अधिकारी र मन्त्रालयको कानुन शाखाको सुझाव-सल्लाहमा विधेयक तयार पारिएको उनको भनाइ छ। 'प्रदेश सरकारसँग सूचना संकलन गर्ने आफ्नै निकाय छैन,' उनले भने, 'अनुसन्धान ब्युरोले प्रदेश सरकारलाई आवश्यक सूचना संकलन गरेर दिनेछ।' विधान समितिबाट सुझावसहित विधेयक मन्त्रालयमा फिर्ता आउने र थपघट गरेर दर्ताका लागि प्रदेशसभामा पठाइने मन्त्रालयका कानुन उपसचिव अवधकिशोर कुशवाहाले जानकारी दिए। ब्युरो स्थापना गर्न प्रदेश मन्त्रिपरिषद् बैठकले आन्तरिक मामिला मन्त्रालयलाई अनुमति दिएको थियो।

संघीय सरकारमातहतको राष्ट्रिय अनुसन्धान विभागजस्तै प्रदेश सरकारले छुट्टै ब्युरो स्थापना गर्न लागेको हो। ब्युरोले पनि विभागकै कर्मचारीले जसरी काम गर्ने बताइएको छ। 'ब्युरोलाई राष्ट्रिय अनुसन्धान विभागझैं शक्तिशाली बनाइएको छ,' मन्त्री यादवले भने, 'ब्युरोको काम-कर्तव्य र दायित्व सबै विभागकै जस्तो हुनेछ।'

### भित्र

ललिता निवास प्रकरणका न्यायाधीशमाथिको छानबिन रोकियो

किशोरको सकुशल उद्धार, गोली प्रहारपछि अपहरणकारी पक्राउ

नेपाल बैंकका प्रबन्धकले गरे हिनामिना

प्रसूतिगृह भर्ना भइन् १२ वर्षीया गर्भवती

भारतको नयाँ नक्सालाई लिएर तीव्र विरोध भएपछि नेपालको प्रस्टीकरण

# 'कालापानी नेपालकै भूभाग हो'

कालापानी र लिपुलेकलगायत नेपाली भूमि भारतले आफ्नो नक्सामा पारेको विरोधमा प्रमुख प्रतिपक्षी कांग्रेसको भ्रातृ संगठन नेविसंघ र सत्तारूढ नेकपाको भ्रातृ संगठन अनेरास्ववियुले बुधबार राजधानीमा गरेको प्रदर्शन। *तस्बिर : कान्तिपुर*

■ **घनश्याम खड्का** (काठमाडौं)

भारतले हालै प्रकाशित आफ्नो नयाँ राजनीतिक नक्सामा कालापानी र लिपुलेक क्षेत्रलाई पुनः समावेश गरेकामा तीव्र विरोध भएपछि परराष्ट्र मन्त्रालयले बुधबार विज्ञप्ति जारी गर्दै ती भूभाग नेपालकै भएको जनाएको छ।

'कालापानी क्षेत्र नेपालको भूभाग हो भन्ने विषयमा नेपाल सरकार स्पष्ट छ,' विज्ञप्तिमा भनिएको छ। यद्यपि त्यसमा भारतीय नक्सा प्रति सोझै आपत्ति भने जनाइएको छैन, त्यसलाई लिएर प्रकाशित 'विभिन्न समाचार एवं टिप्पणीप्रति नेपाल सरकारको ध्यानाकर्षण भएको' मात्र उल्लेख छ।

भारतले जम्मु र कश्मीरलाई दुइटा छुट्टाछुट्टै केन्द्रशासित राज्यका रूपमा छुट्याएर जारी गरेको नयाँ नक्सामा कालापानीलाई विगतमा झैं आफ्नै भूभागभित्र पारेपछि नेपालभित्र तीव्र प्रतिक्रिया उत्पन्न भएको हो। सत्तारूढ र विपक्षी दुवै दलका विद्यार्थी संगठनहरूले भारतीय अतिक्रमणको विरोध गर्दै राजधानीमा प्रदर्शन गरेका छन्।

दार्चुलाको पश्चिमोत्तर कुनामा पर्ने सामरिक महत्त्वको कालापानी क्षेत्र ६ दशकदेखि भारतीय अर्धसैन्य बलको नियन्त्रणमा छ। परराष्ट्रको विज्ञप्तिमा उक्त भूभाग नेपालकै भएको हुनाले त्यसका सम्बन्धमा एकपक्षीय ढंगले गरिने कुनै पनि निर्णय मान्य नहुने उल्लेख छ।

'दुई देशबीच सुल्झाउन बाँकी रहेका सीमासम्बन्धी विषयहरू दुवै पक्षको आपसी सहमतिमा टुंग्याउनुपर्ने र एकपक्षीय ढंगबाट गरिने कुनै पनि निर्णय नेपाल सरकारलाई मान्य नहुने कुरा स्पष्ट छ,' परराष्ट्र मन्त्रालयले भनेको छ।

दोस्रोपटक चुनाव जितेको पाँच महिनाभित्रै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको सरकारले तयार पारेको नयाँ नक्सामा नेपालको भूभाग भारतीय क्षेत्रमा समावेश गरिएपछि त्यसको चौतर्फी विरोध सुरु भएको हो। बुधबार सत्तारूढ नेकपाको विद्यार्थी संगठन अनेरास्ववियु र प्रतिपक्षी कांग्रेससम्बद्ध नेविसंघले भारतीय नक्साको विरोध गर्दै छुट्टाछुट्टै प्रदर्शन गरेका छन्। ठूलो संख्यामा विरोधमा उत्रिएका विद्यार्थीले छातीमा 'कालापानी, लिपुलेक र लिम्पियाधुरा हाम्रै हो' भनी लेखिएको प्लेकार्ड टाँसी 'गो ब्याक इन्डिया' को नारा लगाएका थिए।

भूमिगत गतिविधि गरिरहेको नेत्रविक्रम चन्द समूहले पनि भारत सरकारको उक्त कदमलाई 'साम्राज्यवादी हमला' भन्दै विरोध गरेको छ। 'भारतले तत्काल उक्त साम्राज्यवादी नक्सा खारेज गरोस्,' उक्त समूहले बुधबारै विज्ञप्ति जारी गरी भनेको छ, 'अन्यथा पार्टीले राष्ट्रिय स्वाधीनताको आन्दोलन सञ्चालन गर्ने चेतावनी दिन चाहन्छ।'

विगतमा ठूलो राजनीतिक मुद्दाका रूपमा रहेको कालापानी प्रकरण पछिल्लो समय नेपाल-भारत द्विपक्षीय वार्ताको

- **कालापानीबारे प्रस्ट पार्न राज्यव्यवस्था समितिले प्रधानमन्त्रीलाई बोलायो**
- **भारतले हस्तक्षेप गर्न मिल्दैन, यसबारे मैले मोदीसँग कुरा गरिसकेको छु** : दाहाल

पृष्ठ २

कार्यसूचीमा चढ्न छाडेको छ। यद्यपि परराष्ट्रले 'सरकार नेपालको अन्तर्राष्ट्रिय सिमाना रक्षाका लागि प्रतिबद्ध रहेको र दुई मित्रराष्ट्रबीचको सीमा समस्याको समाधान ऐतिहासिक दस्तावेज एवं तथ्य प्रमाणका आधारमा कूटनीतिक माध्यमबाट हुनुपर्ने मान्यतामा दृढ रहेको' जनाएको छ।

कालापानी र लिपुलेकलगायत विवाद समाधान हुन बाँकी ठाउँहरूको सीमांकन गर्न परराष्ट्र मन्त्रीस्तरीय संयुक्त आयोग गठन भएको र आयोगका अघिल्ला बैठकले 'प्राविधिकहरूको सल्लाहमा दुवै देशका परराष्ट्र सचिवहरूले काम गर्ने गरी जिम्मेवारी दिइएको' पनि विज्ञप्तिमा उल्लेख छ। तर त्यसअनुरूप के-कति कार्य प्रगति भएको छ भन्नेबारे बताइएको छैन। बाँकी पृष्ठ २

## ६ दशकदेखिको अतिक्रमण

हालै सार्वजनिक नयाँ नक्सामा नेपाली भूमि कालापानी, लिम्पियाधुरा र लिपुलेकलाई भारतले आफ्नो भूभागभित्र गाभे पनि व्यवहारमा भने पहिलेदेखि नै यी भूभागमा कब्जा गर्दै आइरहेको छ। भारतले चीनसँगको युद्धपछि सन् १९६२ बाटै कालापानीमा स्थायी सैन्य शिविर खडा गरिआएको छ।

नापी विभागका अनुसार महाकाली नदीबारि पर्ने हुनाले कालापानी आफ्नो हुनुपर्छ भन्ने नेपालको अडान छ। भारतले भने कालापानी, लिम्पियाधुरा र लिपुलेक वरको खोलालाई काली नदी भन्दै त्यो भूभाग आफ्नो दाबी गर्दै आएको छ।

नापी विभागका सूचना अधिकारी दामोदर ढकालले पुराना नक्सा र प्रमाणका आधारमा खास नेपाली भूभाग कहाँसम्म हो भन्ने तथ्य प्रमाण चाहिएका खण्डमा परराष्ट्र मन्त्रालयलाई प्राविधिक सहयोग दिन सकिने अवस्थामा आफूहरू रहेको बताए।

नेपाल-भारत संयुक्त आयोगको सन् २०१४ काठमाडौंमा सम्पन्न तेस्रो बैठकले कालापानी र सुस्तामा जारी सीमा विवाद सुल्झाउने जिम्मा दुवै देशका परराष्ट्र सचिवहरूलाई दिएको थियो। तर हालसम्म सचिवस्तरीय बैठक बस्न सकेको छैन। नेपाल-भारत सम्बन्ध हेर्ने परराष्ट्रका अधिकारीले सीमा विवाद हेर्ने दुईपक्षीय संयन्त्रले गरेको कामबारे आफू 'अपडेट नभएको' जवाफ दिए। सन् २०१५ मे १५ मा भारत र चीनबीच लिपुलेक भन्ज्याङलाई दुई देशको व्यापारिक मार्ग बनाउने समझदारी भएपछि नेपाल-भारत सीमा विवाद केही समयका लागि बढेर गएको थियो। संसद् र सडकमा विरोध भए पनि नेपाल सरकारले आफ्नो भूभागमाथि एकपक्षीय रूपमा भारत र चीनले गरेको निर्णयको विरोध गर्न सकिरहेको छैन। बाँकी पृष्ठ २

# प्रमुख दलले टुंग्याए उम्मेदवारी

## नेकपा-कांग्रेस नै प्रतिस्पर्धी

■ **राजेश मिश्र** (काठमाडौं)

प्रतिनिधिसभाको एक र प्रदेशसभाका रिक्त तीन स्थानहरूमा मंसिर १४ गते हुने उपनिर्वाचनका लागि नेकपा र कांग्रेसले उम्मेदवारको टुंगो लगाएका छन्। समाजवादी पार्टी र राजपाबीच संयुक्त उम्मेदवारी दिने सहमति भएको छ। बिहीबार उम्मेदवारी दर्ताअघि उनीहरूले नाम टुंगो लगाउने छन्। भक्तपुरमा नेमकिपाले पनि बिहीबारै टुंगो लगाउने जानकारी दिएको छ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले बुधबार पत्रकार सम्मेलन गर्दै उम्मेदवारको मनोनयनपत्र दर्ता र अन्य तयारीहरू पूरा भइसकेको बताए। आयोगले उपनिर्वाचनमा १ सय १ वटा राजनीतिक दलले भाग लिन सक्ने जनाएको छ। ०७४ को स्थानीय, प्रदेश र प्रतिनिधिसभा निर्वाचनमा भाग लिएका दलले उपनिर्वाचनमा स्वतः भाग लिन पाउँछन्। त्यसबाहेक ०७४ को निर्वाचनपछि एकीकरण भएका र नयाँ गरी उपनिर्वाचनमा सहभागी हुन १६ दल दर्ता भएका छन्। उपनिर्वाचनमा प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका लागि ९५ तथा स्थानीय तहको निर्वाचनमा भाग लिनका लागि ७८ दल योग्य रहेको आयोगले जनाएको छ।

निर्वाचनमा भाग लिन पाउने दलको संख्या धेरै भए पनि अघिल्लो निर्वाचनको मत परिणामको तथ्यांक केलाउँदा उपनिर्वाचनमा पनि मुख्य दुई शक्ति नेकपा नेतृत्वको वाम गठबन्धन र कांग्रेसबीच नै प्रतिस्पर्धा हुने देखिन्छ। भक्तपुरमा भने नेमकिपा पनि प्रतिस्पर्धी हुन सक्छ। गत निर्वाचनमा तत्कालीन एमाले र माओवादी केन्द्र तथा राष्ट्रिय जनमोर्चा सम्मिलित वाम गठबन्धनले चुनावी तालमेल गरेर सबैतिर उम्मेदवारी दिएका थिए। त्यसमध्येका एमाले र माओवादी केन्द्र यतिबेला एकीकृत भएर नेकपा बनेको छ। दुई वर्षपछि हुन लागेको उपनिर्वाचनमा बलियो शक्तिका रूपमा अन्य दल उदाइसकेको अवस्था छैन।

तत्कालीन पर्यटनमन्त्री रवीन्द्रप्रसाद अधिकारीको हेलिकप्टर दुर्घटनामा निधन भएका कारण प्रतिनिधिसभाको कास्की २ मा उपनिर्वाचन हुँदै छ। नेकपाले अधिकारीकी पत्नी विद्या भट्टराईलाई उम्मेदवार बनाएको छ। कांग्रेसले खेमराज पौडेललाई उठाएको छ।

### कहाँ को ?

**प्रतिनिधिसभा**

**कास्की २**

विद्या भट्टराई (नेकपा)
खेमराज पौडेल (कांग्रेस)
रजनी केसी (साझा)
जमुना शर्मा (विवेकशील)

**प्रदेशसभा**

**भक्तपुर १ (क)**

देवीप्रसाद ढकाल (नेकपा)
कृष्ण भँडेल (कांग्रेस)
सुरज प्रधान (साझा)
(नेमकिपा टुंगिन बाँकी)

**बागलुङ २ (ख)**

खिमविक्रम शाही (राष्ट्रिय जनमोर्चा)
जित शेरचन (कांग्रेस)
सन्तोष भण्डारी (विवेकशील)

**दाङ ३ (ख)**

विमला वली (नेकपा)
केशव आचार्य (कांग्रेस)
शिव चौधरी (साझा)

अघिल्लो निर्वाचनमा अधिकारीले कांग्रेसका देवराज चालिसेलाई ८ हजार ५ सय ४६ मत अन्तरले पराजित गरेका थिए। अधिकारीले २७ हजार २ सय ७ र प्रतिस्पर्धी चालिसेले १८ हजार ६ सय ६१ मत प्राप्त गरेका थिए। तेस्रो स्थानमा रहेका विवेकशील साझा पार्टीका उम्मेदवार श्रीकृष्ण श्रेष्ठको ८ सय ४३ मत थियो।। यतिबेला विवेकशील र साझा छुट्टाछुट्टै दल बनेका छन्। विवेकशीलले जमुना शर्मा र साझा पार्टीले रजनी केसीलाई उम्मेदवार बनाएका छन्। संघीय समाजवादी फोरम नेपालका रत्न भट्टचनले ३ सय ४० र नयाँ शक्ति पार्टी नेपालका दीपक भण्डारीले २ सय ८३ मत ल्याएका थिए। उक्त दुई दल एकीकृत भएर अहिले समाजवादी पार्टी बनेको छ।

दुई वर्षअघिको भन्दा कास्की २ मा १ हजार २ सय २० मतदाता थपिएका छन्। अघिल्लो निर्वाचनमा ७० हजार ६ सय ५१ मतदातामध्ये ४९ हजार ९ सय १३ जनाले मतदान गरेका थिए। बाँकी पृष्ठ २

ललिता निवासमा शंकास्पद फैसला

# एकाएक रोकियो न्यायाधीशमाथि छानबिन

ललिता निवासको जग्गालगायत विषयमा विवादास्पद फैसला भएको विवरण सार्वजनिक भएपछि न्यायपरिषद्ले छानबिनका लागि प्रमाण संकलन गरे पनि थप कारबाही अघि बढ्न सकेको छैन

■ **कृष्ण ज्ञवाली** (काठमाडौं)

बालुवाटारस्थित ललिता निवासभित्रको जग्गा सम्याइँदै । *फाइल तस्बिर : कान्तिपुर*

बहुचर्चित ललिता निवास प्रकरणमा जिल्ला अदालत काठमाडौंबाट भएको फैसलामाथि अनुसन्धान थालेको न्यायपरिषद् एकाएक निष्क्रिय छ । ललिता निवास प्रकरणसँग जोडिएका दुई मुद्दामा तत्कालीन जिल्ला न्यायाधीश रमेशराज पोखरेलले 'शंकास्पद' फैसला गरेको समाचार कान्तिपुरले प्रकाशित गरेलगत्तै न्यायपरिषद्ले छानबिनका लागि प्रमाण संकलन गरेको थियो । उच्च अदालत पाटनबाट समेत मिसिल ल्याएको न्यायपरिषद्ले त्यसपछि छानबिन अघि बढाएको छैन ।

'पत्रपत्रिकामा प्रकाशित विषयवस्तुमाथि समेत आवश्यक परे छानबिन गर्ने हाम्रो नीतिअनुसार गत साउन पहिलो साता त्यससँग सरोकार पक्षबाट आवश्यक कागजात झिकाएका थियौं,' परिषद् उच्च स्रोतले कान्तिपुरसँग भन्यो, 'त्यसपछि सबै चुपचाप बसेका छन् । कुनै दबाब वा प्रभावले छानबिन अघि बढ्न नसकेजस्तो देखिन्छ ।'

काठमाडौं जिल्ला अदालतका तत्कालीन एक नम्बर न्यायाधीश रमेशराज पोखरेलले दुवै मुद्दाको फैसला गरेका थिए । साउन पहिलो साता सुरु भएको छानबिन साढे तीन महिनासम्म पुरानै अवस्थामा छ । यसले उच्च अदालतका न्यायाधीशको बढुवामा प्रतिस्पर्धाका लागि पोखरेललाई सहज भएको छ । न्यायपरिषद्ले उच्च अदालतमा रिक्त १२ न्यायाधीशको नियुक्तिका लागि सिफारिसको तयारी गर्दै छ । त्यसमा केही जिल्ला न्यायाधीशबाट र केही कानुन व्यवसायीबाट छानिन्छन् ।

सिफारिसको बेलासम्म उच्चका अरू न्यायाधीशले समेत अवकाश पाउने भएकाले संख्या अझै बढ्ने अनुमान छ । हाल रूपन्देहीमा रहेका न्यायाधीश पोखरेल वरिष्ठताको सूचीमा १२ औं स्थानमा छन् । ४० आना जग्गा अनियमितताको मुद्दामा अख्तियारले न्यायाधीश पोखरेलले फर्जी वारेसनामा प्रमाणित गरिदिएका कारण भ्रष्टाचार भएको निष्कर्ष निकालेको थियो ।

**प्रमाण नबुझी फैसला**

ललिता निवासको मुद्दामा आवश्यक प्रमाण र कागजात नझिकाई न्यायाधीश पोखरेलले दुई मुद्दाको फैसला गरेका थिए । ललिता निवासको २९९ रोपनी सरकारी जग्गाको गैरकानुनी दर्तासम्बन्धी विवाद जोडिएका दुई मुद्दामा 'दाबी नपुग्ने' ठहर भएको थियो ।

०७३ असार १२ गते अधिवक्ता दीपकराज जोशीले दुईवटा मुद्दा जिल्ला अदालत काठमाडौंमा दर्ता गरेका थिए । 'दूषित निर्णय बदर' सम्बन्धी दुवै मुद्दामा ०४९ र ०६७ सालमा बालुवाटारस्थित ललिता निवासको जग्गा व्यक्तिका नाममा दर्ता गर्ने क्रममा प्रचलित कानुन उल्लंघन भएको, भूमाफियाको चंगुलमा परेर सरकारी निकायले गलत निर्णय गरेको, मन्त्रिपरिषद्ले समेत प्रचलित कानुन उल्लंघन गरेको, निर्णय गर्नुपर्ने एउटा निकायको साटो अर्को निकायले मोहीसम्बन्धी निर्णय गरेकाले सबै निर्णय खारेज हुनुपर्ने माग गरिएको थियो ।

सुनुवाइका क्रममा विभिन्न न्यायाधीशको इजलासमा परेको उक्त मुद्दा पछि न्यायाधीश पोखरेलले आफ्नो इजलासमा राखे । निवेदनमा माग गरिएका विभिन्न कागजात, प्रमाण र अन्य सान्दर्भिक विषयहरू झिकाएनन् । कमजोर आधारमा टेकेर उक्त जग्गा व्यक्तिकै भएको फैसला गर्दै दुवै मुद्दा खारेज गरिदिए । ०७३ असार १२ गते दर्ता भएको मुद्दामा ०७५ वैशाख १९ गते फैसला भएको थियो ।

०६६ चैतमा मन्त्रिपरिषद्बाट निर्णय गरी ०६७ मंसिरमा बालुवाटारको ललिता निवासको जग्गा १२ जना नक्कली मोही खडा गरी व्यक्तिका नाममा हस्तान्तरण गरिएको थियो । प्रधानमन्त्री निवास विस्तारका क्रममा भूमिसुधार कार्यालयको क्षेत्राधिकारसमेत मालपोत कार्यालयमा सारिएको थियो । यही विवादको व्याख्याका क्रममा न्यायाधीश पोखरेलले 'मन्त्रिपरिषद्को निर्णय यथास्थितिमा रहेको अवस्थासम्म मालपोत कार्यालयको निर्णयलाई अन्यथा भन्न मिल्ने देखिएन' भन्ने व्याख्या गरिदिए । जिल्ला अदालतको फैसलामा भनिएको छ, 'जुन निर्णयका आधारमा मालपोतले निर्णय गरेको हो, त्यो निर्णय यथावत् रही मालपोतको निर्णय बदर हुन सक्ने अवस्था देखिएन ।'

भूमिसुधार कार्यालयको काम मालपोतबाट हुँदासमेत अदालतले त्यसलाई सहजतासाथ ग्रहण गऱ्यो । मालपोतले मोही कायम गर्न सक्दैन तर त्यही निर्णयलाई जिल्ला अदालतले स्वीकार गऱ्यो । फैसलामा उक्त जग्गा पहिले सुवर्णशमशेरको नाममा दर्ता भएको पाइयो भन्दै तत्कालीन सरकारले ०४७ सालमा जग्गा फिर्ता दिने भनी निर्णय र ०४९ सालमा त्यसको कार्यान्वयन गरेको उल्लेख छ । यथार्थमा ०४७ सालमा कृष्णप्रसाद भट्टराई नेतृत्वको मन्त्रिपरिषद्ले उक्त जग्गा फिर्ता दिने भनेकै थिएन । बरु तत्कालीन अवस्थामा राजनीतिक पूर्वाग्रहले जफत भएको जग्गा अध्ययन गरी फिर्ता गर्ने निर्णय मात्र भएको थियो ।

०४९ कात्तिक २५ र पुस २३ गते मालपोत कार्यालयले दुईपटक निर्णय गरी बालुवाटारस्थित ललिता निवासको करिब ११३ रोपनी जग्गा विभिन्न राणा परिवारको नाममा हस्तान्तरण भएको थियो । त्यतिबेलाको पञ्चायत सरकारले विशेष परिस्थिति ऐन लगाई ०१८ चैत १० गते रोक्का गरेको थियो । पछि भने जग्गा प्राप्ति ऐन ल्याएर जग्गा अधिग्रहण भयो भने सुवर्णशमशेरको परिवारले पनि मुआब्जा पायो तर मुआब्जा पाएको अधिकांश प्रमाण योजनाबद्ध रूपमा नष्ट गरिएको छ ।

**अधिग्रहणबारे मौन**

जिल्ला अदालतले भने अधिग्रहण र मुआब्जा पाएको विषयलाई सम्बोधन नै गर्न चाहेन । उसले जफत गरिएको सम्पत्ति ०४७ को निर्णयका आधारमा ०४९ मा फिर्ता भएको व्याख्या गऱ्यो । '०२१ फागुन १९ गते अधिग्रहण भएको निवेदकको दाबी छ,' फैसलामा छ, 'त्यसअघि ०१८ सालमै रोक्का राखी जफत भएको देखिएको ।' त्यस क्रममा जिल्ला अदालतले ०२१ मंसिर १७ गते नेपाल राजपत्रमा प्रकाशित अधिग्रहणको सूचनालाई न्याय निरूपणका क्रममा 'जानकारी' मै लिएन । त्यसमा राणा परिवारलाई मुआब्जा लिन आउन सूचना जारी गरिएको थियो ।

मन्त्रिपरिषद्ले निर्णयका क्रममा 'गृह मन्त्रालयले जाँचबुझ गरेर मात्रै फिर्ता दिने' भनेको थियो । तर मालपोत कार्यालयले जाँचबुझको प्रतिवेदन नै आइनसकेको अवस्थामा जग्गा फिर्ता दियो, हदबन्दीको तथ्यांक र विवरणसमेत अध्ययन गरेन । त्यसक्रममा भूमाफिया र उनीहरूले चेपमा पारेका केही मोहीले त्यो जग्गालाई कहिले गुठी त कहिले रैकर भनी फरकफरक दाबी गरिरहेका थिए ।

**फर्जी वारेसनामा प्रमाणित**

अख्तियारले काठमाडौं बूढानीलकण्ठको दुई रोपनी आठ आना जग्गा भुक्यिाएर अर्कै व्यक्तिका नाममा पास भएको भेट्टायो । काठमाडौंका तत्कालीन न्यायाधीश पोखरेलको आदेशबाट बनेको 'नक्कली वारेसनामा' का कारण चन्दनकृष्ण कायस्थको नाममा भएको जग्गा अर्कैको नाममा पास भएको थियो । गत वैशाखको उक्त प्रकरणमा अख्तियारले 'न्यायाधीश' को भूमिकामा प्रश्न उठाएको थियो । यो सूचना थाहा हुँदासमेत न्याय परिषद्ले छानबिन अघि बढाउन सकेन ।

'०४२ सालमा काठमाडौंमा नगर पञ्चायत थियो तर काठमाडौं महानगरपालिका भनी उल्लिखित नागरिकताका आधारमा न्यायाधीशको आदेशबाट अधिकृत वारेसनामा बनेको भेटियो,' अख्तियारको आरोपपत्रमा भनिएको छ, '०७५ भदौ १८ गते काठमाडौं जिल्ला अदालतले बनाइदिएको अधिकृत वारेसनामाका कारण एउटा व्यक्तिको जग्गा अर्कैको नाममा पास भयो ।' उक्त दिन न्यायाधीश रमेशराज पोखरेलको इजलासले अधिकृत वारेसनामा प्रमाणित गरेको अभिलेखबाट देखिन्छ ।

बुढानीलकण्ठ गाविसको तीनवटा कित्ता रहेको दुई रोपनी आठ आना जग्गा चन्दनकृष्ण कायस्थको नाममा थियो । चाबहिलको मालपोत कार्यालयमा रहेको स्रेस्तामा उनको फोटो उप्काएर नक्कली हस्ताक्षर र औंठाछाप गरेको भेटिएको थियो । रजिस्ट्रेसन नम्बर १२१३९८ को नाममा नक्कली लालपुर्जा बनाएर जग्गा हत्याएको अख्तियारको आरोपपत्रमा उल्लेख छ । उक्त लालपुर्जामा सबै विवरण हस्तलिखित थियो तर ०६५ सालपछि मालपोत कार्यालय डिल्लीबजारले प्रिन्ट गरेका लालपुर्जा मात्रै वितरण गर्दै आएको छ ।

चन्दकृष्ण कायस्थका नाममा ०४२ मंसिर १९ गते नागरिकता बनेको थियो । उक्त लालपुर्जामा उनको ठेगाना काठमाडौं नगरपञ्चायत भनी उल्लेख थियो । तर अदालतमा पेस भएको नक्कली प्रमाणपत्रमा भने ठेगाना 'काठमाडौं महानगरपालिका' भनी उल्लेख थियो । नागरिकता र लालपुर्जा दुवै कार्यालय सहयोगी हरि खड्काले बनाएका थिए ।

आरोपपत्रका अनुसार राजु थापामगरले आफूलाई चन्दनकृष्ण कायस्थ भनी उभ्याए । दीपक थापा, भुपाल मोक्तान, गोविन्द केसीलगायत व्यक्ति मिलेर नक्कली लालपुर्जा र नागरिकता बनाएको अख्तियारले जनाएको छ । अनि श्रीकृष्ण बरुवालले ध्रुव भट्टराईसँगको मिलेमतोमा 'वारेस' बनाई जग्गा किनेको भेटिएको छ । उनीहरूले सम्पत्तिको स्रोत देखाउन अर्थकवच बचत तथा ऋण सहकारीबाट ६ करोड लोनसमेत लिएका थिए । तर कारोबार नभएको आरोपपत्रमा उल्लेख थियो ।

उक्त मुद्दामा आयोगले १६ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको थियो । अख्तियारले तीमध्ये १० जनासँग ६ करोड रुपैयाँका दरले बिगो मागदाबी गरेको थियो । अख्तियारले न्यायाधीशहरूको कामकारबाहीमाथि अनुसन्धान गर्न पाउँदैन । अनुसन्धानक्रममा त्यस्ता फाइलमा कैफियत देखिए थप अनुसन्धानका लागि न्यायपरिषद्मा फाइल पठाइदिन सक्छ । अख्तियारले मालपोत कार्यालय चाबहिलका प्रमुख कमलप्रसाद तिमिल्सिना, मालपोत अधिकृतहरू खगेन्द्रप्रसाद अर्याल र रामप्रसाद सुवेदी, नासु रञ्जनकुमार खरेल र जमुनाकुमारी श्रेष्ठ अनि कार्यालय सहयोगी हरि खड्काविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको थियो ।

कालापानी-लिपुलेक विवाद

# राज्यव्यवस्थाले प्रधानमन्त्री बोलाउने

## 'सरकार गम्भीर बन्नुपर्छ'

काठमाडौं (कास)- प्रतिनिधिसभाको राज्यव्यवस्था तथा सुशासन समितिले लिपुलेक र कालापानीलाई भारतले आफ्नो राजनीतिक नक्सामा पारेको विषयमा प्रधानमन्त्री केपी शर्मा ओलीसँग जानकारी लिने भएको छ ।

समितिको बुधबारको बैठकले प्रधानमन्त्रीलाई बोलाउने निर्णय गरेको हो । 'उहाँले जुन दिन समय दिनुहुन्छ, त्यही समयमा बैठक राख्छौं,' समितिकी सभापति शशी श्रेष्ठले भनिन् । बैठकमा सांसदहरू डिला संग्रौला, झपट रावल, प्रेम सुवाललगायतले लिपुलेक र कालापानीबारे सरकारको धारणा माग्नुपर्ने बताएका थिए ।

कारागारबारे छलफलका लागि बोलाइएको बैठकमा उपस्थित गृहमन्त्री रामबहादुर थापासँग संग्रौलाले लिपुलेकबारे जानकारी मागेपछि सभापति श्रेष्ठले छुट्टै छलफल गर्ने भन्दै रोकेकी थिइन् । सांसद सुवालले लिपुलेक र कालापानीको विषयलाई समितिको एजेन्डा बनाउन माग गरे । उनले अमेरिकाले अघि सारेको इन्डो-प्यासिफिकको सन्दर्भ जोड्दै यस्तै भए विदेशी सेनाले नेपालको राजधानीमै मार्चपास गर्ने तर्क गरे । 'मैले प्रधानमन्त्रीलाई बैठकबारे जानकारी गराइसकेको छु,' सभापति श्रेष्ठले भनिन्, 'नेपाली भूमिको विषयमा के भएको हो, समितिमा छलफल गर्छौं । यसका लागि सरकारको धारणा अवश्यक छ ।' सांसदहरूले मंगलबारको बैठकमै नेपालीभूमि मिचिएको भन्दै छलफल गराउन माग गरेका थिए ।

**विद्यार्थी आन्दोलित**

भारतले कालापानी, लिपुलेकलगायत नेपाली भूमि आफ्नो नक्सामा पारेकोमा सत्तारूढ नेकपा र प्रमुख प्रतिपक्ष कांग्रेसका विद्यार्थी संगठनले बुधबार राजधानीमा विरोध प्रदर्शन गरेका छन् । अनेरास्ववियु र नेविसंघले विभिन्न क्याम्पसबाट ज्याली निकाली 'गो ब्याक इन्डिया' भन्दै नाराबाजी गरेका थिए ।

अनेरास्ववियुको कोणसभामा संयोजक ऐन महर र सहसंयोजक रञ्जित तामाङले नेपाली भूमिलाई भारतीय नक्साबाट हटाउन माग गरें । भारत र नेपालबीचका असमान सन्धिसम्झौता खारेज गर्नुपर्ने उनीहरूको भनाइ थियो । संयोजक महरले नेपाली भूमी फिर्ता गराउन थप आन्दोलन गर्दै जाने जनाए । संगठनसँग आबद्ध विद्यार्थीले सामाजिक संजालमा समेत 'गो ब्याक इन्डिया' भन्दै आलोचना गरेका छन् ।

दाङ (कास)- नेकपा अध्यक्ष पुष्पकमल दाहालले लिपुलेकको विषयमा सरकार गम्भीर बन्नुपर्ने बताएका छन् । प्रेस संगठनले बुधबार घोराहीमा आयोजना गरेको पत्रकार भेटघाटमा उनले आफूले यसबारे भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँग केही समयअघिको भेटमा स्पष्ट कुरा राखेको बताए ।

लिपुलेकमा भारतले हस्तक्षेप गर्न नहुने र नेपाली भूमिमा अधिकार जमाउन नपाइने कुरा मोदीसँग गरेको उनले प्रष्ट पारे । अहिले पनि आफ्नो अडान त्यही रहेको र सरकारले यसमा तत्काल कूटनीतिक पहल गर्नुपर्ने धारणा उनले व्यक्त गरे ।

आलोपालो प्रधानमन्त्रीको विषय पुरानो भइसकेकाले यसमा छलफल जरुरी नभएको जनाउँदै उनले अहिलेकै सरकार पाँच वर्ष रहने बताए । 'यो सरकार पाँच वर्षसम्म रहन्छ । मुख्य कुरा यो हो । को प्रधानमन्त्री भन्ने कुरा महत्त्वपूर्ण होइन,' उनले भने, 'म सबै स्वार्थ त्यागेर पार्टी एकताका लागि तयार भएको मान्छे हो । मैले कहिल्यै पदका लागि मरिहत्ते गरेको छैन । यसले उल्टै मेरो अपमान हुन्छ ।'

दाहालले पूर्वसभामुख कृष्णबहादुर महराले गम्भीर गल्ती गरेको भन्दै उनीमाथि कारबाही हुनुपर्ने बताए । उनले घटनाको स्वतन्त्र छानबिन हुनुपर्नेमा जोड दिएका छन् । 'महराले गम्भीर नैतिक गल्ती गर्दा पनि उल्टै पार्टी अध्यक्षलाई ढाँटेर झन् ठूलो गल्ती गर्नुभयो । घटनाबारे जानकारी मागदा गलत कुरा बताउनुभयो,' उनले भने, 'पहिले केही गरेको छैन भन्नुभयो । पछि सबै तथ्यले उहाँले गल्ती गरेको पुष्टि भयो । आफैंले पनि स्विकार्नुभयो ।'

जिम्मेवार पदमा पुगेको व्यक्तिले अनैतिक काम गर्नु र पार्टी नेतृत्वलाई ढाँट्नु नराम्रो काम भएको उनले बताए । 'पहिले अरू नेतालाई बुझ्न पठाएँ, गलत जानकारी दिनुभयो । चित्त नबुझेर आफैं गएँ तर पनि सही कुरा भन्नुभएन,' उनले भने । अदालतले न्यायिक निर्णय गर्नेमा आशावादी रहेको दाहालले बताए । 'यस्तो घटनामा राजनीतिक संरक्षण उचित हुँदैन,' उनले भने, 'अदालतले निर्णय गर्ने कुरामा हामीले केही बोल्नु उचित हुँदैन । स्वतन्त्र रूपमा छानबिन र निर्णय गर्न दिनुपर्छ ।'

छोटकरी

**मेडिकल विद्यार्थीको आन्दोलन जारी**

काठमाडौं (कास)- निजी मेडिकल कलेजहरूले अतिरिक्त शुल्क लिएको विरोधमा विद्यार्थीहरूले बुधबार पनि राजधानीमा प्रदर्शन गरेका छन् । विभिन्न मेडिकल कलेजबाट आएका विद्यार्थीले दोस्रो दिन पनि माइतीघर मण्डलदेखि बानेश्वरसम्म विरोध ज्याली गरे । ज्यालीपछि आयोजित सभामा चिकित्सा शिक्षा संघर्ष समितिका संयोजकहरू मिलन गैरे र प्रकाश चन्दलगायतले शुल्क फिर्ता नभएसम्म आन्दोलन जारी राख्ने जनाए । आन्दोलनकै कारण त्रिभुवन विश्वविद्यालय चिकित्सा शिक्षा अध्ययन संस्थानले बिहीबारदेखि हुने भनिएको वार्षिक परीक्षासमेत स्थगित गरेको छ । गण्डकी, चितवन, नेसनल, युनिभर्सललगायत मेडिकल कलेजमा शुल्क फिर्ताको माग राख्दै विद्यार्थी ९ महिनादेखि आन्दोलित छन् । थप दबाब दिन राजधानीमा प्रदर्शन थालिएको उनीहरूले जनाए । अझै पनि मेडिकल कलेजहरूले सरकारको निर्देशनअनुसार अतिरिक्त शुल्क फिर्ता वा समायोजन गरेका छैनन् । बढी शुल्क लिनेलाई ठगी मुद्दामा कारबाही गर्न शिक्षा मन्त्रालयले गृह मन्त्रालयलाई आग्रह गरेको छ ।

**बूढानीलकण्ठमा मठाधीश भवन**

काठमाडौं (कास)- बूढानीलकण्ठ मन्दिर क्षेत्रमा नवनिर्मित मठाधीश भवनको नेपालका लागि भारतीय राजदूत मञ्जिवसिंह पुरीले बुधबार उद्घाटन गरेका छन् । भारत सरकारको २ करोड १८ लाख सहयोगमा निर्मित तीनतले भवनमा मठाधीश तथा युवा संन्यासीलाई राखिने दूतावासले जनाएको छ । दुई देशबीचको सांस्कृतिक सम्बन्धलाई भारतले दिएको महत्त्वलाई उक्त परियोजनाले दर्शाएको भारतीय दूतावासले जारी गरेको विज्ञप्तिमा छ ।

# कांग्रेसले तोक्यो उम्मेदवार

### चार उम्मेदवार टुंगो लगाउन दुई दिन बैठक

काठमाडौं (कास)- कांग्रेसले उपनिर्वाचन हुने एक प्रतिनिधिसभा र तीन प्रदेशसभा क्षेत्रका लागि उम्मेदवार तय गरेको छ ।

दुई दिनदेखि बसेको पदाधिकारी बैठकले प्रतिनिधिसभा क्षेत्र कास्की-२ मा पुराना नेता खेमराज पौडेल, प्रदेशसभाअन्तर्गत बागलुङ-२ मा जित शेरचन, दाङ-३ (२) मा केशव आचार्य र भक्तपुर-१ (१) मा कृष्ण भँडेललाई उम्मेदवार बनाउने निर्णय गरेको हो । दाङका आचार्यलाई उम्मेदवार तोक्न वरिष्ठ नेता रामचन्द्र पौडेल र महामन्त्री शशांक कोइरालाले प्रस्ताव गरेका हुन् । बागलुङका शेरचन कृष्णप्रसाद सिटौलानिकट हुन् भने कास्की र भक्तपुरका उम्मेदवार सभापति शेरबहादुर देउवानिकट हुन् । कास्कीका पूर्वसभापति पौडेल पार्टी विभाजन हुँदा कांग्रेस प्रजातान्त्रिकमा लागेका थिए ।

उम्मेदवारको नाम चयन गर्न पदाधिकारी बैठक मंगलबार बिहानैदेखि बसेको थियो । कास्कीमा कसलाई उम्मेदवार बनाउने भन्नेमा विवाद बढेपछि सभापति देउवालाई उम्मेदवार छान्न एकलौटी जिम्मेवारी दिइएको थियो । रवीन्द्र अधिकारीको निधनपछि रिक्त उक्त क्षेत्रमा वरिष्ठ नेता पौडेल र सिटौलाले देवराज चालिसेलाई उम्मेदवार बनाउनुपर्ने अडान लिएका थिए । चालिसे गएको चुनावमा अधिकारीका प्रतिस्पर्धी रहेकाले उनैलाई प्राथमिकता दिनुपर्ने तर्क दुवैको थियो ।

आफ्नो क्षेत्र भएकाले पनि कास्कीको उम्मेदवारको हकमा आफूले भनेअनुसार निर्णय हुनुपर्ने तर्क पौडेलले राख्दै आएका थिए । सभापति देउवाले सुरुमा केन्द्रीय सदस्य धनराज गुरुङको नाम अघि सारेका थिए । स्याङ्जा निवासी गुरुङलाई अघि सारिएपछि पौडेल अप्ठ्यारोमा परे । गुरुङ संस्थापन इतरपक्षकै नेता हुन् । केन्द्रीय अनुशासन समितिमा पौडेलको कोटाबाट उनी सदस्य छन् । तर सिटौलाले पहिलो प्राथमिकता चालिसेलाई दिनुपर्ने अडान राखे । अघिल्लो पटक उम्मेदवार भएकाले नचाहेमा मात्रै अर्को उम्मेदवार खोज्नुपर्ने तर्क सिटौलाको थियो ।

आफ्नो नाममा नेताहरूबीच विवाद भएपछि गुरुङले बुधबार बिहान पदाधिकारी बैठकमै पुगेर आफ्नो दाबी फिर्ता लिएको घोषणा गरेका थिए । स्थानीय (कास्की) आकांक्षीहरूबाटै उम्मेदवार तय गर्न नेताहरूलाई सुझाव दिएर उनी फर्केका थिए ।

त्यसपछि देउवाले खेमराज पौडेल तथा वरिष्ठ नेता पौडेल र सिटौलाले देवराज चालिसेलाई उम्मेदवार बनाउने अडान कायमै राखे । कास्कीमा आफूनिकटकालाई उम्मेदवार बनाउन खोजेपछि पौडेल र सिटौला सभापति देउवालाई एकलौटी निर्णय लिन अधिकार दिँदै बैठकबाट बाहिरिए । स्रोतका अनुसार पौडेल र सिटौला 'जितहारको जिम्मेवारी लिने गरी उम्मेदवारको निर्णय लिनुहोस्' भन्दै बाहिरिएका थिए । महामन्त्री कोइराला र कोषाध्यक्ष सीतादेवी यादव पनि उनीहरूसँगै बाहिरिए ।

कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले उम्मेदवार छान्न पदाधिकारीहरूले सभापतिलाई एकलौटी अधिकार दिए पनि निर्णय एकलौटी नभएको बताए । 'सभापतिले सबै पदाधिकारीको भावना र सुझाव समेटेरै उम्मेदवारको निर्णय लिनुभएको छ, निर्णय लिँदा कुनै एकलौटी गर्नुभएको छैन,' उनले भने, 'उहाँहरूलाई जानकारी गराएरै निर्णय भएको छ ।'

**उपनिर्वाचन - ०७६**

# प्रमुख दलले टुंग्याए...

त्यसमध्ये १ हजार ४ सय ६४ मत बदर भएको थियो । कुल सदर मत ४८ हजार ४ सय ४९ को ५६ दशमलव १६ प्रतिशत मत अधिकारीले प्राप्त गरेका थिए भने कांग्रेस उम्मेदवार चालिसेले प्राप्त गरेको मत ३८ दशमलव ५२ प्रतिशत थियो ।

उपनिर्वाचन हुने प्रदेशसभातर्फ गण्डकी प्रदेशको बागलुङ २ (ख) सत्तारूढ दल नेकपा नेतृत्वको गठबन्धनबाट राष्ट्रिय जनमोर्चाका खिमविक्रम शाही उम्मेदवार तय भएका छन् । यसअघि पनि उक्त क्षेत्रबाट वाम गठबन्धनबाट जनमोर्चाकै टेकबहादुर घर्ती विजयी भएका थिए । बिरामी परेर उनको निधन भएको थियो । कांग्रेसले यस क्षेत्रमा गत चुनावमा हारेका जित शेरचनलाई नै उम्मेदवार बनाएको छ ।

त्यतिबेला घर्तीले ११ हजार ८ सय ८४ मत पाउँदा शेरचनको ८ हजार ६ सय २४ मत आएको थियो । ३ हजार २ सय ६० मत अन्तरले शेरचन पराजित भएका थिए । अन्य उम्मेदवारहरूको मत २ सयभित्र सीमित थियो । कुल ३३ हजार २ सय ४० मतदाता रहेको उक्त क्षेत्रमा २२ हजार ३७ मत खसेकोमा १ हजार १ सय ४० मत बदर भएको थियो । यस पटक उक्त क्षेत्रमा ३ हजार ६ सय ८६ नयाँ मतदाता थपिएका छन् ।

प्रदेशसभातर्फको प्रदेश नम्बर ५ को दाङ ३ (ख) मा तत्कालीन एमाले उम्मेदवार उत्तरकुमार वलीले जितेका थिए । वलीको निधनपछि त्यहाँ हुन लागेको चुनावमा नेकपाले उनकै श्रीमती विमला वलीलाई उम्मेदवार बनाएको छ । कांग्रेसले तत्कालीन प्रतिस्पर्धीलाई परिवर्तन गरी केशव आचार्यलाई टिकट दिएको छ ।

दुई वर्ष अगाडिको चुनावमा वलीले ६ हजार ४ सय ३५ मत अन्तरले कांग्रेस उम्मेदवार बुद्धिराम भण्डारीलाई पराजित गरेका थिए । वलीले २३ हजार ९ सय ७० र भण्डारीले १७ हजार ५ सय ३५ मत प्राप्त गरेका थिए । तेस्रो स्थानका नेकपा (माले) का टोपबहादुर डाँगीले ९ सय १० मत ल्याएका थिए । अन्य उम्मेदवारहरूको मत एक सयभन्दा कम थियो । त्यतिबेला ६५ हजार ८ सय २ मतदाता रहेको उक्त क्षेत्रमा ४४ हजार ६ सय ५१ मत खसेको थियो । २ हजार २ मत बदर भएको थियो । उक्त क्षेत्रमा ७ हजार ३ सय ७० नयाँ मतदाता थपिएका छन् ।

प्रदेश ३ को प्रदेशसभा निर्वाचन क्षेत्र भक्तपुर १ (क) मा नेकपाले देवीप्रसाद ढकाललाई र कांग्रेसले कृष्ण भँडेललाई उम्मेदवार तोकेको छ । ढकाल यसअघि पनि उक्त क्षेत्रमा प्रतिस्पर्धी थिए । उम्मेदवारी दर्तापछि वाम गठबन्धनले उक्त क्षेत्रबाट तत्कालीन नेकपा (माओवादी केन्द्र) का उम्मेदवार ढकाललाई आधिकारिक उम्मेदवार तोकेको थियो । तर, तत्कालीन नेकपा (एमाले) का उम्मेदवार हरिशरण लामिछाने आफ्नो उम्मेदवारी कायम राखेर विजयी भएका थिए । लामिछानेको निधनका कारण त्यहाँ उपनिर्वाचन हुँदै छ । त्यतिबेला लामिछानेले १२ हजार ७ सय ८९ प्राप्त गर्दा उनका निकटतम प्रतिस्पर्धी कांग्रेसका जीवन खत्रीले ९ हजार ९ सय ७७ मत ल्याएका थिए । दुईजना बीचको मत अन्तर २ हजार ८ सय १२ थियो ।

नेपाल मजदुर किसान पार्टीका उम्मेदवार नीरज लवजूले ७ हजार १९ मत ल्याएर तेस्रो स्थानमा थिए । वाम गठबन्धनका आधिकारिक उम्मेदवार ढकाल ७ सय ८४ मत ल्याएर चौथो स्थानमा सीमित हुन पुगेका थिए । त्यस क्षेत्रबाट विवेकशील साझा पार्टीका उम्मेदवारले ७ सय ८३ र राप्रपा उम्मेदवारले ४ सय ८५ मत ल्याएका थिए । अन्य उम्मेदवारको मत एक सयभित्र थियो । ४३ हजार ५ सय ५२ मतदाता रहेको उक्त क्षेत्रमा ३२ हजार ८ सय ३८ मत खसेको थियो । ८ सय ७५ मत बदर भएको थियो । उक्त क्षेत्रमा १ हजार ४ सय ६३ जना नयाँ मतदाता थपिएका छन् ।

# 'कालापानी नेपालकै...

प्रतिपक्षी कांग्रेसले मंगलबारै भारतीय नक्साको विरोध गर्दै यसबारे सरकारको धारणा सार्वजनिक गर्न माग गरेको थियो । 'कालापानी र लिपुलेक हाम्रा अभिन्न अंग हुन्,' प्रधानमन्त्री केपी शर्मा ओलीलाई समेत मेन्सन गरी ट्वीट गर्दै कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले लेखेका छन्, 'नेपाल सरकारले तत्काल धारणा सार्वजनिक गरेर तत्काल गम्भीर पहलकदमी गरोस् । नेपाली माटोका बारे कहींबाट पनि उब्जिने प्रश्न आपत्तिजनक र अस्वीकार्य छ ।'

यता चन्द समूहले बिहीबारदेखि एकहप्ते विरोधको कार्यक्रम सार्वजनिक गर्दै मोदीको पुतला जलाउनेदेखि नेपालस्थित संयुक्त राष्ट्रसंघको कार्यालयमा विरोधपत्रसम्म दिने जनाएको छ ।

मोहन वैद्य नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) ले भारतीय नक्साले नेपाली भूमिमाथि नांगो अतिक्रमण भएको भन्दै त्यसको भर्त्सना गरेको छ । साझा पार्टीले 'भारत सरकारको यो कदम अन्तर्राष्ट्रिय कानुनविपरीत नेपालको सार्वभौमिकता र भौगोलिक अखण्डतामाथिको ठाडो हस्तक्षेप हो' भन्दै नक्सा सच्याउनका लागि अघि बढ्न नेपाल सरकारलाई आग्रह गरेको छ । विवेकशील नेपाली दलले पनि भारतीय कदमको विरोध गर्दै बुधबार विज्ञप्ति जारी गरेको छ ।

प्रधानमन्त्रीका विदेश मामिला सल्लाहकार राजन भट्टराईले कालापानीलगायतका भूभाग नेपालकै भएको र त्यहाँबाट भारतीय सेना हट्नुपर्छ भन्नेमा प्रधानमन्त्री ओली दृढ गरेको जनाएका छन् । बुधबार राजधानीको एक कार्यक्रममा बोल्दै उनले कालापानी नेपालको भूभाग भएकाले 'सन् १९६२ देखि त्यहाँ बस्दै आएको भारतीय सेना हट्नुपर्छ' भनेका हुन् ।

# ६ दशकदेखिको...

यही अवस्थामा आइतबार भारतले सार्वजनिक गरेको नक्सामा कालापानी र लिपुलेकलाई आफ्नो भूभागभित्र राखेपछि सीमा विवाद फेरि बल्झिएको हो ।

भारतले कालापानी र सुस्ता क्षेत्रको विवादलाई थाती राखेर बाँकी सीमांकनको काम अघि बढाउन ताकेता गर्दै आएको छ ।

सन् २०१४ मा गठित नेपाल-भारत संयुक्त सीमा कार्यदलको छैटौं बैठक तीन महिनाअघि मात्रै देहरादुनमा भएको थियो । दुई देशबीच कुल ८ हजार ७ सय ५३ सीमा स्तम्भ बनाउने निर्णय भएकामा कार्यदलले पाँच वर्षयता ५ हजार ५ सय सीमास्तम्भ बनाइसकेको छ ।

'सन् २०१४ ले दिएको कार्यादेशले सुस्ता र कालापानीको सीमांकन गर्ने काम हामीलाई दिएको छैन,' नापी विभागका सूचना अधिकारी ढकालले भने, 'त्यसो हुनाले विवाद नभएका ठाउँहरूमा मात्र संयुक्त कार्यदलले काम गर्दै आइरहेको छ ।'

नेपालका २२ जिल्ला भारतीय सीमासँग जोडिएका छन् । कालापानी र सुस्ता क्षेत्रबाहेक यी सबै जिल्लाका दश गजामा पाँच वर्षदेखि दुवै पक्षले मंसिरदेखि वर्षा नलागुन्जेलको समयमा संयुक्त टोली खटाएर सीमास्तम्भ कायम गर्दै आइरहेको छ ।

मेचीदेखि महाकालीसम्म गरी ५६ नदी किनारामा ६ सय किलोमिटरभन्दा बढी भूभाग नेपाल-भारतको सीमा क्षेत्रमा पर्छ । यी नदीहरूले धार परिवर्तन गरिरहने हुनाले सीमा अतिक्रमणको समस्या ती क्षेत्रमा बढी छ । यही समस्यालाई सम्बोधन गर्न २०७१ मा दुवै देशले सीमा संयुक्त कार्यदल गठन गरेका हुन् ।


MBBS in Bangladesh
Scholarship Available
Dhaka Community Medical College
(Affiliated

# अपहरित किशोरको सकुशल उद्धार

## गोली प्रहार गरी अपहरणकारी पक्राउ

■ **भूषण यादव** (वीरगन्ज)

काभ्रेको बनेपाबाट अपहरित १४ वर्षीय किशोरलाई पर्सा प्रहरीले वीरगन्जबाट सकुशल उद्धार गरेको छ। फिरौती रकम लिन आएका अपहरणकारीमध्येका एकलाई गोली प्रहार गर्दै पक्राउ पनि गरेको छ।

वीरगन्ज-२५ सिर्सिया खल्वाटोलामा मंगलबार राति करिब १ बजे अपहरित बालकका बाबुसँग वापतको पैसाको झोला पेस्तोल देखाई खोसेर भाग्दै गरेका राजकुमार दासलाई पक्राउ गरिएको प्रहरी उपरीक्षक सोमेन्द्रसिंह राठौरले बताए। पर्साको पोखरीया नगरपालिका- ६ सोनवरीका दासलाई सादा पोसाकमा खटिएको प्रहरी टोलीले गोली प्रहारपछि नियन्त्रणमा लिएका हुन्। दाहिने घुँडामुनि गोली लागेका उनको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भइरहेको छ।

अपहरणमा संलग्न अन्य दुई जना फरार छन्। अपहरणकारीले प्रयोग गरेको बीआर २२जे०८०३ नम्बरको भारतीय मोटरसाइकल, एउटा कटुवा पेस्तोल र त्यसमा प्रयोग हुने पाँचवटा गोली बरामद भएको प्रहरीले जनाएको छ। घाइते भएपछि मात्रै नियन्त्रणमा आएका दासको बयानका आधारमा सीमावर्ती भारत रक्सौलको हरैया थानाको सहयोगमा प्रहरीले अपहरित बालकको उद्धार गरेको हो। 'प्रारम्भिक अनुसन्धानमा अपहरणमा तीन जना संलग्न रहेको खुलेको छ,' एसपी राठौरले भने, 'अरू दुई जनाको खोजी गरिरहेका छौं।'

गत कार्तिक १० मा बनेपा बस्ने अम्जद खान धोबीका १४ वर्षीय छोराको अपहरण भएको थियो। वीरगन्जको सिर्सियाका धोबी दुई दशकदेखि बनेपामा राजगिर (घर बनाउने मिस्त्री) काम गर्दै आएका थिए। उनको छोरो मोटरसाइकल ग्यारेजमा मिस्त्री काम सिक्दै थिए। सधैंझैं कार्तिक १० को बिहान करिब ६ बजेको समयमा धोबी आफ्नो काममा निस्किए। उनी बिहान काममा जाँदा छोरा बिहानको खाना पकाएर ग्यारेज जान्थे। १० बजेतिर धोबी खाना खान घर फर्कन्थे। 'तर त्यस दिन घर फर्किंदा न खाना पाकेको थियो, न त छोरो नै कोठामा थियो,' धोबी भन्छन्, 'उसको मोबाइल पनि अफ थियो।' आइतबारको त्यही राति उनी र छोराले वीरगन्ज जानका लागि पानस बसको टिकट लिएका थिए। दिनभर छोरा सम्पर्कमा आएनन्। बसपार्कतर्फ जाने क्रममा बनेपाको पुल बजार पुगेपछि साँझ करिब पौने ६ बजे छोराको नम्बरबाट फोन आयो। 'तेरो छोरा अपहरण गरिसकें, छोरा चाहियो भने १५ लाख रुपैयाँ दे, नत्र मारिदिन्छु,' धोबीले भने, 'फोनमा बोल्नेको

फिरौतीको रकम लिन आउँदा पक्राउ परेका राजकुमार दास। उनको वीरगन्जस्थित नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भइरहेको छ। *तस्बिर : भूषण/कान्तिपुर*

आवाजले त्यो मान्छे मसँगै काम गर्ने फिरोज हो भन्ने पक्का भयो।' आफ्नै गाउँका फिरोजलाई दुई वर्षअघि धोबीले नै काम सिकाएका थिए। 'मैले उसलाई भनें, म त गरिब छु। यति धेरै पैसा कहाँबाट ल्याउँछु,' धोबीले फोनमा दिएको जवाफ सुनाए, 'यति भनेपछि फोन उतावाट काटियो।' त्यसको दुई दिनपछि फेरि अपहरणकारीले फोन गरेर पैसा मागे। पैसा नदिए मार्ने धम्की दिए।

'मैले एकैचोटि एक लाख रुपैयाँ त हेरेको छैन, म गरिबले १५ लाख रुपैयाँ कसरी दिन्थें,' बुधबार पर्साको जिल्ला प्रहरी कार्यालय परिसरमा भेटिएका धोबीले भने, 'दोस्रोपटकमा १२ लाख रुपैयाँमा उनीहरू झरेका थिए।' छोरा अपहरण परेको भन्दै उनले बनेपा प्रहरीलाई जानकारी गराएका थिए। त्यहाँको प्रहरीले अपराध अनुसन्धान महाशाखा काठमाडौं जान सुझाए। 'महाशाखामा गएर रोइकराई गरेपछि फिरौती माग्ने फोन नम्बरको 'लोकेसन' पर्साको भिस्वा बजार देखायो,' उनले भने, 'पर्सा आफ्नै जिल्ला भएकाले कलंकीमा बस चढेर राति करिब १ बजे वीरगन्ज पुगें।' यहाँ आएपछि उनले जिल्ला प्रहरी कार्यालय पर्सामा घटना जानकारी गराए। ' गएको आइतबार अपहरणकारीको फेरि फोन आयो,' उनले भने, '१२ लाख रुपैयाँ रक्सौल भेलाही नहर रोडमा नल्याए छोरा मारिदिने धम्की दिए।'

अब प्रहरीले उनको समस्यालाई गम्भीरतापूर्वक लियो। किशोरको सुरक्षाका लागि अपहरणकारीले भनेको मान्दै जानुको विकल्प थिएन। तर कसरी फिरौती दिने अनि कसरी उनीहरूलाई नियन्त्रणमा लिने विषयमा प्रहरीले योजना बनायो। योजनाअनुसार गर्दै जान धोबीलाई सम्झाइयो। पैसाको सट्टा कागज राखिएको झोला बोकेर उनी सादा पोसाकका प्रहरीको समन्वयमा पहिलोपटक अपहरणकारीले बोलाएको सीमावर्ती रक्सौलसम्म पुगे। 'रक्सौल भेलाही नहर रोडमा पुगेपछि उनीहरूले एउटा बिग्रेको ट्याम्पो नजिकै ब्याग राख्न भनेका थिए,' उनले भने, 'सायद उनीहरूले मलाई हेरिरहेका थिए, भनेको ठाउँमा ब्याग राखे पनि त्यो दिन लिन कोही आएनन्।' साँझसम्म कुर्दा पनि कोही नआएपछि उनी झोला बोकेर फर्किए। अबेरसम्म कुर्दा त्यो साँझ ब्याट्री सकिएर उनको मोबाइल बन्द भएको थियो। भोलिपल्ट अपहरणकारीले फेरि फोन गरे। मंगलबार साँझ दोस्रोपटक पनि बोलाएको ठाउँमा उनी झोला बोकेर गए। सीमावर्ती भारतको चिक्नी रेल्वे ढाला (फाटक) नजिकै ब्याग राख्न भनेका थिए। यसपटक पनि ब्याग लिन कोही आएनन्। 'फोन गर्दै अरू २/३ ठाउँमा राख्न लगाए, तर लिन आएनन्,' उनले भने, 'दिक्क लागेपछि ब्याग बोकेर नेपालतर्फ फर्किएँ।' उनी फर्कंदै गर्दा सिर्सिया खल्वाटोला पुगेपछि पछाडिबाट मोटरसाइकलमा दुईजना आए। 'उनीहरूले मेरो हातको झोला खोसे, त्यही बेला पटका पड्केजस्तो आवाज आयो,' उनले भने, 'म डरले सडकमै लडेको थिएँ, त्यही बेला प्रहरीले गोली चलाएर एक जनालाई समात्यो।' झोला खोस्न आएका दास घुँडामा गोली लागेपछि लडेका थिए।

त्यसपछि प्रहरी टोली बाहिर निस्कियो। दासलाई पक्राउ गरिएपछि उनीहरूले धोबीका छोरालाई रक्सौलमै राखेको खुल्यो। उनको बयानका आधारमा ठाउँ पहिचान भएपछि पर्सा प्रहरीले सीमावर्ती भारतीय प्रहरीसँग सहयोग माग्यो। त्यसपछि बालकलाई सकुशल उद्धार सम्भव भएको एसपी राठौरले बताए।

# 'नयाँ ठेकेदारको काम उत्साहजनक'

सिन्धुपाल्चोक (कास)- खानेपानी तथा सरसफाइमन्त्री बिना मगरले मेलम्ची आयोजनाको नयाँ ठेकेदार कम्पनीले उत्साहजन काम गरेको बताएकी छन् । मेलम्ची खानेपानी आयोजनाका लागि आवश्यक पूर्वाधार र आगामी कार्ययोजना बनाइसकेकाले मन्त्रालय, आयोजनाको टिम एकजुट भएर लागिरहेको उनले दाबी गरिन् । 'आयोजनाको समय थपिँदै जानुले राम्रो सन्देश दिएको छैन्, सीएमसीपछिको नयाँ ठेकेदार कम्पनीले उत्साहजनक रूपले काम गर्दै छ,' बुधवार मन्त्री मगरले मेलम्ची नगरको खानेपानी साइट कार्यालयमा सञ्चारकर्मीसँगको भेटमा भनिन् ।

स्थानीय कामदारको पारिश्रमिकबारे मन्त्रालयको सहसचिवको एउटा समिति बनिसकेकाले आवश्यक छानविन थालिसकेको उनको भनाइ थियो । मन्त्रालयको टोली, आयोजनाका प्रतिनिधि, जनप्रतिनिधिसँगै हेलम्बु गाउँपालिकाको अम्बाथानस्थित खानेपानीको मुहानस्थल, हेडवर्क्सस्थल निरीक्षण गर्दै मन्त्री मगरले चाँडै आयोजना सक्ने प्रतिबद्धता जनाइन् ।

स्थानीय जनप्रतिनिधिले भने मेलम्चीलाई समयमै सम्पन्न गर्न एकजुट भएकाले सकारात्कम बन्न मन्त्री मगरलाई सुझाएका छन् । हेलम्बुको अम्बाथानस्थित हेडवर्क्सस्थलबाट निस्किँदै मन्त्री मगरसहित आयोजना प्रतिनिधि र जनप्रतिनिधिले ग्याल्थुमको सुरुङ अवलोकन गरेका थिए । 'आयोजनाले जनताको समस्यालाई समाधान गरेर जान आवश्यक छ, यसबारे मन्त्री मगरलाई ध्यानार्कषण गराएका छौं,' मेलम्ची नगरका प्रमुख डम्बर अर्यालले एकैसाथ भने ।

राष्ट्रिय गौरव आयोजना मेलम्ची खानेपानीको बाँकी काम सिनो हाइड्रो र आयोजनाबीच ठेक्का सम्झौता भएपछि नौ महिनापछि पुनः सुरु भएको छ । ठेकेदार कम्पनीले दक्ष कामदार ल्याएर सुरुङको बाँकी काम १२ महिनाभित्र र हेडवर्क्सको निर्माण १५ महिनाभित्र सक्ने लक्ष्यका साथ काम गरिरहेको छ । अस्थायी हेडवर्क्सबाटै पनि मेलम्चीबाट सुन्दरीजलमा पानी ल्याएर वितरण थाल्ने योजना राखिएको आयोजनाले जनाएको छ । पूर्व ठेकेदार कम्पनी सीएमसीले गत पुसमा ठेक्का सम्झौता तोडेपछि अवरुद्ध भएको मेलम्ची खानेपानी आयोजनालाई सरकारले फास्ट ट्र्याकबाट काम गर्ने निर्णय गरेको छ । यसअघि श्रेष्ठ कन्स्ट्रक्सनले खोलासँग जोड्ने पर्खालको संरचना बनाइसकेको थियो ।

**पारिश्रमिक नपाए आन्दोलन**

सीएमसीसँग सरकारले लिएको चार अर्ब धरौटी जफतभित्रबाट पाउनुपर्ने पारिश्रमिक उपलब्ध नभए पुनः आन्दोलनमा उत्रिने आयोजना पीडितहरूले चेतावनी दिएका छन् । दुई महिनाभित्रै पारिश्रमिक दिने आश्वासन दिए पनि आयोजनाले वेवास्ता गर्दै आएको उनीहरूको भनाइ छ । 'सामान्य कामदारले ८ करोड ७४ लाख पाएका छैनन् भने फर्मवाला ठेकेदारको १६ करोड ५० लाख बराबरको रकम डुबेको छ,' मेलम्ची खानेपानी आयोजनापीडित उत्तरकुमार श्रेष्ठले भने ।

# प्रदेश प्रमुखले पद सम्हाले

मकवानपुर (कास)- प्रदेश ३ का नवनियुक्त प्रदेश प्रमुख विष्णु प्रसाईंले पदभार ग्रहण गरेका छन् । प्रदेश ३ को अस्थायी मुकाम हेटौंडामा बुधबार दिउँसो आइपुगेका प्रसाईंले हेटौंडा-१०, बसपार्क नजिकै रहेको प्रदेश प्रमुखको कार्यालयमा औपचारिक रूपमा कार्यभार सम्हालेका हुन् ।

यसअघि प्रदेश ३ की प्रदेश प्रमुख रहेका अनुराधा कोइरालालाई बर्खास्त गरेर संघीय सरकारले प्रसाईंलाई प्रदेश प्रमुखमा नियुक्त गरेको थियो । झापाको मेचीनगर नगरपालिका-११, धुलाबारीका प्रसाईंलाई सोमबार मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले प्रदेश प्रमुखमा नियुक्त गरेकी थिइन् । पदभार ग्रहण गर्दै प्रमुख प्रसाईंले सबै पक्षलाई समेटर अगाडि बढ्ने प्रतिबद्धता जनाए ।

सहरहरूको सञ्जाल (सिटी नेट) को ३८ औं कार्यसमिति बैठकमा सहभागी हुन आएका विभिन्न देशका नगरप्रमुखहरू सम्पदा अवलोकन गर्दै । ललितपुरमा बुधबारदेखि सुरु भएको तीनदिने बैठकमा विभिन्न देशका १४ नगरप्रमुखसहित ८८ विदेशी प्रतिनिधि सहभागी छन् । सिटी नेटमा आबद्ध सदस्य नगरबीच सीप, प्रविधि, शिक्षालगायत क्षेत्रमा आपसी साझेदारी हुनेछ । *तस्बिर : संजोग मानन्धर/कान्तिपुर*

# वडाध्यक्षविरुद्ध जाहेरी

काभ्रे (कास)- बनेपा नगरपालिकास्थित बजार क्षेत्रको फोहोर व्यवस्थापनमा भएको विवादले उग्ररूप लिएको छ । संघर्ष समितिको नाममा स्थानीयले फोहोर जलाउने इन्सिनेरेटर मेसिन राख्न जमिन सम्याउन गएको डोजर तोडफोड गरेपछि विवाद चर्केको हो । तोडफोडमा संलग्न भन्दै वडा नं ९ का अध्यक्ष शेरबहादुर सुवालसहित ५ जनाविरुद्ध नगरपालिकाले किटानी जाहेरी दिएपछि प्रहरीले पक्राउ गर्ने तयारी गरेको छ । संघर्ष समितिका दुईजना पक्राउ परिसकेका छन् ।

वडाध्यक्ष सुवालले आन्दोलनका कार्यक्रममा सहभागी हुन वडावासीलाई प्रेस विज्ञप्ति जारी गरेर अनुरोध गरेका छन् । वडाध्यक्ष नै तोडफोडमा संलग्न भएको भिडियो र तस्बिरसहितका प्रमाणका आधारमा किटानी जाहेरी दिइएको नगरपालिकाले जनाएको छ ।

कार्यपालिकामा अल्पमतमा रहेको कांग्रेसको विरोधका बीच फोहोर जलाउने मेसिन राख्ने निर्णय भएको थियो । कात्तिक १८ गते जग्गा सम्याउन गएको डोजर स्थानीयले तोडफोड गरेका थिए । फोहोरमैलाको समस्या भोगिरहेको नगरपालिकाले व्यवस्थापनका लागि सबै प्रकारका फोहोरलाई एकैपटक जलाउन मिल्ने 'इन्डस्ट्रियल वेस्ट इन्सिनेरेटर' जडान गरेर व्यवस्थापन गर्न तयारी गरेको थियो ।

नगरपालिकाले भने उक्त मेसिनबाट कुनै पनि प्रकारका फोहोर जलाउँदा धुवाँ, धुलो र ध्वनि प्रदूषण नहुने र हालसम्म २९ देशमा सफल परीक्षण भएको जनाएको छ । नगरप्रमुख लक्ष्मीनरसिं बादेले पटक-पटकको परीक्षणपछि उपयुक्त लागेकाले जडान गर्न लागिएको बताएका छन् । ५५ हजार जनसंख्या भएको बनेपामा दैनिक १० टन फोहोर जम्मा हुने गरेको छ ।

# सबै स्थानीय तहका स्कुलमा नर्स

विद्यार्थी र शिक्षकलाई स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यले गत आवमा नमुनाको रूपमा सञ्चालन गरिएको कार्यक्रम प्रदेश ३ का सबै स्थानीय तहका विद्यालयमा विस्तार भएको छ

■ **प्रताप विष्ट** (हेटौंडा)

प्रदेश ३ सरकारले 'एक विद्यालय : एक नर्स' कार्यक्रम सबै स्थानीय तहमा विस्तार गरेको छ । सामाजिक विकास मन्त्रालयले सामुदायिक विद्यालयका विद्यार्थी र शिक्षकलाई स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यले गत आर्थिक वर्षमा नमुनाको रूपमा सञ्चालन गरेको कार्यक्रम चालू आवमा प्रदेशका सबै स्थानीय तहमा पुऱ्याएको हो ।

गत आवमा १३ जिल्लाको २० वटा सामुदायिक विद्यालयमा सञ्चालित कार्यक्रम प्रभावकारी भएको ठहर गर्दै सरकारले प्रदेशका १३ जिल्लाका एक सय १९ स्थानीय तहका १ सय २१ वटा स्कुलमा नर्सहरू खटाएको हो । 'नमुनाको रूपमा सञ्चालित कार्यक्रमको परिणाम अत्यन्त प्रभावकारी देखिएकाले सबै स्थानीय तहमा विस्तार गरेको हौं,' सामाजिक विकास मन्त्री युवराज दुलालले भने, 'शिक्षक, विद्यार्थी, अभिभावक र स्थानीय जनप्रतिनिधिबाट सकारात्मक सुझाव आएको उत्साहित बनेका हौं ।'

गत आवमा 'विद्यालयका शिक्षक चाहिन्छ, नर्स होइन' भन्ने प्रधानाध्यापक र जनप्रतिनिधिसमेत नर्स पठाइदिन भन्दै मन्त्रालय पुगेका थिए । जनप्रतिनिधि, शिक्षक, अभिभावक र विद्यार्थीले 'एक विद्यालय : एक नर्स' कार्यक्रम विस्तार गर्न माग गरेका थिए । कार्यक्रमको प्रभावकारिताका आधारमा मन्त्रालयले कम्तीमा एक स्थानीय तहको एक माध्यमिक विद्यालयमा चालू आवदेखि नर्सको व्यवस्था गरेको छ ।

मन्त्रालयले सार्वजनिक रूपमा सूचना जारी गरेर विद्यालयमा १०१ नर्सको माग गरेको थियो । करिब ५ सयभन्दा बढी नर्सहरूले दरखास्त दिएका थिए । तीमध्ये १०१ जनालाई बुधवार मन्त्रालयले नियुक्ति दिएको छ । समावेशी ढंगले नर्स नियुक्त गरिएको मन्त्रालयका जनस्वास्थ्य प्रशासक एवं प्रवक्ता सतिश विष्टले बताए । 'स्कुल समयमा विद्यार्थीमा देखिएका स्वास्थ्य समस्याको तत्काले उपचार गर्न नसक्दा गम्भीर समस्या भोग्नुपरेको पीडालाई महसुस गरी कार्यक्रम सञ्चालन गरिएको हो,' उनले भने ।

विद्यालय नर्सका रूपमा नियुक्ति लिएपछि बुधबार मन्त्रालय परिसरमा सामूहिक तस्बिर खिच्दै विद्यालय नर्सहरू । *तस्बिर : प्रताप/कान्तिपुर*

विद्यालय नर्समा नियुक्ति पाउनेहरूमा सिमान्तकृत चेपाङ र माझी समुदायका तीनजना पनि छन् । चितवनकी शर्मिला चेपाङले इच्छाकामना गाउँपालिका र धनमाया चेपाङले कालिका नगरपालिकाको विद्यालयमा नियुक्ति पाएका छन् ।

स्कुलका बालबालिका र शिक्षकहरूको स्वास्थ्य प्रवर्द्धन गर्ने उद्देश्यले 'एक विद्यालय : एक नर्स' कार्यक्रम सञ्चालन गरेको निमित्त सचिव दीपेन्द्र सुवेदीले बताए । प्रदेश ३ मा एक हजार ३ सय ५० सामुदायिक माध्यमिक विद्यालय छन् । प्रदेश ३ मा उक्त कार्यक्रम प्रभावकारी भएकाले प्रदेश १ ले चालू आवमा २० वटा विद्यालयमा र संघीय सरकारले ३० जिल्लाका केही विद्यालयमा नमुनाको रूपमा कार्यक्रम सञ्चालन गरेका छन् । सयौं विद्यार्थी र शिक्षक भएको स्कुलमा एउटा नर्ससम्म नहुँदा विभिन्न स्वास्थ्य समस्या भोग्नुपरेकाले प्रदेश ३ सरकारले गत आवमा पाइलट प्रोजेक्टका रूपमा कार्यक्रम सुरु गरेको थियो । चितवनस्थित नारायणी नुमना माविका प्रधानाध्यापक पूर्णप्रसाद दुवाडीले विद्यालयमा नर्स भएका कारण १० छात्राहरू आत्महत्याबाट जोगिएको बताए । छात्राहरूले आफ्ना समस्या खुलेर नर्सलाई भन्न सक्ने र नर्सले पनि काउन्सिलिङ गर्न सक्ने भएकाले छात्रा आत्महत्या गर्नबाट जोगिएको दुवाडीको भनाइ छ ।

१३ वटा जिल्लाका २० विद्यालयमध्ये मकवानपुरको दुइटा विद्यालयमा उक्त कार्यक्रम सञ्चालन गरिएको थियो । सबैभन्दा बढी विद्यार्थी भएको हेटौंडा उपमहानगरपालिका–४ स्थित आधुनिक राष्ट्रिय माबि र जिल्लाको पूर्वी क्षेत्रमा पर्ने महेन्द्र माबि छतिवनमा नर्स राखिएको थियो । 'स्कुलमा नर्स राखिएपछि विद्यार्थीको खानपिन र सरसफाइमा सुधार आएको छ,' आधुनिक राष्ट्रिय माविका प्रधानाध्यापक वीरसिंह बैठाले भने । शिक्षक अनुपस्थित रहेको अवस्थामा नर्सले उक्त कक्षामा गएर सरसफाइ, स्वाथ्य, महिनावारी, प्रजनन् स्वास्थ्य र खानपिनबारे चेतनामूलक कक्षा लिने गरेका छन । उक्त विद्यालयमा दैनिक १० देखि ३० जना विद्यार्थी बिरामी हुने गर्छन् । बिरामी विद्यार्थीको स्कुलमै उपचार हुनेगरेको छ । सामान्य रोगको उपचारका निम्ति आवश्यक पर्ने उपकरण र औषधि स्कुलमा नै छ । सामाजिक विकास मन्त्रालयले गत आवमा नर्स भएका विद्यालयमा एउटा बेड, उपकरण र औषधि उपलब्ध गराएको थियो । स्कुलमा नर्सको व्यवस्था भएपछि विद्यार्थीको सरसफाइमा सुधार आउनुको साथै स्कुल परिसरमा रहेको क्यान्टिनमा पाक्ने खानेकुरामा परिवर्तन आएको छ ।

'जंकफुड अहिले स्कुलमा छिर्न पाउँदैन,' आधुनिक माविका एक शिक्षकले भने, 'महिनावारी भएर समस्यामा परेका छात्राहरू नर्स राखेपछि नियमित स्कुल गरेका छन् ।' नर्स नहुँदा महिनावारी भएको अवस्थामा अधिकांश छात्रा घरमै बस्थे । अहिले नियमित आउने गरेका छन् । नर्सहरू बिहान १० बजेदेखि ४ बजेसम्म स्कुलमा नै खटिने गरेका छन् ।

# सरकारीमा स्मार्ट कक्षा

■ **रमेशकुमार पौडेल** (चितवन)

सदरमुकामदेखि झन्डै ३० किलोमिटर टाढा रहेको भरतपुर महानगरपालिका-२८ मेघौलीस्थित सरकारी विद्यालय साझापुर माविको कक्षाकोठा आम सरकारी स्कुलको भन्दा फरक छ । विद्यालयहरूका भित्तामा कालोपाटीलाई सेतोपाटीले विस्थापित गरेको वर्षौं भयो । तर, साझापुर माविको भित्तामा स्मार्ट बोर्ड छन् ।

साविकका कालोपाटी/सोतोपाटी आकारको स्मार्ट बोर्डमा स्मार्ट फोनको टच स्किन चलाए जसरी औंलाले लेख्न, भिडियो अडियो र वर्ड फाइलहरू चलाउन मिल्छ । २०११ सालमा खुलेको साझापुर स्कुलले गएको बर्खे बिदापछि यस्तो स्मार्ट कक्षा सुरु गरेको हो । सूचना तथा प्रविधि मन्त्रालयको सहयोगले कक्षा सञ्चालन गर्न सफल भएको विद्यालयका प्रधानाध्यापक तेजेन्द्रप्रसाद भुसालले बताए ।

'सूचना मन्त्रालयले प्रस्ताव मागेको थियो, हामीले निवेदन दिएपछि जेठमा सम्झौता भयो,' उनले भने, 'बर्खे बिदाअघि उपकरणहरू जडान भएर अहिले स्मार्ट कक्षा सञ्चालन भइरहेको छ ।' मन्त्रालयबाट १२ थान स्मार्ट बोर्ड, १४ थान प्रोजेक्टर, १२ थान साउन्ड सिस्टमा, १६ थान सीसी क्यामेरा र ६० थान डेस्कटप कम्प्युटर प्राप्त भएको थियो । कक्षा ७ देखि १२ सम्म स्मार्ट बोर्ड राखेर पढाउने गरेको भुसालले बताए ।

बुधबार पहिलो घन्टीको कक्षा चलिइरहँदा शिक्षक लोकनाथ भण्डारीले कक्षा १० लाई गणित पढाउँदै थिए । स्मार्ट बोर्डमा औंलाले नम्बरहरू लेख्दै भण्डारीले गणितका विभिन्न हिसाब मिलाए ।

'पढाउँदापढाउँदै विषयवस्तु प्रस्ट पार्ने भिडियोहरू पनि देखाउनुहुन्छ, रमाइलो हुन्छ,' कक्षा ९ की विद्यार्थी इन्दिरा रिजालले भनिन्, 'यस्तो प्रविधिले चाँडै सिक्न पाइने रहेछ ।'

कक्षा १० का विद्यार्थी निशान बस्नेतलाई विज्ञानका प्रयोगात्मक कक्षाका भिडियोहरू स्मार्ट बोर्डमा देख्न पाउँदा रमाइलो लाग्दो रहेछ । 'सरकारी विद्यालयमा यसरी पढ्न पाइएला भन्ने आशा थिएन, तर हाम्रे स्कुलमा यी सब देख्न/भोग्न पाइयो,' उनले भने ।

शिक्षकका लागि कक्षाकोठमा स्मार्ट बोर्ड राखे जसरी विद्यार्थीका लागि दुइटा कम्प्युटर कक्षा छन् । सरकारले दिएका ६० र १२ वटा स्कुलले जुटाएका गरेर ७२ वटा कम्प्युटरबाट विद्यार्थीले सूचना प्रविधिसम्बन्धी जानकारी बटुल्छन् । सबै कम्प्युटर र स्मार्ट बोर्ड उच्च गतिको इन्टरनेटबाट जोडिएको छ । मन्त्रालयले ८३ लाख रुपैयाँ बराबरको उपकरणहरू दिएको प्रधानाध्यापक भुसालले बताए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लालमाया अधिकारी स्मार्ट कक्षाका कारण अभिभावकहरूले पनि स्कुल र विद्यार्थीप्रति चासो बढाउन थालेको बताइन् । 'कम्प्युटरसँग खेल्दै पढ्ने सुविधा भएका कारण स्कुलले अझै राम्रो गर्नुपर्छ, सरकारले गरेको लगानी खेर जानु हुँदैन भन्ने धारणा अभिभावकहरूमा छ,' अध्यक्ष अधिकारीले भनिन् ।

सरकारी स्कुलमा गुणस्तरीय शिक्षा दिन सरकारले यस्तो अवधारणा ल्याएको प्रधानाध्यापक भुसालले बताए । सरकारले सातैवटा प्रदेशका एकएक सरकारी विद्यालयमा स्मार्ट कक्षा चलाएको छ ।

ENJOY DOLBY ATMOS SOUND
BIG Movies
NOW SHOWING
HOUSEFULL 4 : 9:00 AM, 12:00 PM, 3:15 PM, 6:15 PM, 7:15 PM, 8:15 PM
TERMINATOR : DARK FATE : 9:30 AM, 12:15 PM, 5:30 PM
JOKER (A) : 10:30 AM
CHA MAYA CHAPAKKAI : 4:00 PM
KABADDI KABADDI KABADDI : 1:00 PM, 3:00 PM
4011643/45, 01-2112233
NLIC City Centre Kamalpokhari, Kathmandu
www.bigmovies.com.np
facebook/bigmoviesnepal
Wednesday & Thursdays At Rs. 185 * Conditions apply

QFX cinemas NOW SHOWING
For booking and updated info:
Kathmandu: 01-4442220
Narayanghat: 056-522079
Nepalgunj: 081-411330
Pokhara: 061-522630/47
Birtamode: 023-543083
qfxcinemas.com

BG Mall
BSR MOVIES
FIRST TIME IN NEPAL
DOLBY ATMOS SOUND
For booking: 01-4362712
Gongabu, Kathmandu
www.facebook.com/bsrmoviesnepal
www.bsrmovies.com
NOW SHOWING
CURRENT SHOWTIME
MOVIES | ATMOS 1 | ATMOS 2
HOUSEFULL 4 | 11:00 AM, 2:00 PM, 5:00 PM, 8:00 PM |
TERMINATOR: DARK FATE | | 11:30 AM
CHA MAYA CHHAPAKKAI | | 2:30 PM, 8:15 PM
POI PARYO KALE | | 5:30 PM
XTENDED SUPER 2 DAYS TUESDAY & WEDNESDAY -190 ALL DAY LONG
BSR owns the rights to change the show time

Showing Time 8:20, 11:20, 2:20, 5:20
GUNA GROUP गुण सिनेमा हल प्रा. लि. Guna Cinema P. Ltd.
HOUSEFULL 4
OFFICIAL TRAILER
75+ MILLION VIEWS
• Housefull 4 • War • बादशाह जुट
• लक्ष्मी रानी • छ माया छपक्कै
• पोइ पऱ्यो काले • कबड्डी कबड्डी कबड्डी
• House Full 4 • Poi paryo kale
• Chha maya chhapakai • War
• Rato tika nidharma
• Made in Chaina

## तपाईंको आज

- मेष — लाभ बढ्ने
- वृष — काम बन्ने
- मिथुन — धर्म बढ्ने
- कर्कट — दुविधा बढ्ने
- सिंह — महत्वपुर्ण काम हुने
- कन्या — खटपट
- तुला — वादविवादमा सफल
- वृश्चिक — वैमनस्यता
- धन — स्फुर्ति बढ्ने
- मकर — आकस्मिक लाभ
- कुम्भ — पदोन्नति
- मीन — कान्ति क्षय

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल कार्तिक २२ गते शुक्रबार तदनुरुप ८ नोवेम्बर २०१९ कार्तिक शुक्लपक्ष एकादशी तिथि दिनको १२:२८ बजेसम्म उप्रान्त द्वादशी तिथि, पूर्वाभाद्रपदा नक्षत्र दिनको ०१:०२ बजेसम्म उप्रान्त उत्तरभाद्रपदा नक्षत्र, व्याघात योग प्रातः ११:२५ बजेसम्म उप्रान्त हर्षण योग, भद्रा करण दिनको १२:१८ बजेसम्म उप्रान्त बव करण, कुम्भ राशिमा चन्द्रमा प्रातः ०६:३० बजेसम्म उप्रान्त मीन राशिमा । ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

| | |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | मार्गदर्शन (लाइभ) |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | नेपाल स्पेल बी (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | लाइसेन्स टु ड्राइभ (रिपिट) |
| ११:०० | कान्तिपुर न्युज |
| ११:३० | रजतपट (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | साझा सवाल (रिपिट) |
| १:३० | हियर्ज टु लाइफ (रिपिट) |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | लाइसेन्स टु ड्राइभ (रिपिट) |
| ३:०० | नेपाल स्पेल बी (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | रजतपट (रिपिट) |
| ५:०० | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्युज |
| ६:३० | सुमनसँग |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | हवाट द फ्लप |
| १०:०० | सुमनसँग (रिपिट) |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | सुमनसँग (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपीट ९) |
| २:३० | मार्गदर्शन (रिपिट) |
| ३:०० | कल कान्तिपुर रिपीटेड |
| ४:०० | हवाट द फ्लप (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, घनगदी, नेपालगन्ज

| | |
|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (अच्युत सुवेदी) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | शिक्षा संवाद (कमला) |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (स्मीता) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | रेडियो टक (किरण) |
| १०:०० | स्पोर्टस् डायरी |
| १०:०५ | द लाइफ स्टाइल सो (साप्ताहिक) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | द लाइफ स्टाइल सो (साप्ताहिक) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | हिट लिस्ट (शुभराज) |
| १३:०० | डिरेक्टिक डायरी |
| १३:०५ | के छ नेपाल (धनिसा) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | तमु चौतारी (सहज कु. घले) |
| १६:०० | हेल्थ एन्ड इजुकेसन डायरी |
| १६:०५ | बी-स्कोप |
| १७:०० | डिस्ट्रिक्ट डायरी |
| १७:०५ | को भन्दा को कम (सञ्जोक बस्याल) |
| १८:०० | मुक्तिको सन्देश |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | यो माया भन्ने चीज यस्तै हो (प्रियंका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | हिप हप तसल (स्मीता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | च्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | शब्द श्लाघा (भूपेन्द्र) |
| २३:०० | सुनौलो यादहरु (दीपाञ्जली) |
| २४:०० | हिट लिस्ट (रेमन) |
| ०१:०० | सफर (राजेश) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| रक्तसञ्चार केन्द्र | ४२०५३४४ |
| वीर अस्पताल | ४२०१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१७६०७ |
| कान्ति बाल अस्पताल | ४४१५५५० |
| प्रसुति गृह | ४२५३०६६ |
| टेक्कु अस्पताल | ४२५३२७६ |
| पाटन अस्पताल | ५५२२७६८ |
| शहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२०/४३७१३७७ |
| मानचित्र अस्पताल | ५५२०३३३ |
| नेपाल आँखा बैंक | ४४२३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६२१ |
| तिलगंगा आँखा अस्पताल | ४४२३६८४ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४२१९०२५ |
| मरक्युर अस्पताल | ६६२०६७६ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल | ४२०४००८ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल | ४४०६१५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८७१/६ |
| नेपाल मेडिसिटी अस्पताल | ९१३४/४२५७०६६/४२५७०५५ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडीकेयर मेसनल अस्पताल | ४४६०७६० |
| मेडीकेयर मेसनल अस्पताल (एम्बुलेन्स) | ४४६०७६० |
| कान्तिपुर हस्पिटल | ४१११२५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४०६२०५ |
| नर्मिक, थापाथली | ४२५८५५४ |
| वयोश्रा अस्पताल (प्रा.) लि. | ४२८६४०८/४२८१६६६ |
| लाइफ केयर अस्पताल | ४२२७०३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३७०१६ |
| क्याथिएल हस्पिटल (प्रा.) लि. | ४२४४०२० |
| मरक्युर रेफरल | ६६१२०६६ |
| मेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| नेपाल मेडिसिटी | ४२५७०५५/४२५७०६६ |
| मानसिक अस्पताल | ४४८०१६० |
| हृयात्मस अस्पताल | ४३७०४०४/४३७०६०४ |
| ईशान बाल नर्सिङ होम तथा प्रसुति गृह | ४३४५३७०/४३८९२६२ |
| ओर्सा अस्पताल र रिसर्च इन्टिच्युट | ४२५८५२०/४२५८५४१ |
| मनमोहन मेमोरियल अस्पताल | ४४१५८०५/४४२०८२३ |
| मरोसा अस्पताल प्रा.लि. | ४४७४७६८/४४८९८९१ |
| सामुदायिक मानसिक स्वा. से. केन्द्र | ०१ ६९१२५४४ |
| जनजीवन हस्पिटल | ४३६६३०१-०५ |
| मरक्युर अस्पताल | ०१-५०२३३८८/५०२३३९५/५०२३३७२ |
| विनायक अस्पताल तथा प्रसुति गृह | ४३८३५२०/४३८०८४८ |
| केन्द्रीय पशु चिकित्सालय | ४२६९३८२/४२२०८४३/४२८९२३ |
| हेलिएड हेल्थ्स सामुदायिक अस्पताल | ४४७३५१८/४४७०६५४ |
| शहीद मेमोरियल अस्पताल | ४४७०२३४/०५६२०८४०२ |
| स्पार्क हेल्थ होम अस्पताल | ४२७३०१४/४२७०२२३ |
| ओम समाज अस्पताल | ४३९३५०२ |
| स्टार अस्पताल | ५५५०२९६/५५५०१९८/५५५२२७६ |
| अल्का अस्पताल | ५५५५५५५ |
| नागरिक सामुदायिक अस्पताल | ६६३७६००/५६३२९८४ |
| मिलाल अस्पताल/एम्बुलेन्स | ४४१५०८६/४४१६६०२ |
| स्पाइनल इन्जरी पुनस्थापना केन्द्र | ०१९-६६८६४०/६६८८४८ |
| काठमाडौं अस्पताल | ४२२२२२२ |
| अन्तराष्ट्रिय मैत्री बाल अस्पताल | ४४१९५३४/४४१५४६१ |
| बी.पी. स्मृति अस्पताल | ४३८७०२४/४३८०२०६ |
| सुमेरु अस्पताल | ५२७५३७७/५२७५०८८/९९ |
| वेलकेयर हस्पिटल | ४४२६१३५/४४२६९८४ |
| धमरेण्ड हस्पिटल | ४७८२२०४/४७८३०२४ |
| काठमाडौं नाक कान घाँटी अस्पताल | ४२४५५४४/४२२६७३० |
| ग्रान्डी इन्टरनेशनल हस्पिटल | ५५४२२६६/५५४२२६७ |
| ट्रिज सिटी हस्पिटल | ४३५२२४८/४३५०६५२ |
| शुभेक्षा अस्पताल (प्रा.) लि. | ४२८९५३४/४२८९५३५ |
| कान्तिपुर जनरल हस्पिटल | ४३८५९७०/४३८५०११ |
| लि: शुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| दीर्घायु गुरु हस्पिटल | ४४६५५२३/९८४४४८५५५७ |
| गणेशमान सिंह मेमोरियल अस्पताल | ०१-५५३०८८५/५५३४३२०, ५५४४२४४/५५५५८७४ |
| ॐ समाज डेण्टल हस्पिटल | ०१-४४०३४४४/४४८०८८० |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१२४५/४२६१७२० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२२२०६ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६२२२ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४२८०३५ |
| सुलेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९८५५०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५२ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०८४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४२२९९२ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०१३ |
| बाल हेल्पलाइन नेपाल | ९०९८ |
| बालबालिका खोजतलास समन्वय केन्द्र | ९०४/४२२६००६ |
| नेपाल मिठर दयावर्सी संघ | ४२०३३७४ |

# सुरक्षित भवन बनाउन मार्गदर्शन

काठमाडौं (कास)- काठमाडौं महानगरपालिकाले सिटीनेट योकोहामा र सिटी अफ योकोहामाको सहयोगमा 'सुरक्षित भवन निर्माणमा घरधनीका लागि उपयोगी मार्गदर्शन' सार्वजनिक गरेको छ। घर बनाउँदा घरधनीले जान्नुपर्ने न्यूनतम विषय राखेर मार्गदर्शन तयार पारिएको महानगरपालिकाको विपद् व्यवस्थापन विभागले जनाएको छ।

मार्गदर्शन सार्वजनिक गर्दै विपद् व्यवस्थापन समिति संयोजक नीलकाजी शाक्यले सुरक्षित बस्ती विकासका लागि थालिएको पहिलो प्रयासलाई क्रमश: सुधार गरेर अघि बढ्ने प्रतिबद्धता जनाए। 'आन्तरिक अनुभव र बाह्य सिकाइबाट सहरका घरहरू बलियो बनाउने पहिलो प्रयास हो,' उनले भने।

विभागका प्रमुख अर्चना श्रेष्ठले मार्गदर्शनले भवन निर्माणसम्बन्धी प्रचलित कानुनी व्यवस्थाका बारेमा जनसाधारणलाई बुझ्न सजिलो हुने बताइन्। 'घर बनाउने बेला सामान्य प्राविधिक कुरासमेत नजान्नाले घरधनीले जीवनभर कमाएको पैसा जोखिममा पर्न सक्छ,' उनले भनिन्, 'मार्गदर्शन पढेपछि घरधनीलाई ठेकेदार, सिकर्मी, डकर्मीहरूले झुक्याउन सक्दैनन्।'

योकोहामा सिटी अफिसका अन्तर्राष्ट्रिय मामिला ब्युरोका निर्देशक योको सुजुकीले जापान र नेपालको भवन निर्माण मापदण्ड, आचारसंहिता फरक रहेको चर्चा गरिन्। 'जापानमा देशैभर एउटै मापदण्डका आधारमा भवन निर्माण गरिन्छ भने निर्माण सामग्रीको पनि छुट्टै मापदण्ड छ,' उनले भनिन्, 'तर नेपालमा ठाउँअनुसार फरक मापदण्ड पाइयो, देशैभर एउटै मापदण्ड भएमा भवन संहिता अनुगमन र नियमन गर्न सजिलो हुन्छ।' सुरक्षित भवन निर्माणका लागि क्षेत्रीय ज्ञान र सिपको प्रवर्द्धनले इन्जिनियरहरूको शैक्षिक ज्ञानको दायरा फराकिलो बनाएको महानगरका सिभिल इन्जिनियर ऋषिराम पुडासैनीले बताए। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सम्पन्न भएको तालिमका बारेमा उनले व्याख्या गरे। तालिममा सहभागी इन्जिनियरहरूकै समग्र सोचबाट मार्गदर्शन तयार पारिएको उनको भनाइ थियो।

जनस्तरमा भवन निर्माणको मापदण्ड र आचारसंहिताबारे छलफल चलाए अझ प्रभावकारी हुने जनप्रतिनिधिहरूले सुझाव दिए। 'भवन निर्माण र मापदण्डका विषय नबुझ्दा अधिकांश नागरिक समस्यामा छन्,' वडा नं ७ की कार्यवाहक अध्यक्ष निर्मला पुडासैनीले भनिन्। मार्गदर्शन तयार पार्नुअघि भवन निर्माणसँग सरोकार राख्ने इन्जिनियरहरूलाई 'स्ट्रक्चर एन्ड सेस्मिक इन्जिनियरिङ' सम्बन्धी ८ वटा तालिम दिइएको थियो। तीमध्ये ५ वटा नेपालमा र ३ वटा जापानमा सञ्चालन भएका थिए। महानगर र याकोहामा सहरबीच २०७३ असार १६ मा सम्पन्न सम्झौताका आधारमा चक्रिय तालिम चलाइएको हो। तालिममा काठमाडौं उपत्यकामा भूकम्पले पारेको प्रभाव र पुनर्निर्माणका प्राथमिकता, जापानको याकोहामा नगरको एकीकृत सहरी योजना र सिकाइ, इन्जिनियर र डकर्मीको क्षमता विकासका प्रगति र चुनौतीलगायतका विषयमा जानकारी गराइएको थियो।

जापानमा भूकम्पप्रतिरोधी भवन र भौतिक संरचनासम्बन्धी व्यवस्था, विपद् क्षति न्यूनीकरणका लागि सहरी तथा वास्तु योजना, भौतिक संरचनामा भारवहन विश्लेषण विधि, आरसी र स्टिल भवनमा भार ग्रहण क्षमता, ढलान गरिएको भवन र ढुंगाको गाह्रो भएका भवनका सम्भावित जोखिम र तिनीहरूलाई सुरक्षित बनाउने विधि तालिममा समेटिएको थियो। यसरी चलेका तालिम, तालिमका क्रममा गरिएका भ्रमण अवलोकन र प्रचलित व्यवस्थालाई आधार बनाएर मार्गदर्शन तयार पारिएको महानगरको भनाइ छ।

**के छ मार्गदर्शनमा ?**

महानगरपालिकाको विपद् व्यवस्थापन विभागले जारी गरेको मार्गदर्शनमा ४ अध्याय छन्। पहिलो अध्यायमा काठमाडौंको परिचय, दोस्रोमा भवन निर्माण गुणस्तरका विषयमा ध्यान दिनुपर्ने कुरा र तेस्रोमा भवन निर्माण गर्दा अपनाउनुपर्ने प्राविधिक पक्ष तथा भवन निर्माणको गलत अभ्यास, चौथोमा भवन निर्माण गर्दा अवलम्बन गर्नुपर्ने सुरक्षा व्यवस्थाबारे उल्लेख छ।

राजधानीको बसन्तपुर दरबार क्षेत्रमा गरिएको मोटरसाइकल पार्किङ। निषेधित क्षेत्रमा पार्किङ गरिँदा सम्पदा अवलोकन गर्ने पर्यटक आउजाउमा समस्या भएको छ। भूकम्पपछि यस ठाउँमा सवारीसाधन निषेध गरिएको थियो। *तस्बिर : बिजु महर्जन/ कान्तिपुर*

# विदेश भ्रमणमा विज्ञको सट्टा सहसचिव

काठमाडौं (कास)- भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले स्मार्ट लाइसेन्स प्रिन्ट गर्ने मेसिन चलाउने तालिममा मन्त्रीका निजी सचिव र सहसचिवलाई विदेश पठाएको छ। यातायात व्यवस्था विभागले दुई महिनाअघि इटालीमा बनेको माटिका कम्पनीको 'मास प्रिन्टर' खरिद गरेको थियो। प्रिन्टर चलाउने प्राविधिकलाई इटाली पठाउनुपर्नेमा मन्त्रालयले विभागका महानिर्देशक, मन्त्रालयको प्रशासन महाशाखा प्रमुख सहसचिव, मन्त्रीका निजी सचिव लगायतलाई पठाएको हो। प्राविधिकलाई मास प्रिन्टर सञ्चालन गर्ने ज्ञान नहुँदा लाइसेन्स छपाइ हुन सकेको छैन।

गतवर्ष विनियोजित ७ करोड बजेटबाट खरिद गरिएको प्रिन्टर चलाउने प्राविधिक कोही पनि भ्रमण टोलीमा परेका छैनन्। प्रिन्टर खरिद गर्ने ठेक्का पाएको भारतको एमएसपी सप्लायर्सले उनीहरूलाई प्रिन्टर सञ्चालनसम्बन्धी जानकारी दिन उत्पादन गर्ने इटालीको कम्पनीमा लगेको हो। कार्तिक १३ मा इटाली गएको टोलीमा मन्त्रालयका प्रशासन प्रमुख सहसचिव रामेश्वर ज्ञवाली, विभागका महानिर्देशक गोगनबहादुर हमाल, विभागका निर्देशक बन्धु बाँस्तोला, अर्का सहसचिव प्रमिला बज्राचार्य, मन्त्रीका निजी सचिव सोमराज बराल र कम्प्युटर इन्जिनियर केशवराज गौतम छन्।

गौतम प्राविधिक कर्मचारी भए पनि प्रिन्टर सञ्चालन गर्ने कर्मचारी होइनन्। हमालले अरूलाई निमित्तको जिम्मेवारीसमेत नदिई विदेश गएको स्रोतले जनाएको छ। 'प्रिन्टर सञ्चालन गर्ने प्राविधिक जानुपर्नेमा मन्त्रालयका सहसचिवहरूलाई लिएर महानिर्देशकसहितको टोली विदेश गएको छ,' मन्त्रालयका एक कर्मचारीले भने। विदेश जानेमा कोही नपरेपछि नियमित कार्ड छपाइ गर्ने प्राविधिक कर्मचारी भने निराश छन्। आफूहरू जानुपर्ने तालिममा सहसचिवहरू गएपछि छपाइमा मुख्य जिम्मेवारी लिएका एक कम्प्युटर अपरेटरले गृह मन्त्रालय सरुवाको रमनासमेत लिइसकेको स्रोतले जनाएको छ। इटाली गएको टोली मंगलबार स्वीट्जरल्यान्ड पुगेको थियो। 'मेसिन सञ्चालन गर्ने जानकारी नहुँदा सञ्चालनमा ल्याउन सकिएको छैन,' एक प्राविधिकले भने, 'यदि हामीले सिक्न पाएको भए फर्कनेबित्तिकै प्रिन्टर सञ्चालनमा ल्याउन सकिन्थ्यो। सर्वसाधारणले एक वर्षअघि राजस्व तिरे पनि हामीले कार्ड दिन सकेका छैनौं।'

**काठमाडौंबाहिर आवेदन दिएकाहरूको लाइसेन्स अझै प्रिन्ट भएको छैन**

**७ लाख ८६ हजार कार्ड छाप्नै बाँकी**

विभागका प्राविधिकका अनुसार विगतमा खरिद गरेको प्रिन्टरबाट दैनिक एक हजार ५ सयमात्रै लाइसेन्स प्रिन्ट हुन्छ। १८ लाख १ हजार ७ सय १ जनाले लाइसेन्सका लागि आवेदन दिएका छन्। यसमध्ये १० लाख १५ हजार १ सय ५६ जनाको लाइसेन्स प्रिन्ट भएको छ। ७ लाख ८६ हजार कार्ड छपाइ हुन बाँकी छ। 'काठमाडौंबाहिर आवेदन दिएका सर्वसाधारणको लाइसेन्स अझै प्रिन्ट हुन सकेको छैन,' विभागका एक प्राविधिकले भने। काठमाडौं उपत्यकाको पनि सन् २०१८ को अन्तिममा आवेदन दिएकाको मात्रै लाइसेन्स प्रिन्ट भएको विभागले जनाएको छ। कार्ड छपाइ ढिलाइ भएपछि विभागले ७ करोड खर्चेर एक घन्टामा ४ सय ५० कार्ड छपाइ गर्ने प्रिन्टर खरिद गरेको हो। तर, प्रिन्टर सञ्चालनमा ल्याउन सकेको छैन। भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीर महासेठले मन्त्रालयको कर्मचारी टोली प्रिन्टर मेसिनको जानकारी लिन विदेश गएको बताए। प्राविधिकको सट्टा सहसचिवहरू पठाएको विषयमा भने जवाफ दिन चाहेनन्। 'यस विषयमा भोलि कुरा गरौंला,' उनले भने।

विद्यार्थीमाथि खेलबाड

# खारेज भएको कलेजद्वारा भर्ना

सम्बन्धन खारेजीमा परेको चक्रवर्ती हबी एजुकेसन एकेडेमी कलेज अफ नर्सिङ साइन्सले भर्ना लिएका विद्यार्थीको भविष्य अन्योलमा परेको छ

■ **लीला श्रेष्ठ र फातिमा बानु** (काठमाडौं)

सम्बन्धन खारेजीमा परेको मध्यपुर थिमिस्थित चक्रवर्ती हबी एजुकेसन एकेडेमी कलेज अफ नर्सिङ साइन्सले आफूखुसी भर्ना गरेका विद्यार्थी अलपत्र परेका छन्। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) ले प्रयोगात्मक अभ्यास गराउने अस्पताल नभएको भन्दै संस्था नवीकरण नै गरेको छैन। कलेज सञ्चालकले भने सीटीईभीटीको निर्णयविपरीत आफूखुसी विद्यार्थी गर्ने गरेका छन्। ०७५ असोजमा भर्ना भएका ३० जना विद्यार्थीको रजिस्ट्रेसन नै नभएपछि उनीहरू आन्दोलनमा उत्रिएका छन्। कलेज सञ्चालकका कारण आफूहरू अन्यायमा परेको विद्यार्थीले बताएका छन्।

पूर्वाधार नपुगेको भन्दै सीटीईभीटीले चक्रवर्ती कलेजको सम्बन्धन खारेज गरेको दुई वर्ष भयो। सम्बन्धन र स्वीकृति लिई प्रमाणपत्र तह नर्सिङ कार्यक्रम सञ्चालन गरिरहेको कलेजले पटक-पटक सीटीईभीटीको नीति निर्देशनविपरीतका गतिविधि एवं विद्यार्थी भर्ना गर्दै आएको थियो। आफूखुसी अघि बढेपछि तत्कालीन शिक्षामन्त्री गोपालमान श्रेष्ठको अध्यक्षतामा ०७४ असोज २२ मा बसेको बैठकले सम्बन्धन खारेजीको निर्णय गरेको थियो। सीटीईभीटीले खारेज गरे पनि अदालतको आडमा कलेजले विद्यार्थीको भर्ना जारी राखेको थियो। कलेजले एक विद्यार्थीबाट ३ लाख ११ हजार लिएको विद्यार्थीले बताएका छन्।

हाल आएर भर्ना भएका विद्यार्थीको भविष्य अन्योलमा परेको छ। कलेजले सीटीईभीटीबाट शैक्षिक सत्र ०६१/६२ देखि तीनवर्षे पीसीएल नर्सिङ (प्रमाणपत्र तह) को सम्बन्धन र स्वीकृति लिई कार्यक्रम सञ्चालन गरिरहेको थियो। कलेजले शैक्षिक सत्र ०७४/७५ का लागि प्रमाणपत्र तह नर्सिङ कार्यक्रम सञ्चालनका लागि सीटीईभीटीसँग सम्बन्धन स्वीकृति नवीकरण नगरी विद्यार्थी भर्ना गरी ठगी गरेको र अवैध रूपमा एकै दिन ३७ विद्यार्थी भर्ना गरेको भन्दै सीटीईभीटीले सम्बन्धन खारेज गरेको हो। आफ्नो अस्पताल नभएको र सरकारी अस्पतालसँग सम्झौता गरेको नक्कली कागज देखाएर विद्यार्थी भर्ना गरेको सीटीईभीटीका सदस्यसचिव पुष्परमण वाग्लेले बताए।

परीक्षामा सहभागी हुन नपाएपछि कलेजविरुद्ध माइतीघर मण्डलामा प्रदर्शन गर्दै विद्यार्थीहरू। *तस्बिर : दीपक केसी/ कान्तिपुर*

सीटीईभीटीसँग कुनै पनि सम्बन्धन तथा स्वीकृत नवीकरण नै नगरी कलेजले ०७४ भदौ २५ गते पत्रिकामा सूचना प्रकाशित गरी तीनवर्षे प्रमाणपत्र तह नर्सिङमा भर्ना खोली एकैदिन ३७ विद्यार्थी भर्ना गरी एक सय विद्यार्थीको नाम वैकल्पिक सूचीमा निकालेको थियो। सीटीईभीटीले कलेजलाई नवीकरण नगरीकन किन विद्यार्थी भर्ना गरेको, विद्यार्थीको प्रयोगात्मक अभ्यासका लागि अस्पताल कहाँ छ भनेर स्पष्टीकरण सोधेको थियो। कलेजले झुटो जवाफ पेस गरेकाले सम्बन्धन खारेज गर्न बाध्य भएको सदस्यसचिव वाग्लेले बताए। चक्रवर्ती कलेजसँग सीटीईभीटीको कुनै सम्बन्धन नरहेको समेत उनले बताए। कलेजले अघिल्ला वर्षहरूमा पनि अदालतको आडमा सीटीईभीटीसँग सम्बन्धन र स्वीकृति नवीकरण नै नगरी नर्सिङ कार्यक्रम सञ्चालन गरेको थियो। विद्यार्थीको भविष्यलाई ध्यानमा राखेर विगतमा अदालतको अन्तरिम आदेशलाई मानेर सीटीईभीटीले रजिस्ट्रेसन गरिएको र सम्बन्धन खारेजपछि कुनै सम्बन्ध नभएको जनाएको छ।

यता कलेजले भने सीटीईभीटीले उच्च अदालतको फैसला नमान्दा विद्यार्थी समस्यामा परेको आरोप लगाएको छ। एक वर्षदेखि अध्ययनरत विद्यार्थीको रजिस्ट्रेसन पनि नगरी परीक्षामा सामेल गराउन नसकिएको कलेजले गुनासो गरेको छ। निरन्तर उच्च अदालतले दिएको आदेशलाई समेत लत्याउँदै सीटीईभीटीले ३० जना विद्यार्थीको भविष्य अन्योलमा पारेको कलेजका कार्यकारी अध्यक्ष नीलकृष्ण ताम्राकारले बताए। विद्यार्थी भर्नाको सिलसिलामा ०७५ सालको विद्यार्थी भर्नाका लागि कलेजले सीटीईभीटीमा निरन्तर सम्पर्क गरेको तर त्यस बेलादेखि नै बेवास्ता गर्दै आएको ताम्राकारले बताए।

कलेजले ०७५ सालमा विद्यार्थी भर्ना गर्न सीटीईभीटीसँग अनुमति माग्दा सय बेडको अस्पतालको व्यवस्था गरेर मात्र विद्यार्थी भर्नाको अनुमति दिन सकिने जानकारी दिइएको अध्यक्ष ताम्राकारले जानकारी दिए। त्यसपछि कलेजले सय बेड भएको गणेशमान अस्पताल एन्ड रिसर्च सेन्टरसँग सम्झौता गरेर सीटीईभीटीमा पेस गरेको उनले बताए। कलेजले सीटीईभीटीविरुद्ध उच्च अदालतमा मुद्दा दायर भएको र अदालतले परिषद्को सम्बन्धन रद्द गर्ने निर्णय बदर गरी कलेजलाई निरन्तर सञ्चालन हुन दिन भनी फैसला गरेको उनको भनाइ छ।

**कलेजविरुद्ध विद्यार्थी आन्दोलित**

सुर्खेतकी प्रेमिका शाही नर्स बन्ने सपना बोकेर डेढ वर्षअघि राजधानी पसिन्। छोरीले नर्सिङ नै पढ्ने रहर गरेकाले अभिभावकले पनि ऋण खोजेर उनलाई पढ्न पठाए। मेहनत गरेर उनले प्रवेश परीक्षामा नाम निकालिन्। र, पीसीएल नर्सिङका लागि भक्तपुरस्थित चक्रवर्ती हबी एजुकेसन एकेडेमी कलेज अफ नर्सिङ साइन्समा भर्ना गरिन्। पढाइ सकिए पनि गत साउन २६ गते हुनुपर्ने परीक्षा अहिलेसम्म नहुँदा उनी चिन्तित छिन्। 'दिनरात नभनी मिहिनेत गरेर जाँचको तयारी गरें। प्रयोगात्मक अभ्यासका अस्पतालमा उस्तै खर्चें,' उनले भनिन्, 'परीक्षा हुने मितिको एक दिनअघिसम्म कलेजले प्रवेशपत्र दिएन, जिज्ञासा राख्दा पनि कलेजले स्पष्ट जवाफ दिएन।'

परीक्षा नहुनुको कारण आफू मापदण्डबिनै चलेको कलेजमा पढिएको रहेछ भन्ने थाहा पाएपछि उनको चिन्ता थप बढेको छ। 'तीन लाख ऋण खोजेर घरबाट नर्सिङ पढ्न पठाए। मेरो पैसा र मेहनत दुवै खेर गयो,' उनले गुनासो गरिन्, 'कलेजले ठग्यो। मेरो भविष्य बर्बाद भयो।'

कलेजको ठगीमा परेकी अर्की पीडित विद्यार्थी हुन्, प्रथम वर्ष अध्ययन सकेकी रामेछापकी सन्तोषी बुढाथोकी। भर्ना गर्ने समयमा कलेजको विवादबारे उनले नसुनेकी होइनन्। विवादबारे अदालतले सफाई दिइसकेको भन्दै निर्धक्क हुन आग्रह गरी कलेजले झुक्याएर भर्ना गर्न लगाएको उनको भनाइ छ। 'कलेज प्रशासनको विश्वासमा मैले त्यहीँ पढ्ने निर्णय गरें, अहिले आएर परीक्षा हुँदैन पैसा फिर्ता लिएर जानु पो भन्छन्,' उनले भनिन्, 'मेरो एक वर्षको मिहिनेत खेर गयो, अन्तिममा आएर बिचल्ली पारिदियो।' कलेजले वैकल्पिक व्यवस्था गरेर भए पनि परीक्षा गराइदिनुपर्ने उनले बताइन्।

नर्सिङका लागि भर्ना भएका ३० जना विद्यार्थी अलपत्र परेका छन्। ठगी गर्ने कलेजमाथि कारबाहीको माग गर्दै उनीहरूले बुधबार माइतीघर मण्डलामा विरोध प्रदर्शन गरे। न्यायका लागि शिक्षा मन्त्रालयलगायत विभिन्न निकाय धाउँदा पनि कसैले वास्ता नगरेको आन्दोलनरत विद्यार्थीको आरोप छ। 'न्याय माग्दै सीटीईभीटी धेरै धायौं, उनीहरूले व्यवस्थापन हुन्छ भन्ने झुटो आश्वासन मात्रै दिए,' पीडित विद्यार्थी कमला थापाले भनिन्।'

# बैंकिङ कसुरमा फरार पक्राउ

काठमाडौं (कास)- बैंकिङ कसुर मुद्दामा फरार दुईजना पक्राउ परेका छन्। पक्राउ परेका हेटौंडा उपमहानगर पालिका-२ का ३३ वर्षीय सञ्जय पोखेल र ५८ वर्षीया लक्ष्मीदेवी पोखेल छन्। बैंकिङ कसुर मुद्दामा उच्च अदालत पाटनको ०७१ मंसिर २१ गतेको फैसलाले सञ्जयलाई ३ वर्ष कैद, १ करोड ९५ लाख २६ हजार रुपैयाँ र लक्ष्मीलाई २ वर्ष कैद, ७९ लाख २२ हजार रुपैयाँ जरिवाना ठहर गरेको थियो। केन्द्रीय अनुसन्धान ब्युरो महाराजगन्जले सञ्जयलाई गौशाला र लक्ष्मीलाई पर्सामा वीरगन्जबाट पक्राउ गरेको हो।

उनीहरूले ०६७ फागुन २५ मा क्रिष्टल फाइनान्स थापाथलीबाट जग्गा धितो राखी धितो राखेको जग्गाको अस्वाभाविक रूपमा मूल्यांकन गराई कर्जा लिएर दुरुपयोग गरेको प्रहरीले जनाएको छ। पक्राउ परेका दुवैलाई जिल्ला अदालत काठमाडौं र पर्सामार्फत कैद भुक्तानका लागि कारागार पठाइएको ब्युरोले जनाएको छ।

# अतिक्रमणको चपेटामा 'गुरुमार्पा वृक्ष'

■ **दामोदर न्यौपाने** (काठमाडौं)

टुँडिखेलको पूर्वोत्तर भागमा एउटा ठूलो रूख छ। परबाट हेर्दा बर-पीपलजस्तो लाग्ने रूखको वास्तविक नामबारे अग्रजहरू समेत जानकार छैनन्। नेवार समुदायले भने उक्त रूखलाई 'गुरुमार्पा वृक्ष' नाम दिएको छ।

'खास नाम गुरुमार्पा भए पनि धेरैले गरुमापा भनेर चिन्छन्,' रूखको सांस्कृतिक गतिविधिमा जोडिएको इटुम्बहालको भाष्करदेव संस्कृता केशचन्द्रकृत परावर्त महाविहारका सभासङ्ग सदस्य प्राध्यापक स्वस्तिरत्न शाक्य भन्छन्, 'बौद्ध धर्मावलम्बीको ठूलो सांस्कृतिक बिम्ब बोकेको रूख हो यो। यस्तो रूख अरू ठाउँमा देखिएको पनि छैन।' यसको छेउमा सानो सिरिसको रूख पनि छ। रूखका फेदमा ठूला टोड्का देखिन्छन्। टुँडिखेलमा सुस्ताउने आउनेहरू रूखमा चढ्ने, वरिपरि घुम्ने गर्दा रूखको फेद उजाड देखिन्छ।

सम्पदा संरक्षण अभियन्ता आलोकसिद्धि तुलाधरले टुँडिखेलका एकएक परम्परा अतिक्रमणमा परेकाले गुरुमार्पा रूख पनि मासिने हो कि भनेर चिन्ता लागेको बताए। 'लामो इतिहास बोकेको यो रूख आफैंमा अमूर्त सांस्कृतिक सम्पदा हो,' उनले भने, 'सांस्कृतिक महत्त्वबारे सरोकारवाला निकायले यो रूखको अभिलेखसमेत राखेको छैन।'

टुँडिखेलमै रहेको ऐतिहासिक खरीको रूख भने पहिल्यै काटियो। यही रूखको फेदमा बसेर चन्द्रशमशेरले दास प्रथा उन्मूलनको घोषणा गरेका थिए। खरीको फेदमा रहेको चौतारोमा बसेर विदेशी पाहुना, राजालगायत बसेर टुँडिखेलमा हुने राष्ट्रिय उत्सव हेर्थे। 'राजा त्रिभुवनले २००७ सालमा प्रजातन्त्र पुनर्स्थापनाको घोषणा पनि यही चौतारामा बसेर गरेका थिए,' प्राध्यापक स्वस्तिरत्न शाक्य भन्छन्, 'यति महत्त्वपूर्ण ठाउँ अहिले मासियो। चौतारो पनि भत्काइयो।' महाकाल भैरव मन्दिरको ठीक पछाडि खरीको रूख र चौतारो थियो। त्यस ठाउँमा अहिले सैनिक मञ्च बनेको छ।

**गुरुमार्पाको इतिहास**

प्राध्यापक शाक्यका अनुसार गुरुमार्पाको इतिहास १२ सय वर्ष पुरानो हो। गुरुमार्पाको प्रतीक मानेर रूखलाई भात खुवाउने चलन छ। 'यो चलन नै १२ सय वर्ष पुरानो भएकाले रूखको इतिहास पनि त्यति नै पुरानो मानिन्छ,' शाक्यले भने। गुरुपार्मा तिब्बती नागरिक थिए। उनी सानैदेखि बदमास स्वभावका भएकाले उनका बुबाले काठमाडौंको बाटो हुँदै भारत पठाइदिए। त्यस क्रममा गुरुमार्पा काठमाडौंमा लामो समय बसे। काठमाडौंका राजा हरिदेवको पालामा नुवाकोटे ठकुरी वंशका भाष्कर्राजका छोरा केशचन्द्रसँग उनको भेट भएको थियो। 'केशचन्द्र पनि गुरुमार्पाजस्तै बदमास थिए। दुवैको स्वभाव मिलेकाले दोस्ती भयो,' शाक्य भन्छन्।

**सांस्कृतिक महत्वबारे चासो राख्ने निकायले नै यस वृक्षको अभिलेख राखेका छैनन्**

इतिहासकार ज्ञानमणि नेपालका अनुसार उनै भाष्कर्राज पछि राजा भए। उनले १० वर्ष शासन चलाएका थिए। उनै भाष्करदेवका छोरा केशचन्द्रले केशचन्द्र महाविहार बनाए। महाविहारको सम्बन्ध टुँडिखेलको यही रूखसँग जोडिएको शाक्य बताउँछन्।

इतिहासकार साफल्य अमात्यका अनुसार केशचन्द्र नामुद जुवाडे थिए। सबै सम्पत्ति सिध्याएपछि जीवनदेखि विरक्तिएर पशुपतिको कीर्तिमुख भैरवमा बसे। मागेर खाने अवस्थामा पुगेका बेला गुरुमार्पासँग उनको भेट भएको अमात्य बताउँछन्। केशचन्द्रले गुरुमार्पालाई मामा साइनो लगाएका थिए। त्यही सम्बन्धको आडमा सुनको भारी बोकेर गुरुमार्पा केशचन्द्रको घर इटुम्बालसम्म आएको इतिहास छ।

बालबालिकालाई खाइदिने र दुःख दिने गरेकाले इटुम्बहालवासीले उनलाई यहाँ नराख्न केशचन्द्रलाई दबाब दिए। बौद्ध संस्कृतिका जानकार तथा पूर्वकुमारीका पिता प्रतापमान शाक्य भन्छन्, 'एक दिन त केशचन्द्रकै छोरो खाइदिएछन्। त्यसपछि टुँडिखेलको जग्गा सुनसँग साटेर उनलाई टुँडिखेल सारेको अभिलेखमा उल्लेख छ।' गुरुमार्पालाई टुँडिखेल दिँदा यही रूख पनि दिइयो। यही रूख पछि गुरुमार्पा नामले प्रसिद्ध भयो।

इटुम्बहालका स्थानीयले गुरुमार्पालाई वर्षमा एक दिन मासु र भात खुवाउने वाचा पनि गरे। त्यसपछि प्रत्येक वर्ष फागु पूर्णिमाको राति गुरुमार्पालाई भोज खुवाउने चलन बस्यो। एकातिर भात र अर्कोतिर पकाएको राँगाको मासु महाविहारबाट खर्पनमा बोकेर टुँडिखेल लाने गरिन्छ।

टुँडिखेल गएपछि पनि गुरुमार्पाले मान्छेलाई दुःख दिन छाडेनन्। खेल्न जानेलाई खाइदिन थाले। टुँडिखेलमा रहँदा पनि गुरुमार्पा नसुध्रिएपछि त्यहाँबाट हटाउन घोडा दौडाउन सुरु भएको शाक्य बताउँछन्। 'यसरी नै सुरु भएको हो, घोडेजात्राको परम्परा,' शाक्यले भने, 'पछि उनले गल्ती महसुस गरे। र, पढ्न भारतको नालान्दा गए। सन्त भएर फर्किए, तिब्बतमा परम्परागत धर्मको प्रचार गर्न थाले।'

थुप्रै सांस्कृतिक गतिविधिको केन्द्र टुँडिखेल एकपछि अर्को गर्दै अतिक्रमणमा परेका छन्। यही टुँडिखेलभित्र पर्ने ऐतिहासिक गुरुमार्पा रूखसमेत मासिन लागेकोमा सम्पदाप्रेमी र संस्कृतिका सरोकारवालाहरूले चासो राखेका हुन्। टुँडिखेल अतिक्रमणबाट जोगाउन सम्पदा संरक्षण अभियन्ताले 'अकुपाई टुँडिखेल' अभियान घोषणा गरेका छन्। 'पहिलो चरणमा बसपार्क हटाउन, खुलामञ्च खाली गर्न दबाब दिन्छौं,' अभियान संयोजक विजय श्रेष्ठले भने, 'अन्तिम चरणमा सेनाले बनाएका संरचना हटाउन शान्तिपूर्ण दबाब दिन्छौं।'

सम्पादकीय

# समर्थन मूल्य कार्यान्वयन गराऊ

व्यापारीले तोक्ने मूल्यका कारण किसानहरू मर्कामा नपरून् भनेर कृषि उपजमा न्यूनतम समर्थन मूल्य तोकिन्छ । किसानले उत्पादन गरेको धान बिक्री सुनिश्चित गरी उचित मूल्य उपलब्ध गराउन र बजार सन्तुलन कायम गर्न सरकारले दुई साताअघि समर्थन मूल्य तोके पनि त्यसको कार्यान्वयन हुन सकेको छैन । आर्थिक वर्ष २०७६/७७ का लागि मोटा धानको समर्थन मूल्य प्रतिक्विन्टल २ हजार ५ सय ३२ रुपैयाँ ८० पैसा र मध्यमको २ हजार ६ सय ७३ रुपैयाँ १६ पैसा तोकिएको छ । गत वर्षभन्दा प्रतिक्विन्टल २ सय रुपैयाँ वृद्धि गरिएको भए पनि सरकारले समयमै धान खरिद नगर्दा यसको लाभ बिचौलिया व्यापारीले नै उठाउने अवस्था सिर्जना भएको हो ।

सरकारले आफूले मात्र खरिद प्रक्रिया अगाडि नबढाएको होइन, निजी क्षेत्रलाई पनि समर्थन मूल्य कार्यान्वयन गराउन भूमिका खेलेको छैन । यसले सरकार कि किसानको साँच्चिकै हित हेर्न इच्छुक छैन, कि निजी व्यवसायीहरूका अगाडि निरीह छ या उनीहरूको प्रभावमा परेको छ भन्ने देखाउँछ । सरकारले वास्तविक किसानलाई लाभ पुऱ्याउन अविलम्ब धान खरिद प्रक्रिया अगाडि बढाए मात्रै व्यापारीहरूले अनावश्यक फाइदा उठाउन सक्दैनन् । ऋण लिएर खेती गरेका किसानले लामो समय धान आफैंसँग राखिराख्न सक्दैनन् । सरकारले समयमै हस्तक्षेप नगर्दा मर्कामा पर्ने तिनै किसान हुन् ।

चिन्तालाग्दो पक्ष के भने ठूला मौज्दातकर्ता र व्यापारीले सरकारी कर्मचारीलाई प्रभावमा पार्न सक्ने खतरा जहिल्यै रहन्छ । खाद्य संस्थान (हाल खाद्य व्यवस्था तथा व्यापार कम्पनी) विगतमा व्यापारीकै पक्षमा देखिएको उदाहरण पनि छ । गत वर्ष खाद्यले किसानका नाममा व्यापारीबाट धान खरिद गरेको सतर्कता केन्द्रको छानबिनबाट पुष्टि भइसकेको छ । खाद्यले व्यापारीबाट धान किन्दा वास्तविक किसान मर्कामा परेका थिए । कतिसम्म भने, अञ्चल कार्यालय लहानले मात्र एकै व्यक्तिसँग १० हजार ५० क्विन्टल धान खरिद गरेको थियो । वास्तविक किसानले यति ठूलो परिमाणमा धान उत्पादन गर्न सक्ने आधार नभएको केन्द्रको प्रतिवेदनमा छ । केन्द्रले समर्थन मूल्यबाट किसानभन्दा बिचौलियालाई बढी फाइदा पुगेको निष्कर्ष निकालेको थियो ।

धान भण्डारण क्षमता साना किसानसित मात्र नभएको होइन, खाद्य व्यवस्था कम्पनीसित पनि गोदाम अभाव छ । यसको लाभ भण्डारण गर्ने क्षमता भएका ठूला व्यापारीले उठाइरहेका छन् । उनीहरू धान चाँडै बेच्नुपर्ने आवश्यकता भएकाहरूबाट समर्थन मूल्यभन्दा थोरैमा धान किनेर भण्डारण गरी सरकारलाई बेच्ने गर्छन् । र, किसानको हितका लागि तोकिएको मूल्यबाट आफूले लाभ उठाउँछन् । समर्थन मूल्य बजारभाउभन्दा बढी भएका कारण पनि बिचौलियाले फाइदा लिन सकेका हुन् । किसानका नाममा तोकिएको मूल्यको लाभ उनीहरूलाई नै दिलाउन सरकार गम्भीर बन्नुपर्छ । त्यसका लागि खाद्यको नेतृत्वलाई आवश्यक निर्देश गर्नुपर्छ । नत्र यो समर्थन मूल्य व्यापारीका लागि तोकिएकोजस्तो हुन्छ । यही धान कुटानी गरेर कर्णालीलगायत दुर्गमका जनतालाई चामल बिक्री गरिने भएकाले पनि सरकारले बेलैमा यससम्बन्धी कदम चाल्नुपर्छ ।

खाद्यले समयमै धान खरिद नगर्दा उत्पादक किसान मात्रै मर्कामा पर्दैनन्, यो दुष्चक्रको मारमा दुर्गमका उपभोक्ता पनि पर्छन्, उनीहरूले खाद्यको चामल समयमै पाउन सक्दैनन् । गत वर्ष पनि खाद्यले मंसिरबाट मात्रै धान्न किनेकाले लक्ष्यअनुसार खरिद भएन । अहिले पनि त्यही समस्या दोहोरिएको छ । तसर्थ, आवश्यक परेमा सरकारले धान किन्नका लागि खाद्यलाई अनुदान सहयोगसमेत गर्नुपर्छ । तर त्यस्तो सहयोग किसान र उपभोक्ताको हितमा मात्र उपयोग हुने सुनिश्चित हुनुपर्छ । सरकारले बुझ्नुपर्छ- समर्थन मूल्य तोकिदिएर मात्र उसको दायित्व पूरा हुँदैन । उसको कर्तव्य किसानलाई उक्त मूल्य दिलाउन हो । नत्र झारा टार्न र व्यापारीलाई मौका दिन मात्र मूल्य तोकिएको अर्थ लाग्छ । र, खाद्यले पनि सतर्कता केन्द्रको सुझावझैं घुम्ती टोली गठन गरी कात्तिकदेखि पुससम्म किसानका घरदैलोमा पुगी धान खरिदको व्यवस्था मिलाउनुपर्छ । अनि मात्रै कृषिप्रधान मुलुकमा वास्तविक किसान लाभान्वित हुन सक्छन् ।

# नेपाली अर्थतन्त्रको चरित्र

विशाल चालिसे

राजनीतिक क्रान्ति गर्नका लागि समाजको चरित्र बुझ्नु जरुरी भएजस्तै आर्थिक क्रान्तिका लागि अर्थतन्त्रको चरित्र पर्गेल्नु आवश्यक हुन्छ । नेपाली राजनीतिक दलहरूले प्रायः समाजको चरित्रको व्याख्या गर्ने र सोही अनुसार आफ्नो कार्यदिशा तय गर्ने गरेका छन् । तर ती विश्लेषणमा अर्थतन्त्रलाई प्रत्यक्ष चित्रित गरिएको पाइँदैन । नेपाल आर्थिक क्रान्तिको चरणमा प्रवेश गरेको भन्दै गर्दा यसको आधारभूत चरित्रको बुझाइ महत्त्वपूर्ण हुन जान्छ ।

विचारको हिसाबले भन्दा, नेपाली अर्थतन्त्र पुँजीवाद र समाजवादको बीचमा कतै छ । प्रायः मुख्य दलको आर्थिक झुकाव समाजवादतिरै छ, धेरै वा थोरै । संविधानमा पनि राज्यको निर्देशक सिद्धान्त र नीति पनि समाजवाद-उन्मुख तोकिएको छ । तर परम्परागत समाजवादमा जस्तो राज्यले उत्पादनका साधनमाथि नियन्त्रण गर्ने ध्याउन्नचाहिँ दलहरूका नीतिमा देखिँदैन । संविधानले पनि व्यक्तिगत सम्पत्तिको अधिकार वा खुलापनको सिद्धान्तलाई अपनाएको छ । बरु दलहरू वितरणमुखी कल्याणकारी नीतिको पक्षपाती भने देखिन्छन् ।

समाजवाद वा पुँजीवाद वा मिश्रित जुन विशेषताको भए पनि नेपाली अर्थतन्त्रको वास्तविक चरित्रचाहिँ अविश्वासी सर्शाकित अर्थतन्त्र हो । हुन त कतिपयले यसलाई दलाल (क्रोनी) समाजवाद वा सुदखोरी (रेन्ट सिकिङ) पुँजीवाद पनि भन्ने गरेका छन् । २०४७ पछिको नेपाली कांग्रेस सरकारले अवलम्बन गरेको उदारवादी नीतिले पुँजीवादीकरणको प्रक्रियालाई तीव्रता दियो, जसले गर्दा नै संस्थागत भ्रष्टाचार मौलाएको भन्ने आशयले अर्थतन्त्रको त्यस्तो व्याख्या भएको हुनसक्छ । तर ती प्रवृत्ति अर्थतन्त्रका सर्शाकित सम्बन्धहरूको उपज मात्र हुन्, अर्थतन्त्रकै आधारशिलाचाहिँ होइनन् ।

हामीले धेरै अगाडिदेखि सार्वजनिक र निजी क्षेत्रलाई तीव्र आर्थिक वृद्धि र दिगो आर्थिक विकासको परिचालकका रूपमा परिभाषित गरेका छौं । सार्वजनिक क्षेत्रमा रहेको सरकार, यसलाई नेतृत्व गर्ने दल र कर्मचारीतन्त्र आर्थिक नीतिनिर्माता र नियामकको भूमिकामा हुन्छन् भने, निजी क्षेत्रमा उत्पादक, व्यापारी, सेवाप्रदायक र लगानीकर्ता आदि पर्छन् । अर्थतन्त्रका यी सञ्चालकबीच अविश्वासको फराकिलो खाडल छ, जसले समग्र आर्थिक प्रगतिमा अवरोध गरिराखेको छ ।

सरकारलाई व्यापारीले सही कारोबारको कर तिर्छन् भन्ने विश्वास छैन । व्यापारीले आखिर ठगेरै पैसा धन आर्जन गरेका हुन्, अलिकति हिस्सा हाम्रो हो भन्ने भावना नेता वर्गमा सर्वव्यापी छ । कर्मचारीमा देश बनाउने र बचाउने हामी नै हौं, नेता र व्यापारीले त सकिसक्ये भन्ने सोचाइ व्याप्त छ । व्यापारीलाई पनि नवीनतम काम गरेरभन्दा कानुनका छिद्रमा खेलेर वा अनौपचारिक कारोबार गरेर नाफा सञ्चित गर्ने सजिलो बाटो चाहिएको छ । वैदेशिक लगानीकर्तामा लगानी गरेर कमाएको प्रतिफल सुरक्षित हुनेमा शंका छ ।

त्यसै गरी कर्मचारीतन्त्र अदालत वा अख्तियारजस्ता संस्थाहरूबाट पनि सर्शाकित रहन्छ । यसले गर्दा राम्रो नियतले काम गर्ने कर्मचारीहरू पनि अनिर्णयको बन्दी हुनुपर्ने वा गरेको निर्णयबाट पछि हट्नुपर्ने गरेका उदाहरण प्रशस्त छन् । जस्तो– वाइडबडी जहाज किन्दा सार्वजनिक खरिद ऐनको अक्षरशः पालना गर्दा पनि अनेक झन्झट व्यहोर्नुपरेकामा एक पूर्वसचिवले मिडियामै स्पष्टीकरण दिनुपरेको थियो । यस्तै अविश्वास सर्वसाधारणदेखि अन्तर्राष्ट्रिय लगानीकर्तासम्म विस्तारित छ ।

सुकिलामुकिलाले देश बरबाद पारे भन्ने भाषण गरेर शिक्षित सहरीजन, विशेष गरी उद्योगी-व्यापारी वर्गलाई लक्ष्य गरी खिसी उडाउनु त्यही मनोवृत्तिको उपज हो । यस्ता अभिव्यक्ति र व्यवहारले राजनीतिक अभीष्ट पूरा गरे पनि अर्थतन्त्रमा अविश्वासको वातावरणलाई मलजल गरिरहेको छ । त्यस्तो अविश्वासको वातावरण कसरी बन्छ ? अनि अविश्वास छ भने फेरि नेता, कर्मचारी र व्यापारीबीच साँठगाँठ कसरी हुन्छ ?

अर्थतन्त्रमा यस्तो अविश्वास रहनुको मुख्य कारण कानुनमा आधारित विधिको शासन नहुनु वा 'खेलको नियम' अस्पष्ट हुनु हो । आर्थिक एजेन्टहरूको निश्चित व्यवहारलाई निर्देशित गर्ने भनेको नियम-कानुनले हो । नियमले दुई पक्ष बीचको कारोबारमा निश्चितता ल्याउँछ । जस्तो– हामीले बैंकमा सजिलैसँग रकम जम्मा गर्छौं, किनभने हामीलाई बैंकले चाहिएका बेला रकम फिर्ता दिन्छ भन्ने विश्वास छ । त्यो विश्वास बैंकिङ कानुनबाट आएको हो । यदि बैंकले पैसा फिर्ता गर्नैपर्ने कानुन नहुँदो हो त हामी बैंकसँग यति सजिलै कारोबार गर्ने थिएनौं । यो अर्थतन्त्रका साना-ठूला सबै कारोबारमा लागू हुन्छ । ट्याक्सी मिटरमा गुड्ने होओस् वा व्यवसायीले कर तिर्ने होओस्, यी सबै काम गराउन होओस्, सरकारको नियमनमा भर पर्छ । नियमले कारोबारीहरूको अपेक्षाकृत व्यवहार सुनिश्चित गर्छ र बृहत् कारोबारहरू सम्भव बनाउँछ । आधुनिक अर्थतन्त्र भनेको कारोबारहरूको निरन्तर शृंखला हो । कारोबार जति बढी हुन्छन्, अर्थतन्त्र त्यति चलायमान र बृहत् हुन्छ ।

विख्यात अर्थराजनीतिशास्त्री तथा दार्शनिक जेएस मिल (सन् १८९१) का अनुसार, विश्वासको वातावरण हुँदा सही आर्थिक कारोबार गर्न र लागू गराउन सजिलो हुन्छ । त्यस्ता कारोबारहरू उत्पीडितभन्दा परस्पर फाइदाजनक हुनुपर्छ । एक पक्षले आफ्नो मात्र स्वार्थ हेऱ्यो भने उसले छलकपटको सहारा लिने वा जानकारी सञ्चित मात्र गर्ने काम गर्छ । यसलाई अवसरवाद भनिन्छ । मानिसहरूले नियमित रूपमा अवसरवादी व्यवहार देखाउन थाले भने कारोबार गर्नु फाइदाजनक हुँदैन । फलस्वरूप कारोबारहरू संकुचित हुने र केही सीमित घेरामा मात्रै बस्ने हुन्छन् । यस्तोमा अर्थतन्त्र निम्न स्तरको र आधारभूत क्षेत्रमा मात्र सीमित रहन्छ ।

तर नेपालमा अर्थतन्त्रका विभिन्न क्षेत्रमा नियमको अभाव छ । अर्कातर्फ कानुन बनाउँदा जानेर वा नजानीकन अस्पष्ट र बहुअर्थी शब्दावली राख्ने र त्यसैलाई देखाएर जनता वा व्यापारी तर्साउने गरिन्छ । अझ कतिपय अवस्थामा त कानुन कार्यान्वयन गर्नभन्दा पनि त्यसलाई देखाएर फाइदा असुल्ने नियतले तर्जुमा गरिन्छ । कर छुट आयोग र त्यसको आवरणमा भएको भ्रष्टाचार एउटा उदाहरण हो । कानुनको अभाव, जथाभावी व्याख्या र 'सेलेक्टिभ इन्फोर्समेन्ट' ले अर्थतन्त्रमा शंकाको वातावरण बन्छ । यस्तो अनिश्चितता हटाउन व्यापारी वा लगानीकर्ताले विभिन्न उपाय अपनाउने गर्छन्, जसका कारण अनैतिक र गैरकानुनी अभ्यास सुरु हुन्छ । घूस धेरै हदसम्म यो अविश्वासलाई कम गर्ने औजार बनेको हो । जस्तो– पञ्चायतकालमा कुनै पनि व्यापार-व्यवसाय गर्न राजसंस्थाको मन्जुरी वा साथ नभई सम्भव थिएन । राजपरिवार वा निकट व्यक्तिहरूलाई नजराना चढाएपछि वा साझेदार बनाएपछि मात्र ढुक्कसँग व्यवसाय गर्न पाइन्थ्यो । प्रजातन्त्रपछि राजनीतिक दलहरू आर्थिक संस्थाहरूमा हावी हुन गए र उनीहरूले खेलको नियम तय गर्न थाले । तर कानुनमा आधारित आर्थिक प्रणाली स्थापित गर्नुपर्नेमा नेताहरूले आफू केन्द्रित प्रणाली बनाउन पुगे । कर्मचारीतन्त्र त्यसको मतियार भयो । प्रजातन्त्रमा दल र नेता धेरै भएकाले प्रतिस्पर्धात्मक 'कल्याइन्टेलिजम' को सुरुआत हुन गयो र सुदखोरीका गतिविधिहरू केन्द्रीकृत हुँदै गए ।

औपचारिक नीतिनियमभित्र बसेर मात्र काम गर्छु भन्नेले ठूला काममा हात हाल्न नसक्ने अवस्था भयो । एक किसिमको संरक्षण प्रणालीको विकास भयो, जसले राजनीतिज्ञप्रति वफादारीलाई प्रोत्साहन गर्छ र उसको निगाहमा बस्नेलाई मात्र पुरस्कृत गर्छ । सामान्य मान्छेले यो प्रणालीलाई छिचोल्न सक्दैन । निजी क्षेत्र पनि नेताहरूसँग राम्रो सम्बन्ध बनाएर नाफा कमाउन सहज र छिटो हुने देखेर त्यही बाटोमा लागे । जसको राजनीतिक पहुँच हुँदैन, उसले कर्मचारीतन्त्रलाई घूस खुवाएर काम गर्ने-गराउने सहरी उत्पादनले उपभोगबाहेक अरू प्रकारले गाउँले अर्थतन्त्रलाई टेवा पुऱ्याएको छ । तुलनात्मक रूपमा कम सरकारी सहायता चाहिने रेस्टुरेन्ट वा सूचना प्रविधिजस्ता क्षेत्रले केही प्रगति गरेको देखिन्छ । तर ती पनि सानो आयतनमा व्यापार गरी संकुचित भएर रहनुपर्ने स्थिति छ ।

समग्रमा हेर्दा, आर्थिक विकासको प्रक्रिया शक्तिमा बसिरहने र छिटो धनी हुने कुरामा केन्द्रित रहन पुगेको छ । व्यापारीहरू देशको राजनीति र आर्थिक नीतिनिर्माणमा प्रभाव बढाउँदै गइरहेका छन् । यसको प्रभाव चुनावमा, नीतिनिर्माणमा र राजनीतिक दलको आन्तरिक राजनीतिमा पनि देखिन थालेको छ । यो कुनै एउटा पार्टी वा सरकारमा मात्रै सीमित छैन । २०४७ पछि बनेका सबै सरकार र राजनीतिमा रहेका ठूला-साना सबै दलमा यो लागू हुन्छ ।

अन्त्यमा, नेपालमा हिंसा त सकिएको छ, तर कानुनी शासन बन्न बाँकी छ, जुन अर्थतन्त्रको विकासका लागि अनिवार्य हो । यो काम निमेषमा हुँदैन । आर्थिक क्रान्ति, छलाङ, चमत्कारजस्ता शब्दले आजको भोलि नै विकास आउने चिन्तनलाई जनाउँछन् । सकारात्मक रूपमा हेर्दा यसबाट नेताहरूमा द्रुत विकासको हुटहुटी रहेको बुझ्न सकिन्छ । तर यसका लागि संकीर्ण स्वार्थबाट निस्किने साहस चाहिन्छ । कानुनको नियमपालना राज्यको उपल्लो तहबाटै सुरु हुने हो । अर्थतन्त्रमा वर्षौंदेखि रहेको संशय हटाएर समृद्धिको बाटोमा खोल्ने इच्छाशक्ति हालको उच्च नेतृत्वमा छ कि छैन, त्यो हेर्न बाँकी छ ।

**आर्थिक विकासको प्रक्रिया शक्तिमा बसिरहने र छिटो धनी हुने विषयमा केन्द्रित भएको छ । देशको राजनीति र आर्थिक नीतिनिर्माणमा व्यापारीहरूको प्रभाव बढ्दो छ । यसको प्रभाव चुनावमा, नीतिनिर्माणमा र दलहरूको आन्तरिक राजनीतिमा पनि देखिन थालेको छ ।**

## सम्पादकलाई चिठी

### सत्य, सेवा, सुरक्षणम्को मर्म

आफ्नो हातमा शक्ति छ भन्दैमा जहाँ मन लाग्यो, त्यहीं गोली चलाउन प्रहरीलाई छुट छैन । एउटा प्रहरीले गल्ती गर्दैमा सारा संगठनलाई नै बदनाम गर्न पनि हुँदैन । व्यक्ति र संगठन अलग कुरा हो । संगठनमा रहेका व्यक्ति खराब हुन सक्छन्, त्यस्तालाई कारबाहीको भागिदार बनाउनुपर्छ । र नेतृत्वले संगठनको साख जोगाउने काम गर्न सक्नुपर्छ । प्रहरीमा असल, कर्मठ, इमानदारहरू पनि छन् । तर तिनीहरू कहिले अगाडि आउन सकेनन् । जो चाकडी गर्न सक्छ, चाप्लुसी गर्न जान्दछ, त्यही नै अग्रपंक्तिमा आयो । आफ्नो कर्तव्यभन्दा ठूलो केही होइन भन्ने प्रहरीले बुझ्न सकेन । अनुसन्धानको विषयमा नेपाल प्रहरी एसियाकै उत्कृष्टमध्ये पर्छ । तर पछिल्लो समय हरेक घटनामा प्रहरी मुछिएको छ । प्रहरीका उच्चपदस्थहरू भ्रष्टाचारको अभियोगमा कारबाहीमा परेका छन् । जसले अपराध गर्न हुँदैन भन्छ, ऊ नै आपराधिक कर्ममा लाग्छ भने अपराध नियन्त्रणचाहिँ कसरी होला ? निर्मला हत्याकाण्ड होस् वा ३३ किलो सुनकाण्ड प्रहरी चुकेकै हो । सत्य, सेवा, सुरक्षणम्को मर्म नबुझेकै हो ।

**– पुरुषोत्तम घिमिरे,** *जोरपाटी, काठमाडौं*

### काठमाडौं सुन्दर बनाउने उपाय

काठमाडौं महानगरपालिकाका मेयर विद्या सुन्दरका लागि नयाँदिल्ली सहरको वायु प्रदूषण रोक्न सबै गाडीमा जोर/बिजोर नम्बरको गाडी चलाउने निश्चित दिन तोकिएको निर्णय दृष्टान्तर शिक्षा हुनसक्छ । काठमाडौंलाई जोगाउने उहाँ अहिलेका लागि अभिभावक हुनुहुन्छ । दिल्ली सहरभन्दा काठमाडौंलाई अझ सुन्दर बनाउने अवसर उहाँलाई प्राप्त छ । यसका लागि सरकारसँग छलफल गरेर निर्णय पारित गराई विद्युतीय गाडी भन्सार छुट गराएर त्योमात्र सहरमा चलाउन दिनुपर्छ । डिजेल र पेट्रोलियमको गाडी बन्द गर्नुपर्छ । सडकमा खाल्डाखुल्डी टाल्नुपर्छ । हिलो र धुलो हुन दिनुहुन्न । प्लास्टिकजन्य सामग्रीको पूर्ण बन्देज लगाउनुपर्छ । जथाभावी फोहोर थुपार्न र फाल्न दिनु हुँदैन । रिडरोड क्षेत्रको आसपासमा अनियमित गाडी पार्किङ गर्न दिनु हुँदैन । सडक पानीले पखाल्ने र बढारेर सफा राख्नुपर्छ । खाली ठाउँमा रुख रोप्नुपर्छ । यति गर्नुभयो भने उहाँको नामझैं सहर पनि सुन्दर हुनेछ ।

**– फुर्पा तामाङ,** *ढुलोभार्खु, रसुवा*

## जनस्वास्थ्यको सवाल र डा. केसी

चिकित्सा क्षेत्रका समस्याको विषयमा आवाज उठाएर पटक-पटक आमरण अनशन बस्नुहुने डा. गोविन्द केसीका जायज माग पूरा गर्न किन सरकार अटेर गरिरहेको छ ? डा. केसीका कुनै व्यक्तिगत स्वार्थ छ जस्तो लाग्दैन । उहाँ जनताको वास्तविक आवाज उठाएर अनशन बसिरहनुभएको छ । नेपालमा त्यसै त पहुँच हुनेहरूको वर्चस्व र शासन गर्ने स्थान हो, त्यसमा पनि दुर्गम विकटमा जन्मेर आर्थिक स्थिति बलियो नभएकाको चिकित्सक बन्ने कुनै आधार नै छैन । सबै कुरामा क्षमतावान छ, तर आर्थिक स्थिति कमजोर छ भने राम्रो विषय लिएर पढ्न सक्दैनन् । केही पार्टीका अन्धभक्तहरूलाई लाग्न सक्छ, डा. केसीले त्यतिकै अनशन बसिरहेका छन् । त्यो तिनको भ्रममात्र हो । डा. केसीले गरिब नेपालीको आवाज उठाइरहनुभएको छ । काठमाडौं उपत्यकामा मात्र नभई सबै प्रदेशमा मेडिकल कलेजहरू खोल्नुपर्छ र शुल्क पनि घटाउनुपर्छ भन्ने माग के नराम्रो हो ? किन मेडिकल कलेजको लागि सम्बन्धन दिँदैछन् ? गरिबमुखी स्वास्थ्यका लागि होइन । कमिसन र नाफाखोरका लागि यो काम भइरहेछ । कमिसनको लोभमा परी पहुँचका



आधारमा मेडिकल कलेजको सम्बन्धन दिनु हुँदैन भन्ने डा. केसीको माग जायज हो । पछिल्लो समय उहाँलाई राजनीतिक ट्याग लगाईदैछ र भनिँदैछ, उहाँ कांग्रेसले उचालेर अनशन बसिरहनुभएको छ भनेर प्रधानमन्त्री केपी शर्मा ओलीदेखि मन्त्री र उहाँका कार्यकर्ताहरू भन्दैछन् । के कांग्रेसले सरकार चलाएको बेला केसी अनशन बसेका थिएनन् र ? प्रश्न गर्न मन लाग्छ, डा. केसीको कुनै व्यक्तिगत स्वार्थ छैन । समग्र नेपालीको स्वास्थ्यमा पहुँच पुगोस् भनेर आवाज उठाउनुभएकोले चाँडो उहाँको माग पूरा गरी अनशन रोक्नु सरकारको दायित्व पनि हो ।

**– चन्द्रप्रसाद खनाल,** *लम्की, कैलाली*

●●●

मंगलबार प्रकाशित राजेन्द्र महर्जनको 'मेडिकल लुटको प्रतिरोध'ले हाम्रो मेडिकल क्षेत्रमा भइरहेको विकृति र विसंगतिको यथार्थ झल्काएको छ । यस्तै विकृति र विसंगति हटाउन भनी डा. गोविन्द केसी पुनः १७ औंपटक डडेलधुरामा पुगेर अनशन बसकेका छन् । १६ औं अनशनसम्म आइपुग्दा सरकार र उनीबीच सम्पन्न समझदारी कार्यान्वयन हुन सकेन । जब दैव नै दाहिने हुँदैन भने असफलता हुने नै भयो । यहाँ दैव भनेको सत्ता र व्यवस्था हो । जसको हातमा सत्ता छ, उही दानव बनेका छन् । त्यही दानव बनेपछि कसको के लाग्छ र ? जनता जनार्दन भन्नु गफमात्रै भएको छ । चिकित्सा शिक्षा संघर्ष समितिको हविगत के होला भन्न सकिँदैन ? अब गिरिराजमणिले गृहलाई पत्र लेख्छन् । गृहले कलेजलाई पत्र लेख्छ । यत्तिकैमा कुरा बिलाएर जान्छ । भगवानसँग प्रार्थना छ, यस बीचमा केसी नबिलाउन् । जहाँ तुरुन्त एक्सनको आवश्यकता छ, त्यहाँ पत्राचारलाई के बुझ्ने ? मेडिकल कलेजका सञ्चालकहरू पैसा फिर्ता नगर्ने हाकाहाकी बताइरहेका छन् । कस्तो लुट ? जनतालाई कहिल्यै सुख भएन । जनताका सुखका दिन कहिले आउने खे ?

**– डा.शिवशंकर यादव,** *छपकैया, वीरगन्ज*

### प्रदूषणरहित यातायात साधन

१२०० मेगावाटको बूढीगण्डकी जलविद्युत आयोजना निर्माणको लागि आ.व. २०७२/७३ देखि भन्सार विन्दुबाटै पेट्रोलियम पदार्थमा प्रतिलिटर ५ रुपैयाँको दरले उठाएको रकम ३७ अर्ब पुगेछ । उक्त आयोजनाको निर्माणकार्य हाल चिनियाँ कम्पनीलाई दिइएको छ । बूढीगण्डकीको नामबाट उठ्दै आएको सरकारी कर, उपभोक्ताले मूल्यको रूपमा चुकाउँदै आएका थिए र हाल आयल निगमद्वारा संकलित रकमको दुहाइ दिँदै २५ प्रतिशत सेयर माग गरिरहेको कुरा गलत छ । अब सरकारले बूढीगण्डकीको सट्टा 'पूर्वाधार विकास'को नाममा उक्त कार्यलाई निरन्तरता दिइरहेको छ । जलविद्युत विकास गरी जनतालाई राहत दिने उद्देश्यले उठाएको कोषलाई प्रदूषणरहित सार्वजनिक यातायातको विकासको उद्देश्यसहित सातवटै प्रदेशमा सरकारी यातायात प्राधिकरण बनाउने कार्यमा खर्चिनु उपयुक्त हुनेछ ।

**– महेन्द्रसिंह बम,** *टीकापुर-१, कैलाली*

### चक्रपथ एक्सप्रेस वे होइन

चीनको सहयोगमा कोटेश्वर-कलंकी खण्ड चक्रपथ सडक विस्तार कार्य सम्पन्न भई नेपाल सकारलाई हस्तान्तरण भइसकेको छ । २०१७ जुलाईमा सम्पन्न गर्नेगरी सम्झौता भएकोमा भूकम्प, नाकाबन्दी तथा सरकारको समन्वय अभावका कारण पटक-पटक म्याद थप्नुपर्दा ढिलाइ भएको हो । चीन सरकारबाट कलङ्की-कोटेश्वर ८ लेन सडकको निर्माण पूरा नहुँदै हस्तान्तरण भएको जनगुनासो छ । हालसम्म पनि बल्खु-कलङ्की १.५ किलोमिटर सडक खण्डको (दायाँतर्फको सर्भिस लेन लगायत) निर्माण कार्य सकिएको छैन । चक्रपथ सुधार आयोजनाका अनुसार कलङ्कीदेखि बल्खुसम्मको सडक कालोपत्रे गर्ने जिम्मा सडक विभागको हो । त्यही भाग आजसम्म जस्ताको तस्तै छ । जसले गर्दा विगतजस्तै मौसमी हिलो वा धुलोको समस्या यथावत छ । हस्तान्तरण भइसकेको सडकको या हविगत लज्जास्पद हो ।

सडक विज्ञहरूका अनुसार चक्रपथ सहरी सडकको रूपमा नभई एक्सप्रेस वेजस्तो भएको र सडकमा आवश्यक जेब्राक्रस, सर्भिस ट्रयाक र आकाशेपुल, ट्राफिक लाइट लगायत धेरै त्रुटि छन् । हाल चीनकै सहयोगमा कलंकी-चावहिल खण्ड चक्रपथ सडक विस्तार कार्यको लागि काम प्रारम्भ भएको छ । यसमा कोटेश्वर-कलंकी खण्डको जस्तो त्रुटि नदोहोरियोस् ।

**– प्रदीप सुवेदी,** *कलंकीस्थान, काठमाडौं*

# विखण्डित हुँदै मूल्य-मान्यता

वसन्त महर्जन

समाज हेर्दा स्थिर देखिए पनि गतिशील नै हुन्छ। धर्म, संस्कृति, राजनीति, परम्परा लगायत यसका अवयवहरू स्थिर होऊन् भन्नेमा वर्गविशेष सदैव सचेत रहे पनि प्राकृतिक रूपमा त्यस्तो हुँदैन। समाजका ती अवयव आफै गतिशील भएका कारण समाज पनि स्थिर नरहने गरेको हो। यस्तो गतिशीलता समाजविशेषको आफ्नै मूल्य-मान्यताको दायराभित्र हुन्छ। अन्य मूल्य-मान्यताको स्थापना भन्नु एउटा पहिचान छाडेर अर्कोमा संक्रमण हुनु हो। व्यक्ति, परिवार, सम्बन्ध तथा अन्य कुरा यथावत् रहे पनि मूल्य-मान्यतामा परिवर्तन आए पहिचान परिवर्तन हुँदै जान्छ र त्यस्तै समाजलाई पतनोन्मुख भनिन्छ। पतनको तात्पर्य परिवर्तन वा विकास नभई उक्त समाजले बोक्दै आएको निश्चित मूल्य-मान्यतासहितको दर्शनको परित्याग हो। भूगोल, व्यक्ति, परिवार तथा अन्य कुरा यथावत् रहे पनि त्यसलाई एउटा समाजको पतन र अर्को समाजको उत्थान भनेर बुझ्न सकिन्छ।

बाह्य सम्पर्कमा रहेको समाज तुलनात्मक रूपमा अन्यभन्दा गतिशील हुन्छ। ज्ञानविज्ञान तथा सूचना प्रविधिले पनि समाजलाई बढी मात्रामा बाह्य सम्पर्क गराउने र गतिशील पार्ने गर्छ। यस सन्दर्भमा विश्व नै तीव्र रूपमा

**किजापूजा लगत्तै सामाजिक सञ्जालमा छाएको, भाइले दुई दिदीको खुट्टा ढोगिरहेको तस्बिरले निकै आलोचना निम्त्यायो, किनकि नेवार समाजमा किजापूजाको दिन दिदीले भाइलाई ढोग्ने हो, न कि भाइले दिदीलाई।**

गतिशील भइरहेको छ, जसलाई 'ग्लोबलाइजेसन' भनिएको छ। 'ग्लोबलाइजेसन' का क्रममा कतिपय समाजको विकास वा परिवर्तन हुन्छ भने कतिपयको पतन र नयाँ उद्भव पनि साथै हुन्छ। कुनै पनि समाजको पतनलाई लामो समयदेखि विकास हुँदै आएको जीवन दर्शनको समाप्ति वा क्षति पनि भन्न सकिन्छ। समाज विज्ञानको अध्ययनमा यो गम्भीर कुरा हो, जसको सूक्ष्म अध्ययन अपेक्षित हुन्छ। समाजको पतन कसरी हुन्छ भन्ने सन्दर्भमा थुप्रै उदाहरण दिन सकिन्छ। तथापि सहजताका लागि नेपालको एउटा प्रमुख समुदायका रूपमा रहेको नेवार समाजलाई भर्खरै सकिएको तिहारको परिप्रेक्ष्यमा हेरौं। तिहारको एउटा पक्ष भाइटीका हो। नेवार समाजमा यसैलाई किजापूजा भनिन्छ। अन्य समुदायमा भन्दा बेग्लै विधिविधानले यो पूजा सम्पन्न गरिन्छ। किजापूजालगत्तै सामाजिक सञ्जालमा छाएका तस्बिरमध्ये भाइले दुई दिदीका खुट्टा ढोगिरहेको दृश्य यो लेखको मुख्य विषयवस्तु हो। आदरसत्कारमा खुट्टा ढोग्ने चलन नेवार लगायत अन्य नेपाली समुदायमा पनि पाइन्छ। कुन सन्दर्भमा कसले कसलाई ढोग्ने, त्यो निश्चित हुन्छ। नेवार समाजमा किजापूजाको दिन दिदीले भाइलाई ढोग्ने हो। यही दसैंका बेला एउटा यस्तै तस्बिरले धेरै चर्चा पाएको थियो। टीका लगाउने बेला अन्य समाजमा छोरीलाई बाबुले ढोग्ने चलन छ। उक्त तस्बिरमा टीका लगाईदिने बाबु बिरामी परेर ओछ्यानमा पल्टिरहेका हुँदा छोरीले खुट्टा उचालेर बाबुको निधारमा छुवाइदिएकी थिइन्। यो दृश्य सम्बन्धित समुदायका लागि स्वाभाविक होला, तर सोही समुदायले यसलाई अतिरञ्जित प्रस्तुतिका रूपमा लिएको पनि पाइयो। एउटा अमुक नगरपालिकामा उपमेयर रहेकी ती छोरीको तस्बिर चर्चित मात्रै नभएर आलोचित पनि भयो। सम्भवतः दसैंको त्यही तस्बिरबाट प्रभावित हो किजापूजामा दुई दिदीले भाइलाई खुट्टा ढोगाइरहेको तस्बिर। नेवार समाजमा हुँदै नभएको चलन भनेर प्रतिक्रिया आए पनि सम्बन्धित एक व्यक्तिले त्यसको बचाउ गर्दै महिलाप्रति सम्मान गरेको तर्क राखे। एक समय आफूलाई परिवर्तनशील र क्रान्तिकारीका रूपमा प्रस्तुत गर्ने राजनीतिक विचार बोक्ने पार्टी सम्बद्ध व्यक्तिको उक्त तर्क सांस्कृतिक दृष्टिबाट निकै फितलो मात्रै नभएर आपत्तिजनक पनि रह्यो। आफ्नो बचाउका लागि उनले 'यो मेरो परम्परा नै हो' भन्नसम्म भ्याए। व्यक्तिगत वा पारिवारिक भएको भए चासोको घेरा सीमित हुन्थ्यो, तर यसैलाई 'परम्परा' भनेपछि सामाजिक रूपमा यो गम्भीर चासोको विषय बन्यो नै। किनभने नेवार समाजका मूल्य-मान्यता तथा सांस्कृतिक दर्शनसँग त्यसले कुनै सामञ्जस्य राख्दैन।

कुनै देवमूर्तिको पूजा गर्दा होओस् वा व्यक्तिको, पूजितलाई बडो आदरसत्कारका साथ ढोग्ने चलन हुन्छ। नेवार समाजमा कन्यापूजा भनेर बालिकाहरूको पूजा गरिन्छ। यसमा हजुरबुबा उमेरकाले पूजा गरेका भए पनि ती बालिकालाई विधिपूर्वक ढोग्छन् नै। किजापूजामा विशुद्ध रूपमा भाइको पूजा हुने भएकाले स्वभावतः भाइलाई नै ढोग्ने हो। ढोग्न भनेर भाइको खुट्टामा निधार छुवाउनैपर्छ भन्नेचाहिँ छैन, हातैले खुट्टा छोए पनि पर्याप्त मानिन्छ। उनै भाइले अर्को सन्दर्भमा भने दिदीलाई नै ढोग्नुपर्छ। सामान्यतः प्रसादका रूपमा टीका लगाईदिँदा ठूला उमेरकाले सानालाई टाउको मात्रै निहुऱ्याएर भए पनि ढोगेको भाव प्रकट गर्ने चलन छ।

नेवार समाजमा म्हपूजा होओस् वा किजापूजा, मण्डल बनाएर गर्ने चलन छ। लक्ष्मीपूजा गर्दा पनि लक्ष्मीको तस्बिर वा मूर्तिअघि मण्डल तयार पारिन्छ। मण्डल पुजिने व्यक्तिको प्रतीक पनि हो। यही भएर सम्बन्धित व्यक्तिको अनुपस्थितमा पनि म्हपूजा र किजापूजा सम्पन्न गर्न सकिन्छ। मण्डल लेख्ने स्थानमा सबैभन्दा पहिला पानीले चोख्याउने गरिन्छ र पानीले चोख्याएपछि उक्त स्थानलाई कुल्चन त के, नाघ्नु पनि नहुने मान्यता छ। मण्डल बनाएपछि पूजा नसकिउन्जेल त्यहाँ आध्यात्मिक भाव प्रबल रूपमा प्रकट भइसकेको हुन्छ। दुई दिदीले खुट्टा उचालेर भाइलाई ढोगाइरहेको भाइरल तस्बिरमा मण्डलमाथि खुट्टा परेका छन्, जुन सांस्कृतिक रूपमा ठूलो गल्ती हो। र समाजलाई पाच्य भएन।

नेपालका उल्लेखनीय जातीय समुदायमध्ये जनसंख्याका दृष्टिले सानै आकारको भए पनि इतिहास, संस्कृति, कला, साहित्य, संस्कृति तथा व्यापार-वाणिज्यका दृष्टिले नेवार पनि अगाडि नै पर्छ। नेवार समाज आफ्नै मूल्य-मान्यताका आधारमा यस्तै बाह्य प्रभावहरूलाई पचाउँदै यो स्थितिसम्म विकसित भएको हो। बाह्य कुराले प्रभावित हुने र अनेक अभ्यासका नाममा आफ्ना मूल्य-मान्यताविपरीत विषयलाई पनि समेट्दै जाँदा भूगोल, व्यक्ति र सम्बन्धहरू यथावत् रहे पनि समाज अर्कै बनिसक्ने खतरा प्रबल हुन्छ। भूगोल नै परिवर्तन भइसकेको अवस्थामा पनि समाजका मूल्य-मान्यतालाई जोगाइराख्न सक्यो भने समाजले आफूअनुकूल कुराहरू पचाएर विकासको गति लिइरहेकै हुन्छ। यो लेखमा उदाहरणका लागि नेवार समाजमा आएको एउटा भ्रम वा विकृतिलाई मात्रै उल्लेख गरिएको हो, यस्ता विसंगति अन्य समाजमा पनि छन्। यस्तो अभ्यासलाई पतनोन्मुख समाजको पहिलो चरण भन्न सकिन्छ र यसको उपचार हो– आफ्ना सामाजिक मूल्य-मान्यतालाई पर्गेल्नु र सचेत हुनु।

# प्रदेश प्रमुखप्रति प्रतिशोध

डा. माधवी भट्ट

संविधान बमोजिम पाँच वर्षका लागि नियुक्त भएका प्रदेश प्रमुखहरूलाई दुई वर्ष पनि नपुग्दै सरकारले बर्खास्त गरेको छ। पूर्ववर्ती सरकारले नियुक्त गरेका प्रदेश प्रमुखहरूलाई अपर्झट हटाउनुपर्ने कुनै कारण खुलाइएको छैन। रिक्त पदमा स्वतन्त्र व्यक्ति लैजानुपर्नेमा सत्तारूढ नेकपाका 'ब्रान्डेड कार्यकर्ता' लाई रातारात नियुक्त गरिएको छ। हटाइएका प्रदेश प्रमुखहरूका कामकारबाहीबारे सार्वजनिक रूपमा कुनै प्रश्न उठेको थिएन। सम्बन्धित प्रदेश सरकारसँग उनीहरूको असहमति र विवाद पनि थिएन। यस्तो अवस्थामा सामान्य पूर्वजानकारीसम्म नदिई प्रदेश प्रमुखहरूलाई अपमानजनक रूपमा हटाउनुले सरकार सङ्घीयता कार्यान्वयनप्रति जिम्मेवार छैन भन्ने सन्देश फैलिएको छ।

'संवैधानिक कू' को शैलीमा सातै प्रदेशका प्रमुखहरूलाई एकैचोटि हटाउने सरकारको सिफारिसलाई राष्ट्रपति विद्यादेवी भण्डारीले तात्तातै अनुमोदन गरेकी छन्। संविधानको पालना गर्ने-गराउने र देशको साझा अभिभावक बन्ने मुख्य अभिभारा भएको शीतल निवास पनि दलगत राजनीतिबाट माथि उठ्न नसकेको आभास भएको छ। किनकि प्रदेश प्रमुख हटाउन आरोप र सफाइको सामान्य प्रक्रियासम्म पूरा गरेन सरकारले। यसरी अपमानपूर्वक पदच्युत गर्दा व्यक्तिको मात्र होइन, गरिमामय संवैधानिक संस्थाको पनि अवमूल्यन भएको छ। शीतल निवासले चाहेको भए सरकारको यो कदम रोकिन र सच्चिन सक्थ्यो। नेपालको संविधान, २०७२ को मूल सिद्धान्त समावेशिता भएकाले यसलाई अल्पमत र बहुमतका आधारमा मात्र कार्यान्वयन गर्नु र व्याख्या गर्नु जायज हुँदैन। नेकपा र सरकारले संविधानको मर्म र भावनालाई भन्दा अक्षरलाई हेरेर यान्त्रिक विश्लेषण गरेकाले समस्या उत्पन्न भएको हो। यस घटनाले सरकार लोकतन्त्रमा नियन्त्रण गर्न उद्यत छ भन्ने सन्देश गएको छ। राजनीतिक र व्यावहारिक रूपले गलत यो निर्णय कालान्तरमा सङ्घीयता असफल बनाउने प्रस्थानविन्दु हुनसक्छ। वर्तमान संविधानको आत्मा भनेको सङ्घीयता हो र यसको जननी नै प्रदेशहरू हुन्। त्यसैले प्रदेशको राजनीतिलाई सङ्घीय सरकारले मनपरी ढङ्गले चलायमान गराउनु भनेको प्रादेशिक स्वायत्तता स्वीकार नगर्नु हो। र, अर्कोको अस्तित्वलाई सम्मान गर्न हिचकिचाउनु सभ्यताविरोधी सोच हो।

संविधानको धारा १६३ ले प्रत्येक प्रदेशमा नेपाल सरकारको प्रतिनिधिका रूपमा प्रदेश प्रमुख रहने व्यवस्था गरेको छ। यसै गरी संविधानको धारा १६५ मा प्रदेश प्रमुखको पद रिक्त हुने अवस्था उल्लेख छ। धारा १६५ को उपधारा १ (ख) मा प्रदेश प्रमुखको पाँचवर्षे पदावधि समाप्त हुनुअघि नै पनि राष्ट्रपतिले पदमुक्त गर्नसक्ने व्यवस्था छ। यही प्रावधानलाई टेकेर नेकपा सरकारले सातै प्रदेश प्रमुखलाई हटाएको हो। सरकार र नेकपाका शीर्षनेताहरूले उक्त निर्णय संवैधानिक भएको बताएका छन् र यसलाई सामान्य घटनाका रूपमा चित्रित गर्न खोजेका छन्। करारमा रहेका सरकारी कार्यालयका ड्राइभर र कार्यालय सहयोगीलाई समेत बिनाकारण र बिनासूचना जागिरबाट हटाइँदैन। कसैलाई पदच्युत गर्दा गुण र दोष केलाइनुपर्छ। कम्तीमा तीस दिनअगाडि लिखित जानकारी र स्पष्टीकरणको मौका दिइन्छ। तर देशको मर्यादाक्रममा छैटौं तहमा रहेका प्रदेश प्रमुखहरूलाई यसरी अपमानजनक रूपमा हटाउँदा उत्पन्न हुने दूरगामी असरलाई हेरिएको छैन। भविष्यमा सरकार परिवर्तनसँगै प्रदेश प्रमुखहरू हटाउन सकिने गलत अभ्यासको प्रारम्भ गरेको छ, यो घटनाले। संविधान र कानुनको व्याख्या शब्दमा होइन, त्यसको आशय र मर्ममा केन्द्रित गर्नुपर्ने सर्वमान्य सिद्धान्त छ। संविधानको व्याख्या आफ्नो स्वार्थ अनुकूल हुने गरी स्वेच्छाचारी र बदनियतपूर्ण तरिकाले गर्न मिल्दैन। तसर्थ संविधानको धारा १६५ को १ (ख) को प्रावधानले सातै प्रदेशका प्रमुखहरूलाई एकैपटक बर्खास्त गर्नसक्ने विशेषाधिकार दिएको भनी बुझ्नु संविधानको अपव्याख्या गर्नु हो। धारा १६५ को उपधारा २ मा 'कुनै प्रदेशको प्रदेश प्रमुखको पद रिक्त भएमा प्रदेश प्रमुखको नियुक्ति नभएसम्मका लागि राष्ट्रपतिले अर्को कुनै प्रदेशको प्रदेश प्रमुखलाई त्यस्तो प्रदेशको समेत कामकाज तोक्न सक्नेछ' भनिएको छ। यो उपधाराले प्रदेश प्रमुख एक सेकेन्ड पनि खाली नहुने र यसरी एकमुस्ट बर्खास्त गर्न नसकिनेतर्फ सङ्केत गर्छ। सत्तारूढ नेकपाले प्रदेश प्रमुखलाई प्रधानमन्त्रीको मातहतका मन्त्रीजस्तै नितान्त राजनीतिक रूपमा बुझेको र व्याख्या गरेको देखिन्छ, जुन सरासर दुराशयपूर्ण छ।

**प्रदेश प्रमुखलाई नेपाल सरकारको प्रतिनिधिका रूपमा रहने भन्नुको तात्पर्य संघीय सरकारले स्वेच्छाचारी ढंगले हटाउने विशेषाधिकार प्राप्त गर्नु भन्ने हुँदै होइन।**

प्रदेश प्रमुख विशुद्ध आलङ्कारिक पद हो। यस्तो आलङ्कारिक भूमिकामा रहेकालाई जथाभावी हटाउने परिकल्पना संविधानले गरेको छैन। प्रदेश प्रमुखलाई नेपाल सरकारको प्रतिनिधिका रूपमा रहने भन्नुको तात्पर्य सङ्घीय सरकारले स्वेच्छाचारी ढङ्गले हटाउने विशेषाधिकार प्राप्त गर्नु भन्ने हुँदै होइन। प्रदेश प्रमुखमाथि नैतिक तथा कानुनी प्रश्न उठेमा वा प्रदेश सरकारसँग अनावश्यक असहमति भएको अवस्थालाई सम्बोधन गर्न मात्र संविधानको धारा १६५ को व्यवस्था भएको हो। भारतीय संविधानको धारा १५५ मा पनि स्टेट गभर्नरहरू राष्ट्रपतिले नियुक्त गर्ने र राष्ट्रपतिले चाहेमा हटाउन सक्ने व्यवस्था छ। यही संवैधानिक व्यवस्थालाई गलत व्याख्या गर्दै त्यहाँको केन्द्र सरकारले सन् २००४ मा उत्तर प्रदेश, गुजरात, हरियाणा र गोवाका गभर्नरलाई बिनाकारण हटाएको थियो। भारतको सर्वोच्च अदालतको संवैधानिक इजलासले सन् २०१० मा गरेको फैसलाले बिनाकारण गभर्नर फाल्ने निर्णयलाई उल्ट्याउँदै केही महत्त्वपूर्ण सन्देश दिएको छ। जस्तै– (१) संविधानमा गभर्नरलाई राष्ट्रपतिले जुनसुकै समय हटाउन सक्ने भनिए पनि उक्त अधिकार स्वेच्छाचारी तथा बदनियतपूर्ण ढङ्गले बिनाकारण प्रयोग हुन सक्दैन, (२) केन्द्रीय सरकार परिवर्तन हुनुलाई गभर्नर हटाउने आधार मान्न सकिँदैन, (३) केन्द्रीय सरकारले गभर्नरसँग नीतिगत र वैचारिक भिन्नता रहेको, सरकारले राष्ट्रियसभामा सिफारिस गरेका नाम अनुमोदन नगर्ने राष्ट्रपति प्रदेश प्रमुख नियुक्त गर्न सहमत हुनुबाटै त्यस बेलाको सवैधानिक अपरिहार्यता र राजनीतिक आवश्यकतालाई बुझ्न सकिन्छ। किनकि प्रदेश सरकार गठनका लागि प्रदेश प्रमुखको अनिवार्यता थियो। बितेका दुई वर्षमा प्रदेश प्रमुख र प्रदेश सरकारबीच असहमति रहेका समाचारहरू सार्वजनिक भएनन्, नैतिक आचरणका प्रश्नहरू उठेनन्। प्रदेश ७ का निवर्तमान प्रमुख मोहनराज मल्लका विगतका आर्थिक लेनदेनका विषयहरू मिडियामा आए पनि प्रदेश सरकारसँगको समन्वयमा चाहिँ प्रश्न उठेको थिएन। स्थानीय स्रोतका अनुसार, कर्णाली प्रदेश प्रमुख दुर्गाकेशर खनाल र त्यहाँका मुख्यमन्त्री महेन्द्र शाही तथा गण्डकी प्रदेशका बाबुराम कुँवर र मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङको सम्बन्ध निकै सौहार्दपूर्ण थियो। तथापि प्रदेश ५, ३ र २ का मुख्यमन्त्रीहरूले भने आफ्नै पार्टीको प्रदेश प्रमुख बनाउन लविङ गरेका थिए। राजनीतिक विचार नमिलेको बाहेक उनीहरूले पनि खासै खोट लगाउन सकेका थिएनन्। वरु अधिकांश प्रदेश प्रमुखहरूले भने सङ्घीय सरकारका महत्त्वपूर्ण व्यक्तिहरूबाट राजनीतिक विभेद गरी हेपिएको र अपमानित भएको महसुस गरेका थिए।

जुम्ला, दार्चुला, डंडेल्धुरामा जग्गा चाहियो ९८५३६७३६०४

जाल्पाचोकमा ३.५आनामा बनेकोघर २,३०,००,०००।- धापासीमा ३आनामा बनेकोघर १,९०,००,०००।- ९८४१५२९८१२

कलंकी भाटभटेनीपछाडि १०आना ९८४०१३५१६०, ९८६९१२२२६९

झापा कमल ७ मा अठारकठ्ठा जग्गा बिक्रीमा ९८६९१९६३४२, ९८१६०२८२१४, ९८०२२३२८८७

विरगञ्ज दुर्गा सिनेमाहल देखि १ कित्ता उत्तर ७ धुर जग्गा बिक्रीमा 9841547834

हरिसिद्धीमा २.५ तल्लाको घर 9843783239

नयाघर बिक्रीमा बालाजु लोलाडग 9803411356

बानेश्वर मेनरोड रत्नराजको बाटोमा २५ आना जग्गा बिक्रीमा, ९८५१०६७२९

बालुवाटार, हात्तिगौडामा ०-४-०-० डाइरेक्ट 9851049771

बुढानीलकण्ठ, न्युकोलोनीभित्र ०-४-०-० जग्गाबिक्रीमा 9841429189

गोठाटारमा ०-४-०-० जग्गा सिधासम्पर्क 9851014822, 9803677335

## सवारी साधन

टाटा सुपरएस- 2017 मोडेल बिक्रिमा ,9849783793.

भाडामा चल्ने सुमोगोल्ड बिक्रीमा 9813138015

२ लाखसम्मको Cargo Van चाहियो 9863331522

दुध बोक्ने ट्यांकर भाडामा ९८६७९४४४६४

TATA Winger-AC 2016-Model 12-seater, Urgent sale 9815731685

## सम्पर्क

अति सस्तोमा बैंक Deposit 9863646909, 9803702227

सस्तोमा Cash deposit धितोफुकुवा 9851053106

सस्तोमा Cash deposit धितोफुकुवा 9841027010

Cash deposit without collateral 9841756349.

धितोफुकुवा, क्यासडिपोजिट, धितोराखी ९८४४४७८७५८, ९८०३१२३५७८

सस्तोमा Cashdeposit, धितोफुकुवा गर्नपरेमा 9851113117

घरजग्गा धितोराखी BANK LOAN Consultancy 9851034124

सस्तोमा Cash Deposit धितोफुकुवा 9851032104

अतिसस्तोमा धितोफुकुवागर्न, विदेश अध्ययनकोलागि Cashdeposit, ऋणलिन ९८५९११७९८०

सेकेण्डहेन्ड सामान खरिदबिक्री बसुन्धरा 9851234047

सहकारी, हाउजिङ्ग कम्पनीको लगानिकर्ता चाहियो, 9851118491

धितोराखि ऋण चाहिएमा ९८४३५०१११९, ९८६६२७३३३०

धितो राखी ऋण चाहिएमा ९८५११९४९३०

धितोफुकुवा क्यासडिपोजिट धितोराखी ऋण 9851014408

घरपसल सस्तोमा बनाउनलाई, जबकोलागि 9861971845

विजनेश एजुकेशनल कनसल्टेन्सीलाई कर्मचारी आवश्यक 9862708511

सस्तोमा Cashdeposit धितोफुकुवा लोनतिर्न 9851006688

सस्तोमा Bankdiposit डकुमेण्टेसन, धितोफुकुवा 9851067787

छाला सम्बधी साना तथा ठुला उद्योगको लागि Europe बाट आयात No:1 छाला आवश्यक परेमा सम्पर्कनं. 9841309118, 9851056421

सस्तोमा Bank Deposite गर्नुपरेमा ९८५११६१२०२

Cash Deposit विद्यार्थिको लागि 9815151535

बिनालगानी रेष्टुरेन्टमा शेफ पाटनर चाहियो ९८२३९९९०२९

**तु.ऋण चाहिएमा उपत्यकाको जेगामात्र, 9849034192**

## विविध बिक्रीमा

चलिरहेको Institute बिक्रिमा जमलचोक 9860141806

पुतलीसडक चोकमा चलिरहेको फेन्सीपसल अर्जेन्ट बिक्रीमा 9813656766

सतुंगलको मल्टिपल कृषिफर्मको डकुमेण्टकमात्र बिक्रिमा 9851214103

मासु पसल बिक्रिमा, कलंकी ९८१९२४८१७०

नेपालटार लोकतान्त्रीक चोकनजिक नयाघर सस्तोमा ९८५१०२६२३६

नयाबसपार्कमा चलिरहेको गेष्टहाउस तुविक्रीमा ९८४१८००१९८

पुरानोबानेश्वरमा चलिरहेको बुटिक बिक्रीमा 9813138015

चलिरहेको रेष्टुरेन्टबिक्रीमा सोहखुटे मुल्य ४५०००,९८१३४८८१९९

Fast Food Restaurant बिक्रिमा 9851123112

Fast Food Restaurant बिक्रिमा 9851123112

पूर्णचण्डीमा तढोकाको किराना पसल बिक्रिमा ९८४३४५६७७८

पुतलीसडकको सटर भाडामा/बिक्रीमा ९८५१०२७९१३

राम्रो चलिरहेको फेन्सीसप बिक्रिमा गठ्ठाघर भक्तपुरचोक सम्पर्क ९८४१६६११२४

चलिरहेको माइक्रोवस तुरुन्त बिक्रीमा 9818966768

बानियाटार जाल्पाचोकमा रहेको कोल्डस्टोर तुबिक्रीमा ९८४८३२०२७५, ९८२३७३६०१५

पसल तथा खालीसटर बिक्रीमा गगबु नयाबसपार्क बुद्दमार्ग ९८१०३४९२३९

२४ क्यापसिटीभएको रेष्टुरेन्ट सस्तोमाबिक्रीमा सामाखुसीचोक ९८६१५७३५५३

गोंगबुमा चलिरहेको मदिरा पसल बिक्रीमा ९८६२३६८५२०

सोह्रखुट्टेचोकमा चलिरहेको पुरानो भाडापसल ९८०३२००७६८

दैनिक-३५,००० व्यापारभएको किराना पसल,कलंकी 9869606356, 9851214169

कलंकीचोकैको रेडिमेड पसल बिक्रीमा ९८६०३००८९५

नेवारी खाजा घर कलंकी 9808297747

भक्तपुर नयाँठिमीको होटल बिक्रीमा 9849575098

ग्याँसपानी डिपो बिक्रीमा नयाँबानेश्वर 9818272397

कस्मेटीक एण्ड ब्युटिपार्लर तु.बिक्रीमा, 9863792421

किराना पसल बिक्रिमा बुद्धनगरचोक ९८०८५२५३५५

बसन्तपुरमा चलिरहेको रेष्टुरेन्ट एण्ड बार तु.बिक्रीमा ९८६१३१७२०१

सन्चालनमा रहेको सहकारी बिक्रिमा ९८४२५८६४३८

सिनामंगल के.एम.सि. हस्पीटल सगैको किराना पसल ठेक्का/बिक्रिमा ९८५१०३२८४८

चलिरहेको Institute बिक्रिमा चावहिलचोक, 9851156942

बसुन्धारामा फेन्सी पसल तुबिक्रिमा ९८०३५२६९७५०

अतिसस्तो पसल बिक्रिमा ठमेल ९८४१९४३५६७

गेष्टहाउस एण्ड रेष्टुरेण्ट बिक्रीमा एयरपोर्ट सम्भागं 9851145102

सामाखुसीचोकमा कस्मेटिक पसल बिक्रीमा, ९८८०९६५०५३, ९८१३७३६३८०

मिठाई पसलबिक्रीमा मैतिदेवि मन्दिर 9851014147

होटल तु बिक्रीमा चावाहिल 9823453639

झम्सीखेलमा रेष्टुरेण्ट खालीसटर ९८१०२५७४२८

बौद्धमा जेन्सको फेन्सीपसल बिक्रीमा 9851139167

रेष्टुरेण्ट एण्ड सेकुवा कर्नरबिक्रीमा 9823144935

कोटेश्वरमा मेनरोडमा अफिस बिक्रिमा ९८४५८५८८१७

कन्सल्टेन्सी इन्स्टिच्युट बिक्रिमा, गोंगबु ९८१८२५६८३३

मिनभवनमा चलिरहेको क्याफे बिक्रिमा ९८६६२७५८१५

फार्मेसी बिक्रीमा नक्खु बस्तीमा 9880096730

कुलेश्वरमा चलिरहेको कस्मेटिक पसलबिक्रिमा ९८५१११७०९६

चलिरहेको बैक्वेट रेष्टुरेन्ट गौरीघाट 9851048474

रिङरोडको फुलफर्निसअफिस सस्तोमा बिक्रिमा 9819390824

होस्टल बिक्रिमा/भाडामा ९८५११२१३१५, ९८१३१६४८००

लगनखेल चोकमा व्यस्तचलिरहेको रेष्टुरेण्ट बिक्रीमा ४०,००,०००/- ९८६१२३६२५८, ९८४०१९९५८५

## निर्माण सफाई

सस्तोमा सेफ्टीटैंकी ढल ट्वाइलेट ९८५१०५६६६२

सेफटीट्यांकी सफाई गाडीमा १५००/- 9843768737

सेफ्टीट्यांकी सफाई ठुलोगाडीमा मेसिनबाट 5251092, 9851024364

ढलमंगाल, सेफटीट्याङ्की सफाई जामखोल्ने 9849519040

ढलट्वाइलेट, मंगालबनाउने, जामखोल्ने 9840540700, 9860053124

सेफ्टिटैंकी सफाई 9841212244, 9841488132, 01-5182401

सेफ्टिटैंकी सफाई सस्तोमा 9841343487, 4464568

सेफ्टिटैंकी सफाई गाडिबाट 9851118279, 9851087058

ढलमंगाल बनाउने जामखोल्ने सेफ्टिटैंकी मेशिनबाट 9841448770 होमप्रसाद

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने सस्तोमा 9841663344, 9841050858

इनारसफाई, रिजर्बटेङ्कीसफाई, सोलारफिल्टर ढलमंगाल, जामखोल्ने 9851116022

इनारसफाई, बोरिङ्गसर्भिस, प्लम्बिङ्ग, धाराजामखोल्ने, सोलारसर्भिस पहेलोपानिफिल्टर, रिजर्भटेङ्कीसफाई इनारखन्ने 9851168028

ढलमंगाल ट्वाइलेट जामखोल्ने ९८५१०८९४१० ९८४१२६६९५०

ढल ट्वाइलेट जामखोल्ने १००% 9841000096

सोलार फिल्टर ग्यांसगिजर नयांपुरानो 9851008036

सेफटीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9849442728

ढलमंगाल, ट्वाइलेट जामखोल्ने 9851013512, 9841607856

प्रोफेशनल पानीटैंकी सफाई 9851152299, 9841367851

भ्याकुमबाट सेफ्टीटैंकी सफाई 014114455, 015712671, 9851052299, 9851152299

सेफ्टीटैंकी ढलट्वाइलेट मंगाल जामभएमा ९८५१०७९२३५, ९८६५४७८६२९

गाडीमेसीनबाट सेफ्टीट्याङ्की ढलट् वाईलेट सफाई 9851247369

ढलमंगाल बनाउने जामखोल्ने 9849759072, 9841319394

ढलमंगाल ट्वाईलेट जामखोल्ने सस्तोमा 9841132435

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने ९८५१०१९८८९, ९७४११२७११४

## भाडामा

तुरुन्तै घरभाडामा लिनदिन 9851040807 realestatemanakamana@gmail.com

ललितपुरमा छिट्टै घरफल्याट लिनदिने, 9841358684

भाडामा लिनदिन परेमा bhumikarealestate076@gmail.com, 9851136162.

थापाथलीमा अफिसलाई उपयुक्त फ्ल्याट, 9851070853

घर भाडामा लिनदिन परेमा 9846578599

Four rooms Ground flat for office parking available, prime location Hanumansthan, Anamnagar Kathmandu, 01-5705051, 9843155278.

फल्याट बंगलो अफीसस्पेस लीनदीन सम्झनुहोला, www.homektm.com, 9801117335

नागरजुन न.पा वाड नं.-७ मा पानी बत्ती सहितको घर भाडामा 9860560482

ललितपुरमा घरफल्याट भाडामा लिनदिने 9863520848

ललितपुरमा चाडै घरफल्याट लिनदिन 9851085854

पोखरा चाउथे हाइवेमा ९ रोपनी जग्गा भाडामा ९८४६१३७०१७

भनेकै जस्तो तुभाडामा लिनदिन ९८४१००५७४३

नक्साल भगवतीमन्दिर नजिकै तीनकोठाको फल्याट भाडामा 9801218585

फल्याट खाली (अफिस तथा वित्तिय संस्थारूको लागि उपयुक्त) ९८४९६९०३१३, ९८४०६००५०३

नखिपोटमा फल्याट भाडामा 9849487539

ललितपुरमा घरफल्याट भाडामा लिनदिने, 9851071590

अफिस स्पेश खाली बत्तिसपुतली 9851056268

भैसेपाटी सटरमार्केटमा केहि सटरहरू खालीछ 9843166388

पुरानोबानेश्वर हाईटमा फल्याट्खाली 30,000/- 9841748661

Space For Rent 2600 sqft. Ganabahal, Sundhara, 150,000/- Negotiable/ 9810197894

बागडोलमा फल्याट् बेडरुम-४, बैठक-१ भाडामा ९८४१५४७८३४

मध्यबानेश्वरमा सानोकोठा, अफिसियल फल्याटखाली, 9841659007

खाद्यान्त गोदामप्रयोगको लागि रिङरोडको आसपासमाठूलो ट्रकजान सक्ने करिब २ रोपनीजग्गामा बनेको कम्पाउण्ड सहितको घर/टहरा तुरुन्तभाडामा लिनुपर्ने भएकाले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला शंकर ९८४३४२१७४३, आर.बी. ९८४९२६१४४१

नयांबानेश्वरमा खाली सटर भाडामा ९८४९५४४०२२

## चाहियो

तिनकुनेचोकैको CSSकम्पनीलाई अफिसस्टाफहरू 27,500/ खाजाभाडाबोनस पढेनपढेका महिलापुरुष सबैलेगर्नमिल्ने 01-5199302, 9823705671

Salesgirls, Salesboys महाराजगंज 15,500/- 9818702341

सेक्युरिटीगार्डहरू तु.चाहियो १६०००-२००००।- 9808323444

गोंगबु अफिसलाई ६-कर्मचारी 15,500/- 9842942463, 9803390405

TWI अफिसलाई कर्मचारी 15,500/- 9869540591, 9813109357

सेक्युरीटी अर्जेन्ट तलब 14000-20000 9841687964 9808787334

साधारण सेक्युरीटी तुअर्जेन्ट 18000 9813210032

गोंगबुमा कर्मचारी 15,500/- 9823748140, 9823037715

बेरोजगारहरूलाई रोजगार 27,500/ 9861497188, 9823691949, चावहिल गोपिकृष्ण

चावहिल अफिसलाई कर्मचारी 15,500/- 9851048039, 9823365740

खानबस्नसहित कलंकीमा कर्मचारी 15,500/- 9813374034, 9846819731

गड्गब अफिसलाई कर्मचारी 15,500/- 9813261320, 9848822910, 01-4020315

टाईपिङ्ग, पोस्टकार्डमा कर्मचारी २५,५००।- 9817749612

धूपअगरवती, डलखेलौनामा कामदार 24,500/- 9868177107

गोपिकृष्णनजिकै अफिसलाई अफिसियल कर्मचारीहरू 29,500/ +खाजाभाडा पढेनपढेका सबै लेगर्नमिल्ने 9818282550, 9863383625

न्यूरोड्को ब्युटिपार्लर अनुभवी महिला ब्यौटिसियन २ जेन्टस हेयर ड्रेसर २ तुरुन्त चाहियो 9816141388

Grade one teacher at Balaju 9841069734

जुनसुकै कामदार वा काम चाहिएमा सम्झनुहोस ९८४३४५८५२४

तन्दुरीकुक, हेल्पर, वेटर, मसाल्वी खानबस्न कुलेश्वर ९८६१६६६७९१

खानबस्नसहित तुरोजगार कस्मेटिकभित्र 9841692640, 9803274227

Homebased Typing Job 26,500/- 9803188112

सामाखुशीचोकैको अफिसलाई कर्मचारी आवश्यकता 22,000/ +खाजाभाडा पढेनपढेका सबैलेगर्नमिल्ने 9842768410, 9823566595

खानबस्न सुविधासहित नयांअफिस बालाजुलाई कर्मचारी 15,500/- 01-4388962, 9818349301

घरमा कामगर्ने महीलाहरू चाहियो, 9851227616

कलंकीस्थित सहकारीकोलागि मार्केटिङ अफिसरचाहियो ९८६७४४०३०१, ९८४११३९६८०

अफिसलाई थपकर्मचारी 15500/- 9818339744, 9843015411

अफिसलाई कर्मचारी 15500/- 9810233680, 9868431121 ललितपुर

अफिसलाई कर्मचारी 15000/- 9810381536, 9851035560 तिनकुने

उदघोषकहरू चाहियो नजानेलाई तालिमपछि अवसर 9862791739

ग्वार्कोचोकैको PGLअफिसलाई अफिसस्टाफ अर्जेन्ट 18500/- सबैलेगर्नमिल्ने 9808728580, 9846599866

मित्रपार्कको ओमसाई अफिसमा साधारणदेखि SEEabove कर्मचारी आवश्यकता 18,500/- +खाजाभाडा 9810286955, 9860912207

गिफ्टआइटम सामान बनाउने कामदार ज्ञढछण्ण्र बोनसभाडा जानकारी 9813769084, 9866671382

सेक्युरिटीगार्ड तुआवश्यक्ता, 9851296800, 01-4385447, 9801284240,

उत्कृष्ट Indian Biscuit Brand लागी न्यूनतम ३वर्ष अनुभव भएको Sales Supervisor/ Sales Officer, E-mail: support@anvpl.com

रौतहटको होटलमा भाडामाज्ने १५,०००/- ९८४५६५७०३७

कलंकीमा महिलापुरुष गृहिणी विद्यार्थी कर्मचारी अर्जेन्ट रु.२५,०००/-०१-५२३४६१८, ९८१३५५८०६१

कालिमाटी टेकुभन्सारचोकमा अगरबत्ती, डल्स, पेपरकटिङ्गमा रोजगार कामधरैमा रु.२८,०००/- ९८१३५८६५२२, ९८४०१३७७११

गोंगबुचोकमा डुल्स बनाउनेमा महिला कामदार अर्जेन्ट रु.२२,०००/- ९८१३००५००९

कस्मेटिक अफिसलाई कर्मचारी 15,500/- 9840837929, 9823556499

खानबस्नसहित कर्मचारी बल्खुचोक 16,500/- 9823091703, 9860909328

पूर्व प्राथमिक शिक्षक -२ ९८६३०३२३३२

दुइजना मार्केटिड कर्मचारी (मोटरसाइकल भएकोलाइ प्राथमिकता) 4422447, 9840251262

कलंकी अफिसमा कर्मचारी 15,500/- 9851146214, 9827730101

अफिसमा कर्मचारी 15,500/- 9840372829, 9801200456

कुक वेटर खानेबस्नेसुविधा बालाजु ९८४१४२०५३३

**Salesman आवश्यकता 15500 चुच्चेपाटी 9864048207, 9818920042**

अफिसलाई SEE स्टाफ 14600 ललितपुर 9803057678

चावहिल अफिसलाई कर्मचारी 14500 9808624200, 9851010159

मिटशपको लागि कर्मचारी ९८०१२३२३१७, ०१५१७०३४२

ईनडियनकुक, तन्दुरीकुक, वेटर तलब आपसी समझदारीमा ९८५१२०९६९५

ड्राईभर चाहियो लाईट ह्यावी २० जना ९८१६९९९१११७

Wanted Urgently Grade Teacher for Class-2 With Good English Background. Contact UNA, Lokanthali 9851076403, 9841263290

**Secondary Nepali Teacher-1 Primary Teacher-2 Balkunj School, Lubhoo 9841614888, 9818811607**

बसुन्धारामा स्कुलको होस्टलकोलागि अनुभवी महिला कुक र आया खानेबस्नेसुविधा, राम्रोतलब: ४३५४९६३

कलंकी अफिसलाई कर्मचारी 15,500/- 9818554555, 9851024779

Computer Hardware, Network expert 9801143760

अफिसलाई ११कर्मचारी 14,500/- कोटेश्वरचोक 9860215499, 01-5100933

अलराउन्डरकुक, मसाल्वी, वेटर खानबस्न सुविधा ९८५११५४२५९

सुटिङरत टेलिसिरियलमा कलाकारहरू इमरजेन्सी नजान्लेलाईनी प्रथामिकता ९८०३९९०१८८

UKG Grade Teachers Kalopul 9841227486

स्पाकोलागि लेडिज थेरापिस्ट चाहियो ९८०८९८४०२७

**फ्लेक्सप्रिन्ट अफिसकोलागि डिजाइनर चाहियो 9841732270, 9813243840**

**अनुभवी वेटर, मसाल्चीचाहियो, न्युरोड 9808807518**

सबैउमेरको महिला स्टाफ चाहियो 9869612342

कुक वेटर चाहियो महिला/पुरुष कँपन ९८४१६४३४७०

Teacher wanted School incharge ( English , Maths background) Lower Secondary level Science , Social , Nepali, Maths grade teacher Siddhidas School Bhaktapur 9860916752, 9841358662 Email : sd.secondary2036@gmail.com

वेटर महिला पुरुष कुक, हेल्पर, म्यानेजर ९८४०२५१२४८

**राम्रो चलिरहेको ट्रभलको लागी पार्टनर चाहियो** ९८०१९७७३२४

Immediately, Lower Secondary English/Social Teacher Priority for Hostel Warden near Pharping 9851104248

रेस्टुरेन्टकोलागि हेल्पर, मसल्ची आवश्यकता 9851132506, 9841507525

वेटर तु.आवश्यकता ३ जना 9851002192

English Teacher Wanted-Primary Level MOHS, Sinamangal 9851096208/ 4473913

भक्तपुरको पोल्ट्रीफार्म ह्यायचरीमा कामदार चाहियो दम्पतीलाई प्राथमिकता 9851169728

होस्टललाई महिला कामदार ९८१३९२२७१८/ 9808353375

स्कूललाई टिचर कामगर्ने दिदि धोबिघाट, 9818563707

फुडावरि रेष्टुरेन्टलाई कुकहेल्पर, वेटर ९८६१०४५६५८

पत्रकारीता पढेको/ पढ्दै गरेको स्टाफ, 9851170017

बाईकड्राइभर तथा मासुपसलमा कामगर्ने कामदार तुचाहियो 9869333222

क्याफेमा वेटर, भाडामाभन्ने, बालकुमारी ९८०८३६३०७९

कम्पनिलाई बजार प्रतिनिधि तु आवश्यकता तलब २०,००० 9851111392, 014164394

Sales& marketing Officer (BBS/BBA)-1, Sales& marketing Executive (+2)-5, Account Officer (BBS/BBA) -1, Account Executive-1 9813330671, 9823571957

Grade Teachers Class One – Four, Lower Secondary Math, Science, Nepali, Computer, Montessori Trained Teachers Contact 014472092, 9801015603 email:-vaccancynepal1@gmail.com

**सिनामंगल अफिसलाई स्टाफ 15,500** 9813859406

Construction Company Accontant-4, Civil Engineer-4 minimum 3years experience for both salary mutual understanding 9860602098, 9840025935

मसाल्ची चाहियो खानबस्न व्यवस्था 9840286484

हस्पिटल क्यान्टिनलाई कुक, वेटर, हेल्पर भाडामाज्ने जोरपाटी ९८४१९२२४६०, ९८१३७७५५०६

**Lower Secondary English Teacher, Baluwatar 01-4435547**

Grade Teachers LKG/UKG/One, Gatthaghar, Thimi 9823645166

**थकाली किचनमा मसाल्ची बेटर चाहियो** ९८४३०५३४६८

ठमेल स्थित एक प्रतिष्ठित Travel Agency लाई Accountant चाहियो, Email;- travelroute15@gmail.com 9841311010

कफी सपमा लेडिज खानबस्न रु.१०,०००/-, दैनिक भत्ता १५०/-, ९८६९७५४०६२

Pre-primary Montessori Trained teachers- 4, Lower Secondary Maths, English, OBTE- Few, 9851070385, 01-6631008

**पढेनपढेका महिलापुरुष कामदार २४,५००/ 9810260716**

होस्टेलकोलागि खानबस्नसहित महिला/पुरुष कर्मचारी ९८५११३४३३८, ९८६८९९४७९०

Urgently Require Reception-Assit.Accoutant, Gatthaghar Salary:- 15,000-20,000, 9801848465, 9802085290

राजधानी सिटकोलागि कुक, वेटर 9851010107, 9841845777 कालोपुल

चलिरहेको स्कूलको क्यान्टिनलाई कुक १जना किचनहेल्पर २जना बुद्दनगर,काठमाडौं सम्पर्क ४७८७११९

स्टिक फुडको लागी म.म. मिस्त्रि ९८४१९४६६५०

Viceprincipal, Junior Math, Science, computer teacher 9851103601

साईकल चलाउन जान्नेकेटा १०००० /- ९८४१८३४५३४

सहकारी, इन्स्टिच्युट, रेष्टुरेन्टकालागि पार्टनर 9843755490

कुकको तुरुन्त आवश्यकता गोकर्ण ९८६४९९९२३३

ठमेल क्यान्टिनमा कर्मचारी कुक-५, हेल्पर-५, वेटर-५, अन्य सुँविधा, ९८५११८५११३, ९८६००३४८०८

रेष्टुरेण्टलाई हेल्पर पुतलीसडक खानेबस्ने सुविधा १२,०००/-, 9863253033

कस्मेटिकभित्र इमान्दार कर्मचारी 12,500/- 9823280255

खानबस्न मसाल्ची कुक, वेटर 9823144935

पार्टटाइम घरमा सरसफाइ पुरुष ९८२३७२०९७७

रानीवनमा खानबस्न सहित मू:म: बनाउन जान्ने कामदार चाहीयो 9818474310

बानियाटार स

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.
we make your life easier
मुद्दती खातामा उच्चतम ब्याजदर
९.२५%
+
०.५०%*
*शाखाको सिफारिसमा
बचत खातामा ६% सम्म ब्याजदर

ekantipur.com

# अर्थ वाणिज्य

भक्तपुरको योसिंख्यो (भेलुखेल) मा धान सुकाउँदै किसान । यहाँको ठूलो चोकमा किसानले बर्सेनि यसरी नै धान सुकाउने गर्छन् । *तस्बिर : बिजु महर्जन/कान्तिपुर*

## नेपाल बैंकका प्रबन्धकले गरे हिनामिना

वरिष्ठ प्रबन्धक भूपराज कोइरालाले कृत्रिम निक्षेप देखाएर ब्याज लिने र बढी भएको ब्याज आफ्नो खातामा स्थानान्तरण गर्ने गरेको अनुसन्धानले देखाएको छ

■ **यज्ञ बञ्जाडे** (काठमाडौं)

नेपाल बैंकका कर्मचारी भूपराज कोइरालाले आर्थिक अनियमितता गरेको खुलासा भएको छ ।

कोइरालाले विभिन्न शाखामा प्रमुख रहँदा वास्तविकभन्दा बढी मुद्दती निक्षेप देखाएर बैंकबाट ब्याज असुल्ने र बढी भएको ब्याज आफ्नो खातामा स्थानान्तरण गरी अनियमितता गरेको आरोप बैंकले लगाएको छ । कोइरालाले करिब ६० देखि ७० लाखसम्म हिनामिना गरेको बैंकको प्रारम्भिक प्रतिवेदनले देखाएको छ । 'कम्तीमा करिब ६० लाख रुपैयाँ हिनामिना भएको देखिएको छ,' स्रोतले भन्यो, 'अझै अनुसन्धान बाँकी रहेकाले रकम अझै बढ्न सक्छ ।' हाल यो मुद्दा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले अनुसन्धान गरिरहेको छ । कोइरालालाई बैंकले निलम्बन गरिसकेको छ ।

लेखा परीक्षणका क्रममा दोषी भेटिएपछि थप अनुसन्धानका लागि सीआईबीलाई आग्रह गरिएको बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णबहादुर अधिकारीले स्वीकार गरे । 'आन्तरिक लेखा परीक्षणका क्रममा दोषी देखियो,' उनले भने, 'सम्बन्धित कर्मचारीलाई निलम्बन गरिएको छ भने बैंकिङ कसुरको अभियोगमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।'

कोइराला नेपाल बैंकका नवौं तहका कर्मचारी हुन् । ०६१ सालमा कोइराला छैटौं तहबाट नेपाल बैंकमा प्रवेश गरेका थिए । गत साउनदेखि उनी बैंकमा कर्णाली प्रदेश प्रमुखको जिम्मेवारीमा थिए । त्यसअघि उनी भक्तपुर, डिल्लीबजारलगायत शाखा प्रमुख थिए । सोही समयमा पदीय दुरुपयोग गरी कोइरालाले आर्थिक अनियमितता गरेको देखिन्छ । 'कोइरालाले ५/७ वर्षअघि देखि नै सो काम आर्थिक हिनामिना गर्दै आएका रहेछन्,' बैंक स्रोतले भन्यो, 'पछिल्लो समय डिल्लीबजारको शाखाबाट यो कुरा बाहिरियो ।' कोइरालाले बैंकको स्वचालित सिस्टमलाई म्यानुअल रूपमा चलाएर बैंकको दायित्व बढी देखाउने र त्यसरी आएको पैसा

**आर्थिक अनियमितता, किर्ते कागज बनाएर सुविधा लिएकोलगायत आरोपमा अनुसन्धान हुँदै**

आफ्नो खातामा स्थानान्तरण गरेको अनुसन्धानका क्रममा देखिएको छ । उनले निक्षेपकर्ताको बचत चलाएका छैनन् । म्यानुअल रूपमा धेरै ब्याज देखाएर बैंकको दायित्व बढाएका छन्, यसले बैंकको खर्च बढाएकाले मुनाफामा असर परेको देखिन्छ । हाल उनी फरार छन् । प्रहरीले उनको खोजी गरिरहेको छ ।

रकम धेरै नभए पनि ती कर्मचारी नियत खराब देखिएपछि निलम्बित गरिएको प्रमुख कार्यकारी अधिकृत अधिकारीले बताए । 'कति रकम हिनामिना भयो, त्यो मुख्य कुरा होइन, अनुसन्धानपछि थाहा होला,' उनले भने, 'कर्मचारीको नियत खराब र दोषी देखियो ।' बैंकमा सुशासन कायम गर्ने सवालमा आर्थिक हिनामिना, अनैतिक व्यवहार र गलत आचरण रहेका कुनै कर्मचारीलाई पनि नछोडिने उनले बताए । 'सुशासन कायम राख्ने र आर्थिक हिनामिनाको सवालमा बैंकले शून्य सहनशीलताको नीति लिएको छ,' उनले भने, 'यो कुरा बैंकले सबै तह र तप्काका कर्मचारीमा पुऱ्याउन निर्देशन दिएको छ ।'

गलत आचरण, आर्थिक हिनामिना लगायत विभिन्न उजुरीका आधारमा बैंकले अरू कर्मचारीउपर पनि छानबिन भइरहेको स्रोतले बताएको छ । अरू कर्मचारीको विषयमा जिज्ञसा राख्दा प्रमुख कार्यकारी अधिकृत अधिकारीले भने, 'केही कर्मचारी उपर अध्ययन अनुसन्धान भइरहेको छ, टुंगोमा पुगिएको छैन ।' आन्तरिक लेखा परीक्षणको क्रममा दोषी पाइएपछि दसैंअघि नै बैंकले कोइरालालाई सीआईबीलाई अनुसन्धान गर्न आग्रह गर्ने निर्णय गरेको थियो । सोहीअनुसार थप अनुसन्धानका लागि प्रहरीलाई जिम्मा दिइएको हो । उनलाई बैंकर कसुरको आरोप लागेको प्रहरी स्रोतले बताएको छ ।

आर्थिक अनियमितता गरेको आरोपमा बैंकले छैटौं तहकी कर्मचारी सदीक्षा कार्कीलाई पनि बर्खास्त गरेको छ । कार्की नयाँ कर्मचारी हुन् । गत जेठ २ मा नेपाल बैंकमा नियुक्ति पाएकी कार्की चितवनमा कार्यरत थिइन् । कार्कीले पनि बैंकको ६० हजार रुपैयाँ आफ्नो खातामा हालेकी थिइन् । परीक्षण काल नसकिँदै गल्ती भेटिएपछि जागिरबाटै बर्खास्त गरिएको बैंक स्रोतले जनाएको छ । नेपाल बैंक विसं १९९४ मा स्थापना भएको नेपालका सबैभन्दा जेठो बैंक हो । यसमा नेपाल सरकारको ५१ प्रतिशत सेयर लगानी छ ।

विद्युत् महसुल निर्देशिका मस्यौदा

## विद्युत् महसुल समायोजनलाई बाटो खुल्यो

■ **विजय तिमल्सिना** (काठमाडौं)

विद्युत् महसुल समायोजनका लागि कानुनी आधार तयार पार्न विद्युत् नियमन आयोगले विद्युत् उपभोक्ता महसुल निर्धारण निर्देशिकाको मस्यौदा जारी गरेको छ । सरोकारलावाको सुझाव लिएर केही सातापछि निर्देशिका लागू गर्ने आयोगले जनाएको छ ।

आयोगले निर्देशिका जारी गरेलगत्तै उपभोक्ताबाट उठाइने विद्युत् महसुल समायोजनका लागि बाटो खुल्नेछ । महसुल निर्धारणका लागि सहजता होस् भनेर आयोगले महसुल निर्धारणको मापदण्ड तोकेर निर्देशिकाको मस्यौदा तयार पारेको आयोगका सदस्य एवं प्रवक्ता रामप्रसाद धितालले जानकारी दिए । विद्युत् प्राधिकरणको शनिबार बसेको बैठकले उद्योगलाई दिइदै आएको डेडिकेटेड र ट्रंक महसुल समायोजनका लागि आयोगलाई सिफारिस गर्ने निर्णय गरेको थियो । प्राधिकरणको सोही निर्णयलाई लक्षित गरी आयोगले निर्देशिकाको मस्यौदा जारी गरेको हो ।

निर्देशिका जारी भएलगत्तै प्राधिकरणको महसुल समायोजनसम्बन्धी सिफारिसमा निर्णय गर्ने आयोगको तयारी छ । चरम लोडसेडिङको बेला सामान्यभन्दा ७० प्रतिशतसम्म महँगो शुल्क लिएर प्राधिकरणले उद्योगलाई डेडिकेटेड लाइन दिएको थियो ।

लोडसेडिङ अन्त्य भएको घोषणा भएको डेढ वर्षभन्दा बढी अवधिमा पनि प्राधिकरणले महँगो शुल्क नहटाएको भन्दै विरोध गर्दै आएका छन् । यता प्राधिकरणले भने महसुल समायोजनका लागि निर्णय गर्ने अधिकार प्राप्त निकाय नहुँदा निर्णय गर्न नसकेको बताउँदै आएको थियो । संसद्बाट नियमन आयोग ऐन पारित भएलगत्तै तत्कालिन विद्युत् महसुल निर्धारण आयोग निष्क्रिय भएको थियो । प्राधिकरणले पछिल्लो पटक विद्युत् महसुल संकलन विनियमावली जारी गर्दै विद्युत् महसुल निर्धारण आयोगले स्वीकृत गरेको शुल्क लागू गरेको थियो । विद्युत् महसुल निर्धारण आयोग निष्क्रिय भएको र विद्युत् नियमन आयोगले पूर्णता नपाउँदा तीन वर्षयता प्राधिकरणले मूल्य समायोजनसम्बन्धी निर्णय गर्न सकेको छैन ।

**विद्युत् नियमन आयोगले पूर्णता नपाउँदा तीन वर्षयता प्राधिकरणले मूल्य समायोजनसम्बन्धी निर्णय गर्न सकेको छैन**

डेडिकेटेड फिडरबाट विद्युत् लिने उपभोक्तासहित घरायसी उपभोक्तासँग लिइँदै आएको मूल्य पनि समायोजन गर्नुपर्ने दबाब प्राधिकरणमाथि छ । आगामी वर्षदेखि आन्तरिक उत्पादन मागभन्दा बढी हुने भएकाले विभिन्न क्षेत्रमा विद्युत् खपत् बढाउने प्राधिकरणको योजना छ ।

सोहीअनुसार प्राधिकरणले काठमाडौं उपत्यकासहित देशका प्रमुख सहरमा विद्युतीय चार्जिङ स्टेसन स्थापना गर्ने लक्ष्य लिएको छ । चार्जिङ स्टेसन विद्युत् चार्ज गर्दा लाग्ने शुल्क पेट्रोलियम पदार्थको लागतभन्दा कम गर्ने प्राधिकरणको योजना छ ।

नियमन आयोगले सरोकारवालासँग राय सुझाव माग गर्दै सार्वजनिक गरेको विद्युत् उपभोक्ता महसुल निर्धारण निर्देशिकाको मस्यौदामा विद्युत् महसुल निर्धारण गर्दा एक दर्जनभन्दा बढी पक्ष केलाइने उल्लेख गरिएको छ ।

निर्देशकाको मस्यौदामा उल्लेख भएअनुसार आयोगले विद्युत् महसुल निर्धारण गर्दा बिक्रीबाट प्राप्त हुने आम्दानी, लगानीबाट हुने वार्षिक प्रतिफल, उत्पादन, खर्च, अपेक्षित वार्षिक प्रतिफलजस्ता पक्षहरू ध्यान दिइने उल्लेख गरिएको छ ।

यसबाहेक महसुलको अत्यधिक वृद्धिको निवेदनलाई सीमित गर्न वितरण अनुमति प्राप्त व्यक्तिको आम्दानीलाई आगामी वर्षहरूमा समायोजन हुने गरी महसुल निर्धारण गर्ने निर्देशिकाको मस्यौदामा जनाइएको छ ।

'विद्युत् बिक्री गर्नेको खर्च उठ्ने र नाफा पनि हुने र उपभोक्तालाई पनि बढी लागत नपर्ने गरी महसुल निर्धारण गर्न आयोगले मापदण्ड तयार पारेको हो,' आयोगका प्रवक्ता धितालले भने, 'यस्तो मापदण्डले विद्युत् महसुल निर्धारण सहज बनाउँछ ।'

निर्देशिकामा महसुल निर्धारणका लागि आयोगमा प्राप्त प्रस्तावबारे कम्तीमा दुई वटा राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गर्ने, निर्धारण गर्नुपर्ने कम्तीमा एक पटक सार्वजनिक सुनुवाइ गर्ने र सरोकारलालाई निवेदनउपर प्रतिक्रिया जनाउन कम्तीमा दुई हप्ताको समय प्रदान गर्ने उल्लेख छ ।

नियमन आयोगका सदस्य एवं प्रवक्ता धितालले विद्युत् महसुल निर्धारण गर्दा यो प्रक्रिया अवलम्बन गर्ने अभ्यास सम्भवतः नेपालमा पहिलो पटक गरिन लागेको जानकारी दिए ।

## 'पुरस्कारको पैसाले माछापालन गर्छु'

**कान्तिपुर करोडपति सिजन-३**

■ **कान्तिपुर संवाददाता** (काठमाडौं)

नवलपरासीको सुनवल १२ स्थित भूमहीका २२ वर्षीय अनिल चौधरी बुधबार सपरिवार काठमाडौंस्थित कान्तिपुर पब्लिकेसन्स परिसरमा आए । कान्तिपुर करोडपति सिजन-३ को विजेता बनेपछि उनी ८ जनाको परिवारसहित नगद पुरस्कार लिन उपस्थित भएका थिए । असोज १२ मा गोला प्रथाबाट करोडपति छान्दा अनिलको नाममा रहेको रसिद नम्बर ८५६३९ निस्किएको थियो ।

'सधैं बुवाको नाममा पत्रिकाको ग्राहक बन्ने गरिएको थियो,' अनिलले भने, 'यो वर्ष मात्र मेरो नाममा ग्राहक बनेको हुँ, यही वर्ष एक करोड पर्दा सिंगो परिवारमा खुसी छाएको छ ।' पुरस्कार लिन बुवा गयाप्रसाद, आमा नानुमाया, दीदी कमलासहित काका र काकाका छोरीहरू उपस्थित थिए । सबैजना गाडी रिजर्भ गरेर आएका हुन् । गयाप्रसादले भूमहीमा किराना पसल सुरु गरेको ३० वर्ष बढी भयो । पसलमा किरानाका सामानसँगै माछा र कुखुराको मासु बिक्री गर्छन् । यसैको आम्दानीले परिवार पालिएको छ । 'पत्रिकाको ग्राहक बन्दा यति ठूलो पुरस्कार पाइयो,' अनिलले भने, 'यो रकमबाट माछापालन गर्न मन छ, केही रकम पसललाई ठूलो बनाउन र केही बैंकमा जम्मा गरेर राख्ने सोच छ ।' अहिले माछा भैरहवाबाट ल्याएर बिक्री गर्छन् । 'माछाको बजार राम्रो छ,' उनले भने, 'त्यसैले जग्गा भाडामा लिएर माछा पाल्ने योजना छ, उद्देश्य आफैं माछा उत्पादन गरेर बिक्री गर्ने भन्ने हो ।'

अनिलले १२ पास गरेर बुवालाई व्यवसायमा सघाउन सुरु गरे । दिदी कमलाले बीबीए सकिन् । 'देशविदेशका समाचार पढ्नका लागि ग्राहक बनेको पत्रिकाले नसोचेको पुरस्कार दिएर ठूलो हौसला मिलेको छ, पुरस्कारको पहिलो प्राथमिकता छोरालाई कृषिमा लगाउने भन्ने हो,' गयाप्रसादले भने ।

परिवारले १० वर्षयता ग्राहक बनेर पत्रिका पढ्दै आएको उनले सुनाए । पुरस्कार कान्तिपुर पब्लिकेसन्सका अध्यक्ष तथा प्रबन्ध निर्देशक कैलाश सिरोहिया र कान्तिपुर दैनिकका प्रधान सम्पादक सुधीर शर्माले संयुक्त रूपमा हस्तान्तरण गरे । पुरस्कार हस्तान्तरण गर्दै अध्यक्ष तथा प्रबन्ध निर्देशक सिरोहियाले रकम आम्दानीमूलक ठाउँमा लगानी गर्न सुझाव दिए । यसअघि चन्द्रागिरि नगरपालिका ४ स्थित थानकोटका विनय श्रेष्ठ र कलंकीका सरोजकुमार श्रेष्ठले १/१ करोड नगद जितिसकेका छन् । विनयले पहिलो र सरोजले दोस्रो सिजनमा करोड जितेका हुन् ।

**कान्तिपुर करोडपति सिजन-३ का विजेता अनिल चौधरीलाई पुरस्कार रकम हस्तान्तरण गर्दै कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष तथा प्रबन्ध निर्देशक कैलाश सिरोहिया (माथि) । साथमा कान्तिपुर दैनिकका प्रधान सम्पादक सुधीर शर्मा र अनिलका आमा बुवा । यस्तै तल्लो तस्बिरमा महाविक्रेता उपहार योजनाका विजेता गोविन्द मैनालीलाई गाडीको साँचो हस्तान्तरण गर्दै अध्यक्ष तथा प्रबन्ध निर्देशक सिरोहिया ।** *तस्बिर : कान्तिपुर*

**मैनाली न्युजलाई कार**

महाविक्रेता उपहार योजनाअन्तर्गत रसिद नम्बर ०१५ का धरानस्थित मैनाली न्युज सेन्टर गाडी जित्न सफल भएको छ । धरानस्थित छाता चोकमा रहेको सेन्टरले ड्याट्सनको 'गो' कार पाएको हो । सेन्टरका सञ्चालक गोविन्द मैनालीलाई बुधबार नै अध्यक्ष तथा प्रबन्ध निर्देशक सिरोहिया र प्रधान सम्पादक शर्माले संयुक्त रूपमा गाडीको चाबी हस्तान्तरण गरेका छन् । 'कान्तिपुर प्रकाशन सुरु भएदेखि नै पत्रिका बिक्री गर्न सुरु गरेको हुँ,' गाडीको चाबी बुझेपछि मैनालीले भने ।



# नेपालको विद्युत्मा लगानीबारे कोरियामा छलफल

■ गोकुलशोकर तामाङ (दक्षिण कोरिया)

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ दक्षिण कोरिया आइपुगेका छन् । दक्षिण कोरियाको राजधानी सोलदेखि २६८ किलोमिटर दक्षिणको ख्वांजु सहरमा बुधबारदेखि सुरु भएको अन्तर्राष्ट्रिय विद्युतीय सम्मेलन (विक्सपो) २०१९ मा भाग लिन उनी यहाँ आएका हुन् ।

कोरिया इलेक्ट्रोनिक पावर कर्पोरेसनको आयोजनामा भइरहेको विक्सपो तीन दिनसम्म चल्नेछ । घिसिङले नेपालको विद्युतीय क्षेत्रमा लगानी गर्न चाहने विभिन्न संस्थाका प्रतिनिधिसँग छलफल गर्नेछन् ।

विश्वभरिकै विद्युतीय क्षेत्रमा भइरहेको प्रगति र समस्याबारे छलफल गर्न विगत पाँच वर्षदेखि विक्सपो भइरहेको छ । डिजिटल प्लाटफर्म भन्ने मुख्य नारा रहेको यस पटकको सम्मेलनमा विश्वका विद्युतीय क्षेत्रमा काम गर्ने संस्थाहरूको सहभागिता रहेको छ । नेपालको विद्युत् क्षेत्रमा कोरियामा रहेका निजी कम्पनीहरू इच्छुक भएको कोरियामै विगत ६ वर्षदेखि काम गरिरहेका विद्युतीय इन्जिनियर कुसाङ शेर्पाले बताए । 'नेपालको जलस्रोतमा लगानी गर्न सक्ने धेरै कम्पनी छन् । विभिन्न चरणमा छलफल भइरहेको छ । अहिले कोरियामा रहेको प्राधिकरणको टोलीसँग पनि छलफल हुन्छ,' उनले भने ।


LUBRICANT INDUSTRY
DISTRIBUTOR WANTED

Akson Oiltech Private Limited, a leading manufacturer of Lubricant in India having presence in local and export market is looking to appoint Distributor.

AKSON™

Please Contact +91 9769555081
Email: info@aksonoil.com for further details.


नेपाल वायुसेवा निगम

# दिनहुँको घाटालाई ढाकछोप गर्दै

बुधबार पत्रकार सम्मेलनमा निगमका कार्यकारी अध्यक्ष मदन खरेललगायत । *तस्बिर : कान्तिपुर*

काठमाडौं (कास)- नेपाल वायुसेवा निगमका कार्यकारी अध्यक्ष मदन खरेलले नेपाल वायुसेवा निगमले गत भदौमा सुरु गरेको जापानको ओसाका उडानलाई 'घाटाको योजना' भन्न नमिल्ने दाबी गरेका छन् । जब कि गत भदौमा साताको ३ वटा काठमाडौं-ओसाका उडान भर्ने वाइडबडीलाई घाटा भएकै कारण असोजबाट साताको २ वटामा सीमित गरिएको छ ।

'अहिले यात्रुको चाप बढेको छ, ओसाका उडान फाइदामा जाने निश्चित छ,' निगमले गरेको पत्रकार सम्मेलनमा बुधबार खरेलले भने, 'ओसाकापछि नारिता उडानका लागि यही महिनाभित्र आवश्यक कागजी प्रक्रिया पूरा हुनेछ अनि हामी सिधै फाइदामा जानेछौं ।' तर, ओसाका उडानको यात्रु चाप, अनुपात र सिधै देखिएको घाटाबारे कार्यकारी अध्यक्षले केही बताउन चाहेनन् । निगमको अर्थ विभागका एक कर्मचारीका अनुसार पछिल्लो महिनामा 'घाटैघाटा रहेको सेक्टरका रूपमा काठमाडौं-ओसाका-काठमाडौं' लाई लिने गरिएको छ । नेपाल वायुसेवाको प्रणालीमा गरिएको सुधार र बजेट किफायतीका कारण पछिल्लो केही महिनामा मात्रै ५८ करोड रुपैयाँ बचत हुन पुगेको दाबी गर्दै खरेलले यसैबाट निगमले तिर्नुपर्नेमध्ये जरुरी ३३ करोड रुपैयाँ (ओभरड्राफ्ट) चुक्ता भएको जानकारी दिए । तर, जेजस्तै बचत र सुधारिएको अवस्था भए पनि निगमले तत्काल वाइडबडी खरिदको किस्ता रकम तिर्न नसक्ने बताउँदै उनले यसका लागि सरकारको 'सदाशयता' आवश्यक रहेको बताए । निगम अर्थ विभागका निर्देशक उमेश पौडेलका अनुसार निगममा 'फन्ड क्राइसिस' स्वाभाविक रूपमा देखिएको र यस्तो ठूलो कम्पनीमा निश्चित रकम 'सञ्चिति' अवस्थामा राख्नुपर्ने भएकाले पनि बचतमा रहेको पैसा किस्ता तिर्नमा खर्च गर्न सकिने अवस्था छैन ।

वाइडबडीको अहिलेसम्म एउटै किस्ता तिर्न नसकेको निगमले सरकारसँग किस्ता तिर्नेका लागि फेरि २० अर्ब रुपैयाँ मागेको छ । २७४ सिट क्षमताको वाइडबडीमा अहिले चलेकै सिजनमा पनि ५७ प्रतिशत 'अक्युपेन्सी' देखिएको छ र यो अवस्थामा पनि ओसाका सेवामा प्रतिउडान ५० लाख रुपैयाँ औसतमा निमलाई घाटा भइरहेको देखिन्छ । यो 'अक्युपेन्सी' अनुपात गत भदौमा १८ प्रतिशत मात्रै थियो । स्रोतका अनुसार निगमले आगामी मार्चदेखि ओसाका उडान बन्द गरेर नारितामा सेवा थाल्दै छ ।

## अर्थ संक्षेप

### बीओकेका ग्राहकलाई छुट

काठमाडौं (कास)- बैंक अफ काठमान्डुले विराटनगरस्थित जनरल हस्पिटल एन्ड ट्रमा केयर सेन्टरसँग बैंकका ग्राहकहरूले उपचारमा कार्डमार्फत १५५ रुपैयाँसम्म छुट प्राप्त गर्ने सम्बन्धमा बुधबार सम्झौता गरेको छ । बैंकका अमर राजभण्डारी र हस्पिटलका जयप्रकाश रायले सम्झौता पत्रमा हस्ताक्षर गरेका थिए ।

### दराजको सेल डे घोषणा

काठमाडौं (कास)- अनलाइन सपिङ साइट दराजले ११.११ एकदिने सेल डे घोषणा गरेको छ । संसारकै सबैभन्दा ठूलो सेल डे दाबी गर्दै कार्तिक २५ गते (नोभेम्बर ११) को मध्यरातबाट सुरु हुने घोषणा गरेको हो । ३ लाखभन्दा बढी सामानहरू आकर्षक छुटमा लिएर आउने जनाइएको छ । ४ लाखभन्दा बढी प्रयोगकर्ताहरूको सहभागिता हुने अनुमान गरिएको छ । 'नोभेम्बर ११ को दिन चीनमा सिंगल्स डे भनेर त्यस दिन मनाइन्थ्यो,' विज्ञप्तिमा भनिएको छ, 'तर, अलिबबाले २००९ मा आफ्नो सपिङ प्लेटफर्म टी मलमा भारी छुट दिने भनेर ११.११ को आयोजना गरेदेखि सबै बदलियो ।' यो मेगा सेल अहिले विश्वव्यापी रूपमा एक मनोरञ्जनात्मक सेल डेका रूपमा अलिबाबासँग व्यापार गर्ने सम्बन्धित देशहरूमा आयोजना हुने गरेको छ ।

### ग्लोबलको नयाँ शाखा

काठमाडौं (कास)- ग्लोबल आईएमई बैंकले बुधबार ओखलढुंगा, सिद्धिचरण नगरपालिका-११ मा नयाँ शाखा सञ्चालनमा ल्याएको छ । ग्लोबल आईएमई बैंकले सबै क्षेत्र र वर्गसम्म बैंकिङ सेवाको पहुँच पुऱ्याउने उद्देश्यले शाखा सञ्चालनमा ल्याएको जनाएको छ ।

### सनराइजको ऋणपत्र जारी

काठमाडौं (कास)- सनराइज बैंक लिमिटेडले ३ अर्ब रुपैयाँ बराबरको ऋणपत्र बुधबारदेखि निष्कासन गरेको छ । निष्कासन छिट्टोमा कात्तिक २४ गते र ढिलोमा मंसिर १९ गतेसम्म खुला रहने बैंकले जनाएको छ । सिद्धार्थ क्यापिटल लिमिटेड निष्कासन तथा बिक्री प्रबन्धक रहेको यस ऋणपत्र नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण हुनुका साथै विभिन्न बैंक तथा वित्तीय संस्थाबाट धितो राखी कर्जा समेत लिन सकिने बैंकले जनाएको छ ।

## नेपाल स्टक एक्सचेन्ज

२० कात्तिक २०७६ को कारोबार

| कम्पनीको नाम | अघिल्लो दिनको मूल्य | अन्तिम मूल्य | कारोबार संख्या | फरक |
|---|---|---|---|---|
| आँधीखोला लघुवित्त | ४१९ | ४१८ | २१९७ | -१ |
| कृषि विकास बैंक | ४१६ | ४१५ | १६७५४ | -१ |
| आंखुखोला जलविद्युत | ५३ | ५४ | ९० | १ |
| अपी पावर कम्पनी | १०९ | १०८ | १९७३० | -१ |
| अरूण कावेली पावर | १२९ | १२९ | १७२ | ० |
| अरूणभ्याली हाइड्रोपावर | ९७ | ९४ | २६६० | -३ |
| आशा लघुवित्त | ३९० | ३९० | ९५० | ० |
| एसियन लाइफ इन्स्योरेन्स | ३१३ | ३११ | ७९० | -२ |
| बैंक अफ काठमाडौं लि. | २२६ | २२७ | ८३८१ | १ |
| बेस्ट फाइनान्स | ९२ | ९२ | १८० | ० |
| बुटवल पावर कम्पनी | ३६९ | ३७० | १२८४ | १ |
| सेन्चुरी कमर्सियल बैंक | १५८ | १५७ | ५४११ | -१ |
| छिमेक लघुवित्त विकास बैंक | ९६४ | ९६९ | ७९५ | ५ |
| चिलिमे हाइड्रोपावर | ४५८ | ४५१ | ८४५२ | -७ |
| सिटिजन बैंक इन्टरनेशनल | १९२ | १९१ | ७७४५ | -१ |
| सिटिजन इन्भेष्टमेन्ट ट्रष्ट | १७७५ | १७६५ | ७७० | -१० |
| सिटिजन म्युचुअल फन्ड | ८.८० | ८.७१ | २२०० | -०.०९ |
| सिटि एक्सप्रेस फाइनान्स | १०४ | १०३ | २००० | -१ |
| सिभिल बैंक | १४२ | १४० | ५४०७ | -२ |
| सिभिल लघुवित्त वित्तीय संस्था | ४७० | ४६३ | ४६ | -७ |
| डिप्रोक्स लघुवित्त वित्तीय संस्था | ७१६ | ७३० | १३६१ | १४ |
| देव विकास बैंक | १२४ | १२४ | ४७२७ | ० |
| दिव्येश्वरी हाइड्रोपावर | ४९ | ४९ | १० | ० |
| एभरेष्ट बैंक लि. | ५५७ | ५६१ | ७७१० | ४ |
| एभरेष्ट इन्स्योरेन्स | २२४ | २२१ | १५१० | -३ |
| एक्सेल डेपलपमेन्ट बैंक लि. | २६२ | २६० | ८३६० | -२ |
| फस्ट माइक्रोफाइनान्स | ३१२ | ३१० | १५७८ | -२ |
| फरवार्ड कम्युनिटी माइक्रोफाइनान्स | १३२७ | १३२० | ६१९ | -७ |
| गणपति माइक्रोफाइनान्स | ४६० | ४५४ | ६९५ | -६ |
| गरिमा विकास बैंक | २२४ | २२३ | ५०३४ | -१ |
| घोडीघोडा लघुवित्त | ३२९ | ३३५ | १० | ६ |
| गोलोबल आइएमइ लघुवित्त वित्तीय | ८७० | ८७० | २९४७ | ० |
| गोलोबल आइएमइ समुनत | ७.८१ | ७.९४ | २४६७४ | ०.१३ |
| गुडविल फाइनान्स | १३७ | १३२ | २७८४ | -५ |
| ग्रामीण विकास लघुवित्त | ३१० | ३०७ | ३४५५ | -३ |
| ग्रीन डेभ. बैंक | १०४ | १०३ | २५४ | -१ |
| गुहेश्वरी मर्चेन्ट बैंक एन्ड फाइनान्स | ११३ | ११५ | ३६ | २ |
| गुराँस लघुवित्त वि. संस्था | ४१९ | ४२२ | ३५५ | ३ |
| गुराँस लाइफ इन्स्योरेन्स | ३५० | ३६४ | ५०६९ | १४ |
| गुर्खाज फाइनान्स | ११० | १११ | ११७३ | १ |
| हिमालयन ऊर्जा विकास क. | १०२ | १०३ | १९० | १ |
| हिमालयन बैंक | ४९२ | ४८५ | ६०७३ | -७ |
| हिमालय डिष्टिलरी | १५३९ | १५२५ | १३१८ | -१४ |
| हिमालयन जनरल इन्स्योरेन्स | २६६ | २६२ | ३२७ | -४ |
| हिमालयन पावर पार्टनर | १३८ | १३९ | ७० | १ |
| आईसीएफसी फाइनान्स लि. | १६० | १६० | १४० | ० |
| आईएमई जनरल इन्स्योरेन्स | २८७ | २८८ | १९८ | १ |
| इन्फिनिटी लघुवित्त | ४३९ | ४४७ | ३६२८ | ८ |
| जानकी फाइनान्स | १९५ | १९२ | ३५५१ | -३ |
| जोशी हाइड्रोपावर | ५८ | ६० | ३२० | २ |
| ज्योति विकास बैंक | १५८ | १५६ | ३१२६ | -२ |
| ज्योति विकास बैंक प्र. सेयर | ११३ | ११३ | १९३०४ | ० |
| कामना सेवा विकास बैंक | १४३ | १४४ | ११७९ | १ |
| खानीखोला हाइड्रोपावर | ५६ | ५६ | १५८ | ० |
| कुमारी बैंक लि. | १८२ | १८१ | १०४५७ | -१ |
| लक्ष्मी बैंक | २२० | २२० | १८६९६ | ० |
| लक्ष्मी लघुवित्त वित्तीय संस्था | ६५८ | ६६० | ५७९ | २ |
| लाइफ इन्स्योरेन्स | ९९० | ९९२ | ६० | २ |
| लुम्बिनी विकास बैंक | १७३ | १७२ | ८९५३ | -१ |
| लुम्बिनी जनरल इन्स्योरेन्स | ३१६ | ३१५ | ५०९७ | -१ |
| माछापुच्छ्रे बैंक लि. | २२९ | २२५ | २२०८४ | -४ |
| महालक्ष्मी विकास बैंक | १९५.३७ | १८७ | ३९४७ | -८.३७ |
| महिला सहयात्रा माइक्रोफाइनान्स | ४५८ | ४६४ | १३७ | ६ |
| महुली सामुदायिक लघुवित्त | ८५५ | ८५५ | ११ | ० |
| मन्जुश्री फाइनान्स | १२७ | १२७ | १०८० | ० |
| मेगा बैंक | १८७ | १८७ | २६५९८ | ० |
| मेरो माइक्रोफाइनान्स | ४३२.३१ | ४३४ | ३३०० | १.६९ |
| मितेरी डेभलपमेन्ट बैंक | २३८ | २४० | २५ | २ |
| मिथीला लघुवित्तीय वित्तीय संस्था | ४२४ | ४१७ | ८३ | -७ |
| माउन्टेन हाइड्रो नेपाल | ७७ | ७६ | ३८० | -१ |
| मुक्तिनाथ विकास बैंक | ३१६ | ३१८ | ८७५३ | २ |
| मल्टिप्रपोज फाइनान्स | १०१ | ९८ | ४८० | -३ |
| नबिल बैंक | ७७० | ७६८ | १३४९३ | -२ |
| नबिल इक्विटी फन्ड | ७.६७ | ७.७५ | ४१९९ | ०.०८ |
| नेडेप लघुवित्त | ३९१ | ३९१ | ८० | ० |
| नेशनल हाइड्रोपावर | ५१ | ५३ | ३०० | २ |
| नेशनल लाइफ इन्स्योरेन्स | ४३१ | ४३६ | १० | ५ |
| नेशनल माइक्रोफाइनान्स | १७१० | १७१० | ९७ | ० |
| नयाँ नेपाल लघुवित्त विकास बैंक लि. | ४३५ | ४६० | ६६४३ | २५ |
| नेको इन्स्योरेन्स | ३७७ | ३७७ | १५२२ | ० |
| नेपाल बंगलादेश बैंक लि. | २०६ | २०७ | १२८२१ | १ |
| नेपाल बैंक लि. | ३१५ | ३१४ | २०६५३ | -१ |
| नेपाल क्रेडिट एन्ड कमर्स बैंक | २०६ | २०७ | ४२७०७ | १ |
| नेपाल दूरसञ्चार | ६२४ | ६१७ | १५५० | -७ |
| नेपाल हाइड्रो डेभलपर्स लि. | ९६ | ९६ | १० | ० |
| नेपाल इन्स्योरेन्स | २६५ | २६० | ३०४२ | -५ |
| नेपाल इन्भेष्टमेन्ट बैंक | ४४४ | ४५० | ८७६९ | ६ |
| नेपाल इन्भेष्टमेन्ट बैंक प्र.से. | ४१० | ४२५ | ६३८५ | १५ |
| नेपाल लाइफ इन्स्योरेन्स क. लि. | ७९५ | ७९६ | ३२४७ | १ |
| नेपाल एसबीआई बैंक | ४०५ | ४०६ | ७७१ | १ |
| नेपाल सेवा लघुवित्त वित्तीय संस्था | ३७५ | ३७० | १० | -५ |
| नेरूडे लघुवित्त | ५१४ | ५०८ | ५७२ | -६ |
| न्याग्दी ग्रुप पावर | ९९ | ९८ | ९८० | -१ |
| एनआईबीएल प्रगति फन्ड | ६.६८ | ६.८१ | २५२५ | ०.१३ |
| एनआईबीएल सम्वृद्धि पन्ड १ | ९.४२ | ९.६१ | ५७६९ | ०.१९ |
| एनआईसी एसिया बैंक | ३९७ | ४०० | २०२१५ | ३ |
| एनआईसी एसिया ग्रोथ फन्ड | ९.०८ | ८.९० | २०० | -०.१८ |
| निर्धन उत्थान बैंक | ८६० | ८६५ | २०० | ५ |
| एनएलजी इन्स्योरेन्स | ५५० | ५४१ | २४० | -९ |
| एनएमबी माइक्रोफाइनान्स | ४८५ | ५०३ | २२ | १८ |
| ओरिन्टल होस्टेल लि. | ४७८ | ४६९ | ६२ | -९ |
| पञ्चकन्या माई हाइड्रोपावर | ८६ | ८५ | ४० | -१ |
| पाँचथर पावर क. | ९७ | ९७ | ४७० | ० |
| पोखरा फाइनान्स | १३४ | १३३ | २४५ | -१ |
| प्रभु बैंक | २६७ | २६६ | १६४१५१ | -१ |
| प्रभु इन्स्योरेन्स | ३१२ | ३१० | १२०१ | -२ |
| प्रिमियर इन्स्योरेन्स | ३६१ | ३६० | १२९० | -१ |
| प्राइम कमर्सियल बैंक | २६० | २६३ | ५६५९ | ३ |
| प्राइम लाइफ इन्स्योरेन्स | ३१० | ३१६ | १९३० | ६ |
| प्रुडुन्सियल इन्स्योरेन्स कं. लि. | ४२७ | ४३९ | १११० | १२ |
| राधी विद्युत कम्पनी | १३३ | १३० | ८० | -३ |
| राइराङ हाइड्रोपावर | १०१ | १०१ | १२० | ० |

कुल कारोबार मूल्य : २०६,२५३,८४७ कारोबार संख्या : ३,९८६
सेयर संख्या : ७५०,०३३ नेप्से : १,१३८.०२ (-१.४४)


## नेपाल इन्जिनियरिङ कलेजको शैक्षिक सत्र २०७६ मा भर्ना भएका विद्यार्थीहरूको कक्षा संचालन सम्बन्धी अत्यन्त जरुरी सूचना

यस नेपाल इन्जिनियरिङ कलेजको शैक्षिक सत्र २०७६ मा विभिन्न कार्यक्रमहरूमा भर्ना भएका विद्यार्थीहरूको नियमित कक्षाहरु आगामी **मिति २०७६ कार्तिक २४ गते आइतबार** देखि संचालन हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**पुनश्चः** नेपाल इन्जिनियरिङ कलेजको शैक्षिक सत्र २०७६ मा B.E. Electronics & Communication/ B.E. Electrical & Electronics मा केही सिटहरु खालि रहेकोले भर्ना हुन इच्छुक विद्यार्थीहरूले निम्न ठेगानामा सम्पर्क गर्न आह्वान गरिन्छ ।

**बस रुट तथा अन्य जानकारीको लागि www.nec.edu.np मा हेर्न पनि सूचित गरिन्छ ।**

कलेज प्रशासन जि.प्र.का. भक्तपुर द.नं. ५५२/२०६०

**नेपाल इन्जिनियरिङ कलेज**
(पोखरा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)
चाँगुनारायण-४, भक्तपुर, पो.ब.नं. १०२१०, काठमाण्डौ
फोन नं. ०१-५२२१००६, ०१-५२२१००१, मोबाइल नं.: ९८४१३४४९१९, ९८४१६६९६८४



## काठमाडौं विश्वविद्यालय
**शिलबन्दी बोलपत्र (Tender) को सूचना**
(प्रथम पटक प्रकाशित मिति २०७६/०७/२१)

**यस विश्वविद्यालय, स्कूल अफ ईन्जिनियरिङ्ग,** ENEP-RENP II Project **को लागि** Biogas Test Plant (BTP-2) standard Setup **गर्नुपर्ने हुँदा इच्छुक रजिष्टर्ड फर्म / कम्पनीहरुले विश्वविद्यालयको** website, www.ku.edu.np **मा उल्लेख गरिए बमोजिमको कागजातहरु संलग्न राखी २०७६/०७/२१ मा प्रथम पटक कान्तिपुर दैनिक पत्रिकामा प्रकाशित भएको मितिले १० दिन भित्र यस विश्वविद्यालयमा गोप्य शिलबन्दि बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बोलपत्र फाराम रु.१०००/- (एकहजार) पछि फिर्ता नहुने गरी नेपाल इन्भेष्टमेण्ट बैंक बनेपा शाखा, काभ्रेमा रहेको यस विश्वविद्यालयको खाता ब.हि.नं. ००५०१०३०२५०००९ मा जम्मा गरेको सक्कल भौचर संलग्न साथ, केन्द्रिय कार्यालय धुलिखेलबाट लिन सकिने छ ।**

**रजिष्ट्रार**
**काठमाडौं विश्वविद्यालय, धुलिखेल, काभ्रे**



## सिलबन्दी दरभाउको सूचना

यस कम्पनीको लागि छपाइ, प्रचार प्रसारका सामाग्रीहरू तथा फ्लेक्स प्रिन्ट सम्बन्धि कार्य गर्न आवश्यक भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त आधिकारिक आपूर्तिकर्ताहरूबाट मात्र यो सिलबन्दी दरभाउ आह्वान गरिएको छ । यस दरभाउका साथ कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि, कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र पेश गर्नुपर्ने छ । यस दरभाउको फारम www.crs.org.np बाट डाउनलोड गरी प्राप्तगर्न सकिनेछ ।

- दरभाउ बुझाउने अन्तिम मितिः२०७६ मंसिर ११ गते दिनको १२:०० बजे सम्म बुझाइ सक्नु पर्नेछ ।
- सामान बुझाउने स्थानः यस कम्पनीको केन्द्रीय गोदाम घर, बसाहामाडी, हेटौडा

सिलबन्दी दरभाउ बुझाउने ठेगाना

**नेपाल सि आर एस कम्पनी**
सिआरएस चोक, टोखारोड, महादेवटार, गोंगबु, काठमाडौं ।
फोन नं. ०१-४३६२०९७



# प्रतिबद्धता

यस नेपाल पुनर्बीमा कम्पनी लिमिटेड आफ्नो कार्यकालको **पाँचौ वर्ष** पूरा गरी सफलतापूर्वक **छैठौं बर्ष**मा प्रवेश गरेको सुखद अवसरमा कम्पनीलाई निरन्तर प्राप्त सहयोग, सुझाव एवं मार्ग निर्देशनप्रति नेपाल सरकार, अर्थ मन्त्रालय, बीमा समिति तथा अन्य नियामक निकाय, शेयरधनी एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बीमक, पुनर्बीमक, पुनर्बीमा दलाल लगायत सम्बन्धित सबैप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं ।

यसै अवसरमा स्वदेशी आवश्यकता एवं अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक पुनर्बीमा व्यवसाय गर्दै कम्पनीले आफ्नो उद्देश्य अनुरुपको कार्य सम्पादन गरी सेवारत रहने प्रतिबद्धता व्यक्त गर्दछौं ।

**नेपाल पुनर्बीमा कम्पनी लिमिटेड**
Nepal Re-Insurance Co.Ltd. (Nepal Re.)
(नेपाल सरकारको स्वामित्वमा स्थापित)
सेन्ट्रल बिजनेस पार्क, ५ औं तल्ला, थापाथली, काठमाण्डौं,
फोन: ०१-४२१८४५८, फ्याक्स: ०१-४१०१५९३,
इमेल: nepalre@ntc.net.np,वेब: www.nepalre.com.np



Enhancing Access to Justice through Institutional Reform Project

(Date of publication: 07 November 2019)

**Request for Proposal (RFP)**

**Enhancing Access to Justice through Institutional Reform Project (A2J Project)** call sealed bids offer from legally registered and authorize firm/company for the ***'Study on effectiveness of awareness raising activities of A2J project 2018 - 2019'.***

**Eligibility Criteria**

1. Meeting of all requirements as per TOR
2. Meeting of all legal requirements as per RFP documents
3. Should be able to deliver task in a stipulated time.

**How to submit bid:**

1. The bid document will be available at below contact address through **10:00 hrs on Thursday, 07 November 2019** until **17:00 hrs on Wednesday, 20 November 2019** upon a request in writing: -

***Contact Address:***

***Enhancing Access to Justice through Institutional Reform Project (A2J Project) Babarmahal, Kathmandu, Nepal Tel: 977-01-4238303, 01-4238309*** or, the potential service providers always have facility of downloading document from website directly.
**Web link: http://www.np.undp.org/content/nepal/en/home/operations/procurement.html**

2. The Bid must be prepared in line with the **TOR** provided and submitted to the above address not later than **17:00 hrs on Thursday, 21 November 2019.**

***Note: A2J Project reserves all rights to accept or reject the bids for whatsoever reason.***

# सिंगापुरका गोर्खा प्रहरीमाथि विभेद

■ **होम कार्की** (काठमाडौं)

ब्रिटिस गोर्खा भूतपूर्व सैनिक संगठन (बिगेसो) ले बेलायत र सिंगापुर सरकारबाट नेपाली गोर्खा प्रहरीमाथि विभेद भइरहेको भन्दै नेपाल सरकारलाई औपचारिक जानकारी गराएको छ। संगठनका पदाधिकारीले बुधबार परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीलाई १६ बुँदे ज्ञापनपत्र बुझाएका छन्।

'हामीमाथि ब्रिटिस र सिंगापुर सरकारले ठूलो विभेद गरिरहेका छन्। यसबारे सरकारलाई पहिलोपटक औपचारिक जानकारी गराइएको हो', बिगेसो-सिंगापुर विभागका प्रमुख पलबहादुर घर्तीले कान्तिपुरसित भने। सिंगापुरले गोर्खा प्रहरीलाई सन् १९४७ देखि भर्ती गर्न थालेको हो। तर यो भर्ती बेलायत, भारत र नेपालबीचको त्रिपक्षीय सम्झौताअनुसार हुँदै आएको छ। सिंगापुरले नेपालसँग छुट्टै सम्झौता गरेको छैन।

बिगोसोले त्रिपक्षीय सम्झौता खारेजीको माग गरेको छ। 'सिंगापुर गोर्खा प्रहरीमा कार्यरत हामी गोर्खा को हौं ? हाम्रो पहिचान के हो ? हामीप्रति को उत्तरदायी छ, बेलायत वा सिंगापुर ?' घर्तीले भने, 'यसमा नेपालको भूमिका के हो ? अब प्रस्ट हुनुपर्ने समय आएको छ।' हाल सिंगापुरमा झन्डै २ हजार नेपाली रहेको 'गोर्खा कन्टिजेन्ट' छ। तिनको तलब, सेवासुविधा सिंगापुर नागरिकको भन्दा निकै कम छ। न्यूनतम तलब एक हजार डलर छ। 'सिंगापुरमा निरन्तर भइरहने जातीय दंगा, हत्याहिंसा, आतंकवादी नियन्त्रण गर्न गोर्खा प्रहरीलाई नै अगाडि सारिन्छ', उनले भने, 'तर, तलब र अन्य सेवासुविधामा ठूलो विभेद छ।'

**हटाउन माग गर्दै बिगेसोले सरकारलाई बुझायो १६ बुँदे ज्ञापन**

गोर्खा प्रहरीका पत्नी र त्यहाँ उच्च शिक्षा अध्ययन गरिसकेका सन्तानलाई काम गर्ने अधिकार दिइएको छैन। 'हामीलाई साढे १७ देखि ४५ वर्ष उमेरसम्म सेवा गर्न दिइन्छ। यो अवधिमा परिवारलाई लैजान पाइन्छ। तर, क्षमताअनुसार श्रीमती र सन्तानहरूलाई बाहिर काम गर्न बन्देज छ,' घर्तीले भने, 'सिंगापुर सरकारसँग कुरा राख्दा हाम्रो अध्यागमन नीति नै यस्तै छ भन्छन्।'

अवकाशपछिको पेन्सन सुविधामा पनि विभेद छ। प्रहरीका एकल महिलालाई पेन्सन दिइँदैन। 'श्रीमान्को मृत्युपछि श्रीमतीले पेन्सन पाउने गरेका छैनन्,' घर्तीले भने, 'सेवा अवधिमै दुर्घटनामा परी सख्त घाइते भएका वा गम्भीर रूपमा अस्वस्थ भई घर फर्कनुपरेकालाई पेन्सन र उचित क्षतिपूर्ति छैन।' प्रहरीका परिवारलाई नेपालमा ब्रिटिस-गोर्खा कल्याणकारी कोषमार्फत दिइँदै आएको स्वास्थ्य सेवासमेत पर्याप्त नरहेको बिगेसोले जनाएको छ।

'हाम्रा सन्तानले सिंगापुरमा चाहेको शैक्षिक अध्ययन गर्न पाउँदैनन्। नेपाली नागरिकता नभएका अन्य नेपाली मूलकै महिलासँग पनि विवाह गर्न पाइँदैन' घर्तीले भने। परराष्ट्रमन्त्री ज्ञवालीले बिगेसीले उठाएका विषयलाई गम्भीरतापूर्वक लिएको बताए। 'सिंगापुर प्रहरीमा कार्यरत नेपालीका विषयलाई चासोपूर्वक हेरेका छौं,' उनले बिगेसोका ज्ञापनपत्र बुझ्दै भने।

## 'बेलायतले गोर्खाको मानव अधिकार उल्लंघन गऱ्यो'

काठमाडौं (कास)- पूर्वब्रिटिस गोर्खा सैनिकहरूले बेलायत सरकारबाट आफूहरूको मानव अधिकार उल्लंघन भएको ठहर गर्दै सम्बोधन गर्न मागसहित मंगलबार काठमाडौं घोषणापत्र जारी गरेका छन्।

राजधानीमा दुई दिन चलेको भेलाले सन् १९४७ को त्रिपक्षीय सम्झौताका आडमा आफूहरूमाथि अन्यायपूर्ण र अन्तर्राष्ट्रिय कानुनविपरीत व्यवहार भएको ठहर गरेको हो। नेपाल, भारत र बेलायत सरकारबीचको सम्झौतामा नेपाली युवालाई बेलायती सैनिकमा भर्ती गरे पनि पैसा भने भारतीय सैनिकलाई सरह दिने उल्लेख छ। यस्तो अन्यायपूर्ण व्यवहारलाई सम्बोधन गर्ने कार्यदल बनाउन पूर्वगोर्खाले सरकारलाई आग्रह गरेका छन्।

बेलायतका लागि नेपाली राजदूत, ब्रिटिस रक्षामन्त्री र भूपू गोर्खा सैनिक संस्थाका प्रतिनिधि सम्मिलित प्राविधिक समितिको प्रतिवेदनले यसअघि नै पूर्वगोर्खा सैनिकमाथि भेदभाव भएको स्वीकार गरिसकेको छ। घोषणापत्रले त्यस प्रतिवेदनमाथि नेपाल र बेलायत सरकारबीच तत्काल संवाद सुरु गर्नुपर्ने माग राखेको छ।

**न्याय नपाए अन्तर्राष्ट्रिय अदालत जाने पूर्वगोर्खाको घोषणा**

दुवै विश्वयुद्ध र त्यसपछिका अन्य युद्धमा मारिएका, घाइते भएका, हराएका, कटौतीमा पारिएका र अन्यायपूर्वक बर्खास्त गरिएका भूपू सैनिकलाई न्याय दिलाउन दुवै देशले पहल नगरे अन्तर्राष्ट्रिय अदालतसम्म जाने संकल्प पनि सम्मेलनले गरेको छ।

'यी सबै उपायका बाबजुद ब्रिटिस सरकारले समस्याको समाधान गर्न इच्छा नदेखाए वा आनाकानी गरे,' घोषणापत्रमा भनिएको छ, 'भूपू सैनिकमाथिको भेदभाव र अन्यायविरुद्धको आन्दोलनलाई, अन्तर्राष्ट्रिय मानव अधिकार आन्दोलनका रूपमा विकास गरिनेछ।'

यसका लागि सम्मेलनले 'गोर्खा भूपू सैनिकहरूको न्यायका लागि अन्तर्राष्ट्रिय मानव अधिकार अभियान संयोजन समिति' गठन गर्ने संकल्प पनि पारित गरेको छ। सम्मेलनले विगतका युद्धमा मारिएका हजारौं गोर्खा सैनिकका परिवारलाई क्षतिपूर्ति दिनुपर्ने माग अघि सारेको छ। ब्रुनाईस्थित गोर्खा रिजर्भ युनिट र सिंगापुरस्थित सिंगापुर प्रहरीमा नियुक्त गरिएका प्रहरीमाथि ती निकायका व्यवस्थापनका नाममा ब्रिटिस सरकारले गरिरहेको अन्याय अन्त्य गर्नुपर्ने जनाइएको छ।

बेलायत सरकारले गोर्खा सैनिकका नाममा नेपाली युवा भर्ती गरी यी दुई देशलाई सैनिक उपलब्ध गराउँदै आएको छ जसबापत आउने रकमको ठूलो हिस्सा बेलायत सरकारले नै राख्ने गरेको छ। सम्मेलनले बेलायतको यो 'बिचौलिया' भूमिका तत्काल अन्त्य गरी सिंगापुर र ब्रुनाईमा सिधा सम्झौता गर्न नेपाल सरकारलाई भनेको हो। सम्मेलनले ब्रिटिस गोर्खा सैनिकको पेन्सन सिधै नेपाल राष्ट्र बैंकमा पठाउनुपर्ने माग पनि अघि सारेको छ।

## 'कामदारसित बिनास्वीकृति रकम नअसुल'

काठमाडौं (कास)- वैदेशिक रोजगार विभागले मलेसियामा रोजगारीका लागि पठाउने नाममा पूर्वस्वीकृतिलगायत प्रक्रिया पूरा नगरी स्वास्थ्य परीक्षण तथा 'इमिग्रेसन सेक्युरिटी क्लियरेन्स' का नाममा कामदारसँग रकम नअसुल्न निर्देशन दिएको छ।

श्रम कार्यालय ताहाचलबाट हालसम्म करिब १ हजार ८ सय जनाले मात्र पूर्वस्वीकृति लिएको तर मलेसिया पठाउने नाममा झन्डै एक लाखभन्दा बढी कामदारबाट अवैध रूपमा स्वास्थ्य परीक्षण तथा इमिग्रेसन सेक्युरिटी क्लियरेन्सका नाममा रकम असुल भइरहेको पाइएको उल्लेख गर्दै विभागले त्यसरी रकम असुल नगर्न निर्देशन दिएको हो।

विभागले मंगलबार सार्वजनिक सूचना जारी गरी वैदेशिक रोजगारीसँग सम्बन्धित प्रक्रिया पूरा नगरी विभिन्न बहानामा शुल्क लिनु अनुचित भएको बताएको छ। कुनै पनि व्यक्ति तथा संस्थालाई अनुचित कार्य नगर्न/नगराउनसमेत सचेत गराएको छ।

विभागले स्वास्थ्य परीक्षण तथा इमिग्रेसन सेक्युरिटी क्लियरेन्सका नाममा कामदारसँग लिइसकेको रकम फिर्ता गर्नसमेत सम्बन्धित म्यानपावर र स्वास्थ्य संस्थालाई निर्देशन दिएको छ। पूर्वस्वीकृति लिई विज्ञापन गरेर छनोट प्रक्रिया पूरा नगरेका कामदारलाई स्वास्थ्य परीक्षण, इमिग्रेसन सेक्युरिटी क्लियरेन्सलगायत प्रक्रियामा सहभागी गराउनु अनुचित हुनेसमेत सूचनामा उल्लेख छ।

विभागले मलेसिया जाने तयारीमा रहेका कामदारहरूलाई पूर्वस्वीकृतिबमोजिम विज्ञापन भई छनोट नहुँदासम्म स्वास्थ्य परीक्षण तथा इमिग्रेसन सेक्युरिटी क्लियरेन्सलगायत प्रक्रियामा सहभागी नहुनसमेत सूचित गरेको छ।

## दुर्गमको विद्यालयलाई सहयोग

काठमाडौं (कास)- भोजपुरको साल्पासिलिछो-५ को लक्ष्मी साल्पा आधारभूत विद्यालयलाई एभरेस्ट टाइम्सले सहयोग गरेको छ। काठमाडौं जोरपाटीमा आयोजित कार्यक्रममा टाइम्सका सम्पादक आइछिरिङ शेर्पाले उक्त विद्यालयका व्यवस्थापन समिति सदस्य निमा दाबा शेर्पालाई सहयोगको १ लाख २५ हजार रुपैयाँ हस्तान्तरण गरे। भोजपुर सदरमुकामबाट दुई दिनको पैदलपछि पुगिने साल्पासिलिछोको च्याक्सिलास्थित उक्त विद्यालयमा ८० विद्यार्थी छन्। सहयोगमा प्राप्त रकमले विद्यार्थीका लागि डेक्स-बेञ्च बनाउने जानकारी दाबाले दिए।


**कर्मचारी आवश्यकता**

एक प्रतिष्ठित सहकारी संस्थाको काठमाण्डौ स्थित सुविधा केन्द्रको लागि निम्न बमोजिमका कर्मचारीहरु आवश्यकता भएकोले आफ्नो बायोडाटा सहित १५ दिनभित्र कार्यालयमा सम्पर्क गर्नुहोला ।

| सि.न. | पद | संख्या | शैक्षिक योग्यता | तलब |
|---|---|---|---|---|
| १. | बजार प्रतिनिधि | १२ | SLC पास | १३०००/- |

◆ विशेष सुविधा : यस संस्थामा ६ महिना काम गरेपश्चात दुई पाङ्ग्रे सवारीको व्यवस्था यस संस्थाले गरिदिने छ ।

फोन नं. ०१-५१९९६२४, ०१-५१९९६२७
Email : pinnacle428@gmail.com

**शिलबन्दी (टेन्डर) आह्वान**

प्रथम पटक प्रकाशित मितिः २०७६ कार्तिक २१ गते

नेपाल मेडिकल कलेज (प्रा.) लि. को तपशिलमा उल्लेखित शाखा/वार्ड/विभागहरूको लागि आवश्यक पर्ने उपकरणहरू आंशिक वा पूर्ण रूपमा सप्लाई गर्न इच्छुक भ्याटमा दर्ता कम्पनी/फर्महरूबाट यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र उपकरणहरूको दररेट (**अङ्क र अक्षरमा/हस्त लिखित भएमा खारेज**) कम्पनीको प्रोफाइल/स्पेशिफिकेशन लगायत Catalogue सहितको छुट्टाछुट्टै बिस्तृत बिबरण सहित शिलबन्दी (टेन्डर) आह्वान गरिन्छ।

प्राप्त शिलबन्दी आंशिक वा पूर्ण रूपमा स्वीकृत गर्ने नगर्ने अधिकार यस (प्रा.) लि.मा सुरक्षित रहने छ। शिलबन्दी (टेन्डर) फारम बापतको छुट्टा छुट्टै रकम रू.२,०००/- (अक्षरुपी रू.दुई हजारमात्र) पछि फिर्ता नहुने गरी लेखा शाखामा जम्मा गरी शिलबन्दी (टेन्डर) फारम आपूर्ति शाखाबाट प्राप्त गर्न सकिन्छ। शिलबन्दी बोलपत्र मिति २०७६ मंसिर १२ गते बिहिबार शिलबन्दी टेन्डरवाला वा निजको अधिकार प्राप्त प्रतिनिधिहरूको (उपस्थित नभए पनि) रोहबरमा दिउँसो २:०० बजे यस (प्रा.) लि.को कार्यालयमा खोलिने छ। शिलबन्दी (टेन्डर) आह्वान फारम तथा अन्य बिस्तृत जानकारीको लागि यस प्रा.लि.को खरिद शाखामा सम्पर्क गर्न हुन अनुरोध छ।

| तपशिल | | | | | | |
|---|---|---|---|---|---|---|
| Radiology | Surgery | EYE | Urology | Haemodialysis | Dermatology | OT/ Anaesthesia |
| ENT | Orthopaedic | Neurosurgery | ICU / PICU / NICU | Cardiology | Laundry | Health Lab |
| Emergency | Mortuary Chamber | Anatomy | Biochemistry | Pathology | Physiology | Microbiology |

बिस्तृत जानकारीको लागि
**नेपाल मेडिकल कलेज (प्रा.) लि.**
आत्तरखेल, जोरपाटी, काठमाडौं
फोन नं. ४९११००८/४९१२००९ एक्सटेन्सन नः ५१८

**Vacancy Announcement**

**Modern Technical College** is one of the leading Health Science College, centrally located at Sanepa, Lalitpur; affiliated by the Pokhara University is looking for some young energetic, pleasant personality and motivated faculty members in the vacant post mentioned below.

| S.N. | Department | Position | No. | Qualification | Experience |
|---|---|---|---|---|---|
| 1 | Pharmacy | HOD | 1 | **M.Pharm / PhD** (Registered in Nepal Pharmacy Council) | Min 5 years of teaching experiences |
| 2 | Public Health | HOD | 1 | **MPH / PhD** (Registered in Nepal Health Professional Council) | Min 5 years of teaching experiences |
| 3 | Administration | Admin officer | 1 | Bachelor in related subject | Min 8 Years of experience in similar position |
| 4 | Finance | Finance officer | 1 | Bachelor in related subject | Min 3 Years of experience in similar position |
| 5 | Laboratory | Laboratory coordinator | 1 | **BSc. MLT** (Registered in Nepal Health Professional Council) | Min 8 Years of experience |
| 6 | B.Pharm | Lab Instructor | 1 | **B.Pharm** (Registered in Nepal Pharmacy Council) | Min 2 years experience |
| 7 | Administration | Admin assistant | | Bachelor in related subject | Min. 1 year experience in similar field |

All interested individuals who meet the minimum qualifications are encouraged to apply for these positions. Application with updated CV, cover letter, should be sent by email to **infomtc2010@gmail.com** by 5 pm on **Wednesday, 27th Kartik 2076**. Shortlisted candidates will be invited to participate in an interview and observation class.

**MODERN TECHNICAL COLLEGE**
Pokhara University Affiliated
Sanepa-2, Lalitpur, Ph: 01-5555630, 9848706066

**DAV SUSHIL KEDIA VISHWA BHARATI HIGHER SECONDARY SCHOOL**
Jawalakhel, Lalitpur

**VACANCY ANNOUNCEMENT**

We would like to invite applications from candidates with the flair for teaching, supportive academic records, excellent communication skills, having relevant experience and working knowledge of computer are required for the following post.

| S.N. | Posts | Level | Qualification | Experience |
|---|---|---|---|---|
| 1 | **English** | Secondary (SEE/CBSE) | Master's Degree in relevant subjects. Preference given to candidates with additional degree in Education. | 2-3 years of class room teaching experience. |
| 2 | **Nepali** | Secondary | Master's Degree in relevant subjects. Preference given to candidates with additional degree in Education. | 2-3 years of class room teaching experience. |
| 3 | **Sanskrit** | Lower Secondary | Bachelor's Degree in relevant subjects. Preference given to candidates with additional degree in Education. | 2-3 years of class room teaching experience. |
| 4 | **Grade Teachers** | Primary School | Bachelor's Degree in relevant subjects. Preference given to candidates with additional degree in Education. | 2-3 years of class room teaching experience. |

Interested and eligible applicants fulfilling the above-mentioned criteria are requested to submit the following documents to Human Resources Department or Email at **hr@davnepal.com** at the earliest.

**Curriculum Vitae | Citizenship | Identity Card Copy | Academic Certificate (Class X, XII, Bachelors' & Masters')**

Only shortlisted candidates will be contacted for the interview.

Human Resources & Administration Department
**DAV Sushil Kedia Vishwa Bharati Higher Secondary School**
Jawalakhel, Lalitpur

gef WWF

**VACANCY ANNOUNCEMENT**

WWF Nepal, the global conservation organization leading international efforts *for a living planet,* seeks applications from qualified Nepali candidates for the following full-time positions.

The WWF-GEF project, ***Integrated Landscape Management to Secure Nepal's Protected Areas and Critical Corridors Project*** is executed by the Ministry of Forests and Environment (MOFE), Government of Nepal. The project's geographic scope is the Terai Arc Landscape (TAL), Nepal. The five-year project's objective is to promote integrated landscape management to conserve globally significant forests and wildlife. Ultimately, the project will result in the reduction of threats impacting corridors and protected areas in TAL, benefitting the ecological integrity of these largely forested areas, the globally significant wildlife populations that they support, and building the resilience of forest dwelling communities. The improved conservation and sustainable management of forest resources will result in habitat connectivity, increased carbon storage and sequestration and restoration of degraded habitats and continued delivery of ecosystem services that support local populations.

If you think you are an achiever and willing to work within a diverse team in a multicultural environment with commitment and passion for what you believe in, you are highly encouraged to apply.

1. **Project Manager –** based in Kathmandu (** *This is a re-advertisement for the position of Project Manager published on 29th August 2019 and candidates who have previously applied need not apply.)*
2. **Senior Monitoring Evaluation and Learning Officer –** based in Banke
3. **Field Program Officer –** based in Banke
4. **Safeguards Officer –** based in Banke
5. **GESI Associate –** based in Banke
6. **Finance and Administration Associate -** based in Banke

Please visit our website for the detailed Terms of Reference of the above-mentioned positions. Interested applicants are requested to download the **application form** from the website mentioned below and send the same with an application letter to the **email address** also listed below by **17:00 hours** on **20th November 2019.** Please mention the position you are applying for in the subject line. Emails without an application letter and completed application form will not be entertained. Only shortlisted candidates will be informed.

**Website: http://www.wwfnepal.org**
**Email: hr@wwfnepal.org**

*WWF is an Equal Opportunity Employer.*
*Please join us in our mission to save life on Earth.*

Schweizerische Eidgenossenschaft / Confédération suisse / Confederazione Svizzera / Confederaziun svizra
Federal Department of Foreign Affairs FDFA
Swiss Agency for Development and Cooperation SDC
स्वीस सरकार विकास सहयोग एसडिसि

**कर्मचारीहरूको आवश्यकता**

वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित, उपलब्धिमूलक एवं शोषण रहित बनाउन नेपाल सरकार र स्वीस सरकारको द्विपक्षीय सम्झौता अनुसार सुरक्षित आप्रवासन परियोजना (सामी तेस्रो) ३९ जिल्लाका १५६ स्थानीय तहहरुमा लागु भएको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको नीतिगत नेतृत्व, प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको समन्वयमा स्थानीय तहहरुबाट कार्यक्रम कार्यान्वयन भईरहेको छ। कार्यक्रम संचालनमा हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको छ।

यसै सिलसिलामा प्रदेश १, २, गण्डकी र ५, कर्णाली, सुदुरपश्चिम गरी जम्मा ४ जना हलुका सवारी चालक आवश्यक भएकोले तपसील बमोजिमका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट सो पदका लागि आवेदन आह्वान गरिन्छ।

| | |
|---|---|
| परियोजनाको नाम | सुरक्षित आप्रवासन परियोजना |
| पद | सवारी चालक |
| कार्य अवधि | १५ सेप्टेम्बर २०२० (थप हुन सक्ने) |
| कार्य क्षेत्र | प्रदेश १, २, गण्डकी र ५, कर्णाली, सुदुरपश्चिम |
| संख्या | ४ जना |
| योग्यता तथा कार्य अनुभव | • न्युनतम् १० कक्षा उत्तिर्ण<br>• कम्तिमा ३ वर्ष विभिन्न पहाडी तथा तराई जिल्लाहरूमा सवारी चलाएको अनुभव भएको।<br>• हलुका सवारी चालक प्रमाण पत्र प्राप्त गरेको।<br>• डाक्टरद्वारा आँखा जाँच गरी सवारी साधन चलाउन योग्य भएको प्रमाण पत्र। |
| मुख्य जिम्मेवारीहरु | • कर्मचारी, सवारी साधन र अन्य सामाग्रीहरुको सुरक्षाको सम्पूर्ण जिम्मेवारी लिई सवारी चलाउने।<br>• हेल्भेटासको सवारी साधनको सम्पूर्ण नियमहरु पालन गर्ने।<br>• सवारी साधनको नियमित मर्मत तथा सम्भार (सर्भिसिङ्) तथा आवधिक जाँच (माइलेज, इन्धन खपत, मेसिनको अवस्था आदि) गरी सवारी साधनलाई सधैं राम्रो र गुड्ने अवस्थामा राख्ने।<br>• फिल्डमा जाँदा कर्मचारीहरुलाई आवश्यक सहयोग गर्ने। |
| तलब तथा अन्य सुविधा | हेल्भेटास नेपालको नियमानुसार |
| बुझाउनु पर्ने कागजातहरु | (१) निवेदन (२) नागरिकताको फोटोकपी (३) व्यक्तिगत विवरण (बायोडाटा) (४) शैक्षिक योग्यता तथा अनुभवको प्रमाण पत्रहरु (५) तालिमका प्रमाण पत्रहरु (६) आँखाको जाँच गरी सवारी साधन चलाउन योग्य भएको प्रमाण पत्रहरु |

माथि उल्लेखित योग्यता तथा कार्य अनुभव भएका इच्छुक आवेदकहरुले सामी/हेल्भेटास स्वीस ईन्टरकोअपरेसन नेपाल, धोबिघाट, ललितपुर, पो.ब.न. ६८८, काठमाडौंको कार्यालयमा वा इमेलः sami.np@helvetas.org मार्फत आवेदन दिन सक्नेछन्। स्थानीय बासिन्दालाई विशेष ग्राहयता दिइनेछ।

प्रारम्भिक छनौटमा पर्न सफल आवेदकहरूलाई मात्र परीक्षा र अन्तरवार्ताको लागि सम्पर्क गरिनेछ। कृपया टेलिफोनबाट कुनै पनि रुपमा सोधपुछ नगर्नुहोला। कुनै पनि आवेदन वा सम्पूर्ण आवेदनहरु अस्वीकार गर्ने अधिकार हेल्भेटास स्वीस ईन्टरकोअपरेशन नेपालमा सुरक्षित रहने छ। हेल्भेटास नेपालले कर्मचारीमा विविधताको प्रवर्द्धन गर्दछ र कर्मचारीको छनौटमा महिला उम्मेदवार तथा दलित, जनजाति, मधेसी/तराई, अन्य अल्पसंख्यक समुदायका उम्मेदवारहरु प्रति सकारात्मक विभेदको आधारमा विशेष ग्राह्यता प्रदान गर्दछ।

**आवेदन दिने अन्तिम मितिः २०७६/०८/०५ (नोभेम्बर २१, २०१९) गते सम्म**

# नियन्त्रणमा आएन लागूऔषध

परासी (कास)- जिल्ला प्रहरीको हिरासत कक्ष भरिभराउ छ । हिरासतका ५९ मध्ये ३३ जना लागूऔषध सेवन तथा ओसारपसारका रहेका छन् ।

सीमावर्ती ठुटीबारीमा लागू पदार्थको खुलेआम बिक्री हुने गरेको छ । अधिकांश ग्राहक युवकयुवती हुने गरेका छन् । सेवन र ओसारपसार आरोपमा उनीहरू पक्राउ पर्दै आएका छन् । मुलुकका विभिन्न जिल्लाबाट लागूऔषध सेवन र कारोवारका लागि यहाँ आउने गर्छन् । खुला सीमा भएकाले ओसारपसार बढेको हो । नेपाल र सशस्त्र प्रहरीका अधिकारी संयुक्त रूपमा निगरानी र जाँच गरिरहेको दावी गर्छन् । त्यसले स्थिति नियन्त्रणमा आएको देखिँदैन । यहाँ प्रतिबन्धित औषधि सीमावर्ती भारतीय बजारमा खुलेआम बिक्री गरिन्छ । ती औषधि खरिद गर्न काठमाडौं, पोखरादेखि युवा यहाँ आउँछन् ।

बर्दघाट-त्रिवेणी सडक खण्ड र पूर्वपश्चिम राजमार्गमा जाँच गर्दा लुकाइछिपाइ ल्याइएको लागूऔषध बरामद हुने गरेको हो । रूपन्देहीको बेलहिया नाकामा कडाइ गरेपछि यस्तो समूह पश्चिम नवलपरासीस्थित विभिन्न नाकामा केन्द्रित छ ।

# सम्झौताअगावै बने चार पुल

■ दुर्गालाल केसी (दाङ)

दाङको राप्ती नदीमा निर्धारित समयभन्दा पहिले नै बनेको ८६० मिटर लामो पुल । तस्विर : दुर्गालाल/कान्तिपुर

विकास निर्माणका काम समयमा सम्पन्न नभएका गुनासा आइरहेका बेला दाङमा चार ठूला मोटरेबल पुल तोकिएको समयभन्दा छिटो बनेका छन् । राप्ती गाउँपालिका-७ सिसहनिया र गढवा गाउँपालिका-६, महादेवा जोड्ने राप्ती नदीमाथि ८ सय ६० मिटर लम्बाइको पुल निर्धारित समयभन्दा आठ महिनाअघि बनेको छ । बर्दियाको कोठियाघाटस्थित कर्णाली नदीमाथिको पुल निर्माण पनि सम्झौतामा निर्धारित मितिभन्दा एक वर्षअघि सकिएको छ । उक्त पुल १ हजार १५ मिटर लामो छ । यी दुवै पुल अनक कन्स्ट्रक्सन प्रालिले बनाएको हो ।

राप्ती नदीको पुलको ठेक्का सम्झौतामा २०७७ असारसम्म सम्पन्न गरिसक्नुपर्ने समयसीमा थियो । ०७३ मंसिर २२ मा नेकपा अध्यक्ष पुष्पकमल दाहालले पुलको शिलान्यास गरेका थिए । त्यसयता निरन्तर काम गर्दा तीन वर्षमा निर्माण सम्पन्न भएको कम्पनीका इन्जिनियर सुदीप बस्यालले बताए । पुल निर्माणको काम सम्पन्न भएको र अब छेउमा पर्खाल लगाउन मात्रै बाँकी रहेको उनले बताए । 'आगामी माघसम्म पुल हस्तान्तरण गर्ने योजना छ,' उनले भने । १६ स्पान र १७ पिलर रहेको पुल एक अर्ब लगानीमा निर्माण भएको हो । साढे सात मिटर चौडाइमा गाडी गुड्न र दुवैतिर मानिस हिँड्न डेढ/डेढ मिटर फुटपाथ बनाइएको छ ।

तुलसीपुरको भोजपुर र टरिगाउँ जोड्ने दुई सय मिटरको पुल पनि सम्झौतामा निर्धारित मितिभन्दा एक वर्षअघि नै निर्माण सम्पन्न भएको थियो । रसुवा कन्स्ट्रक्सन कम्पनी प्रालिले ठेक्का लिएको उक्त पुलमा तीन वर्षदेखि गाडी गुडिरहेका छन् । ०७२ असारमा सम्झौता भएको पुल ०७५ असारसम्म सम्पन्न गर्नुपर्ने म्याद थियो । ०७४ असारमै सम्पन्न भएको थियो । चार स्पानको उक्त पुलमा २० करोड रुपैयाँ लगानी भएको छ ।

उक्त कम्पनीले नै ठेक्का पाएको ग्वार खोलाकै कपडादेवी-मानपुर जोड्ने दुई सय मिटरको पुल र घोराही-तुलसीपुर सडक खण्डमा पर्ने २ सय २० मिटरको पुल पनि सात महिनाअघि नै हस्तान्तरण गर्ने तयारी भएको छ । ०७४ असारमा सम्झौता भई ०७७ असारसम्म समयसीमा रहेकामा कपडादेवी-मानपुर पुलमा गाडी नै चल्न थालिसकेको छ भने घोराही-तुलसीपुर सडक खण्डमा निर्माणको अन्तिम चरणमा पुगेको छ । मंसिरमा दुवै पुल हस्तान्तरणको तयारी भएको कम्पनीका साइट इन्चार्ज सिनेटमान श्रेष्ठले बताए । चार स्पान रहेका दुवै पुलको संयुक्त लगानी ४४ करोड रुपैयाँ छ ।

**'म्याद थप्न बहानाबाजी'**

यति ठूला योजना छिटो निर्माण गर्न कसरी सम्भव छ ? 'कम्पनीको लगनशीलता, उपकरणको पर्याप्तता, जनशक्ति व्यवस्थापन र स्थानीय बासिन्दाको सहयोगले छिटो निर्माणमा सहयोग पुऱ्याउँछन्,' अनक कन्स्ट्रक्सनका इन्जिनियर बस्यालले भने, 'कामप्रति जवाफदेही हुन सक्ने हो भने ढिलाइ हुँदैन । हामीले दुवै पुल तोकिएको समयभन्दा पहिले नै तयार गऱ्यौं । कामप्रति इमानदार नभए यो सम्भव थिएन ।'

कतिपय स-साना योजना पनि वर्षौंसम्म अलपत्र परिरहेका हुन्छन् । उनीहरूले सामग्री अभाव भएको, समयमा भुक्तानी नपाएको, प्राविधिक कुरा नमिलेको जस्ता कारण देखाएर वर्षौंसम्म म्याद थपिरहेका हुन्छन् । यी सबै कुरा बहाना मात्रै भएको रसुवा कन्स्ट्रक्सनका व्यवस्थापक रामेश्वर रिजालले बताए । 'दाङमा सामग्री अभाव भएर काम रोकिएको छैन । कामप्रति कति बफादार हुने भन्ने कुरा नै महत्त्वपूर्ण हुन्छ,' उनले भने, 'कामलाई प्राथमिकता दिने हो भने कुनै पनि काममा ढिलाइ हुँदैन । कम्पनीको इज्जत सम्झेर काम गर्ने हो भने समयमै गर्न सकिन्छ ।' उपकरण, जनशक्ति र सीपयुक्त कम्पनी हुँदा कामलाई गति दिन सकिने उनको अनुभव छ । 'सामूहिक काममा गति चाहिन्छ । टिमवर्क राम्रो हुनुपर्छ । कम्पनीसँग सीपयुक्त जनशक्ति र उपकरण पर्याप्त हुनुपर्छ,' उनले भने, 'हामीसँग २५ जना नियमित काम गर्ने प्राविधिक सीपयुक्त जनशक्ति छ । अन्य श्रमिक स्थानीय गाउँबाटै लगाइन्छ । जनशक्ति परिचालनमा ध्यान दिन सक्दा पनि काम राम्रो हुन्छ ।'

**अधिकांश योजना अलपत्र**

अधिकांश पुल समयमै बन्न सकेका छैनन् । दाङमा एक स्पानका पुल पनि वर्षौंदेखि अलपत्र छन् । सडक डिभिजन कार्यालय घोराहीका निमित्त प्रमुख लीलाबहादुर भण्डारीका अनुसार ९९ प्रतिशत योजना समयमा बन्दैनन् । 'केही सानातिना बाटाघाटाबाहेक सबै योजना ढिला बन्ने गरेका छन् । अधिकांश योजना त अलपत्र छन्,' उनले भने, 'म्याद नथपी कुनै पनि योजना पूरा हुन सकेका छैनन् । जिल्लाका धेरै योजना समयमा नबन्दा जनतालाई सास्ती भएको छ ।'

स्थानीयको असहयोग, सामग्री आपूर्तिमा असहजता, निर्माण कम्पनीको लापरवाही, अक्षमता र सरकारी कार्यालयको निरन्तर निगरानी अभावजस्ता कारणले समयमा काम नहुने गरेको उनले बताए । 'अधिकांशमा निर्माण व्यवसायीको लापरवाही छ । काममा ढिलाइ गर्ने र भुक्तानी नपाएको भनेर गुनासो गर्ने चलन छ,' उनले भने, 'जति ताकेता गर्दा पनि कामले गति लिन सक्दैन । कारवाही गर्दा पनि उपलब्धि हुन सकिरहेको छैन ।'

## सशस्त्रका चारविरुद्ध मुद्दा

काठमाडौं (कास)- सशस्त्र प्रहरी बलका चार जनाविरुद्ध अख्तियारले बुधवार विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ । भन्सार तिरी भारतीय मालसामान ल्याएका सेवाग्राहीसँग २० हजार रुपैयाँ घूस लिई भ्रष्टाचार गरेको आरोपमा सशस्त्रको भजनी कैलालीका प्रहरी निरीक्षक रवीन्द्र कार्की, हवल्दार ज्ञानबहादुर चौधरी र जवान रतिराम चौधरीविरुद्ध मुद्दा दायर गरिएको हो । अख्तियारले ७ हजार घूस लिएको आरोपमा सशस्त्र प्रहरी बल बेसक्याम्प नवलपरासीका हवल्दार ज्ञानेन्द्रकुमार मौर्यविरुद्ध पनि मुद्दा दायर भएको छ ।


**हार्दिक श्रद्धाञ्जली**

जन्मः १९९५/०६/०६ | स्व. डम्बर कुमारी बाँनिया | स्वर्गारोहणः २०७६/०७/१०

हाम्रा परम मित्र श्री रामहरि बाँनियाकी ममतामयी आमा हेटौंडा उप म न पा १८ निवासी डम्बर कुमारी बाँनियाको ८२ बर्षको उमेरमा स्वर्गारोहण भएको १२ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी हार्दिक श्रद्धान्जली अर्पण गर्दछौं ।

टंक प्रसाद दुंगाना, नानीबाबु बस्नेत, मातृका प्रसाद खतिवडा, कुमार श्रेष्ठ, श्रीधर आचार्य, सुदिप ढकाल, लोक बहादुर सापकोटा, श्याम बहादुर खड्का, ईश्वरमान राई, राजेन्द्र श्रेष्ठ, सन्तोष पुडासैनी, लवराज भुजेल, रामहरि पाठक, रामकृष्ण थापा

**हार्दिक श्रद्धाञ्जली**

जन्म वि.सं. १९२०/०५/२७ | स्वर्गारोहण वि.सं. २०७६/०७/०९

**स्व. भूमा देवी जि.सी**

हाम्री ममतामयी पूजनीय माता नेपाल महिला संघ गाऊँ समिति (तत्कालिन शिव मन्दिर गा.वि.स) को पूर्व अध्यक्ष श्रीमती **भूमा देवी जि.सी** ज्यूको ८६ वर्षको उमेरमा असामायिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा उहाँको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडिमा हामी प्रति समवेदना तथा सहानुभूति व्यक्त गर्नुहुने सम्पूर्ण आफन्तजन, कुलकुटुम्ब, बन्धुबान्धव, इष्टमित्र तथा शुभेच्छुकहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं ।

छोरा/बुहारीहरु: लक्ष्मण जि.सी/तारा जि.सी, पूर्व वरिष्ठ उपरीक्षक राजेन्द्र जि.सी/किरण जि.सी, महेन्द्र जि.सी/गायत्री जि.सी, ईश्वर जि.सी/सरिता जि.सी, यज्ञ जि.सी/मुना जि.सी

छोरी: लक्ष्मी जि.सी

नाति/नातिनि/नातिनि बुहारी/नातिनि ज्वाईहरु: सुजाता के.सी/बिक्रम के.सी, चन्द्रा अधिकारी/राजु अधिकारी, सुरज जि.सी/शिला जि.सी, देवी जि.सी/भरत जि.सी, श्रृष्टी खरेल/सन्तोष खरेल, कविन्द्र जि.सी, साम्राज्ञी जि.सी, दया कार्की/दिपक कार्की, ई. दिवस जि.सी, ई. मल्लिका जि.सी, उत्सव जि.सी, केशव जि.सी, एन्जिला जि.सी, सारिका जि.सी, अनमोल जि.सी

भान्जा, भान्जी, भदाहा, भदैनी तथा समस्त जि.सी परिवार

"आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।
इन्द्रै बिन्ति गरुन भनुकेर पदमा त्यो बिन्ति मान्दैन त्यो ।।"

**हार्दिक श्रद्धाञ्जली**

जन्म : २०२५ श्रावण २० गते | स्वर्गारोहण : २०७६ कार्तिक ९ गते

**(स्व. कमला सुबेदी)**

संविधानसभा सदस्य एवं बाबियाखर्क साकोसकी सचिव **कमला सुबेदी**को ५१ वर्षको अल्पायुमै भएको असामयिक निधनले अत्यन्तै मर्माहत भएकाछौं । उहाँको भौतिक अवसानवाट यस संस्थाले कर्मठ अभिभावक गुमाउनु परेको छ भने नेपालले एक कुशल राजनीतिज्ञ गुमाउनु परेकोछ । दुःखको यस घडीमा शोकलाई शक्तिमा रुपान्तरण गरी उहाँका सपनालाई साकारपार्ने कार्यमा सफलता मिलोस भन्दै शोक सन्तप्त समस्त आफन्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं र दिवंगत आत्माको भगवद्धामप्राप्तिको प्रार्थना पूर्वक आज पर्नगएको १३ औं दिनको पुण्य तिथीमा भावपूर्ण श्रद्धा–सुमन समर्पण गर्दछौं ।

**बाबियाखर्क बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
का.म.पा. ३१, शान्तिनगर ॐ कारेश्वर, काठमाण्डौ

**हार्दिक श्रद्धाञ्जली**

जन्म वि.स १९४३/०४/१५ | स्वर्गारोहण वि.स २०७६/०६/०७

**स्व. बिष्णु माया खरेल**

यस गजुरी सामुदायिक बिकास समाजका कार्य समिती सदस्य श्री शिब शर्मा खरेलका ममतामयी माता स्व. बिष्णु माया खरेलको स्वर्गरोहण भएको आज ४५ औं दिनको पुण्यतिथीमा दिवंगत आत्माको चिर शान्तीको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौ र साथै यस दुखद घडीमा शोक सन्तप्त परिवारजन प्रति धैर्य धारणा गर्ने शक्ती प्रदान गरुन भनि इश्वर संग प्राथना गर्दछौ

**गजुरी सामुदायिक बिकास समाज परिवार**
**गजुरी-१, धादिङ्ग**

न जायते म्रियते वा कदाचिन् नायं भूत्वा भविता वा न भूयः । अजो नित्यः शाश्वतोऽयं पुराणो न हन्यते हन्यमाने शरीरे ॥

# हार्दिक श्रद्धाञ्जली

जन्मः २०२३ आश्विन १३ गते

स्वर्गारोहणः २०७६ कार्तिक ५ गते

## स्व. विनोद कुमार उलक

**मेरो सुपुत्र विनोद कुमार उलकको अल्पायुममै स्वर्गारोहण भएको १३औं दिनको पुण्यतिथिको अवसरमा हाम्रो परिवारमा भएको अपूरणीय क्षतिप्रति श्रद्धाञ्जली, समवेदना एवम् सान्त्वना प्रकट गर्नुहुने सम्पूर्ण महानुभावहरू एवं उपचारको क्रममा सहयोग पुऱ्याउनु हुने अखिल भारतीय आर्युविज्ञान संस्थान (AIIMS) का श्रद्धेय प्रो.डा. ललितकुमार सहित Institute Rotary Cancer Hospital (IRCH) को टोली, भारत नयाँदिल्लीस्थित सहयोग पुऱ्याउनु हुने नेपाली तथा भारतीय मित्रहरूमा म एवम् मेरो परिवारको तर्फबाट हार्दिक आभार तथा कृतज्ञता ज्ञापन गर्दछु ।**

**पिता**
चन्द्रप्रसाद उलक

**धर्मपत्नी**
सुनिता उलक

**छोरा/छोरी**
सृष्टि उलक
सृजल उलक

**दाजु/भाउजु**
विश्व/चन्द्रवदन उलक
गयाप्रसाद/सुनिता उलक
नरेन्द्र/रीता उलक
सुमन/प्रतिमा उलक

**फूपु/फूपाज्यू**
धनमाया/पन्नालाल प्रधानाङ्ग
पञ्चलक्ष्मी/विष्णु भक्त स्याउला

**बहिनी/ज्वाई**
निर्मला/लक्षण बहादुर श्रेष्ठ

**भतिजी/ज्वाई**
डा. रोशनी/डा. हृदयेशप्रताप मल्ल

**नातिनी**
हानल मल्ल

**भतिजा/बुहारी**
रोजन/सुकृति उलक,
अभिषेक/लीना उलक,
डा. अक्षता उलक,
अनिमेष उलक,
सुप्रिया उलक,
प्रशान्त उलक

**एवम् सम्पूर्ण उलक परिवार**

ekantipur.com

# खेलकुद

## बलियो सुरूआत

कीर्तिपुरमा बुधबार प्रथम श्रेणीको क्रिकेटमा नेपालले टस जितेपछि मेरिलेबोन क्रिकेट क्लबलाई ब्याटिङमा निम्त्याएको थियो । मेरिलेबोनले पहिलो दिन ८६ ओभरमा ६ विकेट गुमाई ३ सय ११ रन बनाएको छ ।

**प्रथम श्रेणीको क्रिकेट**

# एमसीसीको बलियो ब्याटिङ

■ **विनोद पाण्डे** (काठमाडौं)

त्रिवि मैदानमा बुधबार एमसीसीको विकेट लिएपछि नेपालका कप्तान ज्ञानेन्द्र मल्ल र शरद भेषावकर खुसी साट्दै । *तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर*

दशकपछि प्रथम श्रेणीको क्रिकेटमा पुनरागमन गरेको नेपालले पहिलो दिनको खेललाई भने त्यसअनुरुप स्मरणीय बनाउन सकेन । मेरिलेबोन क्रिकेट क्लब (एमसीसी) विरुद्ध त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा बुधबार तीनदिवसीय खेलमा ब्रिटिस टोलीले ब्याटिङबाट नेपालमाथि धावा बोलेको छ ।

नेपालले टस जितेपछि ब्याटिङमा आएको एमसीसीले ८६ ओभरमा ६ विकेट गुमाई ३ सय ११ रन बनाएको छ । खराब प्रकाशका कारण १० ओभरअगाडि नै पहिलो दिनको खेल रोकिन पुगेको थियो । पाकिस्तानका पूर्व टेस्ट खेलाडी यासिर अराफत ३५ रन बनाएर खेलिरहेका छन् । उनलाई एलेक्स थोम्सनले २२ रन बनाई साथ दिइरहेका छन् । यी दुईले सातौं विकेटमा अविजित ४७ रनको साझेदारी गरिरहेका छन् ।

विल रोड्सले ७३, माइल्स हमोन्डले ५२ र विलियम्स भानडेरस्परले ५३ रन बनाएपछि एमसीसीले पहिलो दिनको खेलमा प्रभाव जमाएको हो । कप्तान ज्ञानेन्द्र मल्लले बिहीबार नेपालले पुनरागमन गर्नसक्ने विश्वास लिएका छन् । 'भोलिको सत्रमा उनीहरूलाई चाँडोभन्दा चाँडो आउट गर्ने हाम्रो रणनीति रहन्छ,' ज्ञानेन्द्रले भने, 'बल पनि नयाँ नै छ, बिहानी सत्रमा उनीहरूलाई ३ सय ५० रनको लक्ष्य भित्र आउट गर्न सक्यो भने एकदम राम्रो हुन्छ । त्यसपछि हामीले ब्याटिङ पनि राम्रो गर्नुपर्छ ।'

बिली गोडलम्यानलाई सोमपाल कामीले १० रनमा आउट गरे पनि रोड्सले टिम वेस्ट्लीसँग दोस्रो विकेटमा ९५ रनको साझेदारी गरे । योर्कसायरका रोड्सको स्टम्स सोमपालले उडाइदिए । आउट हुनुअघि रोड्सले १ सय १० बल खेली १२ चौका प्रहार गरे । क्रिजमा टिकेर खेलेका वेस्ट्लीले १ सय २ बल खेल्दै ५ चौकासहित ३९ रन बनाए ।

हमोन्ड र भानडेरस्परले चौथो विकेटमा ५१ रनको साझेदारी गरे । सातौं बलरका रूपमा आएका अफ स्पिनर शरद भेषावकरले हमोन्डलाई बोल्ड गरी साझेदारी तोडे । वेस्ट् लीलाई पनि शरदले नै एलबीडब्लू आउट गरेका थिए । हमोन्डले ५८ बल खेली ८ चौका र १ छक्का प्रहार गरे ।

लेग स्पिनर सन्दीप लामिछानेले तेस्रो सत्रमा आएर मात्र विकेट पाए । उनको बलमा ज्ञानेन्द्रले पहिलो स्लिपमा चुस्त क्याच लिएपछि इड योड १७ रनमा पेभेलियन फर्के । भानडेरस्परको विकेट पनि सन्दीपले नै लिए । भानडेरस्परले ९६ बल खेली ८ चौका प्रहार गरे । आठ बलर प्रयोग गरेको नेपालबाट सोमपाल, शरद र सन्दीपले २-२ विकेट लिए ।

**'हामी सिक्दैछौं'**

प्लेइङ ११ मा परेका ९ नेपाली खेलाडीले प्रथम श्रेणीको क्रिकेटमा 'डेब्यु' गरे । नेपालले २००४-०५ मा खेलेको सबै चार प्रथम श्रेणीको क्रिकेट शरदले खेलेका थिए । सोमपाल कामीले श्रीलंकामा क्लब क्रिकेट खेल्नेक्रममा सन् २०१५ को डिसेम्बर र २०१६ को जनवरीमा सारासेन्स स्पोर्ट्स क्लबबाट दुई प्रथम श्रेणीको क्रिकेट खेलेका थिए । सोमपालसहित अन्य ९ जनाले नेपालबाट प्रथम श्रेणीमा 'डेब्यु' गरेका हुन् । नेपालले यसै खेलबाट १४ वर्षपछि प्रथम श्रेणीको क्रिकेटमा पुनरागमन गरेको हो । त्यसमा आफूहरूले मिश्रितखाले अनुभव बटुलेको कप्तान ज्ञानेन्द्र बताउँछन् । राष्ट्रिय टोलीबाट खेल्न लागेको १४ वर्षपछि ज्ञानेन्द्र पनि आफ्नो पहिलो प्रथम श्रेणीको क्रिकेट खेल्दै थिए ।

'खेलाडीहरूले राम्रै गरेका हुन् । बहुदिवसीय क्रिकेटका लागि हामी अझै अनुभवहीन छौं, सिकिरहेका छौं । पहिलो दिनको खेलमा यो स्कोरलाई राम्रै मान्नुपर्छ । ओपन फिल्ड भएकाले बाउन्ड्रीहरू पनि त्यत्तिकै आउने सम्भावना हुन्छ । यही कुरालाई हामीले निरन्तर दबाबमा राख्न सकेनौं, रन त्यही भएर अलिकति बढी गएको हो,' ज्ञानेन्द्रले तीनदिवसीय खेललाई लिएर भने, 'यसलाई हामीले अनुभवका रूपमा लिनुपर्छ । हाम्रो युवा खेलाडीलाई यस्तो लामो खाले क्रिकेटको अनुभव नै छैन, त्यस हिसाबमा यतिसम्मको स्कोर ठीकै हो ।' निवर्तमान कप्तान पारस खड्का, भेट्टान बलर वसन्त रेग्मीबिना खेलेकाले नेपाली टोली त्यसै पनि नौलो देखिएको थियो । त्यो मैदानमै देखिएको थियो । २ घण्टाको पहिलो सत्रमा नेपालले २८ ओभरमात्र फाल्न सकेको थियो । भोजनअगाडि प्रतिघण्टा १६ को औसतमा ३२ ओभर फाल्नुपर्ने थियो । तर तीव्र गतिका बलर सोमपाल कामी र करण केसी तथा मध्यम गतिका आरिफ शेखलाई नियमित बलिङ गर्न लगाउँदा नेपालले भोजनअगाडि नै ४ ओभर कम बलिङ गर्न पुगेको थियो । तीनदिवसीय क्रिकेटमा धेरैको पहिलो अनुभव रहेकाले खेलाडीहरू अलिक कन्फ्युज जस्तो देखिएको कप्तान ज्ञानेन्द्र स्वीकार्छन् । उनले भने, '३० यार्डको बाउन्ड्रीलाइन नहुने भएकाले कता बस्ने हो भनेर फिल्डरमात्र नभएर बलर पनि अन्योल देखिएका थिए । कहिले यसरी फिल्ड सजाइएको थिएन । फिल्डरहरू यता उता गर्नुपर्दा अप्ठेरो मानिरहे जस्तो देखिन्थे । पछि पछि उनीहरूले बल्ल बुझ्न लागे ।'

**तीन वर्षपछि क्यानको लोगो**

नेपाली क्रिकेट टोली ३ वर्षपछि क्यानको लोगो लगाएर मैदानमा उत्रिएको थियो । नेपाल क्रिकेट संघ (क्यान) लाई अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) ले २०७३ को वैशाखमा निलम्बन गरेको थियो । तर विश्व क्रिकेटको सर्वोच्च निकायले नेपाली क्रिकेट टोलीलाई अन्तर्राष्ट्रिय क्रिकेटमा भने खेल्न दिइरहेको थियो । नेपाली क्रिकेट टोलीले अन्तर्राष्ट्रिय प्रतियोगितामा खेलिरहे पनि निलम्बनका कारण क्यानको लोगो लगाएर खेलेको थिएन । यो अवधिमा राष्ट्रिय क्रिकेट टोलीले नेपालको झन्डामात्र लगाएर खेलिरहेको थियो । एमसीसीसँगको खेलमा कप्तान ज्ञानेन्द्र मल्ल क्यानको लोगो समावेश सेतो सर्ट लगाएर टसका लागि गएका थिए । उनीसँगै नेपाली टोली सोही किसिमको पोसाक लगाएर मैदानमा उत्रिएका थिए ।

## टिम्स कपलाई टिम छनोट

काठमाडौं (कास)- नेपालले एसीसी इमर्जिङ टिम्स कपका लागि ज्ञानेन्द्र मल्लको कप्तानीमा बुधबार टोली छनोट गरेको छ । बंगलादेशको कक्स बजार र ढाकामा नोभेम्बर १४-२३ सम्म हुने प्रतियोगिताका लागि नेपालले समूह चरणमा टेस्ट खेल्ने राष्ट्रद्वय भारत र बंगलादेशसहित हङकङसँग प्रतिस्पर्धा गर्नेछ । नेपाल समूह 'बी' मा छ ।

समूह 'ए' मा पाकिस्तान, श्रीलंका, अफगानिस्तान र ओमान छन् । ५० ओभरको यो प्रतियोगिताबाट समूहका शीर्ष दुई टोली सेमिफाइनल पुग्नेछन् । नेपालले नोभेम्बर १४ मा भारत, १६ मा हङकङ र १८ मा बंगलादेशसँग खेल्नेछ ।

टिम्स कप खेल्ने नेपाली टोलीमा उपकप्तान दीपेन्द्रसिंह ऐरी, शरद भेषावकर, सोमपाल कामी, करण केसी, विनोद भण्डारी, रोहितकुमार पौडेल, ललितनारायण राजवंशी, पवन सराफ, सन्दीप जोरा, सुसन भारी, इशान पाण्डे, आरिफ शेख, अविनाश बोहरा, कुशल भूर्तेल छन् । निवर्तमान कप्तान पारस खड्का र सन्दीप लामिछानेले भने टिम्स कप खेल्ने छैनन् ।

टिम म्यानेजरमा प्रशान्तविक्रम मल्ल, प्रमुख प्रशिक्षकमा उमेश पटवाल, सहायक प्रशिक्षकमा दीपेन्द्रप्रताप सिंह, भिडियो एनालिस्टमा रमन सिवाकोटी र फिजियोमा विक्रम न्यौपाने छन् ।

टिम्स कपको सेमिफाइनल र फाइनल मिरपुरको शेरे बंगला नेसनल क्रिकेट रंगशालामा हुनेछ । १५ सदस्यीय टोलीमा ११ खेलाडी २३ वर्षमुनिका हुनुपर्ने र ४ खेलाडी २३ वर्षमाथिको हुनुपर्ने प्रावधान छ ।

**महिला यू-१९ टोली चयन**

चीनको सांघाईमा हुने बेल्ट एन्ड रोड कप प्रतियोगिताका लागि नेपालले १४ सदस्यीय यू-१९ महिला क्रिकेटको अन्तिम टोलीको घोषणा गरेको छ । नोभेम्बर ९ देखि १६ सम्म हुने प्रतियोगिताका लागि नेपाली टोली शुक्रबार चीन लाग्नेछ । डली भट्टको कप्तानीमा रहने नेपाली यू-१९ टोलीमा कविता कुँवर (उपकप्तान), कृतिका मरासिनी, यशोदा विष्ट, सृष्टि जैसी, राजमती ऐरी, ईश्वरी विष्ट, लक्ष्मी साउद, खुशी डंगोल, गोमा आले, ज्योति दनुवार, नगिमा तामाङ, शैला रेग्मी क्षेत्री, ललिता राजवंशी छन् । हेलिशा लामा गुरुङ, पेमा लिम्बु शेर्पा र मनीषा रानालाई वैकल्पिकमा राखिएको छ । कलाम अली नेपाली यू-१९ महिला टोलीका प्रशिक्षक, सकुना दानी फिजियो र अमृता पौडेल व्यवस्थापक छन् । नोभेम्बर ११ मा थाइल्यान्डसँग खेलेर प्रतियोगिताको सुरु गर्ने नेपालले १२ मा साउदी अरेबिया र आयोजक चीनसँग तथा नोभेम्बर १४ मा मलेसिया र १५ मा म्यानमारसँग खेल्नेछ ।

इरानको तेहरानमा भएको एएफसी यू-१९ च्याम्पियनसिपको छनोटअन्तर्गत बुधबार भएको खेलमा यूएई र नेपालका खेलाडी (रातो) प्रतिस्पर्धा गर्दै । समूह 'डी' मा रहेको नेपालले उक्त ४-० ले गुमाएको छ । च्याम्पियनसिप २०२० मा उज्वेकिस्तानमा हुनेछ । *तस्बिर : एएफसी*

# आर्मी विजयी

वितामोड (कास)- विभागीय टोली त्रिभुवन आर्मी क्लब वितामोडमा जारी अन्नपूर्ण हाम्रो पूर्वाञ्चल गोल्डकप फुटबलको सेमिफाइनलमा पुगेको छ ।

पाहुना टोली मोलवे फुटबल क्लब आसामलाई २-० ले पराजित गर्दै आर्मीले अन्तिम चारमा स्थान बनाएको हो । डोमालाल राजवंशी रंगशालामा बुधबार आर्मीका टेकबहादुर बुढाथोकी र दीपक गुरुङले गोल गरे । टेकबहादुरले छैठौं मिनेटमा गोल गर्दै आर्मीलाई अग्रता दिलाएका थिए । रमेश भुजेलले पेनाल्टी बक्सभित्र मिलाइदिएको पासमा टेकबहादुरले वान टचमै गोल गरेका हुन् । दीपकले ७४ औं मिनेटमा गोल थप्दै आर्मीको जित सुनिश्चित गरेका थिए । मैदानको दायाँ साइडबाट दीपकले गरेको फ्रिकिक प्रहार आसामका गोलकिपर अल्बट हमारले नियन्त्रणमा लिन नसक्दा गोल हुन पुग्यो । आर्मीले आक्रामक फुटबल क्लबसँग शुक्रबार पहिलो सेमिफाइनलमा प्रतिस्पर्धा गर्नेछ ।

आर्मीले ५४ औं मिनेटमा गोल थप्न सकेन । टोलीका भगवान श्रेष्ठले गरेको प्रहार बारमा लागेर फर्किएको थियो । २० औं मिनेटमा रमेश भुजेलले पाएको राम्रो बल अफसाइडका कारण पोस्टको दिशा दिन सकेनन् । टंक बस्नेतले २५ औं मिनेटमा अघि बढाएको बल पोस्टमा प्रहार गर्न नसक्दा खेर गयो । भगवानको ४० औं मिनेटको प्रहार पनि बतासिएको थियो । टंकले नै ५० औं मिनेटमा बक्सभित्रबाट गरेको प्रहार फितलो भयो । आसामले पहिलो हाफमा आर्मीविरुद्ध कुनै आक्रमण बुन्न सकेन । ७० औं मिनेटमा लाल्मिङ्गलु भान्कलले गरेको प्रहार गोलकिपर विवश चौधरीको हातबाट फुल्किएको थियो । तर उक्त बललाई आसामकै इडवार्डले गरेको प्रहार सशक्त नहुँदा गोललाइनबाट आर्मी डिफेन्डरले क्लियर गरेका थिए ।

आसामका इमानुयल खोबुङले ५३ औं मिनेटमा गरेको फ्रिकिक प्रहार पोस्ट नजिकैबाट बाहिरिएको थियो । ६३ औं मिनेटमा आसामका लाल्मिङ् गलु भान्कलको प्रहार किपर विवशले पञ्च गरेर फर्काएपछि पुनः आसामकै इडवार्डको प्रहार गर्दा बल आकासिएको थियो । आर्मीका टेकबहादुर बुढाथोकी म्यान अफ द म्याच घोषित भए ।

## छोटकरी

**सुनौलो संगम विजयी**

रूपन्देही (कास)- सुनौलो संगम युवा क्लब देवीनगरले बुधबार ज्ञानबहादुर गुरुङ स्मृति चौथो सयपत्री गोल्डकप नकआउट फुटबलमा जित पाएको छ। सुनौलोले ५ नम्बर प्रदेश प्रहरी तालिम केन्द्रलाई १-० ले पराजित गऱ्यो। रामनगर खेलमैदानमा खेलको १३ औं मिनेटमा सुनौलोका रन्जित थापाको एकमात्र गोल निर्णायक बन्यो। खेलको अन्तिम समयमा प्रहरीले बराबरी अवसर चुकायो। पेनाल्टी प्रहारलाई सुनौलोका गोलकिपर युगल थापाले रोकिदिए। उनी म्यान अफ द म्याच भए। बिहीबार लिस्नु युवा क्लब र फर्साटिकर युवा क्लबबीच प्रतिस्पर्धा हुनेछ।

**वडा ७ विजयी**

काठमाडौं (कास)- नागार्जुन नगरपालिका वडा ७ 'बी' टिमले प्रथम मेयर कप फुटबल प्रतियोगितामा बुधबार वडा ९ 'ए' लाई ४-२ गोलले पराजित गरेको छ। हसनटार फुटबल मैदानमा विजेता टोलीका विशाल घलेले २ तथा सलिल घले र नवीन लामाले १-१ गोल गरे। नवीन म्यान अफ द म्याच चुनिए। अर्को खेलमा वडा १० ले वडा २ बाट वाकओभर पायो।

**कार्की जनकपुरसम्म दौड्ने**

काठमाडौं (कास)- लामो दूरीका धावक रामसुन्दर कार्की ललितपुरदेखि जनकपुरको रामजानकी मन्दिरसम्म दौड्ने भएका छन्। उनले मंसिर १२ गते गोदावरी नगरपालिका-१ स्थित गोदामचौरमा आफ्नै लगानीमा निर्माण गरेको हनुमान मन्दिर परिसरबाट दौड सुरु गर्नेछन्। चार दिनमा दौड पूरा गर्ने कार्कीको लक्ष्य छ। उनले एभरेस्ट, अन्नपूर्ण म्याराथन, अन्नपूर्ण ट्रेल रेस लगायत विभिन्न प्रतियोगितामा भाग लिइसकेका छन्।

**एलए टेनिस हुने**

काठमाडौं (कास)- लिटिल एन्जल्स स्कुल (एलए) को आयोजनामा १२ औं अन्तरस्कुल जुनियर खुला टेनिस प्रतियोगिता आइतबारदेखि सुरु हुँदै छ। आठदिने प्रतियोगितामा २ सय जति खेलाडीले भाग लिने एलएका टेनिस प्रशिक्षक रामेश्वर थापाले जनाएका छन्। यू-८, यू-९, यू-१०, यू-१२ र यू-१४ उमेरसमूहमा ब्वाइज/गर्ल्स सिंगल्समा प्रतिस्पर्धा हुनेछ। डबल्समा यू-१४ तर्फ खेल हुनेछ। खेल हात्तीवनस्थित एलएकै कोर्टमा हुनेछ।

# लिभरपुलको जित, बार्सा रोकियो

च्याम्पियन्स लिग फुटबल

तस्बिर : एपी

पेरिस (एएफपी)- जोर्गिन्होले पेनाल्टीमा दुई गोल गरेपछि चेल्सीले ४-१ ले पछाडि परेको स्थितिमा सुधार गर्दै ९ खेलाडीमा समेटिएको अयाक्सलाई मंगलबार च्याम्पियन्स लिगमा बराबरीमा रोकेको छ। डिफेन्डिङ च्याम्पियन लिभरपुलले साँघुरो जित निकाल्यो भने बार्सिलोनाले नसोचिएको रूपमा बराबरी खेल्यो।

बोरुसिया डर्टमन्डले पनि उत्कृष्ट पुनरागमन गर्दै इन्टर मिलानलाई हरायो भने भ्यालेन्सियाले महत्त्वपूर्ण सफलता हासिल गऱ्यो। तर, नाटकीय खेल स्टामफोर्ड ब्रिजमै भयो।

हाकिम जायेदले सिर्जना गरेको अवसरमा डोनी भान डे बिकले गोल गरेपछि अयाक्स दोस्रो हाफको १० मिनेटभित्रै ४-१ को अग्रता लिँदै सनसनीपूर्ण जिततर्फ अघि बढेको थियो। त्यसअघि ट्याम्मी अब्राहमको आत्मघाती गोलमा डच च्याम्पियनले दोस्रो मिनेटमै अग्रता लिए पनि जोर्गिन्होले पेनाल्टीमार्फत् बराबरी गरेका थिए। तर, क्विन्सी प्रोमेसको हेडर र केपा एरिजाबालागाको आत्मघाती गोलसँगै अयाक्सले ३-१ को अग्रता लिएको थियो। भान डे बिकले चौथो गोल गरे।

सिजर एस्पेलीकुएटाले नजिकबाट गोल गर्दै चेल्सीलाई २-४ को अवस्थामा पुऱ्याए। दोस्रो हाफ वास्तवमै रोमाञ्चक रहयो। चेल्सीले आशा देखायो। इटालियन रेफ्री जियानलुका रोचीले अयाक्सका डाले ब्लिन्ड र जोएल भल्टम्यानलाई पेनाल्टी क्षेत्रमा हातले बल छोएपछि रातो कार्ड देखाउँदै मैदानबाहिर पठाए। त्यसपछि जोर्गिन्होले पेनाल्टीलाई गोलमा परिणत गरे।

युवा खेलाडी रीस जेम्सले खेल ४-४ बनाए। एस्पेलीकुएटाको गोलमा चेल्सीले अग्रता लिएको सोचेको थियो तर त्यसलाई अब्राहमले हातले छोएकाले गोलको मान्यता दिइएन।

'म खेललाई बयान गर्न सक्दिनँ। खेलप्रतिको पागलपनलगायत सबै पक्षलाई फर्केर विश्लेषण गर्नुपर्छ। मेरो विचारमा हामी रमाइलो गराउन यहाँ थियौं र यहाँ भएका जसले पनि फुटबल कस्तो खेल हो भन्ने बताउने छ। अयाक्सलाई सम्मान गर्नुपर्छ। कस्तो सनसनी,' चेल्सीका व्यवस्थापक फ्रान्क लाम्पार्डले भने।

त्यस नतिजासँगै समूह 'एच' मा अयाक्स, चेल्सी र भ्यालेन्सियाको समान ७ अंक भएको छ। स्पेनी टिम भ्यालेन्सियाले पछाडि परेको स्थिति उल्टाएर लिलेलाई ४-१ ले हराएको थियो।

नाइजेरियन स्ट्राइकर भिक्टर ओसिमहेनले लिलेलाई पहिलो हाफमै अग्रता दिलाएका थिए। तर, ड्यानी पारेजोको पेनाल्टी गोलबाट भ्यालेन्सिया खेलमा फर्कियो र अन्तिम आठ मिनेटमा ३ गोल थप्यो। एडम सोउमारोको आत्मघाती गोलको सहयोग पाएको भ्यालेन्सियाका लागि जियोफ्री कोन्डोबिया र फेरान टोरेसले गोल गरे। हारसँगै लिले समूह चरणबाटै बाहिरिने पक्का भयो।

लिभरपुलले दुई साताअघि गेन्कमा ४-१ को जित हात पारेको थियो। त्यसैले उसले बेल्जियन टिमविरुद्ध सहज जित निकाल्ने अनुमान गरिएको थियो। एनफिल्डमा जर्जिनियो विज्नाल्डमले अग्रता पनि दिलाए।

लिभरपुलका डिभोक ओरेगीको प्रहार पञ्च गर्दै गेन्कका गोलरक्षक गेटन कुएके। अयाक्सविरुद्ध गोल गरेपछि चेल्सीका सिजर एस्पेलीकुएटा र जोर्गिन्हो।

व्यवस्थापक योर्गन क्लोपले प्रिमियर लिगमा म्यानचेस्टर सिटीविरुद्धको खेलअघि केही खेलाडीलाई आराम पनि दिएका थिए। यसले युरोपेली च्याम्पियनलाई पछाडि पाऱ्यो। तान्जानियन स्ट्राइकर एभवाना अली सामताले गेन्कलाई पहिलो हाफमै अग्रता दिलाएका थिए। जितका लागि एलेक्स ओक्सलेड-चेम्बरलिनले आकर्षक गोल गरे।

'योजना खेल जित्ने थियो र हामीले त्यो गऱ्यौं। त्यसैले काम पूरा भयो,' लिभरपुल व्यवस्थापक क्लोपले भने। लिभरपुल समूह 'एफ' मा नेपोलीभन्दा एक अंकको अग्रतासहित शीर्षस्थानमा छ। नेपोलीले साल्जबर्गविरुद्ध जित निकाल्न सकेको भए अन्तिम १६ मा स्थान सुरक्षित गर्ने थियो तर टोली १-१ को बराबरीमा रोकियो।

एर्लिङ हालान्डले पेनाल्टीमा सुरुमै गोल गरे। १९ वर्षीय उनले च्याम्पियन्स लिगमा यो सिजन सातौं गोल गरेका हुन्। त्यसैले साल्जबर्गले अग्रता लिएको थियो। तर, त्यसपछि हिरभिङ लोजानोले बराबरी गरे।

जर्मनीमा इन्टर मिलान पहिलो हाफमै २-० को अग्रता लिएर डर्टमन्डविरुद्ध लगातार दोस्रो जिततर्फ अग्रसर भएको थियो। लाउतानो मार्टिनेज र माटियस भेसिनोले गोल गरे। दोस्रो हाफमा डर्टमन्ड संघर्ष गर्दै खेलमा फर्कियो र आसरफ हाकिमीले दुई गोल गरे। जुलियन ब्रान्टले निर्णायक गोल गरेपछि डर्टमन्डले ३-२ को जित हात पाऱ्यो। यससँगै डर्टमन्ड समूह 'एफ' को दोस्रो स्थानमा रहयो। उसले इन्टरभन्दा ३ अंक बढी जोडेको छ भने बार्सिलोनाभन्दा १ अंक पछाडि छ। बार्सिलोनाले स्लाभिया प्रागविरुद्ध घरेलु मैदानमा गोलरहित नतिजा निकालेको थियो।

लियोनल मेसी आफ्नो करिअरकै एक उत्कृष्ट गोलनजिक पुगेका थिए तर पहिलो हाफमा उनको प्रहार पोस्टमा लाग्यो। बार्सिलोनाले च्याम्पियन्स लिगको घरेलु खेलमा ७ वर्षसम्म गोलविहीन हुनुपरेको थिएन। यो नतिजा लेभान्टेविरुद्ध नसोचिएको हार बेहोरेलगत्तै आएको हो। 'शनिबार वा आजको खेलमा हामी सन्तुष्ट हुन सक्दैनौं। टिमलाई निकै दबाब भएको हामीलाई थाह थियो। हामीले प्रतिक्रिया दिनुपर्छ,' बार्सिलोनाका प्रशिक्षक अर्नेस्टो भाल्भेर्डेले भने। आरबी लिप्जिगले समूह 'जी' मा जेनिथ सेन्ट पिटर्सबर्गमा २-० को जित रच्यो। त्यसमा डिएगो डेम्मे र मार्सेल साबित्जारले गोल गरे।

लियोनले बेन्फिकाविरुद्ध ३-१ को जित हासिल गऱ्यो। लिप्जिगभन्दा २ अंक पछाडि छ लियोन। लियोनका लागि जोचिम एन्डरसन, वेट्रान्ड ट्राओरे र मेम्फिस डिपेले गोल गरे। यो सिजनका चारै खेलमा मेम्फिसले गोल गरेका छन्। बेन्फिकाका लागि ह्यारिस सेफरोभिचले गोल फर्काएका थिए।

# महिला भलिबल सेन्ट्रल जोन खेल्न जाँदै

काठमाडौं (कास)- बंगलादेशको राजधानी ढाकामा हुने प्रथम एसियन सेन्ट्रल जोन महिला भलिबल च्याम्पियनसिप खेल्नका नेपाली टोली बिहीबार त्यसतर्फ जाने भएको छ।

सेन्ट्रल जोन शनिबार सुरु हुनेछ। प्रतियोगितामा नेपालसहित घरेलु टोली बंगलादेश, माल्दिभ्स, अफगानिस्तान र किर्गिस्तानले प्रतिस्पर्धा गर्नेछन्। नेपालले पहिलो खेलमा माल्दिभ्ससँग आइतबार खेल्नेछ। राउन्ड रोबिन लिग अनुसार शीर्ष दुई टिमले स्वर्ण पदकका लागि प्रतिस्पर्धा गर्नेछन्।

अरुणा शाहीको कप्तानीमा नेपालले सेन्ट्रल जोन खेल्न लागेको छ। दोस्रो खेलमा नेपालको प्रतिद्वन्द्वी अफगानिस्तान हुनेछ। यो खेल सोमबार हुनेछ। तेस्रो खेलमा मंगलबार नेपालले उपाधि दावेदार टिम किर्गिस्तानको सामना गर्नेछ। लिगको अन्तिम खेलमा नेपालले बंगलादेशसँग खेल्नेछ।

राखेपका सदस्य-सचिव रमेशकुमार सिलवालले सेन्ट्रल जोनको नतिजाले आसन्न सागको तयारीमा प्रभाव पार्ने भएकाले त्यसैअनुसार राम्रो प्रदर्शन खेलाडीलाई सुझाए। भलिबल संघका अध्यक्ष मनोरञ्जन रमण शर्माले भलिबललले राम्रो प्रदर्शन गरेर सबैलाई खुसी पार्ने भएकाले त्यसैअनुरुप खेल्न खेलाडीलाई निर्देश गरे।

एसियन सेन्ट्रल जोनमा भाग लिन जाने नेपाली महिला भलिबल टोली बुधबार बिदाइ कार्यक्रममा। *तस्बिर : ग्राफिक्स आर्ट्स*

# जेनिश र सुष्मा उत्कृष्ट बक्सर

काठमाडौं (कास)- पुरुषमा पोखराका जेनिश गुरुङ र महिलामा नक्सालकी सुष्मा तामाङ प्रथम यू-१९ राष्ट्रिय खुला बक्सिङ प्रतियोगितामा उत्कृष्ट बक्सर भएका छन्। बुधबार सम्पन्न प्रतियोगिताको पुरुषतर्फ ४९ केजीमा रबन ओलीले दाङका सुरज ओली, ५२ केजीमा कास्कीका सुरज गुरुङले दाङका रोहन मलिक, ५६ केजीमा पोखराका जेनिश गुरुङले पाल्पाका ज्ञानेन्द्र कमामु, ६० केजीमा दाङका अनिलकुमार पुन मगरले वाँकेका इन्द्रबहादुर सुनुवार, ६४ केजीमा कैलालीका सम्राट चौधरीले झापाका तोविन प्रधान, ६९ केजीमा कास्कीका निरज थापाले बक्समान्डुका मनीष भुजेल र ७५ केजीमा मकवानपुरका निश्चल विष्टले नक्सालका सम्पन्न तण्डुकारलाई पराजित गरी स्वर्ण जिते।

ललितपुर जिल्ला बक्सिङ संघद्वारा आयोजित प्रतियोगिताको महिला ४६-४८ केजीमा नक्सालकी सुष्माले बीएफसीकी रमिशा श्रेष्ठ, ४८-५२ केजीमा झापाकी नरिका राईले दमककी अनिशा कुमाल, ५१-५४ केजीमा एपीएफकी सन्जुमाया थिङले बीएफसीकी सुमिना खड्का, ५४-५७ केजीमा झापाकी सुस्मिता राईले नक्सालकी मुस्कान डंगोल, ५७-६० केजीमा बक्समान्डुकी डेकेन शेर्पाले पोखराकी अस्मिता बस्नेत तथा ६०-६४ केजीमा झापाकी तृष्णा जबेगुले बक्समान्डुकी हेमा राईलाई हराउँदै स्वर्ण जिते।

लगनखेलस्थित आर्मी तालिम केन्द्रमा भएको प्रतियोगिताको पुरुषमा पोखरा र महिलामा झापा टिम च्याम्पियन भए।





कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५९३५०००, फ्याक्स: ९७७-१-५९३५००१, email : kantip@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : सुधीर शर्मा

च्याम्पियन्स लिग
चेल्सीको सनसनीपूर्ण बराबरी । १६



काठमाडौंमा गोविन्दा
भन्छन्- 'नेपाली फिल्म इंग्लिस जस्ता' । ८

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

# कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक २५६ विराटनगर | २१ कात्तिक २०७६ बिहीबार कार्तिक शुक्लपक्ष दशमी | नेपाल संवत् ११४० | प्रदेश १ संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, November 7, 2019 | पृष्ठ १२+४ | १० रुपैयाँ

## प्रदेश २ मा आफ्नै 'गुप्तचर'

■ **अजित तिवारी** (जनकपुर)

संघले भन्दा अघि प्रहरी विधेयक ल्याएको प्रदेश २ सरकारले गुप्तचरसमेत नियुक्त गर्ने गरी छुट्टै अनुसन्धान ब्युरो गठन गर्न लागेको छ। यसका लागि आवश्यक विधेयकसमेत तयार पारेको छ। हाल मुख्यमन्त्री कार्यालयको विधान समितिमा पुगेको विधेयक छिट्टै प्रदेशसभामा दर्ता गराउने सरकारको योजना छ।

प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले तयार पारेको 'प्रदेश अनुसन्धान ब्युरोको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' कार्यव्यवस्था समितिबाट पास भइसकेको छ। आन्तरिक मामिलामन्त्री ज्ञानेन्द्र यादवले विधेयक प्रदेशसभामा दर्ता गराउने प्रक्रिया अघि बढाइएको बताए।

अनुसन्धान विज्ञ, अवकाश प्राप्त सुरक्षा अधिकारी र मन्त्रालयको कानुन शाखाको सुझाव-सल्लाहमा विधेयक तयार पारिएको उनको भनाइ छ। 'प्रदेश सरकारसँग सूचना संकलन गर्ने आफ्नै निकाय छैन,' उनले भने, 'अनुसन्धान ब्युरोले प्रदेश सरकारलाई आवश्यक सूचना संकलन गरेर दिनेछ।' विधान समितिबाट सुझावसहित विधेयक मन्त्रालयमा फिर्ता आउने र थपघट गरेर दर्ताका लागि प्रदेशसभामा पठाइने मन्त्रालयका कानुन उपसचिव अवधकिशोर कुशवाहाले जानकारी दिए। ब्युरो स्थापना गर्न प्रदेश मन्त्रिपरिषद् बैठकले आन्तरिक मामिला मन्त्रालयलाई अनुमति दिएको थियो।

संघीय सरकारमातहतको राष्ट्रिय अनुसन्धान विभागजस्तै प्रदेश सरकारले छुट्टै ब्युरो स्थापना गर्न लागेको हो। ब्युरोले पनि विभागकै कर्मचारीले जसरी काम गर्ने बताइएको छ। 'ब्युरोलाई राष्ट्रिय अनुसन्धान विभागझैं शक्तिशाली बनाइएको छ,' मन्त्री यादवले भने, 'ब्युरोको काम-कर्तव्य र दायित्व सबै विभागकै जस्तो हुनेछ।'

### भित्र

ललिता निवास प्रकरणका न्यायाधीशमाथिको छानबिन रोकियो

किशोरको सकुशल उद्धार, गोली प्रहारपछि अपहरणकारी पक्राउ

नेपाल बैंकका प्रबन्धकले गरे हिनामिना

प्रसूतिगृह भर्ना भइन् १२ वर्षीया गर्भवती

भारतको नयाँ नक्सालाई लिएर तीव्र विरोध भएपछि नेपालको प्रस्टीकरण

# 'कालापानी नेपालकै भूभाग हो'

कालापानी र लिपुलेकलगायत नेपाली भूमि भारतले आफ्नो नक्सामा पारेको विरोधमा प्रमुख प्रतिपक्षी कांग्रेसको भ्रातृ संगठन नेविसंघ र सत्तारूढ नेकपाको भ्रातृ संगठन अनेरास्ववियुले बुधबार राजधानीमा गरेको प्रदर्शन। *तस्बिर : कान्तिपुर*

■ **घनश्याम खड्का** (काठमाडौं)

भारतले हालै प्रकाशित आफ्नो नयाँ राजनीतिक नक्सामा कालापानी र लिपुलेक क्षेत्रलाई पुनः समावेश गरेकामा तीव्र विरोध भएपछि परराष्ट्र मन्त्रालयले बुधबार विज्ञप्ति जारी गर्दै ती भूभाग नेपालकै भएको जनाएको छ।

'कालापानी क्षेत्र नेपालको भूभाग हो भन्ने विषयमा नेपाल सरकार स्पष्ट छ,' विज्ञप्तिमा भनिएको छ। यद्यपि त्यसमा भारतीय नक्सा प्रति सोझै आपत्ति भने जनाइएको छैन, त्यसलाई लिएर प्रकाशित 'विभिन्न समाचार एवं टिप्पणीप्रति नेपाल सरकारको ध्यानाकर्षण भएको' मात्र उल्लेख छ।

भारतले जम्मु र कश्मीरलाई दुइटा छुट्टाछुट्टै केन्द्रशासित राज्यका रूपमा छुट्याएर जारी गरेको नयाँ नक्सामा कालापानीलाई विगतमा झैं आफ्नै भूभागभित्र पारेपछि नेपालभित्र तीव्र प्रतिक्रिया उत्पन्न भएको हो। सत्तारूढ र विपक्षी दुवै दलका विद्यार्थी संगठनहरूले भारतीय अतिक्रमणको विरोध गर्दै राजधानीमा प्रदर्शन गरेका छन्।

दार्चुलाको पश्चिमोत्तर कुनामा पर्ने सामरिक महत्त्वको कालापानी क्षेत्र ६ दशकदेखि भारतीय अर्धसैन्य बलको नियन्त्रणमा छ। परराष्ट्रको विज्ञप्तिमा उक्त भूभाग नेपालकै भएको हुनाले त्यसका सम्बन्धमा एकपक्षीय ढंगले गरिने कुनै पनि निर्णय मान्य नहुने उल्लेख छ।

'दुई देशबीच सुल्झाउन बाँकी रहेका सीमासम्बन्धी विषयहरू दुवै पक्षको आपसी सहमतिमा टुंग्याउनुपर्ने र एकपक्षीय ढंगबाट गरिने कुनै पनि निर्णय नेपाल सरकारलाई मान्य नहुने कुरा स्पष्ट छ,' परराष्ट्र मन्त्रालयले भनेको छ।

दोस्रोपटक चुनाव जितेको पाँच महिनाभित्रै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको सरकारले तयार पारेको नयाँ नक्सामा नेपालको भूभाग भारतीय क्षेत्रमा समावेश गरिएपछि त्यसको चौतर्फी विरोध सुरु भएको हो। बुधबार सत्तारूढ नेकपाको विद्यार्थी संगठन अनेरास्ववियु र प्रतिपक्षी कांग्रेससम्बद्ध नेविसंघले भारतीय नक्साको विरोध गर्दै छुट्टाछुट्टै प्रदर्शन गरेका छन्। ठूलो संख्यामा विरोधमा उत्रिएका विद्यार्थीले छातीमा 'कालापानी, लिपुलेक र लिम्पियाधुरा हाम्रै हो' भनी लेखिएको प्लेकार्ड टाँसी 'गो ब्याक इन्डिया' को नारा लगाएका थिए।

भूमिगत गतिविधि गरिरहेको नेत्रविक्रम चन्द समूहले पनि भारत सरकारको उक्त कदमलाई 'साम्राज्यवादी हमला' भन्दै विरोध गरेको छ। 'भारतले तत्काल उक्त साम्राज्यवादी नक्सा खारेज गरोस्,' उक्त समूहले बुधबारै विज्ञप्ति जारी गरी भनेको छ, 'अन्यथा पार्टीले राष्ट्रिय स्वाधीनताको आन्दोलन सञ्चालन गर्ने चेतावनी दिन चाहन्छ।'

विगतमा ठूलो राजनीतिक मुद्दाका रूपमा रहेको कालापानी प्रकरण पछिल्लो समय नेपाल-भारत द्विपक्षीय वार्ताको

- **कालापानीबारे प्रस्ट पार्न राज्यव्यवस्था समितिले प्रधानमन्त्रीलाई बोलायो**
- **भारतले हस्तक्षेप गर्न मिल्दैन, यसबारे मैले मोदीसँग कुरा गरिसकेको छु** : दाहाल

पृष्ठ २

कार्यसूचीमा चढ्न छाडेको छ। यद्यपि परराष्ट्रले 'सरकार नेपालको अन्तर्राष्ट्रिय सिमाना रक्षाका लागि प्रतिबद्ध रहेको र दुई मित्रराष्ट्रबीचको सीमा समस्याको समाधान ऐतिहासिक दस्तावेज एवं तथ्य प्रमाणका आधारमा कूटनीतिक माध्यमबाट हुनुपर्ने मान्यतामा दृढ रहेको' जनाएको छ।

कालापानी र लिपुलेकलगायत विवाद समाधान हुन बाँकी ठाउँहरूको सीमांकन गर्न परराष्ट्र मन्त्रीस्तरीय संयुक्त आयोग गठन भएको र आयोगका अघिल्ला बैठकले 'प्राविधिकहरूको सल्लाहमा दुवै देशका परराष्ट्र सचिवहरूले काम गर्ने गरी जिम्मेवारी दिइएको' पनि विज्ञप्तिमा उल्लेख छ। तर त्यसअनुरूप के-कति कार्य प्रगति भएको छ भन्नेबारे बताइएको छैन। बाँकी पृष्ठ २

## ६ दशकदेखिको अतिक्रमण

हालै सार्वजनिक नयाँ नक्सामा नेपाली भूमि कालापानी, लिम्पियाधुरा र लिपुलेकलाई भारतले आफ्नो भूभागभित्र गाभे पनि व्यवहारमा भने पहिलेदेखि नै यी भूभागमा कब्जा गर्दै आइरहेको छ। भारतले चीनसँगको युद्धपछि सन् १९६२ बाटै कालापानीमा स्थायी सैन्य शिविर खडा गरिआएको छ।

नापी विभागका अनुसार महाकाली नदीबारि पर्ने हुनाले कालापानी आफ्नो हुनुपर्छ भन्ने नेपालको अडान छ। भारतले भने कालापानी, लिम्पियाधुरा र लिपुलेक वरको खोलालाई काली नदी भन्दै त्यो भूभाग आफ्नो दाबी गर्दै आएको छ।

नापी विभागका सूचना अधिकारी दामोदर ढकालले पुराना नक्सा र प्रमाणका आधारमा खास नेपाली भूभाग कहाँसम्म हो भन्ने तथ्य प्रमाण चाहिएका खण्डमा परराष्ट्र मन्त्रालयलाई प्राविधिक सहयोग दिन सकिने अवस्थामा आफूहरू रहेको बताए।

नेपाल-भारत संयुक्त आयोगको सन् २०१४ काठमाडौंमा सम्पन्न तेस्रो बैठकले कालापानी र सुस्तामा जारी सीमा विवाद सुल्झाउने जिम्मा दुवै देशका परराष्ट्र सचिवहरूलाई दिएको थियो। तर हालसम्म सचिवस्तरीय बैठक बस्न सकेको छैन। नेपाल-भारत सम्बन्ध हेर्ने परराष्ट्रका अधिकारीले सीमा विवाद हेर्ने दुईपक्षीय संयन्त्रले गरेको कामबारे आफू 'अपडेट नभएको' जवाफ दिए। सन् २०१५ मे १५ मा भारत र चीनबीच लिपुलेक भन्ज्याङलाई दुई देशको व्यापारिक मार्ग बनाउने समझदारी भएपछि नेपाल-भारत सीमा विवाद केही समयका लागि बढेर गएको थियो। संसद् र सडकमा विरोध भए पनि नेपाल सरकारले आफ्नो भूभागमाथि एकपक्षीय रूपमा भारत र चीनले गरेको निर्णयको विरोध गर्न सकिरहेको छैन। बाँकी पृष्ठ २

# प्रमुख दलले टुंग्याए उम्मेदवारी

## नेकपा-कांग्रेस नै प्रतिस्पर्धी

■ **राजेश मिश्र** (काठमाडौं)

प्रतिनिधिसभाको एक र प्रदेशसभाका रिक्त तीन स्थानहरूमा मंसिर १४ गते हुने उपनिर्वाचनका लागि नेकपा र कांग्रेसले उम्मेदवारको टुंगो लगाएका छन्। समाजवादी पार्टी र राजपाबीच संयुक्त उम्मेदवारी दिने सहमति भएको छ। बिहीबार उम्मेदवारी दर्ताअघि उनीहरूले नाम टुंगो लगाउने छन्। भक्तपुरमा नेमकिपाले पनि बिहीबारै टुंगो लगाउने जानकारी दिएको छ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले बुधबार पत्रकार सम्मेलन गर्दै उम्मेदवारको मनोनयनपत्र दर्ता र अन्य तयारीहरू पूरा भइसकेको बताए। आयोगले उपनिर्वाचनमा १ सय १ वटा राजनीतिक दलले भाग लिन सक्ने जनाएको छ। ०७४ को स्थानीय, प्रदेश र प्रतिनिधिसभा निर्वाचनमा भाग लिएका दलले उपनिर्वाचनमा स्वतः भाग लिन पाउँछन्। त्यसबाहेक ०७४ को निर्वाचनपछि एकीकरण भएका र नयाँ गरी उपनिर्वाचनमा सहभागी हुन १६ दल दर्ता भएका छन्। उपनिर्वाचनमा प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका लागि ९५ तथा स्थानीय तहको निर्वाचनमा भाग लिनका लागि ७८ दल योग्य रहेको आयोगले जनाएको छ।

निर्वाचनमा भाग लिन पाउने दलको संख्या धेरै भए पनि अघिल्लो निर्वाचनको मत परिणामको तथ्यांक केलाउँदा उपनिर्वाचनमा पनि मुख्य दुई शक्ति नेकपा नेतृत्वको वाम गठबन्धन र कांग्रेसबीच नै प्रतिस्पर्धा हुने देखिन्छ। भक्तपुरमा भने नेमकिपा पनि प्रतिस्पर्धी हुन सक्छ। गत निर्वाचनमा तत्कालीन एमाले र माओवादी केन्द्र तथा राष्ट्रिय जनमोर्चा सम्मिलित वाम गठबन्धनले चुनावी तालमेल गरेर सबैतिर उम्मेदवारी दिएका थिए। त्यसमध्येका एमाले र माओवादी केन्द्र यतिबेला एकीकृत भएर नेकपा बनेको छ। दुई वर्षपछि हुन लागेको उपनिर्वाचनमा बलियो शक्तिका रूपमा अन्य दल उदाइसकेको अवस्था छैन।

तत्कालीन पर्यटनमन्त्री रवीन्द्रप्रसाद अधिकारीको हेलिकप्टर दुर्घटनामा निधन भएका कारण प्रतिनिधिसभाको कास्की २ मा उपनिर्वाचन हुँदै छ। नेकपाले अधिकारीकी पत्नी विद्या भट्टराईलाई उम्मेदवार बनाएको छ। कांग्रेसले खेमराज पौडेललाई उठाएको छ।

### कहाँ को ?

**प्रतिनिधिसभा**

**कास्की २**

विद्या भट्टराई (नेकपा)
खेमराज पौडेल (कांग्रेस)
रजनी केसी (साझा)
जमुना शर्मा (विवेकशील)

**प्रदेशसभा**

**भक्तपुर १ (क)**

देवीप्रसाद ढकाल (नेकपा)
कृष्ण भँडेल (कांग्रेस)
सुरज प्रधान (साझा)
(नेमकिपा टुंगिन बाँकी)

**बागलुङ २ (ख)**

खिमविक्रम शाही (राष्ट्रिय जनमोर्चा)
जित शेरचन (कांग्रेस)
सन्तोष भण्डारी (विवेकशील)

**दाङ ३ (ख)**

विमला वली (नेकपा)
केशव आचार्य (कांग्रेस)
शिव चौधरी (साझा)

अघिल्लो निर्वाचनमा अधिकारीले कांग्रेसका देवराज चालिसेलाई ८ हजार ५ सय ४६ मत अन्तरले पराजित गरेका थिए। अधिकारीले २७ हजार २ सय ७ र प्रतिस्पर्धी चालिसेले १८ हजार ६ सय ६१ मत प्राप्त गरेका थिए। तेस्रो स्थानमा रहेका विवेकशील साझा पार्टीका उम्मेदवार श्रीकृष्ण श्रेष्ठको ८ सय ४३ मत थियो।। यतिबेला विवेकशील र साझा छुट्टाछुट्टै दल बनेका छन्। विवेकशीलले जमुना शर्मा र साझा पार्टीले रजनी केसीलाई उम्मेदवार बनाएका छन्। संघीय समाजवादी फोरम नेपालका रत्न भट्टचनले ३ सय ४० र नयाँ शक्ति पार्टी नेपालका दीपक भण्डारीले २ सय ८३ मत ल्याएका थिए। उक्त दुई दल एकीकृत भएर अहिले समाजवादी पार्टी बनेको छ।

दुई वर्षअघिको भन्दा कास्की २ मा १ हजार २ सय २० मतदाता थपिएका छन्। अघिल्लो निर्वाचनमा ७० हजार ६ सय ५१ मतदातामध्ये ४९ हजार ९ सय १३ जनाले मतदान गरेका थिए। बाँकी पृष्ठ २

### खानेपानीको महसुल घट्यो

दमक (कास)- गौरादह खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले सौर्य सोलार प्लान्ट जडान गरेपछि उपभोक्ताले सस्तो मूल्यमा खानेपानी उपभोग गर्न पाएका छन्। मासिक न्यूनतम (८ युनिट) को १३० रुपैयाँ भुक्तानी गर्दै आएका गौरादहवासी चालु वर्षदेखि न्यूनतम १०५ रुपैयाँमै खानेपानी उपभोग गर्न पाएका हुन्। गौरादह खानेपानी उपभोक्ता समितिले गत साउनदेखि खानेपानीको महसुल घटाएको छ। प्रदेश १ सरकारको भौतिक पूर्वाधार मन्त्रालयको सहयोगमा खानेपानी आयोजनामा ८८ लाख ५७ हजार ९ सय रुपैयाँको लागतमा १४२ वटा सोलार प्यानल जडान गरेको उपभोक्ता समितिका सचिव डण्डिराज घिमिरेले जानकारी दिए। विद्युत् खपत नभएपछि अचेल मासिक ५० हजार रुपैयाँसम्म बचत हुने गरेको घिमिरेले बताए।

### गाँजा बेच्ने प्रहरी नियन्त्रणमा

विराटनगर (कास)- झापाको गौरीगन्ज गाउँपालिका ३ बाट लागूऔषध गाँजा बिक्री गर्न सक्रिय दुई जनालाई प्रहरीले पक्राउ गरेको छ। स्थानीय देवनारायण महतो र बुधलाल राजवंशीलाई पक्राउ गरिएको हो। उनीहरूले घरैबाट गाँजा बिक्री गर्ने गरेको प्रहरीको भनाइ छ। उनीहरूको साथबाट प्रहरीले करिब तीन किलो गाँजा र केही नगद बरामद गरेको छ।

### ६ विद्यार्थीलाई ७ लाख छात्रवृत्ति

ताप्लेजुङ (कास)- ग्रामीण शिक्षा तथा वातावरण विकास केन्द्र (रिड) नेपालले जिल्लाका ६ जना विद्यार्थीलाई ७ लाख रुपैयाँ छात्रवृत्ति प्रदान गरेको छ। ताप्लेजुङमा रहेको विश्वको तेस्रो अग्लो कञ्चनजंघा हिमालका पहिलो आरोही जर्जबेन्डको नाममा रहेको छात्रवृत्ति प्रदान गरिएको हो। उच्च शिक्षा अध्ययनका लागि दिइएको रकम सबैभन्दा बढी प्राविधिक विषयका विद्यार्थीलाई छ। रिड नेपालका प्रबन्धक राजेन्द्र पन्तका अनुसार आईएससीएजी अध्ययनरत सिरिजंघा ८ याम्फुदिनकी निशा गुरुङलाई २ लाख १६ हजार रुपैयाँ प्रदान गरिएको छ। एएनएम अध्ययनरत फक्ताङलुङ ६ लेलेपका छेतेनकिपा शेर्पा र लाक्पाफुटी शेर्पालाई जनही १ लाख ३२ हजारका दरले २ लाख ६४ हजार प्रदान गरिएको पन्तले बताए। व्यवस्थापन विषय अध्ययनरत तेञ्जिङ शेर्पा र विनम पाण्डेलाई ७२ हजारका दरले १ लाख ४४ हजार प्रदान गरिएको छ भने जेटिए पढ्दै गरेकी इखाबुकी नीता राईलाई ७२ हजार दिइएको छ।

### विद्युत्को बक्यौता असुली बढ्यो

विराटनगर (कास)- नेपाल विद्युत् प्राधिकरण विराटनगर शाखाले चालु वर्षको प्रथम चौमासिकमै गत वर्ष बराबरको बक्यौता असुल गरेको छ। विद्युत् प्राधिकरण विराटनगर वितरण केन्द्रका प्रमुख राजीव सिंहले ६० दिनभित्र बिजुलीको बिल नतिर्ने ग्राहकको लाइन काट्ने अभियान तीव्र पारेपछि महसुल असुलीमा वृद्धि भएको बताए। प्राधिकरणले कार्तिक महिनाको १९ गतेसम्ममा २ करोड २० लाख रुपैयाँ बक्यौता असुल गरेको प्रमुख सिंहले जानकारी दिए। प्राधिकरणले चालु वर्षमा चुहावट नियन्त्रणका साथै सेवा क्षेत्रभित्रको भोल्टेजलाई सुधार गर्ने, मिटर रिडिङ कार्यलाई थप व्यवस्थित बनाई डोर लक घटाउने र अनलाइन पेमेन्टको प्रतिशत बढाउने, कार्यालयलाई सेवाग्राहीमैत्री, डिजिटलाइज र पेपेर लेस बनाउँदै जाने तथा खरिद प्रक्रियालाई थप व्यवस्थित बनाउँदै सोझै खरिदलाई क्रमशः न्यूनीकरण गरी एस्क्यु र टेन्टरलाई प्राथमिकता दिने लक्ष्य लिएको थियो। प्राधिकरणले चालु वर्षको सुरुआतदेखि नै यो अभियान सुरु गरेको थियो। उक्त अभियानबाट साउनयता २ सय ८६ जना ग्राहको लाइन काटेको छ।

### जुवा खेल्ने १० पक्राउ

सुनसरी (कास)- जुवा खेलेको आरोपमा प्रहरीले धरान १४ विजयपुरस्थित मण्डप चोकको एक घरबाट बुधबार १० जनालाई पक्राउ गरेको छ। मण्डप चोकस्थित पशुपति चौधरीको घरमा जुवा खेलिरहेको सूचना पाएको आधारमा प्रहरीले छापा मारेको थियो। इलाका प्रहरी कार्यालय धरानका प्रहरी नायव उपरीक्षक ढुण्डीराज न्यौपानेका अनुसार छापामार्दा घरधनी पशुपति चौधरी आफैंले लंगुरबुर्जा खेलाइरहेको फेला परेका थिए। प्रहरीले खालबाट सोवित भुजेल, विकास राई, मनोज राई, सुशील विश्वकर्मा, शम्भु चौधरी, अर्जुन तामाङ, रविन बर्देवा, सन्दीप मगर र विकास राई पक्राउ गरी हिरासतमा लिएको छ। उनीहरूको साथबाट ८४ हजार १ सय रुपैयाँसहित लंगुरबुर्जा १ सेट, १९ बुक तास बरामद गरिएको प्रनाउ न्यौपानेले बताए।

# बन्दै नमुना विद्यालय

डेढ करोडका दरले बजेट पाएका जिल्लाका आठै विद्यालय भौतिक संरचना निर्माणमा, कोठा अभावमा एउटै कक्षामा ७० जनासम्म विद्यार्थी

नमुना विद्यालयमा छनोट भएको झापाको बिर्तामोडस्थित महेन्द्र रत्न माविले निर्माण गरिरहेको १२ कोठाको तीन तले भवन। तस्विर : अर्जुन/कान्तिपुर

■ **अर्जुन राजवंशी** (बिर्तामोड)

'नमुना विद्यालय' मा छनोट भएका झापाका विद्यालयहरूमा भौतिक पूर्वाधार निर्माण भइरहेको छ। वर्षौंदेखि कक्षा कोठाको अभाव झेल्दै आएका विद्यालयहरूमा भवन निर्माणले प्राथमिकता पाएको हो।

जिल्लाको दमक नगरपालिकाको हिमालय मावि, गौरादह नगरपालिकाको प्रगति मावि, कनकाई नगरपालिकाको कनकाई मावि, बिर्तामोड नगरपालिकाको महेन्द्र रत्न मावि, मेचीनगर नगरपालिकाको धुलाबारी मावि, हल्दिबारी गाउँपालिकाको हल्दिबारी मावि, कचनकवल गाउँपालिकाको लक्ष्मीप्रसाद देवकोटा मावि, झापा गाउँपालिकाको डिल्लीराज मावि, भद्रपुर नगरपालिकाको हिमाली मावि र बुद्धशान्ति गाउँपालिकाको बुद्धआदर्श मावि नमुना विद्यालयका रूपमा छनोट भएका हुन्।

भद्रपुरको हिमाली र बुद्धशान्तिको बुद्धआदर्श बाहेक अन्य विद्यालयहरूमा भौतिक निर्माणको कामले प्राथमिकता पाएको छ। 'कक्षा कोठा अभावमा पठनपाठन प्रभावित हुँदै आएको थियो। नमुना विद्यालयअन्तर्गत गत वर्षको बजेटले ८ कोठाको भवन बनाएपछि अहिले धेरै सहज भएको छ,' प्रगति माविका प्रधानाध्यापक डिल्लीराज अधिकारीले भने।

नमुना विद्यालयमा छनोट भएका जिल्लाका ८ वटा विद्यालयलाई शिक्षा मन्त्रालयले गत वर्ष डेढ करोड रुपैयाँका दरले बजेट उपलब्ध गराएको थियो। उक्त बजेटबाट निर्देशिकाअनुसार ६५ प्रतिशत भौतिक पूर्वाधार, २५ प्रतिशत शिक्षण र १० प्रतिशत व्यवस्थापनमा खर्च गरेको प्रअ अधिकारीले बताए।

गत वर्षको बजेटले शैक्षिक विकासतर्फ कम्प्युटर खरिद, पुस्तकालय निर्माण, सभा कक्षा निर्माण, बाल कक्षा व्यवस्थापनलगायतमा खर्च गरेको उनले बताए। उनले चालु वर्षका लागि पनि डेढ करोड रुपैयाँ निकासा भएको जानकारी दिए। 'हामीले यो वर्ष पनि भौतिक पूर्वाधारमै खर्च गर्ने योजना बनाएका छौं।

थप ८ कोठे एउटा भवन, शौचालय, मुल गेट निर्माण, सीसी क्यामेरा जडान, वेभसाइट निर्माणलगायतमा खर्च गर्ने योजना तयार गरेका छौं,' उनले भने। प्रगति माविमा १ हजार ६१ जना विद्यार्थी अध्ययनरत छन्।

बिर्तामोडस्थित महेन्द्र रत्न माविले १२ कोठाको तीन तले भवन निर्माण गरिरहेको छ। मन्त्रालयबाट प्राप्त डेढ करोडभन्दा बढीको खर्चमा भवन निर्माणको कामलाई अघि बढाएको प्रअ खड्गप्रसाद खरेलले जानकारी दिए। विद्यार्थी चाप उच्च भएकाले भवन निर्माणलाई पहिला प्राथमिकतामा राखेर अघि बढेको उनको भनाइ छ।

चालु वर्ष पनि १२ कोठाको तीन तलाको भवन निर्माण गर्ने योजनामा रहेको उनले बताए। 'भौतिक निर्माणसँगै हामीले गत वर्षको पैसाले १६ वटा कक्षा कोठा प्रोजेक्टरसहितको बनायौं। सीसी क्यामेरा जडान, बाल विकासको सामग्री खरिद, तीनवटा साइन्स ल्याब निर्माण र निजी शिक्षकको व्यवस्थापन गर्यौं' प्रअ खरेलले बताए।

डिल्लीराज माविमा पनि ८ कोठाको भवन निर्माण गरिएको छ। कम्प्युटर खरिद, स्मार्ट बोड खरिद, पुरानो भवनलाई मर्मतसम्भार, फर्निचर खरिद गरिएको छ भने चालु वर्ष थप एउटा ८ कोठाको भवन निर्माण गर्ने योजनामा रहेको प्रअ भगदेव राजवंशीले जानकारी दिए। करिब १२ सय विद्यार्थी अध्ययनरत विद्यालयमा चालु वर्ष शौचालय, खानेपानी, साइन्स र कम्प्युटर ल्याब निर्माण, घेराबारलगायतको काम गर्नुपर्ने उनको भनाइ छ।

धुलाबारी माविले पनि गत वर्ष ८ कोठाको भवन निर्माण गरेको छ। ८६ लाख रुपैयाँमा भवन निर्माण गरेको विद्यालयले २५ लाख शैक्षिक विकास तथा १५ लाख रुपैयाँ व्यवस्थापनमा खर्च गरेको प्रअ महेन्द्र विलास लुईंटेलले जानकारी दिए। २४ सय विद्यार्थी अध्ययनरत रहेकाले विद्यालयमा कक्षा कोठाको अझै अभाव रहेको उनको भनाइ छ। 'यो वर्ष पनि डेढ करोड रुपैयाँ निकासा भएको सुनेको छु। त्यो पैसाले फेरि ४/४ कोठाको दुइटा भवन, ५ वटा स्मार्ट कक्षा, प्राविधिकर्फका विद्यार्थीका लागि पशु उपचार कक्ष निर्माण, कम्प्युटर, फर्निचर, मैदान घेराबारालगायतको काम गर्ने योजनामा छौं,' उनले भने।

यसअघि आर्थिक स्रोतको अभावमा विद्यालयहरू ४० वर्षअघि निर्माण भएका टिनको छाना भएका पुराना कक्षा कोठा तथा भूकम्पले क्षति पुऱ्याएका भवनमा पठनपाठन गराउन बाध्य थिए। छनोट भएका विद्यालयहरूमा अझै पनि भौतिक पूर्वाधारको कमी छ। विद्यार्थीको चाप अनुसार कक्षा कोठा नहुँदा लक्ष्मीप्रसाद देवकोटा माविका एउटै कक्षामा ७० बढी विद्यार्थी बस्न बाध्य थिए।

जिल्लाका अधिकांश विद्यालयमा भौतिक पूर्वाधारको कमीले पठनपाठनमा समस्या हुने गरेको शिक्षकहरूले बताएका छन्। विद्यालयहरूमा पर्याप्त कक्षा कोठा, शौचालय, पार्किङ स्थल, प्रशासनिक भवनको अभाव छ। विश्व बैंकको सहयोगमा नेपाल सरकारले नमुना विद्यालय निर्माण गर्ने योजनाअन्तर्गत दुई वर्षअघि ८ र गत वर्ष २ वटा गरी जिल्लाको १० वटा विद्यालय छनोट गरेको छ।

# पर्यटक भित्र्याउन महोत्सव

■ **कान्तिपुर संवाददाता** (ओखलढुंगा)

लिखु गाउँपालिका ९ मा पर्ने पोकली झरनामा दुई दिने साँस्कृतिक महोत्सव सम्पन्न भएको छ। पर्यटन वर्षमा पर्यटक भित्र्याउन प्रचार गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको हो।

सरकारले पर्यटन वर्ष २०२० का लागि छनोट गरेको एक सय गन्तव्यको सूचीमा परेको पोकली झरनामा पर्यटन वर्षमा २० हजार आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने लक्ष्य राखिएको छ। सोही लक्ष्य पूरा गर्न साँस्कृतिक महोत्सवको माध्यमबाट प्रचार गर्न महोत्सव आयोजना गरिएको आयोजक समिति पोकली झरना सेवा समाजका अध्यक्ष मिलन विष्टले बताए।

महोत्सवको औपचारिक उद्घाटन भूमि व्यवस्था तथा सहकारी मन्त्री पद्मा अर्यालले गरिन्। विभिन्न कलाकारको सांगीतिक प्रस्तुतिले महोत्सवको रौनकता थपेको थियो। स्थानीय सुनुवार समुदायको झांकी महोत्सवको प्रमुख आकर्षण बनेको थियो।

पर्यटन वर्षमा सय गन्तव्यको सूचीमा परेको ओखलढुंगाको पोकली झरना। तस्विर : कुम्भराज राई/कान्तिपुर

१ सय ३० मिटर अग्लो पोकली झरना क्षेत्रमा विभिन्न पूर्वाधार निर्माणको तयारी थालिएको छ। पर्यटन वर्ष २०२० को सय गन्तव्यको सूचीमा राखेपछि स्थानीय पोकलीको विकासमा जुटेका हुन्। प्रदेश १ सरकार र संघ सरकारको पर्यटन मन्त्रालयले ५०-५० लाख गरी कुल १ करोड बजेट विनियोजन गरेको छ।

विनियोजित बजेटबाट पोकली झरनामा आकर्षक भौतिक संरचना निर्माणका लागि डीपीआर निर्माण भइरहेको छ। पर्यटन मन्त्रालयले समेत पोकली झरना विकास समिति गठन गरी झरनाको दीर्घकालीन विकासमा सहयोग गर्ने प्रबिबद्धता जनाइसकेको छ।

# सुशासन प्रभावकारी अभियानमा युवा

विराटनगर (कास)- अन्याय, अनियमितता र भ्रष्टाचारविरुद्ध युवा समूहले प्रभावकारी अभियान चलाएको छ। विराटनगरमा विभिन्न पेसामा आबद्ध केही युवाले यो अभियानलाई निरन्तरता दिएका छन्।

अभियानका अगुवा हुन्, विराटनगर-६, दिपमार्गका ३४ वर्षीय राजु श्रेष्ठ। एक वित्तीय संस्थामा कार्यरत उनी झन्डै एक दशकदेखि सूचनाको हक ऐनको प्रयोग गर्दै सुशासनको कार्यान्वयनका लागि लडिरहेका छन्। उनको योगदान कदर गर्दै राष्ट्रिय सूचना आयोगले 'उत्कृष्ट सूचनाको हक अभियन्ताको पुरस्कार २०७५' प्रदान गरेको थियो। पत्रकार महासंघ मोरङ शाखाबाट 'पष्टिका वस्नेत सूचनाको अधिकार प्रोत्साहन पुरस्कार २०७४' बाट सम्मानित भइसकेका छन्।

उनले सूचनाको हकसम्बन्धी ऐन, २०६४ एवं नियमावली २०६५ अनुसार अहिलेसम्म सार्वजनिक महत्त्वका २ सय ५० वटा विषयमा सूचना मागिसकेका छन्। तीमध्ये १ सय वटामा सूचना पाएको श्रेष्ठले बताए। उनले सूचना माग्दै राख्ने प्रश्नावली र त्यसको जवाफले विराटनगर विमानस्थलमा तोकिएको भन्दा बढी उठाउने पार्किङ शुल्कमा लगाम लागेको छ।

अन्तर्राष्ट्रिय व्यापार मेला गरी मनयै नाफा कमाएर पनि कर नतिर्ने व्यापारीहरू कानुनी दायरामा आएका छन्। उनकै निवेदनपछि व्यापारिक मेलाको आयोजनामा आन्तरिक राजस्व कार्यालय विराटनगरले पूर्व स्वीकृति लिनुपर्ने उद्योगी व्यवसायीलाई निर्देशन दियो। यस्तो नगरेमा हस्तक्षेप गरेर मेला गर्न नदिने चेतावनी उक्त कार्यालयले दिएको छ।

सडक विस्तारका क्रममा अनधिकृत रूपले रूख काटी व्यक्तिलाई बेच्न खोज्ने विराटनगर महानगरपालिकाले श्रेष्ठले निवेदन हालेपछि टेन्डर गर्नुपऱ्यो। उनकै निवेदनका कारण पूर्वाञ्चल विश्वविद्यालयले ऐन एवं सर्वोच्चको आदेशलाई पालना गर्दै विद्यार्थीलाई उत्तरपुस्तिका हेर्न दिइरहेका छन्।

यही क्रममा भेटिएकी विराटनगरकी छात्रा सुश्मा सुवेदीलाई उनले न्याय दिलाए। उच्च माध्यमिक शिक्षा परिषद्ले प्रयोगात्मक विषयको प्राप्तांक राख्न छुटाउँदा अनुत्तीर्ण भएकी सुवेदीको मुहारमा सूचनाको हक ऐनको प्रयोग गरेर खुसी ल्याए।

> 'कसैलाई दुःख दिन होइन सरकारी कार्यालयमा सूचनाको हक सम्बन्धी ऐनको सम्मान होस्, आम नागरिकले मागेको सूचना पाऊन्'

श्रेष्ठले सबै विवरण राखेर मार्कसिटमा अनुपस्थिति देखाउँदाको जिम्मेवार को र किन यस्तो भयो भन्दै परिषदमा निवेदन दर्ता गराएपछि परिषद्ले त्रुटि सच्याउँदै सुवेदीलाई उत्तीर्ण गऱ्यो। श्रेष्ठले सूचनाको हकसम्बन्धी ऐन, २०६४ आएको तीन वर्षपछि दीर्घ रोगीहरूलाई दिइने सुविधाबारे जानकारी माग्दै तत्कालीन जनस्वास्थ्य कार्यालयमा पहिलो पटक निवेदन दर्ता गराएका थिए। विराटनगरमा कसैले सूचनाको हक ऐनको प्रयोग गरेको सम्भवतः यो नै पहिलो थियो। श्रेष्ठले आफ्नै अगुवाइमा विराटनगरको सहिद रंगशाला मार्गमा सूचना अधिकारसम्बन्धी चेतनामूलक बोर्ड राख्न लगाए।

गत ६ माघमा समाजसेवी केदार बस्नेत, निर्मल तामाङ, सञ्चारकर्मी सोनुकुमार दास, श्रेष्ठ र राममोहन श्रेष्ठले निवेदन दर्ता गराउँदै प्रदेश १ प्रदेश सभा सचिवालयसँग निर्वाचित र समानुपातिक सदस्यहरूले बुझाएको सम्पत्ति विवरणको प्रमाणित प्रतिलिपि, कोठा भाडा वापतको सुविधा लिनेहरूको नामावली र हालसम्म बुझेको रकमको विवरण, सेवासुविधाको पूर्ण विवरण, सदस्यहरूले नियुक्त गरेका स्वकीय सचिवको नामावली (कुन सदस्यको को स्वकीय सचिव) को प्रमाणित प्रतिलिपि मागे। उक्त कार्यालयले तीन दिनभित्रै स्पष्ट सूचीसहित सम्पूर्ण विवरण उपलब्ध गरायो।

यो सूचनाले सञ्चारमाध्यममा राम्रै ठाउँ पायो। 'कुनै सरकारी वा गैरसरकारी कार्यालयमा गडबडी भएको थाहा पाउने बित्तिकै समय निकालेर राजुजीले सूचना माग्दै निवेदन हाली हाल्नु हुन्छ,' श्रेष्ठका सहकर्मी ईश्वर रेग्मीले भने, 'फुर्सद नभए पनि कार्यालयमा दिउँसोको खाजाका लागि छुट्टयाएको आधी घण्टाको समयमा पनि निवेदन तयार पार्नु हुन्छ, अर्को दिन गएर दर्ता गराउनु हुन्छ।'

रेग्मीकै सूचनाको आधारमा विराटनगर विमानस्थलको अवैध पार्किङ शुल्क उठाउने आधार खोज्दै श्रेष्ठले निवेदन हालेका थिए। विमानस्थल कार्यालय प्रमुखले ठेकेदारलाई बोलाएर सबै कुरा बुझेपछि नयाँ बिल छपाउन र पार्किङ शुल्कसहितको बोर्ड राख्न लगाए। अहिले पुरानै पार्किङ शुल्क कायम छ।

'हामी सबैको यो स-सानो प्रयासले सामूहिक शान्तिपूर्ण अभियानको रूप लिइसकेको छ,' अर्का अभियन्ता उत्तम ढुंगेलले भने। उनले पनि बेतियामा लगाम लगाउने अभिप्रायले तीन वर्षको अवधिमा विराटनगरका प्रमुख सार्वजनिक निकायहरूमा ५२ वटा उजुरी हालेका छन्।







## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | लाभ बढ्ने | तुला | वादविवादमा सफल |
| वृष | काम बन्ने | वृश्चिक | वैमनस्यता |
| मिथुन | धर्म बढ्ने | धन | स्फुर्ति बढ्ने |
| कर्कट | दुविधा बढ्ने | मकर | आकस्मिक लाभ |
| सिंह | महत्वपुर्ण काम हुने | कुम्भ | पदोन्नति |
| कन्या | खटपट | मीन | कान्ति क्षय |

### भोलिको पात्रो

विक्रम संवत् २०७६ साल कार्तिक २२ गते शुक्रबार तदनुरुप ८ नोवेम्बर २०१९ कार्तिक शुक्लपक्ष एकादशी तिथि दिनको १२:२८ बजेसम्म उप्रान्त द्वादशी तिथि, पूर्वाभाद्रपदा नक्षत्र दिनको ०१:०२ बजेसम्म उप्रान्त उत्तरभाद्रपदा नक्षत्र, व्याघात योग प्रातः ११:२५ बजेसम्म उप्रान्त हर्षण योग, भद्रा करण दिनको १२:१८ बजेसम्म उप्रान्त बब करण, कुम्भ राशिमा चन्द्रमा प्रातः ०६:३० बजेसम्म उप्रान्त मीन राशिमा। ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

| | | | |
|---|---|---|---|
| ५:०० | भक्तिसुर | ८:०० | कान्तिपुर समाचार |
| ५:३० | आध्यात्मिक सन्देश | ८:३० | रजतपट (रिपिट) |
| ६:०० | जीवन विज्ञान | ९:०० | कल कान्तिपुर |
| ६:३० | मार्गदर्शन (लाइभ) | ६:०० | कान्तिपुर न्यूज |
| ७:०० | कान्तिपुर समाचार | ६:३० | सुमनसँग |
| ७:३० | कान्तिपुर न्यूज | ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल | ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:३० | कान्तिपुर न्यूज | ८:०० | कान्तिपुर समाचार |
| ९:०० | नेपाल स्पेल बी (रिपिट) | ९:०० | हुवाट द फ्लप |
| १०:०० | कान्तिपुर समाचार | १०:०० | सुमनसँग (रिपिट) |
| १०:३० | लाइसेन्स टु ड्राइभ (रिपिट) | १०:३० | कान्तिपुर न्यूज |
| ११:०० | कान्तिपुर न्यूज | ११:०० | प्रदेश विशेष (रिपिट) |
| ११:३० | रजतपट (रिपिट) | ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कान्तिपुर समाचार | १२:०० | कल कान्तिपुर रिपीटेड |
| १२:३० | साझा सवाल (रिपिट) | १:०० | कान्तिपुर न्यूज रिपीटेड |
| १:३० | हियर्ज टु लाइफ (रिपिट) | १:३० | सुमनसँग (रिपिट) |
| २:०० | कान्तिपुर समाचार | २:०० | कान्तिपुर समाचार (रिपीट ९) |
| २:३० | लाइसेन्स टु ड्राइभ (रिपिट) | २:३० | मार्गदर्शन (रिपिट) |
| ३:०० | नेपाल स्पेल बी (रिपिट) | ३:०० | कल कान्तिपुर रिपीटेड |
| | | ४:०० | हुवाट द फ्लप (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, मैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

| | | | |
|---|---|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (अच्युत सुवेदी) | १५:०० | कान्तिपुर डायरी |
| ०६:३० | कान्तिपुर डायरी | १५:१५ | तसु चौतारी (सहज कु. घले) |
| ०७:०० | द हेडलाइनर्स | १६:०० | हेल्थ एन्ड इजुकेसन डायरी |
| ०७:३० | शिक्षा संवाद (कमला) | १६:०५ | बी-स्कोप |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी | १७:०० | डिष्ट्रिक्ट डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (स्मीता) | १७:०५ | को भन्दा को कम (सञ्जोक बस्याल) |
| ०८:३० | ओल्ड इज गोल्ड | १८:०० | मुक्तिको सन्देश |
| ०९:०० | कान्तिपुर डायरी | १८:३० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट | १९:०० | यो माया भन्ने चीज यस्तै हो (प्रियंका) |
| ०९:१५ | राष्ट्रिय गीत | २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| ०९:२० | रेडियो टक (किरण) | २०:०५ | हिप हप हसल (स्मीता) |
| १०:०० | स्पोर्टस् डायरी | २१:०० | कान्तिपुर डायरी |
| १०:०५ | द लाइफ स्टाइल सो (साझारिका) | २१:१५ | न्यूज मेकर अफ द डे |
| ११:०० | आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी | २१:३० | इन्द्रेनी |
| ११:०५ | द लाइफ स्टाइल सो (साझारिका) | २२:०० | शब्द रलाधा (भूपेन्द्र) |
| १२:०० | कान्तिपुर डायरी | २३:०० | सुनौलो यादहरु (दीपाञ्जली) |
| १२:१० | हिट लिस्ट (शुभराज) | २४:०० | हिट लिस्ट (रेमन) |
| १३:०० | डिस्ट्रिक्ट डायरी | ०१:०० | सफर (राजेश) |
| १३:०५ | के छ नेपाल (धलिसा) | ०२:०० | नेपाली गीतहरु लगातार |
| १४:०० | इन्टरनेसनल डायरी | ०३:०० | हिन्दी गीतहरु लगातार |
| १४:०५ | के छ नेपाल | ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

**दमकल**

| | |
|---|---|
| विराटनगर | ०२१-४२०००० |
| इटहरी | ०२५-५८०१०१ |
| धरान | ०२५-५२०१९९ |
| इनरुवा | ०२५-५६०१०१ |
| दमक | ०२३-५८०१०१ |
| भद्रपुर | ०२३-५१०१०१ |
| घनकुटा | ०२५२०६१२०१ |
| कोसी अञ्चल अस्पताल विराटनगर | ५३०१०३/५२४२३६ |
| मेची अञ्चल अस्पताल, भद्रपुर | ०२३-५२००२४ |
| वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान | ०२५-५२५५५५ |
| रक्तसञ्चार केन्द्र, विराटनगर | ०२१-५२३३२६ |
| विराटनगर आँखा अस्पताल | ०२१-४३६३६० |
| रक्तसञ्चार केन्द्र, धरान | ०२५-५२०९६८ |

**एम्बुलेन्स**

| | |
|---|---|
| विराटनगर सेन्ट्रल | ०२१-५३७००१ |
| लाइफ्गार्ड अस्पताल, विराटनगर | ९८४१२०४२३३३ |
| दुबधी जेसिज, सुनसरी | ०२५-५४०४३५ |
| शव बाहन, विराटनगर | ०२१-५२५८७४ |

**प्रहरी**

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय, मोरङ | ९००/९८५२०२६७५० |
| इलाका प्रहरी कार्यालय, उर्लाबारी | ५४०२९०/९८५२०२०१३६ |
| इलाका प्रहरी कार्यालय, रंगेली | ५८०१३०/९८५२०२०१४४ |
| क्षेत्रीय ट्राफिक कार्यालय, इटहरी | ०२५-५८०१७५/९८५२०२०१६१/१०३ |

**काठमाडौंका महत्त्वपूर्ण नम्बर**

| | |
|---|---|
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२६०७० |
| प्रसूति गृह | ४२५३२७६६ |
| टेकु अस्पताल | ४२५३३०६६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६०७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| नेपाल मेडिसिटी अस्पताल | ११३४, ४२१७०६६६, ४२१७०५५ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१२४४/४२६१७०२ |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६२२२ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई निः शुल्क एम्बुलेन्स/शववाहन | ४४२८०३५ |
| सुनेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५०,९८५१०४४५१० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५२ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०२६ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर आफ कमर्स | ४२३०२९३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४२२२९२ |
| देव कर्मर निः शुल्क शववाहन सेवा | ४४३४०२३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| बालबालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६०८६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

**कान्तिपुर सम्पर्क** जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि ९६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# ५ गाउँलाई एम्बुलेन्स

लमजुङ (कास)- पाँचगाउँले चिनिने लमजुङ र कास्कीको सीमावर्ती गाउँका स्थानीयले एम्बुलेन्स सेवा पाएका छन् । यसले बिरामी पर्दा निजी तथा सार्वजनिक सवारी साधन रिजर्भ गर्नुपर्ने वा हेलिकप्टर चार्टर गर्नुपर्ने बाध्यताबाट उनीहरू मुक्त भएका छन् ।

लमजुङको क्व्होलासोंथर गाउँपालिकाका सिङदी, पसगाउँ र भोंजे-चरागाउँ-कुम्लुङ साथै कास्कीको मादी गाउँपालिकाका नागिधार-रबैडाँडा र गोर्जे क्षेत्रका स्थानीयले एम्बुलेन्स सेवा पाएका हुन् । यी गाउँलाई पाँचगाउँ क्षेत्रले चिनिन्छ । विकटमा रहेका यी गाउँका नागरिकलाई कास्की र लमजुङसीमा भएर बग्ने रुदीखोलामा निर्माण गरिएको रुदी 'ए' र 'बी' को प्रवर्द्धक विन्ध्यावासिनी हाइड्रोपावर डेभलपमेन्ट कम्पनीले एम्बुलेन्स सहयोग गरेको हो । एम्बुलेन्समा अक्सिजन र स्ट्रेचर जडान गरिएको छ । उक्त एम्बुलेन्स विन्ध्यवासिनीका प्रमुख कृष्ण आचार्यले रुदीखोला एम्बुलेन्स सञ्चालन उपसमितिका अध्यक्ष ओमप्रकाश गुरुङलाई हस्तान्तरण गरे ।

विन्ध्यवासिनीले एम्बुलेन्ससँगै सञ्चालनका लागि १ लाख ५० हजार रुपैयाँ प्रदान गरेको उपसमितिका सचिव खिमप्रसाद गुरुङले बताए । प्रभावित लमजुङको ३ र कास्कीको २ वडा कार्यालयले एम्बुलेन्स संचालनको लागि १/१ लाख रुपैयाँ बजेट विनियोजन गरेको उनले बताए । तत्कालका लागि एकजना चालक राखेर एम्बुलेन्स संचालन गरिएको छ । आचार्यले उपचारमा सहजताका लागि आयोजना प्रभावित स्थानीयलाई एम्बुलेन्स प्रदान गरिएको बताए । 'प्रभावित क्षेत्रका नागरिकलाई हामीले एम्बुलेन्स उपहार दिएका छौं । स्थानीयले स्वास्थ्य सेवा सहजरुपमा पाउने विश्वास छ,' उनले भने । एम्बुलेन्स सञ्चालन उपसमितिका अध्यक्ष ओमप्रकाश गुरुङले विशेषगरी सुत्केरी महिला, बालबालिका तथा बृद्धबृद्धालाई सहयोग पुग्ने बताए । 'हामीले पसगाउँ स्वास्थ्यचौकीको नामबाट एम्बुलेन्स सञ्चालन गरेका छौं । सबैलाई पायक पर्ने भएकाले रबैडाँडामा राखेका छौं,' उनले भने ।

स्थानीयका अनुसार गाउँले कोही बिरामी भए पोखराबाट निजी सवारी तथा बस बोलाउनुपर्थ्यो ।

# टिपरको ठक्करले मृत्यु

सर्लाही (कास)- पूर्व-पश्चिम राजमार्गअन्तर्गत सर्लाहीको लालबन्दीमा बुधबार बिहान टिपरको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ । लालबन्दी नगरपालिका-१७, कालिन्जोर पुलमा पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको ना८ख ६२७० नम्बरको टिपरले विपरीत दिशाबाट आउँदै गरको ना४६प २५८२ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा चालक ईश्वरपुर नगरपालिका-१४, का २६ वर्षीय दिपेन महतोको मृत्यु भएको हो । मोटरसाइकलमा तरकारी राखेर बिक्री गर्न लालबन्दी बजारतर्फ आउँदै गरेका महतोको टिपरको ठक्करबाट घटनास्थलमै मृत्यु भएको इलाका प्रहरी कार्यालय लालबन्दीले जनाएको छ । मृतकको शव पोस्टमार्टमका लागि जिल्ला अस्पताल मलंगवा लगिएको छ भने दुर्घटनामा संलग्न टिपर र चालक प्रहरी नियन्त्रणमा छन् ।

बागलुङको भकुन्डेमा रहेको अतिथि सत्कार होमस्टेमा आएका विदेशी पाहुनालाई स्वागत गर्दै सञ्चालक । यहाँ आउने पर्यटकलाई फूल-अबिरले स्वागत गरिन्छ । पछिल्लो समय यहाँ विदेशी पर्यटकको आवागमन बढेको छ ।

*तस्बिर : प्रकाश बराल/कान्तिपुर*

# मालपोतको अनलाइन निष्प्रभावी

■ **कुम्भराज राई** (ओखलढुंगा)

चम्पादेवी गाउँपालिका- १० रानीवनका राम बुढाथोकी जग्गा पास गर्ने काम लिएर सदरमुकामस्थित मालपोत आइपुगेको तीन दिन भयो । इन्टरनेट नभएको भन्दै अहिलेसम्म उनको काम हुन सकेको छैन ।

अनलाइन प्रणालीबाट सेवा सुचारु भए पनि उनी जस्तै सयौं सेवाग्राहीको काम सहज रुपमा हुन सकेको छैन । 'तीन दिन भो जग्गा पास गर्ने कामले आएको, नेट छैन, अहिले हुँदैन मात्र भन्छन्,' बुढाथोकीले भने, 'यो कस्तो नेट हो तीन दिनसम्म पनि काम नगर्ने खालको, मैले केही बुझ्न सकिराको छैन ।' मानेभन्ज्याङ गाउँपालिका ३ का वडाअध्यक्ष मेडल राईको काम समेत रोकिएको १५ दिनभन्दा बढी भइसकेको छ । व्यक्तिगत काम रोकिएकोमा धैर्य गरे पनि वडामै रहेको राज्यलक्ष्मी माध्यमिक विद्यालयको जग्गा पास गर्ने काम रोकिएपछि राई तनावमा छन् ।

'विद्यालयको भवन बनाउन एसियाली विकास बैंकले १२ करोड दिने सम्झौता छ,' वडाअध्यक्ष राईले मंगलबार मालपोतस्थित कार्यालय प्रमुखकै अगाडि आक्रोश पोखे, 'एडीबीले सोमबारसम्म जग्गा उपलब्ध नभए पैसा दिन्नौं भनिसकेको छ । आजसम्म पनि काम हुन सकेको छैन । अब यदि करोडौं पैसा रोकिएमा यसको क्षतिपूर्ति कसले तिर्छ ?'

मालपोत कार्यालयमा गत असोज १० देखि अनलाइन प्रणाली सुरु भएको हो । त्यसका लागि विभागकै टोलीले आएर सुविसुको इन्टरनेट जडान गरेर गएको थियो तर अहिले सोही नेट बेलाबेलामा चल्ने बेलाबेलामा नचल्ने भएको भन्दै सेवा प्रभावित भएको हो । 'नेट आएको बेला हामीले सकेको काम गरिरहेकै छौं ।' कार्यालय प्रमुख कुमार खतिवडा भन्छन्, 'इन्टरनेट नै नभएपछि अनलाइनको काम हामीले गर्न सक्ने अवस्था छैन ।'

लेखापढी व्यवसायीका अध्यक्ष इन्द्रबहादुर कटवालले सुविधाको नाममा यो प्रणाली भरपर्दो नहुँदा सेवाग्राही मर्कामा परेको बताउँछन् । उनका अनुसार एक महिनादेखिको ७० वटाभन्दा बढी लिखत अझै नेट नभएको भन्दै रोकिएको छ । सेवाग्राहीको गुनासो बढेपछि प्रमुख जिल्ला अधिकारी गणेश आचार्यले समेत समस्या समाधान गर्ने कोसिस थालेका छन् । उनले विभागकै महानिर्देशकसँग कुरा बुझ्दा नयाँ महानिर्देशक भएकाले सबै बुझ्न बाँकी रहेको प्रतिक्रिया पाएको बताए ।

महानिर्देशककै सल्लाहबमोजिम विभागको आईटी शाखामा सम्पर्क गर्दा आईटी शाखाले सुबिसुको इन्टरनेट नचलेको कारण मालपोत कार्यालयलाई नै अर्को इन्टरनेट सेवाप्रदायक सँस्थाबाट नेट जोडेर भएको खर्चको बिल पठाए विभागले बेहोर्ने निर्देशन दिइसकेको जानकारी दिए तर मालपोत कार्यालय प्रमुख खतिवडाले भने विकल्पमा रहेको एरोनेट जोड्न खोज्दा २ लाख रुपैयाँ लाग्ने बताएको भन्दै जोड्न नसकेको प्रजिअ आचार्यलाई जवाफ दिएका छन् ।

'जतिसुकै खर्च लागोस विभागले तिर्छु भनेपछि कार्यालयले जोड्नु भनेर मैले भनिसकेको छु ।' प्रजिअ आचार्यले भने, 'एरो नेटले पनि लाग्नेभन्दा बढी खर्च लाग्ने भनेको रहेछ भने त्यसको बारेमा के गर्न सकिन्छ, म गर्छु भनेर भनिसकेको छु । सेवाग्राही मर्कामा परेकै छन् । समाधानका लागि मेरो प्रयास जारी छ ।'

अनलाइन प्रणालीलाई प्राविधिक कारण देखाउँदै असफल बनाउन कर्मचारीहरू लागेको हुन सक्ने सेवाग्राहीको आरोप छ । नेट चलेको बेलासमेत पहिले आउने सेवाग्राहीभन्दा चिनेजानेको र अतिरिक्त शुल्क प्राप्त हुने सेवाग्राहीले प्राथमिकता पाउने गरेको उनीहरूको गुनासो छ । एक घण्टामा हुने काम १५ दिनसम्म पनि नहुँदा सेवाग्राही आक्रोश पोख्न थालेका छन् ।

# योजना बाँडफाँट

गोरखा (कास)- स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमअन्तर्गत गोरखा निर्वाचन क्षेत्र- २ मा बजेटसहित योजना छनोट गरिएका छन् । प्रत्यक्ष निर्वाचित संघीय सासंद एवं पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईको उपस्थितिमा ३२ योजनामा ६ करोड बाडफाँट गरिएको हो । बैठकमा राष्ट्रिय सभाका प्रमुख प्रतिपक्ष दलका नेता सुरेन्द्रराज पाण्डे र संघीय सांसद चूडामणि खड्काको उपस्थिति थियो । स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) को परिधिमा रहेर बजेट तथा योजना बाँडफाँट भएको जिल्ला समन्वय अधिकारी यमेन्द्र उपाध्यायले बताए । ५० लाख माथिका योजना ५० प्रतिशत हुनुपर्ने तथा १० लाखभन्दा कम रकम योजनामा छुट्याउन नपाइने निर्देशिकामा छ ।

६ योजनामा ५०/५० लाख छुट्याइएको छ भने प्राथमिकता सडकलाई राखिएको छ । ३२ मध्ये १३ योजना सडकका छन् । भट्टराई, पाण्डे र खड्काको गृहनगरसमेत रहेको पालुङटार नगरपालिकामा मात्र १० योजनामा २ करोड छुट्याइएको छ । भट्टराई र पाण्डेका एउटै वडाको ४ योजनामा एक करोड बजेट छुट्याइएको छ । सांसदले बाँडफाँट गरेको रकम अन्य स्थानीय तहको तुलनामा अजिरकोटमा कम परेको छ । एउटै वडामा एक करोड छुट्याएका सांसदले अजिरकोट गाउँपालिकाको ३ योजनामा ७० लाख मात्र छुट्याइएका छन् । गोरखा नगरपालिकाको ८ योजनामा एक करोड २० लाख, बारपाक सुलिकोट गाउँपालिकाको ५ योजनामा ९० लाख र सिरानचोक गाउँपालिकाको ६ योजनामा एक करोड १४ लाख ६० हजार बाँडफाँट भएको छ ।

१३ सडक, १२ भवन, खानेपानीको १ योजना, खेलकुदमैदान, पर्यटन पूर्वाधार र विद्यालय घेरबार निर्माणका २/२ योजना छनोट गरिएको हो । बारपाक सुलिकोट गाउँपालिका-२ को कुलगाउँ-पोखरी- स्नान मान्द्रे सडक, अजिरकोट गाउँपालिका-३ को अलैंची संकलन तथा प्रशोधन केन्द्र निर्माण, सिरानचोक चक्रपथअन्तर्गत चित्रेपोखरीदेखि नामुङ हुँदै सिम्ले सडक खण्ड, ज्योति चौतारा-बेलबास-कोलकाटे-खुर्पाजुङ वडा कार्यालय सडक स्तरोन्नति, अल्कोचिलौने-नयाँगाउँ-सापकोटाटार-ठाटीचौर सडक स्तरोन्नति र छेवेटार-मिलचोक-तारामावि सिमलपानी सडका लागि ५०/५० लाख बजेट छुट्याइएको हो ।

पालुङटार नगरपालिका-१ को देउरालीबाट अन्नपूर्ण मन्दिर हुँदै अन्नपूर्ण मावि सडक स्तरोन्नति र पाउरोटी भण्डारदेखि चापाभन्ज्याङ हुँदै कार्की गाउँसम्म सडक निर्माणका लागि २०/२० लाख बजेट छुट्याइएको समन्वय अधिकारी उपाध्यायले बताए ।

गोरखाका कार्यालय प्रमुखसँग छलफल गर्दै सांसद ।

*तस्बिर : कान्तिपुर*

# कमल कट्टा चोरी बढ्यो

सिस्ने गाउँपालिका-५ स्थित दहमा फुलेको कमल ।

*तस्बिर : हरि/कान्तिपुर*

■ **हरि गौतम** (रुकुम पूर्व)

कमल कट्टा (कमलका गेडा) को चोरी बढेको छ । विगतमा झैं यस वर्ष पनि स्थानीयले कमलको गेडा धमाधम निकालिरहेका छन् । सिस्ने गाउँपालिका-५ मा स्थित कमल दहबाट अनधिकृत रूपमा निकालेर किनबेच भइरहेको छ ।

असारदेखि साउन अन्तिमसम्म कमल फुल्छ । त्यसको फूल झरिसकेपछि त्यसभित्र रहेको पोटामा गेडा हुन्छन् । भदौ अन्तिम सातादेखि सर्वसाधारणले कमलको पोटा टिपेर त्यसभित्रको गेडा निकालेर बिक्री गर्छन् । गेडालाई स्थानीयले कमल कट्टा भन्छन् । दहको पानी ठिहिच्याउने नहुन्जेलसम्म पोटा निकाल्छन् ।

कमलको गेडा महँगोमा बिक्री हुने भएकाले लुकीचोरी बढेको हो । 'यो पहिलोपटक होइन । हरेक वर्ष यसरी चोरी हुने गर्छ,' स्थानीय रुक्मिणी मावि का शिक्षक बलबहादुर शाहीले भने, 'कसैको चासो नपुगेकाले चोरी हुने गरेको हो । कमल उत्पादनको मुख्य स्रोत चोरी भइरहँदा पनि कसैको चासो छैन ।' मान्छेले कपडा धुने, नुहाउने तथा पौडी खेल्ने बहानामा गेडा निकालिरहेका छन् । कमलको गेडाबाट जन्डिसको पूर्ण उपचार हुन्छ । यसैले कमलको गेडा महँगोमा बिक्री हुने भएकाले यसको चोरी निकासी भइरहेको हो । प्रतिगेडा २० रुपैयाँमा बिक्री हुने गरेको छ ।

स्थानीय स्तर तथा जिल्लाबाहिरका विभिन्न ठाउँमा कमलका गेडा बिक्री हुने गरेको छ । कमलको गेडा स्थानीय स्तरका साथै रोल्पा, रुकुम पश्चिम, सल्यान, जाजरकोट, दाडेदेखि विदेशसमेत पुगेको छ । रोल्पाको थवाडमा रहेका एक जापानी डाक्टरले ल्याब टेस्टका लागि भनेर समेत कमलको गेडा जापान पुऱ्याएको स्थानीयले बताए । कमलको एउटा पोटामा ५ देखि २० वटासम्म गेडा हुन्छन् । पछिल्लो समय कमल दहमा कमल पनि पातलिँदै गएको छ । हरेक वर्ष जरा निकाल्ने र गेडासमेत बाहिर पठाइने भएकाले कमल पातलिदै गएको स्थानीयले बताए । फागुनदेखि कमलको जरा निकाल्ने क्रम सुरु हुन्छ ।

कमलको जराको अचार खाइन्छ । गाउँपालिकाले ठेक्कामार्फत कमलको जरा बिक्री गर्छ । हरेक वर्ष कमलको जरा र गेडा पनि निकालिने भएकाले हरेक वर्ष कमल पातलिदै गएको स्थानीय व्यापारी मधुकर शाहले बताए । गाउँपालिका अध्यक्ष कुमारी बरालले कमलको पोटा र गेडा लुकीचोरी टिपिरहेको सूचना आएको बताइन् । 'देखेको बेला कसैले टिप्दैनन्,' उनले भनिन्, 'तर, लुकीचोरी पोटा टिप्नेहरू बढेका छन् ।' कमल दह व्यवस्थित बन्ने गरी टिकट काउन्टरलगायतको संरचना बन्दै गरेकाले ती संरचना बनिसकेपछि कमल दहको संरक्षण व्यवस्थित हुने उनको भनाइ छ । कमल दह संरक्षण समिति बनाएर दह संरक्षण गरिने उनले सुनाइन् ।

# व्यापारिक मार्ग निर्माण प्रभावित

विराटनगर (कास)- दुई छेउमा देखिएको अवरोधले उत्तर-दक्षिण व्यापारिक मार्गका रूपमा विस्तार भइरहेको विराटनरको रानीदेखि धरानको तीनकुनेसम्मको ४९ किमि ६ लेन सडक निर्माण प्रभावित भएको छ ।

१० अर्ब लागतको यो सडक निर्माण ०६९/७० देखि सुरु भएको हो । कुल ४९ किमि सडक निर्माण गरिने योजनाअन्तर्गत हाल विराटनगरको रानीदेखि सुनसरी तरहरासम्मको ३४ किमि खण्डमा मात्र काम भइरहेको छ ।

उक्त खण्ड निर्माणका लागि ७ अर्बको लागतमा चरणबद्ध रूपमा १४ खण्डमा ठेक्का लगाइएको छ । उत्तर-दक्षिण व्यापारिक मार्ग विस्तार आयोजनाअन्तर्गत रानी-विराटनगर-इटहरी-धरान सडक योजनाका प्रमुख बद्री शर्माका अनुसार दुहवीमा करिब एक किमि र इटहरीमा करिब पाँचसय मिटर साइड क्यिर नहुँदा निर्माणले गति लिन सकेको छैन ।

रानीदेखि इटहरीसम्मको २९ किमि खण्डको मुख्य काम आगामी असारसम्ममा सकिनुपर्ने समय सीमा रहेको उनले बताए । तरहरादेखि धरानको तीनकुनेसम्मको ९ किमि क्षेत्रको डीपीआर तयार भए पनि चारकोसे जंगलका रूख कटान गर्नुपर्ने भएकाले काम अगाडि बढाउन सकिएको छैन । 'त्यसका लागि सबै प्रक्रिया पूरा गरेर रूख कटान अनुमति पर्खिएर बसेका छौं,' शर्माले भने, 'रूख कटान भएपछि ठेक्काको प्रक्रिया अगाडि बढ्नेछ ।'

रानीदेखि सुनसरीको तरहरा सम्मको ३४ किमि क्षेत्रको अधिकांश क्षेत्रमा साइड किल्यर नहुँदा र बिजुलीका पोल अनि खानेपानीका पाइप नसारिँदा समयमा काम अगाडि बढाउन समस्या भएको उल्लेख गर्दै शर्माले भने अहिले पनि सुनसरीको दुहवीमा साइड किल्यर नहुँदा ठेक्काको प्रक्रिया नै सुरु गर्न सकिएको छैन । ९८ दशमलव ४ फिट चौडा भएको सडक बन्नुपर्ने हो ।

दुहवीमा सडकको दुई किनार पहिल्यै निर्मित निजी संरचनाका कारण ५४ फिट चौडा सडक मात्र उपलब्ध छ । दुहवीकै एक किमि क्षेत्रमा थप ४४ दशमलव ४ फिट चौडाइमा अवरोध भएकाले ठेक्का प्रक्रिया सुरु गर्न नपाएको उनले बताए । इटहरी खण्डमा अझै करिब ५ सय मिटर सडकको चौडामा साइड किल्यर हुन बाँकी रहेको शर्माको भनाइ छ ।

रानीदेखि धरानको तीनकुने सम्मको ४९ किमि ६ लेनको सडक विस्तार गर्न बनेको डीपीआरमा सडकको दुवैतर्फको फुटपाथ, नाला र सुनसरीको इटहरी खण्डमा पर्ने टेडग्रा खोलालाई बेवास्ता गरिएको कार्यालयले जनाएको छ ।

'डीपीआरमा सडकको दुवैतर्फ निर्माण गरिएको फुटपाथ र नालाको व्यवस्था गरिएको छैन,' योजना प्रमुख शर्माले भने, 'डीपीआरमा उल्लेख नभए पनि हाल निर्माण भइरहेको सडकको फुटपाथ र नाला अलग्गै ठेक्का लगाएर निर्माण गरिएको हो । हाल दुई मिटर लम्बाई र सवा दुई मिटर चौडाइ भएको नालामाथि फुटपाथ निर्माण गरिएको छ ।'

टेडग्रा खोलालाई करिब १० मिटर पूर्व सिफ्ट नगरे ९८.४ फिट चौडाइ भएको सडक बन्ने स्थिति नै नभएको उनको भनाइ छ । निर्माणाधीन ६ लेनको सडकको पूर्वपश्चिमा निर्माण गरिएको नालामा उद्योग, घर र शौचालयको पानी हालेकाले धान्न नसक्दा वर्षायाममा सडक जलमग्न भएको योजनाको बुझाइ छ । सडकको दुवैतर्फ सवा दुई मिटर चौडाइको नाला निर्माण गरिएको छ ।

# सुन तस्करीमा संलग्न पक्राउ

संखुवासभा (कास)- ५ किलो सुन तस्करीको आरोपमा खाँदबारीबाट थप दुईजना पक्राउ परेका छन् । भोटखोला गाउँपालिकाको च्यास्ताङबाट ५ किलोग्राम सुनसहित पक्राउ परेका २६ वर्षीय तोप्चेन भोटे बयानका आधारमा दुई जनालाई पक्राउ गरेको प्रहरी निरीक्षक सन्तोश राईले जनाए । उनीहरूलाई कहिले पक्राउ गरेको भन्ने प्रहरीले खुलाउन चाहेन । ५ किलो सुन तस्करी गरेको आरोपमा खाँदबारी नगरपालिका-१ का जर्को भोट र भोटखोला गाउँपालिका स्थायी घर भई खाँदबारी बस्ने छ्याङ रिन्जिन भोटेलाई पक्राउ गरेको राईले बताए ।

प्रहरीले विशेष सुराकीको आधारमा गत असोज २७ मा भोटखोला गाउँपालिका-२ चेपुवाको घट्टेखोलाबाट चीनको किमाथांका नाकाबाट नेपाल ल्याउँदै गरेको ५ किलो सुनसहित तोप्चेनलाई पक्राउ गरेको थियो । चेपुवा प्रहरीले भोटेको झोला खानतलासी गर्दा झोलामा माथिबाट बिस्कुट, छुर्पी, चक्लेट राखेको र त्यसको मुनिबाट गाढा नीलो रङको पट्याएर राखेको ज्याकेटको गोजीभित्र रातो झोलामा टेपले बाँधेर राखेको अवस्थामा ५ थान टिल सुन फेला परेको थियो ।

# कात्तिक पूर्णिमामा सत्यवती मेला

**कान्तिपुर संवाददात** (पाल्पा)

तिनाउ गाउँपालिका-४, सत्यवतीमा लाग्ने मेला आइतबारबाट सुरु हुँदै छ । यस वर्ष कात्तिकमै मेला परेकाले नेपाल र भारतका गरी तीन लाख श्रद्धालु मेला भर्न आउने अनुमान मन्दिर व्यवस्थापन समितिको छ ।

गत वर्ष कात्तिके पूर्णिमा मंसिर महिनामा परेकाले श्रद्धालुको संख्यामा कमी आएको थियो । 'कात्तिकमा पूर्णिमा परे जोक (साइत) पर्छ,' सत्यवती ताल मन्दिर व्यवस्थापन समितिका अध्यक्ष तिलबहादुर रानाले भने, 'मंसिरमा पूर्णिमा पर्दा जोक पर्दैन र श्रद्धालुको संख्यामा पनि धेरै कमी आउँछ ।' यस वर्ष कात्तिकको पूर्णिमा कात्तिकमै परेको छ । तीन दिनमा कम्तीमा तीन लाख श्रद्धालु मेला भर्न आउने अपेक्षा मन्दिर व्यवस्थापन समितिको छ । सत्यवतीमा मेला भर्न हिमाल, पहाड, तराईबाट मात्र होइन, भारतका विभिन्न स्थानबाट आउने गर्छन् । 'जोक पर्दा तराई क्षेत्र र सिमाना जोडिएको भारतबाट समेत श्रद्धालुको राम्रो उपस्थिति हुन्छ,' मन्दिर व्यवस्थापन समितिका सचिव लालबहादुर दर्लामीले भने, 'श्रद्धालु आफैंलाई जोक परे/नपरेको थाहा हुने गर्छ ।'

सचिव दर्लामीका अनुसार यस वर्ष सत्यवती बज्यैको दर्शन तथा पूजा गर्न शुभ साइत जुरेको छ । कानले नसुन्ने सत्यवती बज्यैको दर्शन गर्ने भक्तजनले चिच्याएर वर मागे गर्छन् । 'मनोकांक्षा पूरा हुने भएकाले धेरै श्रद्धालु पटकपटक आउने गरेको पाइएको छ,' उनले भने, 'मेलाका लागि सम्पूर्ण तयारी पूरा भइसकेको छ ।' तानसेन र वुटवल क्षेत्रबाट आउने भक्तजन सिद्धार्थ राजमार्गको २४ माइल र झुम्सा पानीमिलबाट पैदल दुई घण्टाको उकालो हिंडे सत्यवती ताल पुग्न सक्छन् ।

पाल्पाको तिनाउ गाउँपालिका-४ मा रहेको सत्यवती ताल ।

*तस्बिर : माधव अर्याल/कान्तिपुर*

वडाध्यक्ष दानबहादुर गाहाका अनुसार मेलाबाट उठेको रकम मन्दिर व्यवस्थापनमै खर्च हुने गरेको छ । गत वर्ष भेटी र पसलको भाडाबाट ८ लाख १४ हजार रुपैयाँ उठेको थियो । मेला भर्न पुग्ने श्रद्धालुले बाँस वा पातीको लिङ्गो लिएर जान्छन् । त्यसलाई बोकेर चिच्चाउँदै वर मागे र गाडेर त्यसैको फेदमा पूजा गर्ने चलन छ । यहाँ बाख्राका पाठापाठी, हाँस र कुखुराको बलि दिइन्छ । छिमेकी जिल्ला रूपन्देही, स्याङ्जा, गुल्मी, अर्घाखाँची, नवलपरासी, कपिलवस्तु, दाङ, कास्की, काठमाडौं लगायत भारतका गोरखपुर, लखनउ, नौतनहवाबाट समेत मेला भर्न र पूजाआजा गर्न आउने गर्छन् ।

ताल र मन्दिरसम्म पुग्ने सडक स्तरोन्नति हुन सकेको छैन । यहाँको विकासका लागि सरकारी र गैरसरकारी संस्थाले काम गरे पनि उपलब्धि भने देखिएको छैन । गाउँपालिकाका प्रवक्ता राजेश श्रेष्ठले प्रमुख पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने योजनाका साथ अघि बढेको बताए । 'यहाँ होमस्टे सञ्चालनका लागि पहल भएको छ,' उनले भने, 'वर्षमा एकपटक मात्र नभएर दैनिक धार्मिक पर्यटक लग्ने योजना छ ।' गाउँपालिकाका अध्यक्ष ओमबहादुर घर्तीले समिति र गाउँपालिकाको साझेदारीमा गुरुयोजना निर्माणको काम सकिएको बताए । अब गुरुयोजनाअनुसार नै काम अघि बढ्ने र त्यसमा गाउँपालिकाले सहयोग गर्ने उनले बताए । 'मन्दिरको आम्दानीबाट केही रकम पालिकाले लिएको छ,' उनले भने, 'तर, त्यहींकै विकासका लागि उक्त रकम खर्च गर्ने गरेका छौं ।'

च्याम्पियन्स लिग
चेल्सीको सनसनीपूर्ण बराबरी । १६



काठमाडौंमा गोविन्दा
भन्छन्- 'नेपाली फिल्म इंग्लिस जस्ता' । ८

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

# कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक २५६ जनकपुर | २१ कात्तिक २०७६ बिहीबार कार्तिक शुक्लपक्ष दशमी | नेपाल संवत् ११४० | प्रदेश २ संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, November 7, 2019 | पृष्ठ १२+४ | १० रुपैयाँ

## प्रदेश २ मा आफ्नै 'गुप्तचर'

■ **अजित तिवारी** (जनकपुर)

संघले भन्दा अघि प्रहरी विधेयक ल्याएको प्रदेश २ सरकारले गुप्तचरसमेत नियुक्त गर्ने गरी छुट्टै अनुसन्धान ब्युरो गठन गर्न लागेको छ। यसका लागि आवश्यक विधेयकसमेत तयार पारेको छ। हाल मुख्यमन्त्री कार्यालयको विधान समितिमा पुगेको विधेयक छिट्टै प्रदेशसभामा दर्ता गराउने सरकारको योजना छ।

प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले तयार पारेको 'प्रदेश अनुसन्धान ब्युरोको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' कार्यव्यवस्था समितिबाट पास भइसकेको छ। आन्तरिक मामिलामन्त्री ज्ञानेन्द्र यादवले विधेयक प्रदेशसभामा दर्ता गराउने प्रक्रिया अघि बढाइएको बताए।

अनुसन्धान विज्ञ, अवकाश प्राप्त सुरक्षा अधिकारी र मन्त्रालयको कानुन शाखाको सुझाव-सल्लाहमा विधेयक तयार पारिएको उनको भनाइ छ। 'प्रदेश सरकारसँग सूचना संकलन गर्ने आफ्नै निकाय छैन,' उनले भने, 'अनुसन्धान ब्युरोले प्रदेश सरकारलाई आवश्यक सूचना संकलन गरेर दिनेछ।' विधान समितिबाट सुझावसहित विधेयक मन्त्रालयमा फिर्ता आउने र थपघट गरेर दर्ताका लागि प्रदेशसभामा पठाइने मन्त्रालयका कानुन उपसचिव अवधकिशोर कुशवाहाले जानकारी दिए। ब्युरो स्थापना गर्न प्रदेश मन्त्रिपरिषद् बैठकले आन्तरिक मामिला मन्त्रालयलाई अनुमति दिएको थियो।

संघीय सरकारमातहतको राष्ट्रिय अनुसन्धान विभागजस्तै प्रदेश सरकारले छुट्टै ब्युरो स्थापना गर्न लागेको हो। ब्युरोले पनि विभागकै कर्मचारीले जसरी काम गर्ने बताइएको छ। 'ब्युरोलाई राष्ट्रिय अनुसन्धान विभागझैं शक्तिशाली बनाइएको छ,' मन्त्री यादवले भने, 'ब्युरोको काम-कर्तव्य र दायित्व सबै विभागकै जस्तो हुनेछ।'

### भित्र

ललिता निवास प्रकरणका न्यायाधीशमाथिको छानबिन रोकियो

किशोरको सकुशल उद्धार, गोली प्रहारपछि अपहरणकारी पक्राउ

नेपाल बैंकका प्रबन्धकले गरे हिनामिना

प्रसूतिगृह भर्ना भइन् १२ वर्षीया गर्भवती

भारतको नयाँ नक्सालाई लिएर तीव्र विरोध भएपछि नेपालको प्रस्टीकरण

# 'कालापानी नेपालकै भूभाग हो'

कालापानी र लिपुलेकलगायत नेपाली भूमि भारतले आफ्नो नक्सामा पारेको विरोधमा प्रमुख प्रतिपक्षी कांग्रेसको भ्रातृ संगठन नेविसंघ र सत्तारूढ नेकपाको भ्रातृ संगठन अनेरास्ववियुले बुधबार राजधानीमा गरेको प्रदर्शन। *तस्बिर : कान्तिपुर*

■ **घनश्याम खड्का** (काठमाडौं)

भारतले हालै प्रकाशित आफ्नो नयाँ राजनीतिक नक्सामा कालापानी र लिपुलेक क्षेत्रलाई पुनः समावेश गरेकामा तीव्र विरोध भएपछि परराष्ट्र मन्त्रालयले बुधबार विज्ञप्ति जारी गर्दै ती भूभाग नेपालकै भएको जनाएको छ।

'कालापानी क्षेत्र नेपालको भूभाग हो भन्ने विषयमा नेपाल सरकार स्पष्ट छ,' विज्ञप्तिमा भनिएको छ। यद्यपि त्यसमा भारतीय नक्सा प्रति सोझै आपत्ति भने जनाइएको छैन, त्यसलाई लिएर प्रकाशित 'विभिन्न समाचार एवं टिप्पणीप्रति नेपाल सरकारको ध्यानाकर्षण भएको' मात्र उल्लेख छ।

भारतले जम्मु र कश्मीरलाई दुइटा छुट्टाछुट्टै केन्द्रशासित राज्यका रूपमा छुट्याएर जारी गरेको नयाँ नक्सामा कालापानीलाई विगतमा झैं आफ्नै भूभागभित्र पारेपछि नेपालभित्र तीव्र प्रतिक्रिया उत्पन्न भएको हो। सत्तारूढ र विपक्षी दुवै दलका विद्यार्थी संगठनहरूले भारतीय अतिक्रमणको विरोध गर्दै राजधानीमा प्रदर्शन गरेका छन्।

दार्चुलाको पश्चिमोत्तर कुनामा पर्ने सामरिक महत्त्वको कालापानी क्षेत्र ६ दशकदेखि भारतीय अर्धसैन्य बलको नियन्त्रणमा छ। परराष्ट्रको विज्ञप्तिमा उक्त भूभाग नेपालकै भएको हुनाले त्यसका सम्बन्धमा एकपक्षीय ढंगले गरिने कुनै पनि निर्णय मान्य नहुने उल्लेख छ।

'दुई देशबीच सुल्झाउन बाँकी रहेका सीमासम्बन्धी विषयहरू दुवै पक्षको आपसी सहमतिमा टुंग्याउनुपर्ने र एकपक्षीय ढंगबाट गरिने कुनै पनि निर्णय नेपाल सरकारलाई मान्य नहुने कुरा स्पष्ट छ,' परराष्ट्र मन्त्रालयले भनेको छ।

दोस्रोपटक चुनाव जितेको पाँच महिनाभित्रै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको सरकारले तयार पारेको नयाँ नक्सामा नेपालको भूभाग भारतीय क्षेत्रमा समावेश गरिएपछि त्यसको चौतर्फी विरोध सुरु भएको हो। बुधबार सत्तारूढ नेकपाको विद्यार्थी संगठन अनेरास्ववियु र प्रतिपक्षी कांग्रेससम्बद्ध नेविसंघले भारतीय नक्साको विरोध गर्दै छुट्टाछुट्टै प्रदर्शन गरेका छन्। ठूलो संख्यामा विरोधमा उत्रिएका विद्यार्थीले छातीमा 'कालापानी, लिपुलेक र लिम्पियाधुरा हाम्रै हो' भनी लेखिएको प्लेकार्ड टाँसी 'गो ब्याक इन्डिया' को नारा लगाएका थिए।

भूमिगत गतिविधि गरिरहेको नेत्रविक्रम चन्द समूहले पनि भारत सरकारको उक्त कदमलाई 'साम्राज्यवादी हमला' भन्दै विरोध गरेको छ। 'भारतले तत्काल उक्त साम्राज्यवादी नक्सा खारेज गरोस्,' उक्त समूहले बुधबारै विज्ञप्ति जारी गरी भनेको छ, 'अन्यथा पार्टीले राष्ट्रिय स्वाधीनताको आन्दोलन सञ्चालन गर्ने चेतावनी दिन चाहन्छ।'

विगतमा ठूलो राजनीतिक मुद्दाका रूपमा रहेको कालापानी प्रकरण पछिल्लो समय नेपाल-भारत द्विपक्षीय वार्ताको

- **कालापानीबारे प्रस्ट पार्न राज्यव्यवस्था समितिले प्रधानमन्त्रीलाई बोलायो**
- **भारतले हस्तक्षेप गर्न मिल्दैन, यसबारे मैले मोदीसँग कुरा गरिसकेको छु** : दाहाल

पृष्ठ २

कार्यसूचीमा चढ्न छाडेको छ। यद्यपि परराष्ट्रले 'सरकार नेपालको अन्तर्राष्ट्रिय सिमाना रक्षाका लागि प्रतिबद्ध रहेको र दुई मित्रराष्ट्रबीचको सीमा समस्याको समाधान ऐतिहासिक दस्तावेज एवं तथ्य प्रमाणका आधारमा कूटनीतिक माध्यमबाट हुनुपर्ने मान्यतामा दृढ रहेको' जनाएको छ।

कालापानी र लिपुलेकलगायत विवाद समाधान हुन बाँकी ठाउँहरूको सीमांकन गर्न परराष्ट्र मन्त्रीस्तरीय संयुक्त आयोग गठन भएको र आयोगका अघिल्ला बैठकले 'प्राविधिकहरूको सल्लाहमा दुवै देशका परराष्ट्र सचिवहरूले काम गर्ने गरी जिम्मेवारी दिइएको' पनि विज्ञप्तिमा उल्लेख छ। तर त्यसअनुरूप के-कति कार्य प्रगति भएको छ भन्नेबारे बताइएको छैन। बाँकी पृष्ठ २

## ६ दशकदेखिको अतिक्रमण

हालै सार्वजनिक नयाँ नक्सामा नेपाली भूमि कालापानी, लिम्पियाधुरा र लिपुलेकलाई भारतले आफ्नो भूभागभित्र गाभे पनि व्यवहारमा भने पहिलेदेखि नै यी भूभागमा कब्जा गर्दै आइरहेको छ। भारतले चीनसँगको युद्धपछि सन् १९६२ बाटै कालापानीमा स्थायी सैन्य शिविर खडा गरिआएको छ।

नापी विभागका अनुसार महाकाली नदीबारि पर्ने हुनाले कालापानी आफ्नो हुनुपर्छ भन्ने नेपालको अडान छ। भारतले भने कालापानी, लिम्पियाधुरा र लिपुलेक वरको खोलालाई काली नदी भन्दै त्यो भूभाग आफ्नो दाबी गर्दै आएको छ।

नापी विभागका सूचना अधिकारी दामोदर ढकालले पुराना नक्सा र प्रमाणका आधारमा खास नेपाली भूभाग कहाँसम्म हो भन्ने तथ्य प्रमाण चाहिएका खण्डमा परराष्ट्र मन्त्रालयलाई प्राविधिक सहयोग दिन सकिने अवस्थामा आफूहरू रहेको बताए।

नेपाल-भारत संयुक्त आयोगको सन् २०१४ काठमाडौंमा सम्पन्न तेस्रो बैठकले कालापानी र सुस्तामा जारी सीमा विवाद सुल्झाउने जिम्मा दुवै देशका परराष्ट्र सचिवहरूलाई दिएको थियो। तर हालसम्म सचिवस्तरीय बैठक बस्न सकेको छैन। नेपाल-भारत सम्बन्ध हेर्ने परराष्ट्रका अधिकारीले सीमा विवाद हेर्ने दुईपक्षीय संयन्त्रले गरेको कामबारे आफू 'अपडेट नभएको' जवाफ दिए। सन् २०१५ मे १५ मा भारत र चीनबीच लिपुलेक भन्ज्याङलाई दुई देशको व्यापारिक मार्ग बनाउने समझदारी भएपछि नेपाल-भारत सीमा विवाद केही समयका लागि बढेर गएको थियो। संसद् र सडकमा विरोध भए पनि नेपाल सरकारले आफ्नो भूभागमाथि एकपक्षीय रूपमा भारत र चीनले गरेको निर्णयको विरोध गर्न सकिरहेको छैन। बाँकी पृष्ठ २

# प्रमुख दलले टुंग्याए उम्मेदवारी

## नेकपा-कांग्रेस नै प्रतिस्पर्धी

■ **राजेश मिश्र** (काठमाडौं)

प्रतिनिधिसभाको एक र प्रदेशसभाका रिक्त तीन स्थानहरूमा मंसिर १४ गते हुने उपनिर्वाचनका लागि नेकपा र कांग्रेसले उम्मेदवारको टुंगो लगाएका छन्। समाजवादी पार्टी र राजपाबीच संयुक्त उम्मेदवारी दिने सहमति भएको छ। बिहीबार उम्मेदवारी दर्ताअघि उनीहरूले नाम टुंगो लगाउने छन्। भक्तपुरमा नेमकिपाले पनि बिहीबारै टुंगो लगाउने जानकारी दिएको छ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले बुधबार पत्रकार सम्मेलन गर्दै उम्मेदवारको मनोनयनपत्र दर्ता र अन्य तयारीहरू पूरा भइसकेको बताए। आयोगले उपनिर्वाचनमा १ सय १ वटा राजनीतिक दलले भाग लिन सक्ने जनाएको छ। ०७४ को स्थानीय, प्रदेश र प्रतिनिधिसभा निर्वाचनमा भाग लिएका दलले उपनिर्वाचनमा स्वतः भाग लिन पाउँछन्। त्यसबाहेक ०७४ को निर्वाचनपछि एकीकरण भएका र नयाँ गरी उपनिर्वाचनमा सहभागी हुन १६ दल दर्ता भएका छन्। उपनिर्वाचनमा प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका लागि ९५ तथा स्थानीय तहको निर्वाचनमा भाग लिनका लागि ७८ दल योग्य रहेको आयोगले जनाएको छ।

निर्वाचनमा भाग लिन पाउने दलको संख्या धेरै भए पनि अघिल्लो निर्वाचनको मत परिणामको तथ्यांक केलाउँदा उपनिर्वाचनमा पनि मुख्य दुई शक्ति नेकपा नेतृत्वको वाम गठबन्धन र कांग्रेसबीच नै प्रतिस्पर्धा हुने देखिन्छ। भक्तपुरमा भने नेमकिपा पनि प्रतिस्पर्धी हुन सक्छ। गत निर्वाचनमा तत्कालीन एमाले र माओवादी केन्द्र तथा राष्ट्रिय जनमोर्चा सम्मिलित वाम गठबन्धनले चुनावी तालमेल गरेर सबैतिर उम्मेदवारी दिएका थिए। त्यसमध्येका एमाले र माओवादी केन्द्र यतिबेला एकीकृत भएर नेकपा बनेको छ। दुई वर्षपछि हुन लागेको उपनिर्वाचनमा बलियो शक्तिका रूपमा अन्य दल उदाइसकेको अवस्था छैन।

तत्कालीन पर्यटनमन्त्री रवीन्द्रप्रसाद अधिकारीको हेलिकप्टर दुर्घटनामा निधन भएका कारण प्रतिनिधिसभाको कास्की २ मा उपनिर्वाचन हुँदै छ। नेकपाले अधिकारीकी पत्नी विद्या भट्टराईलाई उम्मेदवार बनाएको छ। कांग्रेसले खेमराज पौडेललाई उठाएको छ।

### कहाँ को ?

**प्रतिनिधिसभा**

**कास्की २**

विद्या भट्टराई (नेकपा)
खेमराज पौडेल (कांग्रेस)
रजनी केसी (साझा)
जमुना शर्मा (विवेकशील)

**प्रदेशसभा**

**भक्तपुर १ (क)**

देवीप्रसाद ढकाल (नेकपा)
कृष्ण भँडेल (कांग्रेस)
सुरज प्रधान (साझा)
(नेमकिपा टुंगिन बाँकी)

**बागलुङ २ (ख)**

खिमविक्रम शाही (राष्ट्रिय जनमोर्चा)
जित शेरचन (कांग्रेस)
सन्तोष भण्डारी (विवेकशील)

**दाङ ३ (ख)**

विमला वली (नेकपा)
केशव आचार्य (कांग्रेस)
शिव चौधरी (साझा)

अघिल्लो निर्वाचनमा अधिकारीले कांग्रेसका देवराज चालिसेलाई ८ हजार ५ सय ४६ मत अन्तरले पराजित गरेका थिए। अधिकारीले २७ हजार २ सय ७ र प्रतिस्पर्धी चालिसेले १८ हजार ६ सय ६१ मत प्राप्त गरेका थिए। तेस्रो स्थानमा रहेका विवेकशील साझा पार्टीका उम्मेदवार श्रीकृष्ण श्रेष्ठको ८ सय ४३ मत थियो।। यतिबेला विवेकशील र साझा छुट्टाछुट्टै दल बनेका छन्। विवेकशीलले जमुना शर्मा र साझा पार्टीले रजनी केसीलाई उम्मेदवार बनाएका छन्। संघीय समाजवादी फोरम नेपालका रत्न भट्टचनले ३ सय ४० र नयाँ शक्ति पार्टी नेपालका दीपक भण्डारीले २ सय ८३ मत ल्याएका थिए। उक्त दुई दल एकीकृत भएर अहिले समाजवादी पार्टी बनेको छ।

दुई वर्षअघिको भन्दा कास्की २ मा १ हजार २ सय २० मतदाता थपिएका छन्। अघिल्लो निर्वाचनमा ७० हजार ६ सय ५१ मतदातामध्ये ४९ हजार ९ सय १३ जनाले मतदान गरेका थिए। बाँकी पृष्ठ २

# बढ्यो चुनावी चहलपहल

महोत्तरी (कास)- पिपरामा मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापनासँगै महोत्तरीमा उपनिर्वाचनको चहलपहल सुरु भएको छ। उम्मेदवार हुनका लागि अगुवा नेता कार्यकर्ता पार्टी कार्यालयमा हुने बैठकमा भेटिन थालेका छन्।

पिपरा गाउँपालिका अध्यक्ष र बलवा नगरपालिकाका २ र ८ का वडाध्यक्ष र मटिहानी नगरपालिका-६ को वडाध्यक्ष पदका लागि निर्वाचन हुन लागेको हो। पिपराका अध्यक्ष विनोद चौधरी, बलवा २ र ८ का वडाध्यक्षद्वय राजकुमार साह र लोकेन्द्र महतोको बिरामी भएर उपचार क्रममा मृत्यु भएपछि पद रिक्त भएका थिए। मटिहानी-६ का वडाध्यक्ष सञ्जयकुमार मण्डलले भने लोकसेवामा खरिदार पदको परीक्षा उत्तीर्ण गरेपछि पदबाट राजिनामा दिएका हुन्।

रिक्त पदमा मंसिर १४ गते हुने उपनिर्वाचनका लागि पिपरा-३ मा मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ। न्यायाधीश तथा मुख्य निर्वाचन अधिकृत विष्णु सुवेदी र प्रमुख जिल्ला अधिकारी सूर्यबहादुर क्षत्रीले बुधबार कार्यालयको संयुक्त रूपमा उद्घाटन गरेका छन्। मुख्य निर्वाचन अधिकृतको कार्यालयद्वारा प्रकाशित निर्वाचन कार्यक्रममा कात्तिक २७ गते मनोनयन दर्ता र मंसिर १ गते निर्वाचन चिह्न प्रदान गरिनेछ।

बलवा र मटिहानीमा पनि निर्वाचन अधिकृतको कार्यालय खोलिएको छ। बलवाका निर्वाचन अधिकृत महोत्तरी जिल्ला अदालतका स्रेस्तेदार मनोज श्रीवास्तव र मटिहानीका निर्वाचन अधिकृत जिल्ला न्यायाधिवक्ता कृष्णप्रसाद पुडासैनी कार्यस्थल पुगिसकेका छन्। जिल्ला निर्वाचन कार्यालय प्रमुख पुष्पाकुमारी झाका अनुसार उपनिर्वाचनका लागि तीनवटै स्थानीय तहमा गरी १९ मतदान स्थल र २९ मतदान केन्द्र निर्धारण गरिएको छ। यी क्षेत्रमा २२ हजार ९ सय २० मतदाता छन्।

७ वटा वडा रहेको पिपरामा ८ हजार ९ सय ३१ महिलासहित १८ हजार ५ सय ८८ मतदाता छन्। १५ मतदान स्थल र २४ मतदान केन्द्र निर्धारण गरिएको छ। बलवाका २ वडामा १ हजार ४ सय ६४ महिलासहित ३ हजार २ सय ३९ मतदाताका लागि ३ मतदान स्थलमा ४ मतदान केन्द्र छन्। ४ सय ९५ महिलासहित १ हजार ९३ मतदाता रहेको मटिहानी-६ मा एउटामात्रै मतदान केन्द्र तोकिएको छ। चुनावको मिति नजिकिएसँगै दलका झन्डा बोकेका कार्यकर्ता मतदाता रिझाउन गाउँबस्तीमा देखा पर्न थालेका छन्। चारवटा पदका लागि हुन लागेको उपनिर्वाचनलाई प्रक्रियाका दृष्टिले सामान्य मानिए पनि जिल्लाका अधिकांश स्थानीय तहमा पकड जमाएका दलका लागि भने कठिन परीक्षाका रूपमा हेरिएको छ। पिपराका दिवंगत अध्यक्ष चौधरी र राजीनामा दिएका मटिहानी-६ का वडाध्यक्ष मण्डल राजपाबाट निर्वाचित थिए।

## पद सम्हाले प्रदेश प्रमुखले

जनकपुर (कास)- प्रदेश २ का नवनियुक्त प्रदेश प्रमुख तिलक परियारले बुधबार पदभार ग्रहण गरेका छन्। परियारलाई प्रदेश सरकारका भौतिक पूर्वाधार मन्त्री जितेन्द्र सोनलले जनकपुरस्थित कार्यालयमा स्वागत गरेका छन्।

बुद्धएयरको बिहानको जहाजमा जनकपुर अवतरण गरेका प्रदेश प्रमुख परियारलाई एयरपोर्टमै संघीय सरकारका मन्त्री उपेन्द्र यादव र प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले स्वागत गरे। प्रदेश २ मा सरकार रहेको समाजवादी पार्टीका अध्यक्ष यादव बुद्धएयरबाटै काठमाडौं फर्किने क्रममा दुवैजनाको भेटघाट भएको हो। 'मिथिला नगरी जनकपुरमा स्वागत छ' मन्त्री यादवले प्रदेश प्रमुख परियारलाई स्वागत गर्दै भने। प्रदेश प्रमुख परियार श्रीमती र नेपाली सेनाका निजी अंगरक्षकसहित जनकपुर पुगेका हुन्। परियार एयरपोर्टबाट सोझै प्रदेश प्रमुखको कार्यालय रहेको जनकपुर चुरोट कारखाना पुगेका थिए।

सप्तरीको तिरहुत गाउँपालिका १ स्थित त्रिकौलमा गुइँठा बनाउँदै महिला। तराईमा गाईभैंसीको गोबर विभिन्न आकारमा सुकाई इन्धनका रूपमा प्रयोग गरिन्छ। *तस्बिर : रासस*

# खोला प्रदूषण गर्नेलाई मुद्दा

एउटा उद्योगका सञ्चालकलाई पक्राउ गरेपछि करिडोरका अन्य उद्योगीले पनि प्रदूषित पानी फाल्न बन्द गरेका छन्।

■ शंकर आचार्य (पर्सा)

सिर्सिया खोला प्रदूषणमा जिम्मेवार रहेको आरोपमा पक्राउ परेका चिनियाँ तथा भारतीय नागरिकलाई जिल्ला प्रहरी कार्यालयले सार्वजनिक मुद्दा चलाएको छ।

पर्सा-बारा औद्योगिक करिडोरस्थित हिमालयन लेदर उद्योगका व्यवस्थापक चिनियाँ नागरिक ३६ वर्षीय लिउता छुवाङ र म्यानेजर भारत घर भई हाल मकवानपुर बस्ने ३५ वर्षीय तिनजुङ गुरुङलाई फाइल सहित सोमबार जिल्ला प्रशासन कार्यालयमा बुझाइएको डीएसपी गौतम थापाले बताए।

दुवैलाई बयान तथा मुद्दाको थप प्रक्रियाका लागि जिल्ला सरकारी वकिलको कार्यालयमा पनि पठाइएको उनले बताए। दुवैलाई उद्योग परिसरबाटै प्रहरीले नियन्त्रणमा लिएको हो। सिर्सिया खोलामा उद्योगबाट निस्कने रसायनयुक्त दूषित पानी नफाल्न पटकपटक आग्रह गर्दा पनि अटेर गरेपछि उनीहरूलाई पक्राउ गरिएको थियो। उद्योगविरुद्ध स्थानीयले उजुरी दिएका थिए। बाराको जितपुरसिमरा उपमहानगरपालिका २३ मा रहेको उद्योगबाट निस्केको दूषित पानी वीरगन्ज महानगरपालिका २३ चोर्निमा सिर्सिया खोलामा झार्ने गरिएको छ।

एउटा उद्योगका सञ्चालकलाई कारबाही गरिएपछि करिडोरका अन्य उद्योगले पनि खोलामा प्रदूषित पानी फाल्न बन्द गरेको पाइएको डीएसपी थापाले बताए। जनसमर्थन पाइएकाले खोला प्रदूषणमा जिम्मेवार अन्य उद्योगका व्यवस्थापकलाई पनि आक्रामक रूपमा पक्राउ र कारबाहीको प्रक्रिया थालिने उनले बताए। सिर्सिया खोलाको प्रदूषणमा जिम्मेवार उद्योगका सञ्चालकहरूलाई कारबाहीको माग लामो समयदेखि चल्दै आए तापनि यसरी उद्योगको व्यवस्थापकलाई पक्राउ गरिएको भने यो पहिलोपटक हो।

पर्सा बारा औद्योगिक करिडोरका अधिकांश उद्योगले प्रशोधनै नगरी उद्योगबाट निस्कने अवशेष फाल्ने गरेकाले खोलाको अस्तित्व नै संकटमा परेको छ। वर्ष दिनमा करिब १ साता छठ पर्वको समयमा पर्सा र बारा प्रशासनको कडा आदेशका कारण उद्योगहरूले यी खोलामा प्रदूषित पानी र खरानी आदि फाल्दैनन्। खोलाको पानीमा कालो लेदो बग्छ। यसको प्रयोग सिंचाइका लागि गर्दा बालीनाली नष्ट हुने गर्छ। चौपायाले खोलाको पानी पिउँदा मर्ने गरेका छन्। खोलाबाट माछा, कछुवा, गँगटो, सिपी जस्ता जलचर हराइसकेका छन्। खोला किनारमा शव सदगत गर्ने मलामी पनि खोलामा ननुहाई घर फर्केर नुहाउँछन्।

**जनसमर्थन पाएको प्रहरी प्रशासन कारबाही गर्न प्रतिबद्ध**

बाराको सिमरादेखि वीरगञ्जस्थित नेपाल भारत सीमासम्म करिब २५ किमि लामो यात्रा तय गर्ने यो खोलाको पानी उदगमको २/४ किमिपछि क्रमशः दुर्गन्धित बन्दै जान्छ। पर्सा बारा औद्योगिक करिडोरमा २०३६ साल यता बढेको औद्योगिक करिडोरसँगै खोलामा फोहोर फाल्ने क्रम बढेको हो।

# फोहोर मार्दै धुर्मुस-सुन्तली

महोत्तरीको बर्दिवास बजारमा फोहोर संकलन गर्दै धुर्मुस-सुन्तली। *तस्बिर : कान्तिपुर*

महोत्तरी (कास)- कलाकार सीताराम कट्टेल (धुर्मुस) र उनकी पत्नी कुञ्जना (सुन्तली) ले महोत्तरीको बर्दिवास बजारक्षेत्रमा डस्बिन लिएर फोहोर टिप्न थालेपछि झन्डै २ सय मानिसले उनीहरूलाई साथ दिए।

आफ्नो घर, कार्यालय र बजारक्षेत्रबाट निस्कने फोहोर व्यवस्थापन गर्न र आफ्नो ठाउँलाई सफा र स्वस्छ बनाउन धुर्मुस-सुन्तलीले सबैलाई आग्रह पनि गरे। 'बर्दिवास नगर फोहोरमैला मुक्त सहर' नारासहित सुरु भएको बर्दिवास सरसफाई अभियानको ५३ औं दिनमा फोहर कसरी व्यवस्थापन गर्ने चेतनामुलक प्रस्तुतिसहित बर्दिवास सरसफसाई अभियानमा सहभागी भएका धुर्मुस-सुन्तलीलले बर्दिवासको चोकचोकमा पुगेर फोहर टिपे। राष्ट्रियसभाकी उपाध्यक्ष शशिकला दाहाल, प्रदेशसभा सांसद सारदा थापालगायतले पनि बजार क्षेत्रको फोहोर टिप्न धुर्मुस र सुन्तलीलाई साथ दिए।

गत भदौ महिनाको अन्तिम साताबाट सुरु भएको सरसफाईले बर्दिवास सफा बन्दै गएको स्थानीय बताउँछन्। सफा स्वच्छ र हराभरा वातावरणसहितको सहर बनाउने लक्ष्य लिएर अभियानको सुरुवात भएको बर्दिवास सरसफाई तथा फोहरमैला व्यवस्थापन समितिका अध्यक्ष तथा बर्दिवास वडा नं १ का वडाध्यक्ष चूडामणि पोखरेलले बताए।

बर्दिवासलाई सफा सहर बनाउने लक्ष्यसहित बर्दिवास बजार क्षेत्रमा मात्रै झन्डै ५ सय डस्बिन वितरण गरिएको नगरपालिकाले जनाएको छ। त्यस्तै चोकलाई हरियाली बनाउने लक्ष्यसहित बजारक्षेत्रमा झन्डै २ सय गमलामा जापानी फूल रोपिएको समितिका अध्यक्ष पोखरेलले जानकारी दिए।

बर्दिवासमा फोहोर व्यवस्थापन गर्न चनचेतना जगाउने अभियान पनि समितिले थालेको छ। 'फोहोर व्यवस्थापन गर्न दैनिक बिहान उठेर ब्रस गर्ने हामी सबैको बानी लागेजस्तै आफ्ले गरेको फोहोर पनि डस्बिनमानै जम्मा गर्ने बानी बसालौं' धुर्मुस सुन्तलीले भने। अहिले बर्दिवास नगरपालिका भित्र रहेका २८ वटा संघ संस्थाले बर्दिवास सरसफाई महाअभियानको अगुवाई गरेका छन्। बर्दिवासका प्रत्यक व्यक्तिले मेरो अभियान भनेर फोहोर व्यवस्थापन गर्न आफैबाट सुरु गरे मात्रै अभियान सफल हुने बर्दिवास १ कि सरिता रौनियार बताउँछिन्।

# क्रसरलाई उखु

सर्लाही (कास)- किसानले चिनी मिल सञ्चालन हुने छाँट नदेखेपछि उखु काटेर सख्खर (मिठा) उत्पादन गर्ने स्थानीय क्रसर उद्योगलाई बिक्री गर्न थालेका छन्। जिल्लाको दक्षिण-पश्चिम क्षेत्रका किसानले तीन साता अघिदेखि स्थानीय क्रसर उद्योगमा उखु बिक्री गर्न सुरु गरेका हुन्।

गत सिजनमा सरकारले उखुको प्रति क्विन्टल ५ सय ३६ रुपैयाँ ५६ पैसा मूल्य तोकेको थियो। बिक्री गरेको उखुको भुक्तानी दिन आलटाल गर्ने त्यसमा पनि यस वर्ष सञ्चालनमा आउने छाँटकाँट नदेखेपछि किसानले बढ्दो महंगी खेप्न आधाभन्दा कम मूल्यमै स्थानीय क्रसर उद्योगमा उखु बेच्न बाध्य छन्। यहाँका क्रसर उद्योगहरूले २ सय ५० रुपैयाँदेखि ३ सय रुपैयाँ प्रति क्विन्टलमै किसानको उखु खरिद गरिरहेका छन्। केही क्रसर उद्योगले किसानको उखु ३ सय रुपैयाँ प्रति क्विन्टलमा खरिद गरे पनि अधिकांशले २ सय ५० रुपैयाँ प्रति क्विन्टलभन्दा बढी उखुको मूल्य नदिएको दक्षिणी क्षेत्रका किसानको गुनासो छ।

**मिलमै बेच्दा फाइदा हुने भए पनि भुक्तानी लिन कुर्नुपर्ने भन्झटले सस्तोमै बिक्री गर्न बाध्य**

गहुँसहित दलहन तथा तेलहन बाली लगाउने बेला भएकाले सिँचाइ हुने दक्षिणी क्षेत्रका किसानलाई खुट्टी उखु तत्काल हटाउने चटारो छ। किसानको त्यही अप्ठ्यारोको फाइदा उठाउँदै स्थानीय क्रसर उद्योग सञ्चालकले निकै कम मूल्य दिएर किसानको उखु खरिद गरिरहेका छन्। जिल्लाको दक्षिणी क्षेत्रमा झन्डै तीन दर्जनको संख्यामा उखु क्रसर उद्योग सञ्चालन भइरहेका छन्।

'यस वर्ष धनकौलस्थित अन्नपूर्ण चिनी उद्योग चल्ने छाँटकाँट छैन, तीन वर्ष खुट्टी उखु हटाएर गहुँ सहित दलहन तथा तेलहन बाली लगाउन हतारो भैसक्यो,' बरहथवा नगरपालिका-११ दियरका देवल रायले भने, 'सस्तैमा सख्खर बनाउने क्रसरलाई उखु दिन बाध्य छौं, नभए अर्को बाली पनि लगाउन पाउँदैनौं।' चिनी उद्योगलाई उखु बेच्दा वर्षौंसम्म पैसा नै नपाइने भएपछि किसानहरू सस्तैमा भए पनि नगदै भुक्तानी लिनका लागि क्रसर उद्योगलाई नै उखु दिन बाध्य भएको रायको गुनासो छ। मिठाको मूल्य कम भएको र सरकारले पनि मिठामा अनुदान नदिएकाले किसानको उखु सस्तोमा खरिद गर्नुपरेको क्रसर सञ्चालकहरूले बताएका छन्। एक क्विन्टल उखुबाट झण्डै १० किलो मिठा तयार हुने गरेको र मिठा कर्म्तिमा ५० रुपैयाँको दरले बिक्री हुने भएपछि किसानको उखु कम मूल्यमै खरिद गरेको क्रसर उद्योगिको भनाइ छ। चिनी उद्योगलाई दिएको उखुको तीन वर्षदेखिको भुक्तानी बाँकी रहेकाले यसवर्ष बेलैमा क्रसर उद्योगलाई सस्तैमा भए पनि नगदै उखु बिक्री गरिरहेको स्थानीय किसान राम कैलाश यादवले बताए। 'किसानलाई फाइदा त मिलमा नै बेचेर हुन्छ, तर मिलमा बेचेर के गर्नु, तीन वर्ष देखिको बाँकी छ,' उनले भने, 'त्यसैले यसवर्ष उचित मुल्य भन्दा पनि नगदै लिनका लागि सस्तैमा क्रसर उद्योगलाई उखु बिक्री गरिरहेको छु।' चिनी उद्योगले वर्षौंसम्म भुक्तानी नदिने र नेपाल सरकारले समेत अनुदान रकममा निकै ढिलासुस्ती गर्दा उखु किसानहरू निराश भएको नेपाल उखु उत्पादक महासंघका अध्यक्ष कपिलमुनी मैनालीले बताए। 'बढ्दो महंगी तथा लागत अनुपात अनुसार उखुको मुल्य समायोजन नहुने समस्या एकातिर छँदैछ, अर्कोतिर चिनी उद्योग र स्वयं सरकारबाट समयमै भुक्तानी नपाउनाले उखु किसान निराश छन्,' उनले भने, 'निराशाकै कारण किसान सस्तोमा उखु क्रसर उद्योगलाई बेचिरहेका छन्।' उनले यहाँका उद्योगले भुक्तानी गर्न आलटाल गर्न थालेपछि किसानले विकल्पका रूपमा उखु पेल्ने क्रसरलाई रोज्न थालेको जानकारी दिए। किसानले नगदै पाउनका लागि सस्तोमा भए पनि क्रसर उद्योगमै उखु बिक्री गरिरहेको मैनालीको भनाइ छ।

गतवर्ष सरकार, किसान र उद्योगका प्रतिनिधिबीच भएको सहमतिपश्चात उद्योगले प्रति क्विन्टल उखुको ४ सय ७१ रुपैयाँ २८ पैसा र सरकारले अनुदान वापत ६५ रुपैयाँ २८ पैसा दिने घोषणा गरेको थियो। तर, सरकारले तोकेको मूल्य अनुसार किसानले चिनी उद्योगबाट विगत तीन वर्षदेखि भुक्तानी पाउने सकेका छैनन्। पश्चिम धनकौल स्थित अन्नपूर्ण सुगर मिल तथा बगदहमा गतवर्ष देखि सञ्चालनमा आएको महालक्ष्मी सुगर मिलले किसानको करोडौं भुक्तानी दिएको छैन।

सर्लाही मुलुकमै सबैभन्दा बढी उखु उत्पादन हुने जिल्ला हो। यहाँ बर्सेनि २५ हजार हेक्टरभन्दा बढी क्षेत्रफलमा उखु खेती हुन्छ।







## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | लाभ बढ्ने | तुला | वादविवादमा सफल |
| वृष | काम बन्ने | वृश्चिक | वैमनस्यता |
| मिथुन | धर्म बढ्ने | धन | स्फुर्ति बढ्ने |
| कर्कट | दुविधा बढ्ने | मकर | आकस्मिक लाभ |
| सिंह | महत्वपुर्ण काम हुने | कुम्भ | पदोन्नति |
| कन्या | खटपट | मीन | कान्ति क्षय |

